अनुगीता

2524
963अ

मुक्तिनाथ शर्मा नेउपाने



लेखकको ममतामयी आमा

स्व. रुक्मिणीदेवी शर्मा नेउपाने

अनुगीता

[महाभारत अश्वमेध पर्वअन्तर्गत अनुगीतापर्वको भावाभिव्यक्ति]



मुक्तिनाथ शर्मा नेउपाने

२९४.५९२४
ने३९६अ

दिल्ली रमण रेग्मी कल्याणी रेग्मी स्मारक पुस्तकालय
काठमाडौं, नेपाल
Dilli Raman Regmi Kalyani Regmi Memorial Library
Kathmandu, Nepal

२६५३४

अनुगीता

[महाभारत अश्वमेध पर्वअन्तर्गत
अनुगीतापर्वको भावाभिव्यक्ति]

लेखक/प्रकाशक : मुक्तिनाथ शर्मा नेउपाने
कामनपा १०, नयाँ बानेश्वर, काठमाडौं
संस्करण : पहिलो, २०७१, फागुन
सर्वाधिकार : लेखकमा
मूल्य : रू. ३५०/–, विदेशमा $ १०
आवरण : रमेश दाहाल
आवरण फोटो : vishalgosai.blogspot.com
मुद्रक : लुष प्रेस, नयाँबानेश्वर
फोन : ४७८२८२४
इमेल : lushapoudel@gmail.com

ISBN : 978-9937-2-9331-0

ANUGEETA [Abstract Translation of Anugeeta Parva from Mahabharat] by Muktinath Sharma Neupane.

समर्पण

ज्ञान जस्ले दियो पढ्ने
लेख्ने जाँगर वा मन
उसैको फल यो ग्रन्थ
उसैमा छ समर्पण ।।

– लेखक

मुक्तिनाथ शर्मा र अनुगीता



प्रा. शिवहरि मरहट्टा

पिता षडानन्द र माता रुक्मिणी देवीका साहिँला सुपुत्रका रूपमा वि.सं. १९९६ फागुन १९मा लमजुङ दुराडाँडामा जन्मनुभएका मुक्तिनाथ शर्मा नेउपानेलाई विद्वान्, राजनीतिज्ञ पूर्णप्रसाद ब्राह्मणको घर ताहाचलमा २०२८-२०३० सालतिर पहिलोपल्ट भेटेको सम्झना छ। भेटेर फर्कनु भएपछि उहाँको सामान्य परिचय र आगमन प्रयोजनका बारेमा ब्राह्मणबाटै थाहा पाएको थिएँ । म त्रि.वि कीर्तिपुरमा प्राध्यापनमा रहने र उहाँ निजामती सेवा अन्तर्गत जिल्लातिर कार्यरत हुने स्थितिले गर्दा भेट भइरहने अवस्था थिएन । सम्वन्धसूत्रका कारणले वेलामौकामा भेटघाट हुने गर्दथ्यो । शेराटन होटेलपछाडि डा.इन्द्रविलास अधिकारीको निवाससँगैको उहाँको घरमा २/४ पटक भेटेको छु। वानेश्वरको घरमा त आउने जाने निकै गरियो । उहाँ पनि कहिलेकहीं मकहाँ आउनु हुन्छ। उहाँभन्दा म नै धेरैपल्ट उहाँको घर वानेश्वरमा पुगेको सम्झन्छु ।

कुनै दिन दाङबाट काठमाडौं आएको वेला म आउन खोजेको, कहिले भेट हुन्छ भनेर फोन गर्नुभयो र यथासमय आउनुभयो अग्रज मुक्तिनाथ । क्षेमकुशलको प्रसङ्गपछि प्रयोजन बताउँदै भन्नुभयो- 'महाभारतको आश्वमेधिक पर्व अन्तर्गत १६ अध्यायदेखि ५१ अध्यायसम्म अनुगीता भनेर विविध चर्चा र अनुवाद गरी प्रकाशन गरिएका पाइन्छन्, तर मैले उक्त पर्वको समाप्ति ९२ अध्यायपर्यन्त ७७ अध्यायलाई नै अनुगीता भनेर यो कृति तयार पारेको छु। सानो मन्तव्य लेखिदिनुपऱ्यो ।' अत्यन्त व्यस्त हुनुपर्छ । तैपनि यथामति प्रयत्न गरी टकयाउँछु भनेर वचन दिएँ। दोस्रो पटक (२०६८) ने.सं.वि, उपकुलपति पदको जिम्मेदारी, संस्थाप्रतिको अनिवार्य दायित्व र सदाशयता विर्सेर विभिन्न कोणवाट आइरहने अनपेक्षित र अकल्पनीय अनेकानेक वाधाव्यवधानको समाधान तथा संस्थागत विधिव्यवस्था एवम् अन्य विविध गतिविधिपरक कार्यमा लागिरहनुपर्ने स्थितिले समय दिन नसक्दा वचन पूरा हुन नसकिरहेको अवस्थामा उमा दिज्यूसँग फोनवार्ता गरी दिएको समय पनि वित्न लाग्दा सङ्कोचको अनुभव गर्दै बल्ल बल्ल यसरी प्रस्तुत हुन सकेको छु ।

वि.सं. २०४९ मा निजामती सेवाको सहायक सचिव पदवाट अनिवार्य अवकाश ग्रहण गर्नुपूर्व नेपालको आर्थिक प्रशासन एक अनुभव (२०४६) नामक पुस्तकबाट सुरु भएको उहाँको लेखनयात्रा अवकाशका वेलामा उत्तरोत्तर गतिशील र फलदायी हुँदै आयो । फलतः २०७१ सम्म आइपुग्दा साना ठूला गरी ३५ वटा कृतिहरू प्रकाशित भई पाठकसमक्ष प्रस्तुत हुन सके । आर्थिक प्रशासन र ग्रामीण विकाशसँग सम्बद्ध ३ वटा कृतिबाहेक श्रीमद्भगवद्गीता, नेपालीमा भावानुवाद (२०६१) सहित अन्य ३१ वटा पुस्तकहरू कविता, कथा, उपन्यास, यात्रासंस्मरण, खण्डकाव्य, गीतिकाव्य र निवन्ध जस्ता साहित्यका विभिन्न विधासँग केन्द्रित र सम्बद्ध देखिन्छन् । सुरुसुरुमा विद्रोह खण्डकाव्यमा देखिने अन्त्यानुप्राशको अधिक न्यूनता, छन्दोभङ्गता र कलात्मक अपरिपक्वता जस्ता कमीहरू

पुस्तक्माथिको पुस्तक (कवितात्मक समीक्षापरक कृति, २०७०) सम्म आइपुक्दा निकै निराकृत भएका देखिन्छन् । उहाँको रचनाधर्मिताले आशातीत रूपमा परिष्कृत रूप धारण गरेको प्रतीत हुन्छ । 'विद्रोह खण्डकाव्य' मूल्याङ्कनपरक भूमिकासहित प्रकाशित भएपछि नै मुक्तिनाथलाई साहित्यिक लेखन, प्रकाशनतिर समर्पित भएर लाग्न प्रोत्साहन मिलेको भन्ने लाग्दछ मलाई । उहाँलाई ज्येष्ठ नागरिकको भावनाले स्पर्श गर्न नसकेको यथार्थ उहाँका विधिव्यवहार, आचरणवाट झल्किन्छन् । युवा जोसजाँगरका साथ सधैँ हँसिलो, फुर्तिलो र मिलनसार स्वभाव, प्रसन्न मुद्रामा सवैसँग आत्मीय व्यवहार गर्ने रसिकता र लेखन प्रकाशन कार्यप्रतिको दृढ अभिरुचि, निरन्तरको अभ्यास र साहित्यिक, सांस्कृतिक र सामाजिक सेवासम्वन्धी गोष्ठी सम्मेलनमा निम्तो पाएपछि दौडेर पुगिहाल्ने जस्ता गुण र प्रवृत्तिले उहाँ सफलताका सिँढी चढ्दै जान समर्थ बन्नुभएको देखिन्छ ।

'शुभ कर्म छिटै गरिहाल्नु पर्दछ, थोरै समय किन नहोस् असल काम गरेरै बाँच्नुपर्छ' यस्ता नीतिवचनवाट मुक्तिनाथ नेउपाने निकै प्रभावित देखिनुहुन्छ । कर्मण्यता, विनय, साहित्यानुराग, सत्सङ्गप्रतिको पारिवारिक निष्ठा, आमन्त्रणको सम्मान, दृढ इच्छाशक्ति र सामाजिक सेवाप्रतिको विशेष अभिरुचिले गर्दा ७५ वर्षे ज्येष्ठ नागरिक नौजवान बनेर रातोदिन सत्कर्ममा अनवरत क्रियाशील हुनुहुन्छ उहाँ । यो असल उद्देश्यप्रतिको क्रियाशीलता उहाँको प्रेरणादायी पक्ष हो भन्ने लाग्दछ मलाई ।

तात्कालिक समयमा धर्म, अर्थ, काम, मोक्ष चारै पुरुषार्थ, सुख, दुःख, जन्म, मृत्यु, दान, पुण्य, यज्ञयागादि, ऋषि महर्षि राजर्षि देवर्षिका चरित्र तथा आचार विचार, राजनीति एवम् जीवको उत्थान पतन जस्ता प्रचलित र लोकजीवनका निमित्त आवश्यक मानिएका विविध विषय प्रसङ्गहरूको चिन्तन मनन र विशेष विवरण भएको विशाल ग्रन्थ हो महाभारत । प्राच्य वाङ्मयको उपजीव्य ग्रन्थका रूपमा यसको विशिष्ट सम्मान छँदैछ । महाभारतलाई पाचौं वेद र महाकाव्य पनि भन्ने गरिन्छ ।

वैयासीकी (व्यासविरचित) शतसाहस्री संहिता भनिनुका साथै एक लाख श्लोक भएको विश्वसाहित्यको विशालकाय कृति महाभारतलाई उत्तरवर्ती मनीषीहरूका, 'जो विषय यहाँ छन् ती अन्त पनि पाइन्छन्, जो यहाँ छैनन् ती विषय अन्त कतै पाइँदैनन् (यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत् क्वचित्)' भन्ने र आफूलाई मन नपर्ने, अप्रिय लाग्ने कामकुरा अरूका लागि नगर जस्ता भनाइहरूबाट महाभारतको विशिष्टता, सर्वश्रेष्ठता, व्यावहारिकता र जीवनोपयोगिता प्रदर्शित भएकै छन् । विज्ञान प्रविधिको अत्यधिक विकासका परिप्रेक्ष्यमा यो 'यदिहास्ति तदन्यत्र' जस्ता भनाइ अहिले अलि अतिशयोक्तिमूलक लाग्नु पनि अस्वाभाविक होइन । मरेको बालकलाई जलसिञ्चन गरेर बचाउने जस्ता अनेकानेक सामर्थ्य श्रीकृष्णमा देखाउँछ महाभारतले । यस्ता अनेकौं अतिमानवीय चरित्रहरूका कारण श्रीकृष्णलाई गर्न नगर्न अन्यथा गर्न सक्ने सामर्थ्ययुक्त (कर्तुम् अकर्तुम् अन्यथा कर्तुम् च समर्थः) लोकोत्तर विशिष्ट पुरुषका रूपमा देखाएको छ महाभारत ग्रन्थले । कौरव र पाण्डवका बीच महाभारत युद्ध प्रारम्भ हुने समयमा श्रीकृष्णबाट प्रदत्त भीष्मपर्वमा आएको गीता-ज्ञानको उपदेश तदवस्थामा नरहेको, बिर्सिसकेको स्थितिमा युद्ध सकिएको निकैपछि द्वारका जानुअगाडि श्रीकृष्णसँग अर्जुनले पूर्वोक्त गीता ज्ञानको उपदेश श्रवण गर्ने बलवती अभिलाषा व्यक्त गरेका सन्दर्भमा श्रीकृष्णले उपदेश गरेका विषय प्रसङ्गलाई अनुगीता मानिएको छ । श्रीकृष्णले त्यही गीता उनै शब्दमा जस्ताको तस्तै गरी त होइन, विचारमा आधारित भएर केही प्रसङ्ग सुनाउँछु ध्यान दिएर सुन्नु पर्ला भनेका हुँदा भगवान् श्रीकृष्णले उपदेश गरेका ज्ञान र शब्दहरू अविनाशी नित्य नभएर न्यायदर्शनको सिद्धान्त अनुकूल अनित्य विनाशी भएको पुष्टि हुन्छ ।

नेपाल र नेपालीसँग महाभारत ग्रन्थको राम्रो सम्बन्ध रहेका दृष्टान्तहरू धेरै पाइन्छन् । रामायण र महाभारतका विभिन्न प्रसङ्गहरूलाई आधार बनाएर यहाँ भानुभक्तको रामायण, मत्स्यगन्धा उपन्यास, कुन्तीको समाचार (खण्डकाव्य) आदि अनेकौं लेख रचना प्रकाशित भएका छन्,

धेरै कृतिहरू रचिएका छन् । 'आयुर्द्रोणसुते श्रियो दशरथे' जस्ता आशिर्वाद वचनले रामायण महाभारतका विभिन्न पात्रहरूलाई सम्भाएकै छ । लोकमा प्रचलित चुट्का, भजन, वालूनहरू रामायण महाभारतका कथामा आधारित छँदै छन् । के राजधानी के गाउँघर, आफ्ना वस्ती वस्तीमा यत्रतत्र नेवारहरूले भीमसेन थान वनाएर भीमसेनको पूजा गरेकै छन् । भीमेश्वर महादेव मन्दिर, भीमढुङ्गा, भीमसेन थान आदि प्रचलित नामहरूले महाभारतका पात्र भीमसेनलाई सम्भाएकै छन् । नेपाली कला र संस्कृतिमा पनि महाभारतका प्रभावहरू यत्रतत्र पाइन्छन् । १८ पर्वमध्ये विराट पर्व नेपालसँग जोडिएको र विराटनगर, कीचकवध, किराँत आदि शव्द र व्यवहारहरू महाभारत कथासँग सम्वन्धित हुन पुग्दछन् । यस्ता सन्दर्भ, दृष्टान्तबाट नेपाल र महाभारतको सम्वन्ध उल्लेखनीय रूपमै रहेको मान्नुपर्ने हुन्छ । पाश्चात्य विद्वान्हरूले पनि महाभारतप्रति सम्मान गरेकै छन् भने नेपालीहरूले नगर्ने कुरै भएन ।

विषयगत महत्ता र कलेवरविपयक भारवत्ताले गर्दा महाभारत नाम रहन गएको बताइन्छ । महात्मा गान्धीले पनि महाभारतलाई संसारको ज्ञानभण्डार हो, रत्नै रत्नको खानी हो र महाभारत-प्रदत्त ज्ञान, विवेक, चातुर्य, विधिव्यवहारका निम्ति परिपूर्ण छ भनेका छन् । महाभारतमा आध्यात्मिक र भौतिकवाद, विभिन्न पौरस्त्य दर्शनको प्रतिपादन, शान्ति, आचारविचार र विधिव्यवहारको विशद वर्णन, प्रतिपादन गरेको पाइन्छ भने महाभारतका विविध प्रसङ्गबाट पौरोहित्यवादको दृढ समर्थन पनि गरिएको पाइन्छ । महाभारत एउटा विशाल अवयवी ग्रन्थ हो भने यसका १८ पर्व र भगवद्गीता यसका महत्त्वपूर्ण अवयव हुन् । श्रीमद्भगवद् गीता अध्यात्मवादको मेरुदण्ड हो भने युद्ध सकिएको धेरैपछि श्रीकृष्ण द्वारका प्रस्थान गर्नुअघि अर्जुनका जिज्ञासामा श्रीकृष्णवाट उपदेश भएको गीतामूलक ज्ञान अनुगीता हो । अनु+पश्चात् गीता, गीतापछि आएकाले अनुगीता नामकरण हुनु शास्त्र सम्मत छ ।

भगवद्गीताको सारसन्देश निष्काम कर्मयोग हो भने कर्मयोग, भक्तियोग र ज्ञानयोग यसका प्रतिपाद्य विषय हुन् । अनुगीताले विभिन्न संवादका माध्यमबाट कुनै न कुनै रूपमा ती विषयको अनुसरण गरेकै छ । अनुगीता भगवद्गीताको परिपूरक हो भन्ने धारणा छ मुक्तिनाथको । नेउपानेका भावाभिव्यक्तिपरक ७७ अध्यायात्मक अनुगीताको सारसंक्षेप यस्तो छ -

अश्वमेध पर्वको १६-५१ अध्यायमा वर्णित, प्रतिपादित विषयहरू संक्षेपमा यस्ता छन् - काश्यप ब्राह्मण र मुक्त सिद्ध संवादका माध्यमवाट गीतामा श्रीकृष्णद्वारा दिइएको ज्ञानोपदेशको सारसंक्षेप र योगद्वारा आत्मप्राप्तिसम्बन्धी प्रसङ्ग, द्विजदम्पति-संवादद्वारा प्राण, ध्यानयोग, वाणी, इन्द्रिय, शरीररचना र जीवनसम्वन्धी विश्लेषण तथा ब्राह्मणलाई कृष्णको मन र बुद्धिलाई ब्राह्मणीका रूपमा ग्रहण गरिएको चर्चा, गुरुशिष्य-संवादलाई निमित्त बनाएर ऋषिगण र ब्राह्मणका बीच धर्म-ज्ञान-विषयक संवाद, कर्तव्याकर्तव्य र विधि-निषेध-विषयक विचार, प्रकृतिस्वरूप र ब्रह्मचर्य आदि चार आश्रमको विशद व्याख्या, त्रिगुण (सत्त्व, रज, तम) को स्वरूप र परिणाम, जन्म र मृत्युको कारण, कर्म- बन्धनवाट मुक्तिको उपाय, आत्मपरात्म-विषयक विचार, कृष्णको मनलाई शिष्यका रूपमा र स्वयं कृष्णलाई गुरुका रूपमा स्वीकार गरिएको चर्चा र अज्ञानमाथि अन्ततः ज्ञानको विजय र अनुगीताको उपसंहार जस्ता विषय प्रसङ्गहरूको चर्चा वर्णन यहाँ पाइन्छन् ।

उक्त पर्व ५२-९२ सम्मका विषय प्रसङ्गहरूको सारसंक्षेप यस्तो छ -

श्रीकृष्णको हस्तिनापुरतर्फ गमन र सुभद्राका साथ द्वारका प्रस्थान, अभिमन्युवध, शिव र पार्षदहरूको अर्चनापूर्वक विराट्कुमारी उत्तराको विलाप र पुनर्जीवनको प्रार्थना, मृत बालकको जीवनदान, राजा परीक्षित् को नामकरण, अश्वरक्षा, नगररक्षा र राज्यरक्षाका लागि क्रमशः अर्जुन, भीमसेन आदिको नियुक्ति, अर्जुनको मृत्यु र पुनर्जीवन, अश्वमेध यज्ञको

तयारी र राजवृन्दद्वारा अवलोकन, यज्ञको प्रारम्भ, ब्राह्मण र राजाहरूको विदाइ, हिंसानुस्यूत यज्ञ र धर्मको निन्दा, युधिष्ठिरको वैष्णवधर्मका बारेमा प्रश्न, कृष्णको उत्तर र स्वमहिमा-वर्णन, चारै वर्णको कर्म र फल तथा धर्मवृद्धि र पापक्षयका उपाय, दानको महत्त्व, गायत्रीजप-तिरस्कारको दुष्फल, यमलोकका मार्गको दुःख र तन्निरोधक उपाय, पञ्चमहायज्ञ, भगवद् भक्तको चर्चा, भोजनविधि, आपद्धर्म, श्राद्धको उत्तम काल, मानवधर्मका सार र युधिष्ठिरद्वारा भगवान्‌को स्तुति, भगवद्-उपदेशको उपसंहार र श्रीकृष्णको द्वारकासम्वन्धी विषय, प्रसङ्गमा धर्म र ज्ञानविषयक विभिन्न चर्चा परिचर्चाको उल्लेख छ यहाँ ।

महाभारतका १८ पर्वमध्ये आश्वमेधिक पर्वको १६ देखि ५१ अध्याय सम्मका ३६ अध्यायलाई अनुगीताका रूपमा स्वीकार गरिएको चर्चा, वर्णन विद्वान्‌हरूवाट भएको पाइन्छ । तर गीता प्रेस गोरखपुरवाट प्रकाशित महाभारत षष्ठ खण्डको उक्तपर्वको १५ पछिको प्रत्येक अध्यायको आखिरीमा आश्वमेधिक पर्बको समाप्ति ९२ औँ अध्यायपर्यन्त "आश्वमेधिके पर्वणि, अनुगीतापर्वणि" भनेर लेखिएको अवस्थालाई समेत आधार मानेर नै होला, ५२ अध्यायदेखि पर्वको समाप्तिपर्यन्तका ४१ अध्यायहरू पनि अनुगीता किन नहुने, हुनुपर्छ भन्ने मनसायले अनुगीतालाई ३६ अध्याय (१६–५१) मा मात्र सीमित नसम्झिएर बाँकी ४१ अध्यायसहित ७७ अध्यायमा नै अनुगीता विभक्त भएको छ भन्ने दृष्टि देखिन्छ मुक्तिनाथ नेउपानेको । सरल भाषामा प्राञ्जल शैलीमा १६ औँदेखि सबै अध्यायको संवादसारका रूपमा अलग अलग भावाभिव्यक्ति प्रस्तुत गरेर आफ्नो कृतिलाई पठनीय तुल्याउनुभएको छ उहाँले ।

अश्वमेध पर्वको विषयसूचीमा अनुगीता पर्वको ५२ अध्याय समाप्तिपछि 'अनुगीताको उपसंहार' भनिए पनि मूल पाठमा ६३ अध्याय, ९१ औं अध्याय र ९२ औं अध्यायको ५४ औं श्लोकदेखि वैष्णव धर्म पर्व रहेको ९२ औं अध्यायको समाप्ति, पुष्पिका वाक्यमा पनि अश्वमेधपर्वणि,

अनुगीतापर्वणि लेखिएका, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानवाट २०३० सालमा प्रकाशित महाभारत सूक्ति (सङ्कलनकर्ता श्रीमुकुन्दशरणको नेपाली गद्य पद्य अनुवादसहित) मा अश्वमेध पर्वको १६-९२ अध्यायसम्म अनुगीता पर्व भनेर उल्लेख गरिएको, श्रीकृष्ण द्वारका जानुअघिको अनुगीता-उपदेशको सन्दर्भमा ९२ औँ अध्यायको उपान्त्य तेस्रो श्लोकमा 'कृष्णः... द्वारकां ययौ' कृष्ण द्वारका गए, यस्ता वचन र उदाहरणलाई मनन गरेर नै १६-९२ अध्यायलाई अनुगीता भनेर मुक्तिनाथ शर्मावाट भावाभिव्यक्ति प्रस्तुत भएको हुनुपर्दछ । तर १६-९२ सम्मका सवै विषय, विवरण अनुगीता हो भन्ने भनाइको विशेष आधार र पुष्टि हुने अन्य कुनै प्रमाण वा विचार कृतिकारले उल्लेख गरेको भने देखिँदैन ।

आश्वमेधिक पर्व अन्तर्गत अनुगीता र वैष्णव धर्मलाई उपपर्व नभनेर पर्व किन भनिएको हो भन्ने जिज्ञासा हुनु स्वाभाविक हो । यस्ता जिज्ञासाका विषय अरू पर्वमा पनि देखिन्छन् । जस्तो अनुशासन पर्वमा भीष्म-स्वर्गारोहण पर्व र दानधर्म पर्वको उल्लेख भएको छ भने आश्रमवासी पर्वमा पुत्रदर्शन पर्व र नारदागमन पर्व छन् । यस्तै अरू पर्वहरूमा पनि यस्ता उल्लेख पाइन्छन् । तर यस्तो लेख्नुका पछाडि कुनै आधार त अवश्य हुनुपर्ला अन्यथा गतानुगतिक दृष्टिले व्यवहार गर्दा भ्रान्तिपथको अनुसरण हुँदै जाने भय रहन्छ । दृष्टान्तवाट मात्रै साध्यको सिद्धि हुँदैन तापनि शास्त्रीय वा लौकिक विधि-निषेधमूलक व्यवहार प्रधानताका आधारमा हुने गरेका दृष्टान्तहरू पाइन्छन् । प्रत्यक्ष अनुमान आदि अनेक प्रमाणहरू भए पनि लक्षण, प्रतिपादनका क्रममा प्रधान मानेर प्रत्यक्षको ग्रहण पहिले गरिन्छ । लौकिक व्यवहार हेर्दा पनि यस्ता दृष्टि पाइन्छन् । विष्णुमती, मनोहरा वाग्मतीमा समाहित भएपछि, वाग्मती नै भनेर व्यवहार हुन्छ प्रधान हुनाले । त्रिशूलीको भन्दा कालीगण्डकीको जलप्रवाह न्यून भए पनि दुई नदीको सङ्गमपछि शालिग्रामलाई लक्ष्य गरेर नारायणी नदी भनिन्छ । नारायणी गङ्गामा मिलेपछि गङ्गा भनेरै पुकारिन्छ । यसरी हेर्दा अश्वमेध प्रधान विषय भएकाले त्यसैबाट पर्वको नामकरण भयो र अनुगीतालाई पनि

उपपर्वका रूपमा ग्रहण नगरी कर्म, भक्ति, ज्ञान जस्ता चतुर्वर्गप्राप्तिका साधक विषयलाई सम्झाउने, विषयगत महत्ता र उपादेयताका दृष्टिले पनि महिमामण्डित र प्रधान सम्झिएर अश्वमेध पर्वलाई जस्तै पर्वकै तहमा प्रतिष्ठित तुल्याइएको होला । यस्तै दृष्टि राखेर नै अन्यान्य पर्वहरूका उपपर्व तहका विषय प्रसङ्गहरूलाई पर्व भनेरै नामकरण गरिएको हुनसक्तछ ।

प्राच्य वाङ्मयप्रति अगाध श्रद्धा, ममता राख्ने मदनमणि दीक्षित जस्ता मनीषीले पनि नौ पटक महाभारतको मूल पाठ पढ्दा अनुगीतामा ध्यान नगएको, भगवद्गीताकै पुनरावृत्ति सम्झेर उपेक्षा गरिएको भन्ने अभिव्यक्ति दिएको सन्दर्भमा कवि साहित्यकार, थर-गोत्र कोशकार तथा धर्म संस्कृतिका सेवक प्रचारक सह-प्रा श्रीहरि रूपाखेतीको गद्य पद्य अनुवादसहित अनुगीताको सुन्दर नेपाली संस्करण डा.जगदीश शर्मा प्रस्तोता बनेर प्रकाशित भएपछि अनुगीताले नेपालमा विशेष महत्त्वका साथ प्रचार पाएको र पृथक् अस्तित्वबोध गराएको प्रतीत हुन्छ ।

ज्ञानगुन प्रकाशनबाट १८३ भागको वर्ण्य विषय बनाएर गुणानुवाद गरिएका, विभिन्न मान सम्मान र अभिनन्दनबाट सम्मानित मुक्तिनाथ शर्मा गण्डकी सामाजिक गुठी, मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान, न्यौपाने समाज आदि सङ्घ संस्थाहरूमा क्रियाशील भएर पनि साहित्यानुरागी बन्दै लेखन प्रकाशनतिर अनवरत प्रयत्नशील देखिनुहुन्छ। अश्वमेध पर्वको आलोडनका साथ महाभारतको विहङ्गावलोकन गर्दै तयार भएको कृति हो यो । अन्ततः महाभारतका विषय प्रसङ्गहरूको अध्ययन, मननतिर अभिरुचिपूर्वक प्रवृत्त हुन, ती ती विषय प्रसङ्गलाई आधार बनाएर सुन्दर सुन्दर कृति रचना गर्न र धार्मिक आध्यात्मिक जागरणका लागि पनि बल प्रेरणा दिन अनुगीता नामक भावाभिव्यक्तिपरक यस कृतिले जागरूक जनसमुदायलाई अवश्य घच्घच्याउने छ । मुक्तिनाथ शर्माका कृति-रचनाका सन्दर्भमा सङ्ख्या, कलेवर र धार्मिक आध्यात्मिक विषय प्रस्तुतिका दृष्टिले नेपाली वाङ्मयका क्षेत्रमा यो अनुगीताको प्रकाशन महत्त्वपूर्ण प्राप्ति हो । यसबाट साहित्यिक यात्रालाई उत्तरोत्तर गतिमान् र सफल तुल्याउन, गुण गौरवको अभिवृद्धि

गर्न थप प्रेरणा र प्रोत्साहन मिल्ने विश्वास गर्दै मुक्तिनाथ शर्मा नेउपानेको स्वस्थ, सुदीर्घ र प्रयत्नशील जीवनको हार्दिक कामना गर्दछु ।

अन्त्यमा -

कैले भागवतीय देन बटुली दौडाउने लेखनी
कैले देशविदेशका भ्रमणमा लेख्ने नियात्रा पनि ।
देखिन्छन् परकाव्यमाथि कविता रच्ने निकै जाँगर
रच्ने मात्र कहाँ छपाउन युवाजस्तै यिनी तत्पर ॥

१

प्राच्य ख्यात विशाल ग्रन्थ मतिको खानी महाभारत
के बिर्सुन् उपदेश केशवमुखी गीता दुवै मानित ।
सोह्रैदेखि समाप्तिसम्म पछिको गीताश्रयी आगनी
बन्दै यो कृतिको छ प्रस्तुति मिठो सत्कर्म नौलो पनि ॥

२

नाना लेखन मुद्रणादि रसका आस्वादका कारण
जस्का छन् कृतिचाँङ तैपनि अहो उत्साह घट्थ्यो किन ।
गोष्ठी सङ्ग अधीति काव्य– रचना यी व्यक्त दैनन्दिनी
यस्ता सक्रिय मुक्तिनाथ कविका छन् प्रेरणा पावनी ॥

३

डल्लु आवास स्वयम्भू
२०७१/१०/१७/१

भन्नैपर्ने कुरा

नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम्
देवीं सरस्वतीं व्यासं ततो जयमुदीरयेत् ।

(महाभारत)

मेरा आदरणीय पाठकहरूसमक्ष नयाँ पुस्तक लिएर आउन पाउँदा म हर्षले गद्गद् भएको छु । मेरा यस अघिका पुस्तक पढेर प्रोत्साहन दिने सहृदयी पाठकहरू, पुस्तक आद्योपान्त पढेर समीक्षा गर्ने समीक्षकहरू, मलाई समय समयमा मान सम्मान तथा पुरस्कार दिने संस्थाहरू तथा पुस्तक विक्रेता समेतको सहयोगका कारण यसरि पटकपटक पुस्तक लेखी प्रकाशन गराउन सफल भएको हुँ भन्ने मलाई लाग्दछ । किनभने ती सबै कार्य लेखकलाई प्रोत्साहन दिने विषय हुन् भन्ने म ठान्दछु । मलाई लेखूँ लेखूँ बनाउने यस्तै कार्यहरू हुन् । अतः यो अवसरमा म ती संस्था तथा व्यक्तिलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस पटक अनुगीता (महाभारत अश्वमेधपर्वअन्तर्गत अनुगीता पर्वको भावाभिव्यक्ति) नेपाली भाषामा उतारी लिएर आएको छु। नेपाली हिन्दूधर्मावलम्वी समाजमा महाभारत प्रसङ्ग नौलो विषय होइन। कुनै न कुनै सन्दर्भबाट यो सुविख्यात विषय हो, धर्मशास्त्र हो । यो संस्कृत भाषामा निर्मित ग्रन्थ हो। संस्कृत भाषा नेपाली भाषाको जननी हो। संस्कृत भाषामा भएका महान् ग्रन्थहरू हाम्रा पूज्य धर्मग्रन्थ हुन्। यी ग्रन्थले नै नेपाली रहनसहन र संस्कृति निर्माण गरेका हुन्। त्यसै कारण म त्यस्ता ग्रन्थहरू पढ्न रमाउने गर्दछु। यसै क्रममा महाभारत महाकाव्य अध्ययन गर्न पुगेको हुँ। महासागररूपी यो महाकाव्यमा अनगिन्ती विषय रहेको पाइयो। त्यहाँ प्रमुख रूपमा (मुटुको रूपमा) श्रीमद्भगवद्गीता तथा अनुगीता रहेको पाइयो। पढ्दा अन्तर्आत्माबाटै श्रद्धा पलाएर आयो। अनुगीताका भावहरू नेपालीमा लेख्न मन लाग्यो। गीता

पहिले लेखी प्रकाशनमा ल्याइसकेको हुँदा अहिले अनुगीता लेखी प्रकाशनमा ल्याउन चाहैं, लेख्न थालें र पाण्डुलिपि पनि तयार भयो ।

पाण्डुलिपि तयार हुनासाथ सर्वप्रथम म मेरा श्रद्धेय अति आदरणीय डा. महेश्वर शर्माकहाँ पुगें । उहाँले पाण्डुलिपि हेरेर केही सल्लाहका साथ हौसला दिँदै पुस्तक प्रकाशनयोग्य छ भनी प्रकाशनमा ल्याउन सल्लाह दिनुभयो । म फुरुक्क फुर्केर फर्कें ।

सम्पादनसहित शुद्धाशुद्धि हेरिदिन श्रीप्रेस जावलाखेल एकान्तकुनाका व्यवस्थापक विद्वान् रुक्मनाथ पौडेलकहाँ पुगें । उहाँले मेरो अनुरोध स्वीकार गर्नुभयो । म ढुक्क भएर अगाडि बढें । तर यहाँ आएर मेरा पाइला अवरुद्ध भए ।

तत्काल पुस्तक प्रकाशन गर्ने अर्थाभावका कारण असमर्थ भएपछि अनुगीतालाई प्रकाशनमा ल्याउन लोकप्रिय दैनिक पत्रिका **हिमालय टाइम्स** दैनिकमा पुगें । मेरो मनको कुराका साथ पाण्डुलिपि सौंपे । पत्रिकाले क्रमशः छाप्दै गयो । पाठकहरू पढ्न थाल्नुभयो । यसरी हप्तामा एक अध्याय पढेर धीत मरेन भन्दै 'यो पुस्तकाकारमा आउनुपर्‍यो' भन्ने प्रतिक्रिया आउन थाल्यो । पाठक प्रतिक्रियालाई मैले थेग्न वा टार्न सकिनँ । उता पत्रिकाबाट पारिश्रमिक वापतको आर्थिक सहुलियत लिन असफल भएको भए पनि पुस्तक प्रकाशन गर्ने निर्णयमा म पुगें ।

केही मन्तव्य लेखिदिन अनुरोध गर्न 'नेपाल संस्कृत विश्वविद्यालय'का उपकुलपति विद्वान् प्रा. शिवहरि मरहट्ठाकहाँ पुगें । उहाँले सुन्दरतम् मन्तव्य (भूमिका) लेखिदिनुभयो म सारै खुसी भएँ । यो अवसरमा म श्री मरहट्ठाज्यूलाई हार्दिक आभार प्रकट गर्दै लाख लाख धन्यवाद दिन्छु ।

मुद्रणका निमित्त घरपाइकमै रहेको लुष प्रेसमा गएँ । त्यहाँका व्यवस्थापक विद्वान् गुहनाथ पौडेलले यस विषयमा रमाइला कुरा गर्नुभयो । अर्का सज्जन रमेश दाहालको पनि बोली व्यवहार मिजासिलो लाग्यो । पाण्डुलिपि बुझाएर म फर्कें ।

यसरी यो पुस्तक मेरा आदरणीय पाठकसमक्ष आएको हो । अहिले श्रध्येय पाठकका आँखा मेरा पुस्तकमा परेका छन् । पुस्तक कस्तो ठहर्छ यो पाठकहरूको

ठम्म्याइको विषय हो। 'पाठकका आँखामा बिभ्झाउला कि यसले' भनेर म चिन्तित छु। त्यस्तो भएमा श्रध्येय पाठकहरूले मलाई क्षमा दिनुहुनेछ भनेर ढुक्क भने छु। किनभने म कुनै ठूलो विद्वान् होइन। लेख्न तथा पढ्न रहर गर्ने व्यक्ति मात्र हुँ। त्यसैले भूलचूक अवश्य हुनसक्छ। भूलचूकमा म क्षमा चाहन्छु। मैले अहिले नै भन्नैपर्ने विषय के छ भने भेटिएका कमी कमजोरीमा म पूर्णरूपले जिम्मेवार छु। भविष्यमा यस्तो हुन नदिन सल्लाह एवं सुझावको आशामा छु।

यहाँ चर्चा गरिएका सबै महानुभावमा हार्दिक धन्यवाद दिन्छु। साथै पाठक, समीक्षक, मुद्रक तथा वितरक सबैमा हार्दिक धन्यवाद टक्र्याउँछु। धन्यवाद !

– मुक्तिनाथ शर्मा नेउपाने

विषयसूची

	विषय	पृष्ठ
	महाभारतमा अनुगीता २३	
	अनुगीताको अवतरण	२९
अध्याय १:	अनुगीताको माहात्म्य	३३
अध्याय २:	जीवगति वर्णन	३७
अध्याय ३:	गर्भप्रवेश र धर्मकर्म आदिको वर्णन	४०
अध्याय ४:	मोक्षप्राप्तिको उपायमा गुरु-शिष्य संवाद	४३
अध्याय ५:	ब्राह्मणगीता	४९
अध्याय ६:	ब्राह्मणगीता– दश होता अनुष्ठान	५२
अध्याय ७:	मन-इन्द्रिय संवाद	५५
अध्याय ८:	प्राण अपान आदि वायु- संवाद	५७
अध्याय ९:	उदानको उत्कृष्ट रूपको वर्णन, देवर्षि नारद र देवताको संवाद	६०
अध्याय १०:	चातुर्होम यज्ञ	६२
अध्याय ११:	अन्तर्यामीको प्रधानता	६४
अध्याय १२:	अध्यात्म विषयक महान् बन	६६
अध्याय १३:	ज्ञानी अध्वर्यु र यति संवाद	६८
अध्याय १४:	परशुरामद्वारा क्षत्रियकुल नष्ट गर्ने प्रयास	७१
अध्याय १५:	पितामहहरूबाट परशुरामजीलाई सम्झाइदै	७३
अध्याय १६:	राजा अम्बरिषले गाएका आध्यात्मिक स्वराज्य विषयक गाथा	७७
अध्याय १७:	ब्राह्मणरूपधारी धर्म र राजा जनकको ममत्व त्याग सम्बन्धी संवाद	७९
अध्याय १८:	ब्राह्मणले पत्नीप्रति आफ्नु ज्ञाननिष्ठा स्वरूपको परिचय दिनु	८१
अध्याय १९:	भगवान् श्रीकृष्णद्वारा ब्राह्म्ण गीताको उपसंहार	८२
अध्याय २०:	श्रीकृष्णद्वारा अर्जुनसँग मोक्षधर्मको चर्चा	८४
अध्याय २१:	ब्रह्माजीद्वारा तमोगुणको कार्य र कर्मफल वर्णन	८९

विषय		पृष्ठ
अध्याय २२:	रजोगुणको कार्य र यसलाई जान्दा हुने फाइदा	९२
अध्याय २३:	सत्त्वगुणको कार्यवर्णन र त्यसको पहिचान तथा फल	९४
अध्याय २४:	सत्त्व आदि गुणहरू र प्रकृतिका नाम वर्णन	९६
अध्याय २५:	महत्तत्त्वको नाम र परमात्मतत्त्व	९८
अध्याय २६:	अहङ्कारको उत्पत्ति र त्यसको स्वरूप	१००
अध्याय २७:	अहङ्कार तथा निवृत्तिमार्गको उपदेश	१०१
अध्याय २८:	चराचर प्राणीहरूका अधिपति	१०६
अध्याय २९:	सबै पदार्थको आदि अन्त र ज्ञानको नित्यताको वर्णन	१०९
अध्याय ३०:	शरीररूपी कालचक्र तथा गृहस्थ र ब्राह्मणधर्म कथन	१११
अध्याय ३१:	ब्रह्मचारी, वानप्रस्थी र संन्यासी धर्मवर्णन	११४
अध्याय ३२:	मुक्तिका साधनहरू र देहरूपी वृक्ष	११९
अध्याय ३३:	आत्मा र परमात्मा स्वरूपविवेचन	१२१
अध्याय ३४:	धार्मिक निर्णय जान्ने ऋषिहरूका विविध प्रश्न	१२२
अध्याय ३५:	परमात्माको श्रेष्ठताको वर्णन	१२४
अध्याय ३६:	तपस्याको प्रभाव, आत्माको स्वरूप	१२८
अध्याय ३७:	श्रीकृष्ण र अर्जुनको हस्तिनापुरयात्रा	१३५
अध्याय ३८:	श्रीकृष्णबाट उत्तङ्कमुनिलाई उपदेश	१४०
अध्याय ३९:	श्रीकृष्णबाट उत्तङ्कमुनिसँग अध्यात्म तत्त्वको वर्णन	१४२
अध्याय ४०:	श्रीकृष्णबाट उत्तङ्कमुनिलाई विश्वरूपको दर्शन गराउनु	१४५
अध्याय ४१:	उत्तङ्क राजा सौदासकहाँ	१४९
अध्याय ४२:	महरानी मदयन्तीका कुण्डल	१५३
अध्याय ४३:	कुण्डलको चोरी, इन्द्र तथा अग्निदेवको कृपा	१५६
अध्याय ४४:	द्वारकामा रैवतक पर्वतको महोत्सव	१६१
अध्याय ४५:	श्रीकृष्णवाट महाभारतयुद्धको सङ्क्षिप्त जानकारी	१६३
अध्याय ४६:	श्रीकृष्णद्वारा अभिमन्युवधको वृत्तान्त	१६७
अध्याय ४७:	अभिमन्युको श्राद्ध, अश्वमेधिक यज्ञको आज्ञा	१७०
अध्याय ४८:	युधिष्ठिर भाइहरूसँग परामर्श गरेर धनसङ्कलनार्थ प्रस्थान	१७२
अध्याय ४९:	पाण्डवहरू हिमालयमा पुगेर उपवासमा रहे	१७५
अध्याय ५०:	ब्राह्मणहरूको आज्ञाले धनराशि पत्ता लगाइनु	१७७

	विषय	पृष्ठ
अध्याय ५१:	श्रीकृष्णजीको हस्तिनापुर आगमन, कुन्तीको प्रार्थना	१७९
अध्याय ५२:	परीक्षित्लाई बिउँभाउन सुभद्राबाट श्रीकृष्णमा प्रार्थना	१८१
अध्याय ५३:	श्रीकृष्ण प्रसूतिगृह पुग्नु	१८३
अध्याय ५४:	उत्तराको विलाप, श्रीकृष्णद्वारा मृत बालक बिउँताउनु	१८५
अध्याय ५५:	श्रीकृष्णद्वारा परीक्षित्को नामाकरण	१८७
अध्याय ५६:	श्रीकृष्णबाट पाण्डवको स्वागत र युधिष्ठिरलाई यज्ञको आदेश	१८९
अध्याय ५७:	अश्वमेध यज्ञको जिम्मेवारी बाँडफाँड	१९२
अध्याय ५८:	सेना सहितका अर्जुनद्वारा अश्वको अनुसरण	१९४
अध्याय ५९:	अर्जुनद्वारा त्रिगर्त पराजित	१९७
अध्याय ६०:	अर्जुनको वज्रदत्तसँग युद्ध	२००
अध्याय ६१:	अर्जुनद्वारा वज्रदत्त पराजित	२०१
अध्याय ६२:	अर्जुनको सैन्धवहरूसँग युद्ध	२०३
अध्याय ६३:	दुःशलाको अनुरोधमा युद्ध अन्त्य	२०६
अध्याय ६४:	अर्जुन र बभ्रुवाहन युद्ध, अर्जुनको मृत्यु	२१०
अध्याय ६५:	बभ्रुवाहन मुर्छाबाट जागे र अर्जुन पुनः जीवित भए	२१४
अध्याय ६६:	अर्जुन पुनः यज्ञको घोडाका पछि लागे	२१९
अध्याय ६७:	मगधराज मेघसन्धिको पराजय	२२२
अध्याय ६८:	अश्वसहित द्वारका, पञ्चनद र गान्धार भ्रमण	२२४
अध्याय ६९:	शकुनिपुत्रको पराजय	२२६
अध्याय ७०:	यज्ञभूमिको तयारी, अतिथिहरूबाट अवलोकन	२२८
अध्याय ७१:	अतिथि राजाहरूको स्वागत	२३२
अध्याय ७२:	उलूपी तथा चित्राङ्गदा हस्तिनापुरमा	२३४
अध्याय ७३:	उलूपी, चित्राङ्गदा र बभ्रुवाहनको उपस्थिति अश्वमेधिक यज्ञ शुरू	२३६
अध्याय ७४:	युधिष्ठिरबाट ब्राह्मणहरूलाई दक्षिणा र राजाहरूलाई भेट	२४०
अध्याय ७५:	युधिष्ठिरको यज्ञको नेवलेद्वारा सिकायत	२४४
अध्याय ७६:	हिंसामिश्रित कार्यको निन्दा	२५५
अध्याय ७७:	महर्षि अगस्त्यको यज्ञको कथा	२५८
	लेखक परिचय	२६३

महाभारतमा अनुगीता

राजनीति धर्मनीति सहित संसारका सबै विषय समेटिएको महत्त्वपूर्ण महाकाव्य हो महाभारत। यो हिन्दू धर्मावलम्बीहरूका निमित्त परमपूज्य रहेको शास्त्र हो। संस्कृत भाषामा लेखिएको विलक्षण ग्रन्थ मानिएको छ महाभारत। प्राय: पूर्वीय विद्वान्हरू यसलाई पाँचौं वेदका रूपमा समेत स्वीकार गर्ने गर्दछन्। यो महाकाव्य संसारकै सबैभन्दा ठूलो अर्थात् बृहदाकार ग्रन्थ हो भनिन्छ। यसका लेखक अर्थात् रचनाकार हुन् महर्षि वेदव्यास। यसको मूल संस्कृत भाषामा लेखिएको भए पनि अहिले अन्य भाषामा अनुवादित समेत छ। यसमा आदिपर्व, सभापर्व, वनपर्व, विराटपर्व, उद्योगपर्व, भीष्मपर्व, द्रोणपर्व, कर्णपर्व, शल्यपर्व, सौप्तिकपर्व, नारीपर्व, शान्तिपर्व, अनुशासनपर्व, अश्वमेधपर्व, आश्रमवासिकपर्व, मुशलपर्व, महाप्रस्थानिकपर्व र स्वर्गारोहणपर्व गरी अठार पर्वहरू रहेका छन्। महाभारत महायुद्धको वर्णन यसैभित्र छ।

संस्कृत वाङ्मयका प्राचीन ग्रन्थहरूको आकार प्रकार उल्लेख गर्ने क्रममा श्लोक संख्या विचार गर्ने गरिन्थ्यो। यसको कारण के भने कुन ग्रन्थ कति ठूलो वा सानो छ भन्ने कुराको निक्यौंल गर्न सजिलो तरिका यही मानिएको थियो। महाभारतलाई पनि विद्वान्हरूले त्यसै गरी हेरेका छन्। भनिएको छ महाभारतमा एक लाख श्लोक अर्थात् पद्य रहेका छन्। यति मात्र होइन ८,८०० (आठ हजार आठ सय) कुट श्लोक समेत रहेका हुँदा महाभारतमा कुल एक लाख आठ हजार आठ सय श्लोक भएको वर्णन छ। यसरी हेर्दा यो महाकाव्य सबैभन्दा ठूलो महाकाव्य देखिन आएको छ। यसको पुष्टि गर्न पर्दा श्रीमद्भागवतको आधार लिन सकिन्छ। श्रीमद्भागवतको द्वादश स्कन्ध

तेरौं अध्यायमा पुराणहरूको श्लोक संख्याको वर्णन छ । वर्णन अनुसार ब्रह्मपुराणमा १०००० (दश हजार) श्लोक छन् । पद्‌मपुराणमा ५,५००, विष्णुपुराणमा २३,०००, शिवपुराणमा २४,०००, श्रीमद्‌भागवतमा १८,०००, नारदपुराणमा २५,०००, मार्कण्येयपुराणमा ९,०००, अग्निपुराणमा १५,४००, भीष्मपुराणमा १४,५०० ब्रह्मवैवर्तपुराणमा १८,०००, लिङ्गपुराणमा ११,००० वराहपुराणमा २४,०००, स्कन्दपुराणमा ८१,१००, वामनपुराणमा १०,०००, कूर्मपुराणमा १७,००० मत्स्यपुराणमा १४,००० र गरुडपुराणमा १२,००० श्लोक छन् । यसरी हेरेपछि थाहा हुन्छ महाभारत महाकाव्य सबैभन्दा ठूलो अर्थात् धेरै पद्य भएको ग्रन्थ हो ।

महर्षि व्यास महोदयबाट रचिएको यो विशालकाय महाभारत महाकाव्यभित्र धेरै धेरै प्रसङ्गहरू रहेका छन् । प्रसङ्गहरू नै बताउँछन् विशाल भारतका चन्द्रवंशी राजाहरूको एउटा वंश हो कुरुवंश । यो वंशका एउटा राजाका दुइभाइ छोरा थिए । जेठाको नाम धृतराष्ट्र र अर्काको नाम पाण्डु थियो । धृतराष्ट्र जेठा भए पनि उ अन्धा भएका कारण भाइ पाण्डु राजा बनाइए । पाण्डुको असामयिक मृत्यु भएपछि छोराहरू नाबालक भएका कारण अन्धा भए पनि धृतराष्ट्र राजा हुन गएका थिए । त्यसपछि अब राजाको उत्तराधिकारी कुनका छोरालाई बनाउने भन्ने विषयमा विवाद हुन पुग्यो । यो विवाद बालक कुमारहरूसम्म पनि नपुगी रहेन । पाण्डुका छोरालाई पाण्डव भनिन्थ्यो र धृतराष्ट्रका छोरालाई कौरव भनिने गरेको थियो । बालक पाण्डव र कौरवका बीचमा समेत द्वन्द्व शुरू भयो । विवाद धृतराष्ट्रका उत्तराधिकारी पाण्डवतर्फका जेठा युधिष्ठिर हुने कि कौरव पक्षका जेठा दुर्योधन हुने भन्ने थियो । विषयले उग्ररूप लिँदै जान थाल्यो । शीतयुद्धको रूप लियो यो विषयले । धृतराष्ट्रपुत्र दुर्योधन त नराम्रोसँग नै उत्रिन खोजे यो द्वन्द्वमा ।

भाइभाइका बीचको समस्या सारै भयावह हुन्छ । त्यसमा पनि राज्य सम्बन्धीत विषय अर्थात् राजकाजको विषय त अझै चर्को हुने नै भयो । विषयले उग्र रूप लिँदै गयो । कौरव पक्षले पाण्डव पक्षलाई सिध्याउने

सम्मका षड्यन्त्रहरू हुन थाले । कौरव पक्ष अन्यायी र पापीका रूपमा देखिन थाल्यो । पाण्डवहरूलाई ज्यान बचाउन समेत धौधौको स्थिति आयो । राज्यका विद्वान् विदुषीहरू पनि एक न एक पक्षमा विभाजित हुनपर्ने परिस्थिति खडा भयो । वारणावतको लाक्षागृह दाहन जस्ता ठूला ठूला धेरै घटना तथा काण्डहरू भए । हुँदा हुँदा यो समस्या आम जनतासम्म पोखियो । यसैले जनमतमा पनि विभाजन देखिदै गयो । अन्ततोगत्वा राज्यलाई नै विभाजन गर्नुपर्ने परिस्थिति आयो । राज्यलाई दुइ भाग लगाई हस्तिनापुर एउटा राज्य र खाण्डवप्रस्थ एउटा राज्य बनाइयो । दुर्योधन हस्तिनापुरका युवराज भए र पाण्डुपुत्र युधिष्ठिर खाण्डवप्रस्थका राजा बनाइए ।

महाभारतको वर्णनमा देखिन्छ पाण्डवहरू उद्योगी र धर्मात्मा थिए । उनीहरूले पहिले राम्रो नमानिएको खाण्डवप्रस्थमा विकास गरेर विकसित राज्य बनाए । राज्यको नामै पछि गएर इन्द्रप्रस्थ हुन गयो । इन्द्रप्रस्थका महाराज युधिष्ठिरबाट राजसूय यज्ञसमेत सम्पन्न भयो । यो देखेर कौरव पक्ष डाह गर्न उत्रियो । दुर्योधन पक्षाले अरू कुनै उपायद्वारा पाण्डवपक्षालाई उछिन्न नसकिने सोच्यो । कपटी शकुनिको सल्लाहमा जुवा खेल्ने निर्णय भयो । जुवा त्यसमा पनि कपटी जुवाद्वारा पाण्डवहरूको सर्वस्व लुटियो, द्रौपदीको वस्त्रहरण जस्तो घृणित कार्य भयो र उनीहरूलाई बाह्र वर्ष वनवास र एक वर्ष गुप्तवास बस्न पर्ने परिस्थितिसमेतको सिर्जना भयो । पाण्डवहरूले त्यस्तो कष्टसमेत भुक्तान गरेपछि आफ्नो राज्य मागे । त्यो पनि नदिइएपछि युद्ध अपरिहार्य भयो । अन्ततोगत्वा युद्ध नै भयो । पाण्डव र कौरवबीचको युद्ध एउटा महायुद्ध भयो जसलाई महाभारत महायुद्ध भनी नाम दिइएको छ । यो महायुद्धको शुरूकै दिन श्रीमद्भगवद्गीताले यो संसारमा अवतरण गरेको हो ।

श्रीमद्भगवद्गीता महाभारत महाकाव्यको मुटु नै जस्तो भएर आएको छ । यो विश्वमा एउटा महान् दर्शन हुन गएको छ । वर्तमान अवस्थामा यो गीता पठनीय, मननीय र पूजनीय भएर रहेको छ । यो गीता संसारमा कसरी अवतरण भयो भन्ने सम्बन्धमा यहाँ चर्चा गर्ने प्रयत्न गरिएको छ ।

महाभारतमा वर्णन छ जब पाण्डव र कौरवका बीच शीतयुद्ध भयो आसपासका राजा महाराजा तथा विद्वान् विदुषीसमेतले एक न एक पक्षमा लाग्न पर्ने भयो । त्यस्तो नहोओस् भनेर शान्तिका प्रयत्न पनि धेरै भए । तर कौरवपक्षको घमण्डी पाराका कारण शान्ति बहाल हुन पाएन । भगवान् श्रीकृष्णले समेत लाख प्रयास गर्नु भएको हो तापनि केही लागेन, आखिर युद्ध गर्नै पर्ने भयो ।

युद्ध हुने नै भएपछि पाण्डव तथा कौरवहरू कुरुक्षेत्रको मैदानमा युद्धार्थ खटे । धेरै घटना दुर्घटनाबाट तय भएको युद्ध हुँदा भारतवर्षका सारा राजा महाराजा, विद्वान् विदुषी सारा भेला भए युद्धमैदानमा । भगवान् श्रीकृष्ण पाण्डवपक्षमा भएर पनि अर्जुनको सारथी भएर सामेल हुनुभयो कुरुक्षेत्रमा । लामो समयदेखि प्रतिक्षित युद्धको दिन आयो र घडीसमेत आइपुग्यो । दुवै पक्षका सेना कुरुक्षेत्रको युद्धमैदानमा सामेल भए । युद्धारम्भको सूचना स्वरूप शंखध्वनि भएपछि कुन्तीपुत्र अर्जुनले दुवै पक्षका सेनाको निरीक्षण गर्ने मन बनाए । आफ्ना सारथी भगवान् श्रीकृष्णसँग आफ्नो रथ युद्धमैदानको बीचमा लगिदिन अनुरोध गरे । उनले सेना निरीक्षण गर्ने मन बनाएका थिए । भगवान्ले अर्जुनको आग्रहमा अर्जुनको रथ युद्धमैदानको बीचमा लगेर राखिदिनुभयो । अर्जुनले सेना निरीक्षण गरे ।

सेना निरीक्षणपछि अर्जुनले देखे त्यहाँ त दाजुभाइ इष्टमित्र, पितापितामह पुत्रप्रपौत्र आदि मात्र देखिए । युद्ध जित्नका लागि तिनीहरूलाई मार्न पर्ने भयो । उनीहरूले जित्न पनि त्यसै गर्न पर्ने भयो । यो वास्तमा सत्य विषय नै थियो । त्यसैले अर्जुनको मनमा विषाद उत्पन्न भयो । उनले बुझे युद्धमैदानमा लड्न आउने उनका आफन्त मात्र थिए । त्यहाँ मार्न पर्दा आफन्तलाई मार्न पर्ने र मारिनपर्दा आफन्तबाटै मारिन पर्ने भयो । यो पूर्व नियोजित कुरा नै हो तर पनि अर्जुनका मनमा त्यस्तो भयो । त्यसैले वीर अर्जुन त्यस्तो घडीमा यो युद्ध त गर्नै नहुने पो देखियो जस्ता कुरा भगवान्

श्रीकृष्णसँग भनेर शोक गर्न थाले । शोकसन्तप्त अर्जुन आफ्नो गाण्डीव थन्क्याएर रथको एउटा छेउमा गएर बसे ।

अर्जुनका कुरा सुनिसकेपछि कुन्तीपुत्र अर्जुनका सारथी भएका भगवान् श्रीकृष्ण अर्जुनलाई सम्झाउन थाल्नुभयो । अर्जुन नयाँ नयाँ प्रश्न राख्दै आफ्ना तर्क प्रस्तुत गर्न थाले । ठूलो वादविवाद भयो । अर्जुनका कुरा तथा भगवान्‌बाट आज्ञा भएका कुरा सारै महत्त्वपूर्ण छदै थिए । तसर्थ त्यति बेलाका कुराकानी वा छलफलका विषय संसारमा दिनपर्ने देखिए । तसर्थ ती नै कुरालाई महर्षि व्यासले लेख्नुभयो । त्यही लेखले गीता अर्थात् श्रीमद् भगवद्‌गीता नाम पाएको हो जो कालजयी भएर रहेको छ । यसको विस्तृत वर्णन महाभारत महाकाव्यको भीष्मपर्वमा रहेको छ ।

श्रीमद्‌भगवद्‌गीतालाई महाभारत महाकाव्यको मुटु नै मानिएको छ । यो गीतालाई महाभारतबाट झिकेर छुट्टै ग्रन्थका रूपमा ल्याइने गरेको पनि पाइन्छ । यो गीता अहिले संसारमा एउटा दर्शन शास्त्रका रूपमा अध्ययन गर्ने गरिन्छ । गीता अहिले संसार भर मान्य भएको पाइएको छ । युरोप, अमेरिका, अस्ट्रेलिया आदि पाश्चात्य देशमा समेत यसले मान्यता पाएको देखिन्छ । यसलाई इतर हिन्दू धर्मावलम्बीहरूले समेत मान्न थालेका छन् । गीताका सूत्रधार भगवान् श्रीकृष्ण पूजिएका छन् र पूजिदैछन् संसारमा । श्रीकृष्णका नाउँमा प्रशस्त संस्थाहरू खोलिएका छन् । गीतालाई संसारका प्रशस्त राज्यहरूमा विभिन्न भाषामा अनुवाद गरिएको छ । ठूला ठूला विद्वान्‌हरू यसको रस चाख्न चाहन्छन् । यो वास्तवमा सारै ठूलो दर्शन बोकेर उभिएको अनुभव हुन्छ । यसले हिन्दू धर्मावलम्बीहरूका लागि त झन् सारै आनन्दानुभूति दिने गरेको छ ।

अठार अध्यायमा विभक्त श्रीमद्‌भगवद्‌गीता युद्धबाट बिरक्तिएका कुन्तीपुत्र अर्जुनलाई आफ्नो कर्तव्यमा ल्याउन भगवान्‌बाट अर्ती उपदेशस्वरूप भनिएका कुरा जति छन् ती नै कुरा छन् गीतामा । कुनै कुनै विद्वान्‌ले भनेका

छन् अर्जुन एउटा गाईको बाच्छो बनेका छन् र श्रीकृष्ण दूधालु माउ गाई । बाच्छोले दूध पगारेको हो र माउले मनग्य मीठो दूध दिएकी हुन् । जे होस् गीता पस्केर भगवान् श्रीकृष्णले अर्जुनको विषाद मेटाइदिनुभयो । वीर अर्जुन युद्धमा अग्रसर भएर लागे । महाभारत महायुद्ध सम्पन्न भयो । पाण्डवहरूको विजय भयो ।

श्रीमद्भगवद्गीतामा धर्म, कर्म तथा जीवन जगत्का कुरा छन् । अधिकार तथा कर्तव्यको व्याख्या छ । ईश्वरीय शक्ति तथा खटनपटनका कुरा छन् । अरू समाजोपयोगी कुराहरू यसमा रहेका छन् । ७०० श्लोकमा रचित यो ग्रन्थ हालसम्मकै प्राप्त सबै ग्रन्थभन्दा महत्त्वपूर्ण र पूज्य मानिएको छ । यसका शुरू र अन्त्यका अढाइ अक्षरले भन्दछन् यो आफै धर्म हुन पुग्छ । वास्तवमा यो धर्म नै पनि हो । यसो नभएको भए विश्वका यति धेरै समुदाय र मानिसमा पूज्य भएर रहन सक्ने थिएन । यो त विश्वका सबैभन्दा धेरै भाषामा अनुवादित, र धेरै धेरै विद्वान्हरूमा वितरित र धेरैबाट पढिएको महान् दर्शन तथा महाग्रन्थ हो । महाभारत महाकाव्यमा नै अनुगीता रहेको छ त्यो गीताको परिपूरक हो भन्न सकिन्छ । अनुगीता कसरी कति बेला आएको हो त्यसको विस्तृत चर्चा अर्को अध्यायमा गरिनेछ ।

अनुगीताको अवतरण

आफन्तलाई मार्न र आफन्तबाट मर्न पर्ने देखेर युद्ध गर्दिनँ, गर्न हुँदैन र नगरियोस् भनेर विषादपूर्ण अवस्थामा पुगेका कुन्तीपुत्र अर्जुनलाई आफ्नो कर्तव्यबाट विचलित हुन हुँदैन, कर्तव्य कर्म गरिनुपर्दछ भनेर प्रेरणा दिने उद्देश्यले यशोदानन्दन श्रीकृष्णबाट श्रीमद्भगवद्गीता दिइएपछि आफ्नो कर्तव्य बुझेका हुनाले अर्जुन युद्ध गर्न तयार भए। भगवान् श्रीकृष्ण अर्जुनको सारथी जो हुँदै हुनुहुन्थ्यो उहाँको सक्रिय सहयोग र निर्देशनमा भीषण महाभारत महायुद्ध शुरू भयो।

महाभारत महायुद्धलाई धर्मयुद्ध मानिएको थियो। युद्धका नियमहरू थिए। हरेक दिन जब सूर्योदय हुन्छ दुवै तर्फका लडाकुहरू शस्त्र तथा अस्त्र लिई सजधजका साथ कुरुक्षेत्रको युद्धमैदानमा जान्थे। उनीहरू आफू सरहका विपक्षीसँग युद्ध गर्दथे। शस्त्र तथा अस्त्रयुद्ध चल्थ्यो डरलाग्दो किसिमसँग। मार्थे र मारिन्थे योद्धाहरू। जब दिन समाप्त हुन्छ तब युद्ध स्थगनको आदेश हुन्थ्यो। मरेका मरे, लासहरू युद्धमैदानमा लडेका छन्। बाँचेकाहरू आआफ्ना शिबिरतिर जान्थे। अर्को दिन उदाउँछ फेरि त्यस्तै हुन्थ्यो। हरेक दिन हजारौं योद्धाको ज्यान जान्थ्यो। सधैंजसो दुर्योधन पक्षकै नोक्सान बढी हुन्थ्यो।

यसरी यो युद्ध अठार दिनसम्म चल्यो। यस्तो भयङ्कर महायुद्धमा अनगिन्ती मानिसहरू मारिए। भनिएको छ पाण्डवपक्षमा ७ (सात) अक्षौहिणी सैन्य थिए र कौरवपक्षमा ११ (एघार) अक्षौहिणी सैन्य थिए।

सारा समाप्त भएका हुन् । पूज्य भीष्मपितामह, गुरु द्रोणाचार्य, अंगराज कर्ण, शकुनि, जयद्रथ, आदि महारथीसँगै युवराज दुर्योधन मारिएका हुन् । पाण्डवपक्षका अभिमन्यु र घटोत्कच, युद्धमा मारिएका हुन् भने राती सुतेको अवस्थामा पाँच पाण्डवपुत्र (द्रौपदी पुत्रहरू) कायरतापूर्वक मारेको हो दुर्योधन पक्षले । अन्य धेरै रथी, महारथी र सैन्य मारिएका हुन् । जम्मा कति मारिए भन्ने सम्बन्धमा महाभारतमा भनिएको छ एक अरव छयसट्ठी करोड बीस हजार योद्धा मारिएका हुन् र बीस हजार एक सय पैंसट्ठी सैनिक बेपत्ता भएका हुन् ।

यस्तो डरलाग्दो भएको हो महाभारत महायुद्ध । सेनाको त कुरा आयो । कति मरे वा मारिए युद्धका निमित्त कति हातहतियार खर्च भए, दानापानीमा कति क्षति भयो र अरू खर्च के के भयो । धनजनको लेखोपाखो रहेन । राज्यको आर्थिक अवस्था जर्जर भयो । टुहुरा परेका कैयौं केटाकेटीको कुन अवस्था भयो र विधवाहरूको कस्तो हाल भयो । राष्ट्र कति जर्जर हुन पुग्यो । राष्ट्रिय विपत्ति कति भयानक भयो । जे भयो भयावह नै भयो । फेरि युद्धअपराधमा क्षमा याचना गर्नपर्‍यो । शुद्धशान्ति गर्नैपर्‍यो । अनि युद्ध समयमा भएको राष्ट्रको क्षतविक्षत संरचनाको पुनर्निर्माण गर्नपर्‍यो । यसो नगरे अधर्म हुन्छ अर्थात् पाप लाग्छ । उता ढुकुटी रित्तो छ । यस्तो भए पनि धैर्यपूर्वक खटेका हुन् पाण्डवहरू । भगवान् श्रीकृष्णको साथ थियो । तसर्थ उनीहरू यसतर्फ लागे ।

यस्तैमा एक दिन महर्षि व्यास पाण्डवहरूको हालचाल बुझ्न आउनुभयो । उहाँले महाराज युधिष्ठिरलाई अश्वमेध यज्ञ गर्न भन्नुभयो । युधिष्ठिरले युद्धमा धेरै धेरै राष्ट्रिय धन खर्च भएको कुरा राख्दै अर्थाभाव हुन्छ कि भन्दा व्यासले राज्यलाई धनले खाँचो हुँदैन भन्ने कुरा दर्शाउनुभयो । उहाँको भनाइ थियो राज्यमा खर्च गर्दै जानुपर्दछ धन जम्मा हुँदै पनि जान्छ

भन्ने । उहाँले अर्को जुक्ति पनि बताउनुभयो । पहिलेका एक जना राजा मरुत्तले आफ्नो अन्तिम समयमा हिमालयको फेदीमा गाडेका धनको कुरा बताइदिनुभयो र सो उत्खनन गरेर ल्याउन सकिने कुरा पनि बताउनुभयो । त्यसपछि भगवान् श्रीकृष्णको सहयोगमा उत्खनन गरी धन ल्याइयो । सो धनबाट महाराज युधिष्ठिरको अश्वमेधिक यज्ञ सम्पन्न गरियो ।

युद्ध समयमा क्षति भएका संरचनाहरूको पुनर्निर्माण भयो । अन्य निर्माण कार्यहरू व्यवस्थित गरेर जनसुविधामा सुधार ल्याइयो । राज्यका साँधसिमाना मजबुत बनाइयो । लोक कल्याणका सबै कार्य सुचारु रूपमा गर्ने व्यवस्था मिलाइयो । राज्यलाई समृद्ध पारियो । त्यसै गरी युद्धमा मारिएकाहरूका आश्रितहरूको पालन तालन गर्ने कार्यलाई पनि सुचारु रूपमा चलाइयो । राज्यलाई कहीं कतैबाट केही हानि नोक्सानी नहुने प्रबन्ध गरियो । राज्यमा सुशासन बहाल गराइयो ।

लामो समय लाक्षागृह काण्ड, कपटी जुवा, द्रौपदी वस्त्र हरण वनवास, युद्ध आदिमा लाग्दा लाग्दै थाकेका पाण्डवहरूमा एक किसिमले सुख सन्तोषका दिन आएका थिए । उनीहरू बढी समय त राज्यका काम कुराहरूमा व्यस्त रहन्थे । यदाकदा आराम पनि गर्ने गर्दथे । भगवान् श्रीकृष्ण धेरैजसो अर्जुनका साथमा रहनुहुन्थ्यो ।

एक दिन भगवान् श्रीकृष्ण र कुन्तीपुत्र अर्जुन भव्य सभाभवनको एउटा विशिष्ट कक्षामा बसेर कुरा कानीमा रमाउँदै थिए अर्जुनले भगवान् श्रीकृष्णसँग भने– "हे केशव ! युद्धका समयमा तपाइँबाट मेरा निमित्त आज्ञा भएको उपदेश श्रीमद्भगवद्गीताले मेरो मोह नष्ट गरेको हो । मोहग्रस्त भएर मैले यो युद्ध नगरिन पर्ने हो नगरौं भनेको थिएँ । हजुरले यसै विषयमा मलाई सम्झाउँदै दिनुभएको त्यो गीताकै कारण निष्काम कर्म गरियो । युद्धमा भाग

लिइयो र अधर्मको नाश गरी धर्मको रक्षा गरियो । अहिले त्यस्तो अनमोल ज्ञान मेरो मनमा जस्ताको तस्तै छैन । युद्धका भयावह घटनाहरूले गर्दा होला मेरो स्मरणमा रहेनन् छैनन् तर ती ज्ञान मेरा निमित्त अति उपयोगी हुन् । कृपया त्यो ज्ञान मलाई बताइ दिनुहोस् ।" अर्जुनले यसो भन्दा त्यसरी बिर्सन हुने थिएन जस्ता कुरा भए । तर पनि भगवान्बाट आज्ञा भयो– "त्यही गीता उनै शब्दमा त होइन । तर उही विचारमा आधारित केही प्रसङ्ग सुनाउँछु । ध्यान दिएर सुन्नुपर्ला ।"

यसरी भगवान् श्रीकृष्णबाट आज्ञा भएको विषयलाई महाभारत महाकाव्यमा अनुगीता नाम दिएर राखिएको छ । यो अनुगीता अश्वमेधिक पर्वको सोरौं अध्यायबाट बयान्नब्बेऔं अध्यायसम्म रहेको छ ।

अध्याय १

अनुगीताको माहात्म्य

जनमेजयले वैशम्पायनसँग सोधे– "ब्रह्मन् ! शत्रुहरूको नाश गरेर जब महात्मा श्रीकृष्ण र अर्जुन सभा भवनमा रहन लागे ती दुइमा कस्ता कस्ता बातचित भए ?"

वैशम्पायनले भन्नुभयो– "राजन् ! श्रीकृष्ण सहित अर्जुनले जब केवल आफ्नो राज्यमा पूरा अधिकार प्राप्त गरेका थिए तब उनी त्यो दिव्य सभाभवनमा आनन्दपूर्वक रहन लागे । नरेश्वर ! एक दिन त्यहाँ स्वजनहरूबाट घेरिएर दुइ मित्र स्वेच्छापूर्वक घुम्दैघुम्दै सभाभवनको यस्तो एउटा भागमा पुगे जो स्वर्ग समान सुन्दर थियो । पाण्डुनन्दन अर्जुन भगवान् श्रीकृष्णसँगै भएर प्रसन्न थिए । उनले एक पटक त्यो रमणीय सभाभवनतिर दृष्टि राख्दै भगवान् श्रीकृष्णसँग भने– "महाबाहो ! देवकीनन्दन ! जब संग्रामको समय थियो त्यति बेला मलाई हजुरको माहात्म्यको ज्ञान र गीतास्वरूप ईश्वरीय स्वरूपको दर्शन भएको थियो । तर हे केशव ! हजुरले सौहार्दवश जुन ज्ञानको उपदेश दिनुभएको थियो, मेरो त्यो सबै ज्ञान विचलित चित्त हुनाका कारण नष्ट भयो, बिर्सियो । माधव! ती विषय सुन्न मेरो मनमा बारम्बार उत्कण्ठा हुन्छ । यता हजुर चाँडै नै द्वारका जाने कुरा गर्दै हुनुहुन्छ । तसर्थ ती सबै कुरा मलाई सुनाइदिनुहोस् ।"

वैशम्पायनजीको भनाइ छ– राजन् ! अर्जुनले यसो भनेपछि वक्तामा श्रेष्ठ महातेजस्वी भगवान् श्रीकृष्णले अर्जुनसँग गला मिलाएर यसरी उत्तर दिनुभएको छ । श्रीकृष्णले भन्नुभएको छ- अर्जुन ! त्यति बेला मैले तिमीलाई अत्यन्त गोपनीय ज्ञान सुनाएको थिएँ । आफ्नो स्वरूपभूत धर्म

सनातन पुरुषोत्तम तत्त्वको परिचय दिएको थिएँ । शुक्ल तथा कृष्ण गतिको निरूपण गर्दै सम्पूर्ण नित्य लोकहरूको वर्णन गरेको थिएँ । तर तिमीले आफ्नो नासमझीका कारण त्यो उपदेशलाई याद गरेनौ । यो मलाई राम्रो त्यति लागेन । ती कुराहरू अब पूरापूरा अहिले भन्न मलाई नै पनि सम्भव होला जस्तो लाग्दैन । पाण्डुनन्दन ! निश्चय पनि तिमी श्रद्धाहीन हौ । तिम्रो बुद्धि सारै मन्द जस्तो लाग्यो । धनञ्जय ! अब म त्यो उपदेश जस्ताको तस्तै बताउन सक्दिनँ । किनभने त्यो धर्म ब्रह्मपदमा पुऱ्याउन पर्याप्त थियो । त्यो सबै धर्म उही रूपमा दोहऱ्याउन मेरो वशको कुरा हुँदैन । त्यति बेला योगयुक्त भएर मैले परमात्मा तत्त्वको वर्णन गरेको थिएँ । अब त्यो विषयको ज्ञान गराउन म एउटा पुरानु इतिहासको वर्णन गर्दछु । त्यसबाट तिमी समत्व बुद्धिको आश्रय लिएर उत्तम गति प्राप्त गरौला ।

धर्मात्मा श्रेष्ठ अर्जुन ! अब तिमी मेरा सारा कुरा ध्यान दिएर सुन । शत्रुदमन ! एक दिनको कुरा हो एक दूर्धर्ष ब्राह्मण ब्रह्मलोकबाट उत्रेर स्वर्गलोक हुँदै मकहाँ आए । मैले उनको विधिपूर्वक पूजा गरें । मोक्षधर्मका विषयमा प्रश्न राखें । भरतश्रेष्ठ ! मेरा प्रश्नको उनले सुन्दर तरिकाले उत्तर दिए । पार्थ ! त्यही म तिमीलाई भनिरहेको छु । केही अन्यथा विचार नगरी ध्यान दिएर सुन ।

ब्राह्मणले भने– श्रीकृष्ण ! मधुसूदन ! तिमीले सबै प्राणीप्रति कृपा गरेर उनीहरूको मोहको नाश गर्नका लागि जो यो मोक्षधर्मसँग सम्बन्ध राख्ने प्रश्न गऱ्यौ, त्यसको म उत्तर दिन्छु । प्रभो ! माधव ! सावधान भएर मेरा कुरा सुन । प्राचीन समयमा काश्यप नाम गरेका एक धर्मज्ञ र तपस्वी ब्राह्मण कुनै सिद्ध महर्षिकहाँ गए । जो धर्मका विषयमा शास्त्रका सम्पूर्ण रहस्य जान्ने वाला थिए । भूत तथा भविष्यको ज्ञान विज्ञानमा प्रवीण लोकतत्त्वको ज्ञानमा कुशल, सुखदुःखका रहस्य बुझेका, जन्ममृत्युका तत्त्वज्ञ पापपुण्यका ज्ञाता, र ऊचनीच प्राणीहरूको कर्मानुसार प्राप्त हुनेवाला गतिको प्रत्यक्षादर्शी थिए । उन्मुक्त जस्तै विचरण गर्ने सिद्ध, शान्तचित्त, जितेन्द्रिय, ब्रह्मतेजले

देदीप्यमान, सर्वत्र घुम्ने र अन्तर्धान विषयका ज्ञाता थिए । अदृश्य रहने चरित्रधारी सिद्धहरूसँग हिँड्थे, बातचित गर्थे र उनीहरूसँगै एकान्तमा रहन्थे । जसरी वायु कहीं आसक्त नभएर सर्वत्र प्रवाहित हुन्छ त्यसै गरी उनी सर्वत्र अनासक्तबाट स्वच्छन्दतापूर्वक विचरण गर्थे । महर्षि काश्यप उपयुक्त महिमा सम्झेर उनीसँग गएका थिए । नजिक गएर ती मेधावी तपस्वी, धर्माभिलाषी र एकाग्र चित्त महर्षिले न्यायअनुसार ती महात्माका चरणमा प्रणाम गरे । ती ब्राह्मणश्रेष्ठ ठूला अद्भुत शान्त थिए । उनमा सबै प्रकारका योग्यता थिए । उ शास्त्रका ज्ञाता र सच्चरित्र थिए । उनको दर्शन गरेर काश्यपलाई ठूलो विस्मय भयो । उ उनलाई गुरु मानेर उनको सेवामा लागे र आफ्नु सुश्रूषा, गुरुभक्ति तथा श्रद्धाभावद्वारा सिद्ध महात्मालाई सन्तुष्ट बनाए । जनार्दन ! आफ्ना शिष्य काश्यप उपर प्रसन्न भएर ती सिद्ध महर्षिले परासिद्धिका सम्बन्धमा विचार गरेर जो उपदेश गरे त्यो बताउँछु सुन ।

सिद्धले भने– बाबु काश्यप ! मनुष्य नाना प्रकारका शुभकर्मको अनुष्ठान गरेर केवल पुण्यका संयोगबाट यो लोकमा उत्तम फल र देवलोकमा स्थान प्राप्त गर्दछ । जीवलाई कहीं पनि अत्यन्त सुख मिल्दैन । कुनै पनि लोकमा उ सधैं रहन पाउँदैन । तपस्या आदिद्वारा कस्ता कस्ता कष्ट सहेर ठूलो ठूलो स्थान किन नपाओस् त्यहाँबाट पनि पटक पटक तल झर्नै पर्दछ । मैले क्रोधबाट युक्त र तृष्णा मोहित भएर अनेकौं पटक पाप गरेको छु र उनकै सेवनको फलस्वरूप घोर कष्ट दिने अशुभ गतिहरू भोगेको छु । बारबार जन्म र बारबार मृत्युको कष्ट उठाएको छु । तरह तरहका आहार ग्रहण र अनेक स्तनको दूध पिएको छु । अनघ ! धेरै बाबु र अनेकानेक आमाहरू देखेको छु । विचित्र विचित्र सुखदुःखहरूको अनुभव गरेको छु । कति पटक मलाई प्रियजनको वियोग र अप्रिय जनसँग संयोग भएको छ । बहुत कष्ट सहेर धन कमाएको छु र त्यो मैले देख्दादेख्दै नाश पनि भएको छ ।

राजा र आफन्तहरूबाट मलाई कति पटक ठूला ठूला कष्ट र अपमान उठाउन परेको छ । तन र मनका अत्यन्त भयङ्कर वेदना सहन परेको छ ।

मैले पटक पटक घोर अपमान, प्राणदण्ड र कडा कैदको सजाय भोगेको छु। मलाई नरकमा गिर्न र यमलोकमा मिल्ने यातना सहन परेको छ। यो लोकमा जन्म लिएर मैले बारबार बुढापा, रोग, व्यसन र राग द्वेषादि द्वन्द्वको प्रचुर दुःख सधैं भोगेको छु। यसरी बारबार क्लेश उठाउँदा एकदिन मेरो मनमा ठूलो खेद भयो र मैले दुःखबाट घबराएर निराकार परमात्माको शरण लिएँ। समस्त लोक व्यवहारलाई परित्याग गरिदिएँ। यो लोकमा अनुभव पश्चात् मैले यो मार्गको अवलम्बन गरेको हुँ। अब परमात्माका कृपाले मलाई यो उत्तम सिद्धि प्राप्त भएको छ। अब म परानु संसारमा आउन्न। जबसम्म यो सृष्टि कायम रहला र जबतक मेरो मुक्ति नहोला तबसम्म म आफ्नो र अरू प्राणीको शुभगतिको अवलोकन गर्नेछु।

द्विजश्रेष्ठ ! यसरी मलाई यो उत्तम सिद्धि मिलेको हो। यसपछि उत्तम लोकमा जान्छु। त्यसपछि त्योभन्दा पनि परम उत्कृष्ट सत्यलोकमा पुगुँला र क्रमशः अव्यक्त, ब्रह्मपद, मोक्ष प्राप्त गरुँला। यसमा तिमीले शङ्का नगरे हुन्छ। काम, क्रोध आदि शत्रुहरूको सन्ताप दिने काश्यप ! अब म पुनः यो मर्त्यलोकमा आउने छैन।

महाप्राज्ञ ! म तिमीसँग बहुत प्रसन्न छु। भन म तिम्रो कुन प्रिय कार्य गरुँ ? तिमी जुन चिज पाउने उद्देश्यबाट मसँग आयौ त्यो पाउने समय आएको छ। तिमी आउनाको उद्देश्य के हो यो म जान्दछु र शीघ्र यहाँबाट जाउला। त्यसैले मैले तिमीलाई प्रश्न गर्ने प्रेरणा दिएको हुँ। विद्वन् ! तिम्रो उत्तम आचरणबाट मलाई ठूलो सन्तोष भएको छ। तिमी आफ्नो कल्याणको कुरा सोध। म तिम्रा अभीष्ट प्रश्नको उत्तर दिनेछु। काश्यप ! म तिम्रो बुद्धिको सराहना गर्दछु र आदर गर्दछु तिमीले मलाई चिन्यौ। त्यसैले भन्दैछु बुद्धिमान् हौ।

यसरी अनुगीता पर्व सोरौं अध्याय अनुगीता पहिलो अध्याय सकिएको छ।

अध्याय २

जीवगति वर्णन

गीता सुन्ने कुन्तीपुत्र अर्जुनको निवेदनमा भगवान् श्रीकृष्णबाट आज्ञा भएको र अनुगीताका रूपमा त्यो सुनाइने भएको कुरा पहिलो अध्यायमा वर्णन भएको छ । त्यसै प्रसङ्गमा दोस्रो अध्यायमा प्रवेश गरेपछि जीवको गतिका सम्बन्धमा चर्चा हुन गएको छ । श्रीकृष्णले पुरानु प्रसङ्गसँग जोडेर भन्नुभएको छ– “त्यसपछि धर्मात्मा श्रेष्ठ काश्यपले महात्माका दुवै पाउ समातेर गम्भीर गम्भीर प्रश्नहरू राखे । यी प्रश्नहरू वास्तवमा उत्तर दिन कठिन खालकै हुन् । उनले महात्मासँग भनेका हुन्– हे महात्मा ! यो शरीर कसरी गिर्छ ? दोस्रो शरीरमा कसरी प्रवेश गर्दछ जीव ? संसारी जीव कुन तरिकाले यो दु:खमय संसारबाट मुक्त हुन्छ ? जीवात्मा आफैंबाट उत्पन्न हुने शरीर कसरी त्याग गर्छ ? एउटा शरीर त्याग गरेपछि दोस्रो शरीरमा कसरी प्रवेश गर्छ ? मान्छे आफूले गरेका शुभाशुभ कर्मको फल कसरी भोग्छ ? र शरीर नरहेका अवस्थामा उसको कर्म कहाँ रहन्छ ?”

यसपछि के के कुरा भए भन्ने सम्बन्धमा ब्राह्मणले मसँग भनेका थिए– “हे वृष्णिनन्दन श्रीकृष्ण ! काश्यपले त्यस्ता जटिल प्रश्न गरेर जिज्ञासा प्रकट गरेपछि सिद्ध महात्माले उनका प्रश्नहरूको क्रमैले उत्तर दिन थाले । त्यो अहिले म तपाईंलाई बताउँछु ध्यान दिएर सुन्नुहोस् ।”

काश्यपसँग सिद्धले भने– “काश्यप ! मनुष्य यस लोकमा आयु तथा कीर्ति बढाउने जुन कर्ममा लागेको हुन्छ त्यो शरीर प्राप्तिको कारण बन्दछ त्यो विषय । शरीर ग्रहणपछि त्यही कर्म फल दिएर क्षय हुन्छ । त्यो बेलामा (शरीर) विपरीत कर्म गर्न पुग्छ । विनष्ट काल नजिक आएपछि उसको बुद्धि उल्टो हुन्छ । उ आफ्नु सत्त्वबल र अनुकुल समय जान्दाजान्दै पनि

मन नियन्त्रणमा लिन नसक्नाका कारण संयम गुमाउन पुग्छ । आफ्नु प्रकृति विरुद्ध भोजन ग्रहण गर्दछ । अत्यन्त हानिकारक वस्तु जो छन् ती सबैको सेवन गर्ने गर्दछ । कहिले बढी खान्छ र कहिले भोकभोकै पनि बस्छ । कहिले दूषित खाद्यवस्तु ग्रहण गर्छ र कहिले जो वस्तु एक समयमा दुवै खाँदा परस्पर विपरीत परिणाम दिने हुन्छन् ती पनि ग्रहण गर्दछ । गरीष्ट खाना बढी खान्छ, पहिले खाएको खाना नपच्दै थप खान पुग्छ । आवश्यकताभन्दा बढी व्यायाम गर्छ, स्त्रीसम्भोगमा आवश्यकताभन्दा बढी लम्पट रहन्छ । कामको व्यस्तता दर्शाउँदै मलमूत्र रोक्छ । रसिला अन्न खान्छ । दिनमा सुत्छ । पहिले खाएको खाना नपच्दै पुनः खान्छ । यसरी रहेपछि यसैका कारणले उ स्वयं वात पित्त आदि दोषबाट प्रभावित हुन्छ ।

यस्ता विषयका कारण मनुष्य आफ्ना निमित्त प्राणनाशक रोग बोलाउँछ । अथवा फाँसी लगाउने वा जलमा डुब्ने आदि शास्त्र विपरीत उपायको आश्रय लिन्छ । यी सबै कारणबाट शरीर नष्ट हुन्छ । यस्ता जीवका जीवन बताउँदैछु राम्रोसँग बुझ्नुपर्ला ।

शरीरमा तीव्र रूपमा वायु बढेपछि पित्तको प्रकोप बढ्छ । पित्त शरीरमा फैलिएर प्राणको गति रोकिदिन्छ । मर्म स्थान विदीर्ण गरी दिन्छ । जब मर्म स्थान विदीर्ण हुन्छ तब वेदना व्यथित जीव शरीरबाट निस्कन्छ । हे द्विजश्रेष्ठ ! मृत्यु समयमा जीवको तनमन वेदनाबाट व्यथित हुन्छ । यसरी अब यो बुझ्नुपऱ्यो । यस्तै रितले संसारका सबै प्राणी जन्म तथा मृत्युबाट उद्विग्न हुन्छन् ।

हे ब्राह्मण ! सबै प्राणी आफूले आफ्नु शरीर त्याग गरेको देख्छन् । जन्म समयमा पनि यस्तै अनुभव हुन्छ । मृत्यु कालमा जीवको शरीरसँगका नसनाडी टुट्छन् । जन्मका समयमा भने गर्भजलमा भिजेर अत्यन्त व्याकुल भएको अवस्था हुन्छ । अन्य प्रकारका तीव्र वायुबाट प्रेरित भएर शरीर सर्दीबाट प्रभावित भै पाँच भूत प्राण तथा अपानको स्थानमा रहन्छ । उही

पञ्चभूतको संघातले नै नाश गर्दछ । त्यसै भएर देहधारीहरू बडा कष्टका साथ देह त्यागेर ऊर्ध्वलोकमा जान्छन् । जीव यसरी जब शरीर त्याग्छ त्यो समयमा सर्दी गर्मी शोभा विशोभा चेतना केही पनि रहदैन । यही हो मृत्यु ।

शरीर ग्रहण गरेको जीव जुन इन्द्रियद्वारा रूप रस आदि विषयहरूको अनुभव गर्छ ती नै इन्द्रियहरू मार्फत भोजन गर्ने प्राणलाई चिन्दैन । यसरी शरीरभित्र रहेर जो काम गर्ने गर्दछ त्यही सनातन जीव हो ।

अब मर्मस्थानको कुरा पनि आउँछ । कहीं कहीं सन्धि स्थानमा जो जो अंग जोडिन्छन् त्यो भागलाई मर्मस्थान सम्झनुपर्‍यो । किनभने शास्त्रहरूमा मर्मस्थानहरूको चर्चा हुन्छ । मर्मस्थानबाट बिलग हुँदा वायु उठ्दै प्राणीको हृदयमा प्रविष्ट भएर तुरुन्त बुद्धि अवरुद्ध गरिदिन्छ । त्यस बेला प्राणी सचेत भए पनि केही सम्झन सक्दैन । किनभने अविद्याले ज्ञानशक्ति ढाकिएको हुन्छ । मर्मस्थान पनि अवरुद्ध नै हुन्छ । त्यति बेला जीवका निमित्त कुनै आधार हुँदैन । वायु उसलाई आफ्नु स्थानबाट विचलित गराइदिन्छ । त्यसो भएपछि जीवात्मा भयङ्कर लामु सास छोडेर बाहिर निस्कन खोज्छ । त्यति बेला यो जड शरीर थरथर काम्न थाल्छ । शरीरबाट अलग भएको जीव शुभाशुभ कर्मबाट ढाकिएको हुन्छ ।

जसले वेद शास्त्रादि सिद्धान्तहरूको अध्ययन गरेको छ त्यो ज्ञान सम्पन्न ब्राह्मण लक्षणद्वारा जान्दछ कुन जीव पुण्यात्मा हो र कुन पापी हो । जसरी बाहिरी आँखाले साधारण जीवले देख्छन् त्यसै गरी ज्ञाननेत्रवाला सिद्ध पुरुष आफ्नु दिव्य दृष्टिले जन्म मृत्यु तथा आफ्नु गर्भावस्था देख्छन् ।

शास्त्र अनुसार जीवका तीन प्रकारका स्थान देखिएका छन्– मृत्युलोक, स्वर्लोक र नरक । यो मर्त्यलोकको भूमि जहाँ धेरै धेरै प्राणी रहेका छन्, यो कर्मभूमि हो । तसर्थ यहाँ शुभकर्म गरेर मान्छे आफ्नु कर्मफल अनुसार असल तथा खराव भोग प्राप्त गर्दछन् । पापीहरू नरकमा जान्छन् जो जीवको

अधोगति हो । यो घोर कष्टदायक हुन्छ । यसमा पर्ने पापी मान्छे नरकाग्निमा पकाइन्छन् । त्यहाँबाट छुट्न सारै कठिन हुन्छ । त्यसै कारण पापकर्म नगरेर आफूलाई नरकबाट बचाउन कोसिस गर्नुपर्दछ ।

स्वर्ग आदि उर्ध्वलोकमा गएर प्राणी जुन स्थानमा जसरी निवास गर्छन् त्यसको वर्णन गरिन्छ । त्यो यथार्थ रूपमा मसँग सुन । यो सुनेर तिमीलाई कर्मका गतिको निश्चय हुनेछ । जहाँ यी समस्त तारा छन्, जहाँ चन्द्र मण्डल प्रकाशित हुन्छ जहाँ सूर्यमण्डलको प्रभाव छ यी सबै पुण्यकर्मी पुरुषका स्थान हुन् । पुण्यात्माहरू ती नै लोकमा गएर आफ्नु पुण्यको फल भोग्छन् । जब जीवहरूको पुण्यकर्मको भोग समाप्त हुन्छ उनीहरू फेरि तल गिर्छन् । यसरी उनीहरूको बराबर आउने जाने क्रम भइरहन्छ चलिरहन्छ । स्वर्गमा पनि उत्तम, मध्यम र अधमका भेद छन् । उहा पनि अरूको बढी तेज तथा ऐश्वर्य देखेर मनमा सन्तोष लिन नसक्नेहरू पनि छन् । यी सबै कुरा मैले भनें । अब म बताउँछु जीव कसरी गर्भमा आउँछ र जन्म प्राप्त गर्दछ । ब्रह्मन् ! एकाग्र चित्त गरेर यो कुरा सुन्नु र राम्रोसँग बुझ्नु ।

उपपत्तिं तु वक्ष्यामि गर्भस्याहमतः परम् ।
तथा तन्मे निगदतः शृणुष्वावहितो द्विजः ।।

अध्याय ३

गर्भप्रवेश र धर्मकर्म आदिको वर्णन

अनुगीता तेस्रो अध्यायमा जीवको गर्भप्रवेश आचार धर्म र कर्मफलको अनिवार्यता तथा संसारबाट पार तर्ने उपायको वर्णन गरिएको छ । यस अध्यायमा ३५ श्लोक रहेका छन् । यहाँ पूर्ववत् ब्राह्मण महात्मा सरासर भन्दै जानुभएको छ ।

सिद्ध ब्राह्मणले भने– "काश्यप ! यो लोकमा गरे भएका शुभ तथा अशुभ कर्मको फल भोग्नै पर्दछ। नभोगीकन नाश हुँदैन। कर्महरू कर्मअनुसार एकपछि अर्को शरीर धारण गराएर पनि फल दिन्छन्। जसरी फल दिने रुखहरू समय आएपछि धेरै फल फलाएर हामीलाई दिन्छन् त्यसै गरी शुद्ध हृदयले गरेका पुण्यको फल धेरै हुन्छ। यसै गरी खराव चित्त बनाएर गरिएका पापको फल पनि वृद्धि नै हुन्छ। किनभने जीवात्मा मनलाई अघि लगाएर कार्य गर्ने गर्दछन्। काम क्रोधादिबाट घेरिएको मानिस जसरी जालमा परेर गर्भमा प्रवेश गर्दछ त्यसपछि के हुन्छ भन्ने प्रश्नको उत्तर यस्तो हुन्छ सुन।

जीव पहिले पुरुषको वीर्यमा प्रवेश गर्दछ। अनि स्त्रीको गर्भाशयमा गएर त्यहाँ हुने रजसँग मिल्छ। त्यसपछि शुरू हुन्छ उसको कर्मानुसार शुभ या अशुभ शरीर। यही बेला जीव आफ्नु इच्छानुसार शरीरमा प्रवेश गरेर रहन्छ। सूक्ष्म र अव्यक्त हुनाले कहीं आसक्त हुँदैन। किनभने त्यति बेला जीव वास्तवमा सनातन परब्रहम स्वरूप नै हुन्छ। यो सम्पूर्ण प्राणीको हेतु हो। यसैका कारण हो प्राणी जीवित हुने। जीव त्यही जीवात्माबाट गर्भमा स्थित समस्त अंगमा प्रविष्ट हुन्छ चेतनता ल्याइदिन्छ र वक्षास्थलमा रहेर समस्त अंग सञ्चालन गर्दछ। त्यसपछि गर्भस्थ जीव चेतनायुक्त हुन्छ। जसरी आगो फलाममा पसेर उसलाई तातोपन दिन्छ त्यसै गरी गर्भमा रहेको जीवमा जीवात्मा पसेर चेतना भर्ने हो। यसलाई राम्रो संग बुझ्नुपर्ला।

जसरी बलिरहेको दियोले घरै उज्यालो बनाउँछ, त्यसै गरी जीवको चैतन्यशक्तिले शरीरका सबै अवयवलाई प्रकाशित गर्दछ, अर्थात् प्रभावित पार्दछ। मानिस शुभ वा अशुभ जो जस्तो कर्म गर्दछ पूर्व जन्ममा गरिएका तिनै कर्महरूको फल उसले भोग्नै पर्दछ। भोग्नाले पुराना कर्म घट्दै जान्छन्। फेरि नयाँ कर्महरूको सञ्चय हुँदै जान्छ। जबसम्म सञ्चित धर्मफलका कारण मोक्ष प्राप्त गरिदैंन तबसम्म कर्म परम्परा चलिरहन्छ। त्यसै कारण हे साधुशिरोमणि ! अलग अलग योनिमा भ्रमण गर्ने जीव जुन अनुष्ठानबाट सुखी हुन्छ त्यस्ता अनुष्ठान वा कर्मको बयान सुन।

Kathmandu
काठमाडौं
२६२३४

दान, व्रत, ब्रह्मचर्य, शास्त्रोक्त रितिबाट वेदाध्ययन, इन्द्रिय निग्रह, शान्ति, समस्त प्राणीहरूमा दया, चित्तसंयम, कोमलता, अरूको धनप्रतिको चाहनाको त्याग, संसारका सबै प्राणीमा प्रेमभाव, मातापिताको सेवा, देवता तथा अभ्यागतको पूजा, दया, पवित्रता, इन्द्रिय नियन्त्रण, शुभकार्यको प्रचार आदि कार्य श्रेष्ठ पुरुषका चरित्र हुन् । यिनको अनुष्ठानबाट धर्म हुन्छ । यस्ता कार्यले जनताको रक्षा हुन्छ । त्यसैले सत्पुरुषहरूमा यस्तै धार्मिक आचरण रहेका हुन्छन् । सदाचार नै धर्मको चिनारी हो । शान्तचित्त महात्माहरू सदाचारी हुन्छन् । उनीहरूमा यहाँ वर्णन गरिएका जस्ता गुण विद्यमान हुन्छन् । उनीहरूद्वारा प्रतिपादित कार्यलाई सनातन धर्म भनिएको छ । जो सनातन धर्ममा स्थित छ उसले दुर्गति भोग्न पर्दैन । तसर्थ धर्ममार्गबाट विचलित हुनेलाई नियन्त्रण गरिन्छ । जो नियन्त्रण गरिन नपर्नेछन्, ती धर्मात्मा श्रेष्ठ हुन् ।

जो धर्म अनुसार कर्म गर्दछ उ जुन अवस्थामा भए पनि आफ्नु कर्म अनुसार उत्तम फल प्राप्त गर्दछ, यसै गर्दागर्दै अन्ततोगत्वा संसारसागर तरेर मोक्ष प्राप्त गर्दछ । यसै गरी जीव आफ्ना पूर्व जन्ममा गरेका कर्मफल भोग गर्दछ । आत्मा निर्विकार ब्रह्म हुनाले यो जगत्मा जो जन्म धारण गर्दछ उसमा कर्म नै कारण हुन्छ ।

आत्माले शरीर धारण गर्ने प्रथा सबैभन्दा पहिले कसले चलायो हो यो सन्देह प्रायः मानिसहरूमा भएको पाइएको छ । अतः अब म त्यसको उत्तर दिन्छु ।

सम्पूर्ण जगत्का पितामह परमपूज्य ब्रह्माजीले सबैभन्दा पहिले शरीर धारण गरेर स्थावर जङ्गम समस्त त्रिलोकको रचना गर्नुभयो । उहाँले प्रधान नामको तत्त्वको उत्पन्न गर्नुभयो जो शरीरधारी जीवको प्रकृति कहिन्छ । त्यसैले सम्पूर्ण जगत् व्याप्त गरेको छ । यसैलाई मूल प्रकृति भनिन्छ । क्षर यही हो । योभन्दा फरक अर्को जो अविनाशी छ त्यो जीवात्मालाई अक्षर भनिन्छ । यही अक्षर विलक्षण हो र शुद्ध परमात्मा हो । यो सबै जीवमा

छुट्याछुट्टै रहन्छ । श्रुतिमा सृष्टिका शुरूमा जो जे सत्‌रूपमा निर्दिष्ट भएका छन् तिनै प्रजापतिले समस्त प्राणीको सृष्टि गरेका हुन् । पुरानु श्रुति भनेको पनि यही हो । पितामह ब्रह्माजीले जीवलाई नियत समयसम्म शरीर धारण गरिरहने भिन्नभिन्न योनिमा भ्रमण गर्ने र परलोकबाट फर्केर यो लोकमा जन्म लिनेहरूको समेत व्यवस्था गरेका छन् । जसले पूर्व जन्ममा आत्मसाक्षात्कार गरेको छ यस्ता महान् पुरुष संसारको अनित्यताका विषयमा जस्ता कुरा गर्न सक्छन त्यस्ता पनि बताउनेछु । मैले भनेका सारा कुरा यथार्थ हुन् ।

जो मान्छे सुख र दुःखलाई अनित्य सम्झन्छ शरीरलाई अपवित्र वस्तु मान्छ र मृत्युलाई कर्मफल सम्झन्छ त्यसै गरी सुखरूपमा मानिने सबै विषय वास्तवमा सुख होइन ठान्छ उ संसार सागरबाट पार हुन्छ । जन्म, मरण र रोगहरूले घेरिएको जुन मान्छे प्रधान तत्त्व प्रकृतिलाई चिन्दछ चेतन प्राणीहरूमा हुने चैतन्यलाई समान रूपमा रहेको अनुभव गर्छ उ पूर्ण परमपदको अनुसन्धानमा संलग्न हुन्छ र भोगबाट विरक्त हुन्छ । साधुशिरोमणि ! त्यस्ता वैराग्यवान् पुरुषका निमित्त जो हितकर उपदेश हुन् । म यथार्थ रूपमा वर्णन गरुँला । यस विषयमा सनातन अविनाशी परमात्माको उत्तम ज्ञान अत्यन्त प्रिय छ । म त्यसको वर्णन गर्दछु । विप्रवर ! ध्यान दिएर सुन्नुहोस् ।

अध्याय ४

मोक्षप्राप्तिको उपायमा गुरु-शिष्य संवाद

चौथो अध्यायमा मोक्षप्राप्ति कसरी हुन्छ सो सम्बन्धमा गुरु-शिष्य संवाद विषय रहेको छ । यस अध्यायमा ६६ श्लोक रहेका छन् । यहाँ सिद्ध ब्राह्मणले महर्षि काश्यपसँग गरेका गुह्य कुराहरू रहेका छन् । यसैमा भगवान् श्रीकृष्णले अर्जुनलाई बताएका प्रसङ्गसमेत रहेका छन् ।

सिद्ध ब्राह्मणले भने– "काश्यप जो मनुष्य पूर्व पूर्वका अभिमान त्यागेर केही पनि चिन्तन गर्दैन र मनोभावमा सबैका एक मात्र अनुष्ठान परब्रह्म परमात्मामा लीन रहन्छ त्यही संसार बन्धनबाट मुक्त हुन्छ । जो सबैको मित्र, सहनशील, मनोनिग्रह गर्ने, जितेन्द्रिय, भय तथा रिस राग रहित आत्मवान् छ त्यो मान्छे बन्धन मुक्त हुन्छ । जो नियम परायण एवं पवित्र रहेर प्राणी मात्रप्रति आफू जस्तै व्यवहा्र गर्दछ, जसमा सम्मान पाउने इच्छा छैन, अभिमान रहित छ उ सर्वथा मुक्त रहन्छ । जो जीवन, मरण, सुख, दुःख, लाभ, हानि, प्रिय, अप्रिय आदि द्वन्द्वलाई समभावले देख्छ उ मुक्त हुन्छ । जो कसैको धनमा लोभ गर्दैन, कसैलाई अपहेलना गर्दैन, जसमा द्वन्द्व छैन, चित्तमा आसक्ति हटेको छ उ सर्वथा मुक्त हो । जो कसैलाई आफ्नु मित्र, बन्धु तथा सन्तान मान्दैन जसले सकाम कर्म, धर्म, अर्थ र काम त्याग गरेको छ सबै प्रकारका कामनाबाट रहित छ त्यो मुक्त हो ।

जसको न धर्ममा आसक्ति छ न अधर्ममा, उसले पूर्व सञ्चित कर्म त्यागिसकेको छ वासना क्षय भएको हुनाले जसको चित्त शान्त छ जो सबै प्रकारका द्वन्द्वरहित छ उ मुक्त हुन्छ । जो आफूलाई कुनै पनि कामको कर्ता मान्दैन, जसको मनमा कुनै कामना नै छैन, जो यो जगत्लाई अनित्य सम्झन्छ, जो यसलाई जरा मृत्यु रहित मान्छ, जसको बुद्धि वैराग्ययुक्त रहन्छ र आफ्ना दोष मात्र देख्छ उ चाँडै नै बन्धनबाट मुक्त रहन्छ । त्यस्ताले बन्धन नाश गर्न पाउँछ । जो आत्मालाई गन्ध, रस, स्पर्श, शब्द, परिग्रह, रूप रहित तथा अज्ञेय मान्दछ उ मुक्त हुन्छ । जसको आत्मा पाञ्चभौतिक गुण हीन, निराकार र कारण रहित छ निर्गुण भएर पनि गुणहरूको भोक्ता हो त्यो मुक्त हुन्छ । जो बुद्धिबाट विचार गरेर शारीरिक र मानसिक सबै सङ्कल्प त्याग्छ उ इन्धन विनाको आगोझैं विस्तारै शान्तिप्राप्त गर्दछ । जो जस्तै प्रकारका संस्कार मुक्त छ द्वन्द्व तथा परिग्रह रहित भएको छ जो तपस्याद्वारा इन्द्रियलाई आफ्नु वशमा राखेर अनासक्त भावले हिंड्छ उ मुक्त हो । जो सबै प्रकारका संस्कार मुक्त छ त्यो मनुष्य शान्त, अचल, नित्य, अविनाशी र सनातन परब्रह्म परमात्मा प्राप्त गर्दछ ।

अतः परं प्रवक्षामि योगशास्त्रमनुत्तमम् ।
परमाप्नोति संशान्तमचलं नित्यमक्षरम् ।।

अब म उ परम उत्तम योगशास्त्रको वर्णन गर्दछु । यसबाट योग साधन गर्ने योगी पुरुष आफ्नु आत्माको साक्षात्कार गर्न सक्नेछन् । म यसको जस्ताको तस्तै वर्णन गर्दछु । मनोनिग्रहको जुन उपायद्वारा चित्तलाई यो शरीरभित्र वशीभूत एवं अन्तर्मुख गरेर योगी आफ्नु आत्माको दर्शन गर्दछ । ती कुरा मबाट सुन ।

इन्द्रियहरूलाई विषयहरूबाट हटाई आत्मामा स्थापित गर । यस प्रकार पहिले तीव्र तपस्या गरेर मोक्षौपयोगी उपायको अवलम्बन गर्नुपर्दछ । विद्वान् ब्राह्मणहरू जो छन् उनीहरू सदा तपस्यामा प्रवृत्त भएर योगशास्त्रोक्त उपायको अनुष्ठान गरुन् । यसले मनलाई अन्तःकरणमा आत्मसाक्षात् गराउँछ । एकान्तमा रहने साधक यसरी मनलाई आफ्नु आत्मामा लगाई राख्न सफल भए भने अवश्य पनि आफ्नु आत्माको दर्शन गर्न सक्छन् । जो साधक सदा संयम परायण, योगयुक्त मनलाई वशमा पार्न सक्ने जितेन्द्रिय छन् उनीहरू आत्मप्रेरित भएर बुद्धिद्वारा साक्षात्कार गर्न सक्छन् ।

जो सपनामा कुनै अपरिचितलाई देखेर जाग्रत अवस्थामा पनि देख्दछ र चिन्दछ कि यो उही मानिस हो जो सपनामा देखिएको थियो भनेर ठहऱ्याउन सक्छ त्यस्ता योगी पुरुष आत्मालाई शरीरभन्दा फरक देख्छन् । यहाँ शरीरलाई म भनिन्छ । योग साधकहरू देह र आत्मा फरक हो भन्छन् । उनीहरू आत्मालाई देख्छन् पनि । देहधारी जीव जब योगद्वारा आत्मालाई यथार्थ रूपमा दर्शन गराउँछन् त्यति बेला त्रिभुवनको अधिपत्य रहँदैन । ती योगी आफ्नु इच्छाअनुरूप विविध प्रकारका शरीर धारण गर्न सक्तछन् । बुढापा तथा मृत्युलाई पनि भगाउन सक्छन् । हो, त्यस्ता व्यक्ति त न शोक गर्छन् न हर्ष ।

आफ्ना इन्द्रियलाई वशमा राख्ने योगी व्यक्ति देवताका पनि देवता हुन् सक्छन् । उनीहरू अनित्य शरीर त्यागेर अविनाशी ब्रह्म पदमा पुग्छन् । सम्पूर्ण प्राणीहरूको विनाश हुँदा पनि उनीहरूलाई कुनै भय हुँदैन । दुःखै दुःख भए पनि दुःखको अनुभव गर्नै पर्दैन । शान्त चित्त एवं निःस्पृह योगी आसक्ति र स्नेहबाट प्राप्त हुने भयङ्कर दुःख शोक तथा भयबाट विचलित हुँदैनन् । उनीहरूलाई शास्त्रले छुन सक्दैन । मृत्यु उसको नजिक आउनै सक्दैन । संसारमा उभन्दा बढी सुखी अरू कोही हुनै सक्दैन । उ त मनलाई आत्मामा लीन गराएर उसैमा स्थित हुन्छ । बुढापा तथा दुःखबाट छुट्कारा पाएर सुखमा सुत्छ । कहिल्यै नघट्ने आनन्द अनुभव गर्दछ । उ मानव शरीर त्यागेर अरू बहुत शरीर धारण गर्दछ । योग जनित ऐश्वर्य उपभोग गर्ने योगी योगबाट कुनै हालतमा पनि विरक्त हुँदैन ।

राम्रोसँग योगाभ्यास गरेर जब योगी आफैमा साक्षात्कार हुन् सक्छन् त्यति बेला इन्द्रासन नै पाउने पनि इच्छा राख्दैनन् । एकान्तमा ध्यान गर्ने मानिसलाई जसरी योग प्राप्त हुन्छ त्यो सुन ।

जो पहिले श्रुतिमा पनि देखिएको छ त्यसको चिन्तन गरेर जुन भागमा जीवको निवाश मानिएको छ त्यसैमा मनलाई पनि स्थापना गर । त्यहाँबाट कुनै हालतमा पनि बाहिर जान नदेउ ।

शरीरभित्र रहेर त्यो आत्मा जुन आश्रयमा रहन्छ त्यसैलाई बाहिरभित्र मनसमेतलाई धारण गर । मूलाधार आदि कुनै आश्रयको चिन्तन गरेर जब सर्वस्वरूप परमात्मामा साक्षात्कार हुन्छ त्यो समयमा मन आत्माबाट भिन्न बाह्यवस्तु केही हुँदैन । निर्जन वनमा इन्द्रिय समुदायलाई वशमा गरेर एकाग्र चित्त भएको शब्दशून्य आफ्नु शरीरभित्र र बाहिर प्रत्येक अंगमा परिपूर्ण परब्रह्म परमात्माको चिन्तन गर्नु । दाँत, तालु, जिभ्रो, ग्रीवा, हृदय तथा हृदय बन्धनलाई पनि परमात्मा स्वरूप नै चिन्तन गर्नु ।

यसपछि भगवान् श्रीकृष्णलाई सम्बोधन गरेर भनिएको छ– "मधुसूदन, मैले यसो भनेपछि मेधावी शिष्यले पुन: जसको व्याख्या गर्न अत्यन्त कठिन हुन्छ त्यही मोक्षधर्मका विषयमा जिज्ञासा प्रकट गरे । उनको भनाइ थियो– "यो पटक पटक खाएको अन्न पेटमा गएर कसरी पच्छ ? कसरी रस बन्छ ? र कसरी रगत बन्दछ ? स्त्री शरीरमा मासु, मेधा, स्नायु र हड्डी कसरी हुन्छन् ? देहधारीको शरीर कसरी बढ्छ ? शरीर बढेपछि बल कसरी बढ्छ ? जसलाई चारैतिरबाट अवरोध गरिएको छ त्यस्तो मलमूत्र कसरी निस्रित हुन्छ ? यो जीव कसरी सास लिन्छ ? कसरी बाहिर फाल्दछ र भित्र शरीरमा कसरी रहन्छ ? यो चेष्टाशील जीवात्मा शरीरको भार कसरी बहन गर्दछ ? हे प्रभु, यथार्थ रूपमा बताइदिनुहोस् ।"

शत्रुदमन, महाबाहु माधव, ती ब्राह्मणसँग यस्ता प्रश्न हुँदा उनले दिएका जबाफ जो मैले सुनेको थिएँ त्यो सबै बताइदिएँ । जसरी आफ्ना घरका सामान आफ्नै कोठामा हुँदा हुँदै पनि त्यो सामान कहाँ छ के भयो चिन्ता भइरहन्छ त्यसै गरी इन्द्रियरूपी चञ्चल द्वारबाट विचार गर्ने मन आफ्नै शरीरमा स्थापित आत्माप्रति अनुसन्धान गर र प्रमाद त्यागिदेउ । यसरी सदा ध्यानमा लाग्ने प्रयत्न गर्ने व्यक्ति शीघ्र प्रसन्न हुन्छ र उ परब्रह्म परमात्मा प्राप्त गर्दछ । यस्तै साक्षात्कार गरेर प्रकृति र त्यसमा हुने विकार स्वत: जान्दछ । त्यो परमात्मा यी नै आँखाबाट देख्न सकिँदैन । सम्पूर्ण इन्द्रियहरू पनि त्यसलाई ग्रहण गर्न सक्दैनन् । केवल बुद्धिरूपी बत्तीको सहायताबाट त्यो महान् आत्माको दर्शन हुन्छ । उ त जतातते हात, खुट्टा, कान, आँखा भएको छ । उ संसारमा जतातते व्याप्त भएर रहेको हुन्छ ।

तत्त्वज्ञ जीव आफ्नै शरीर पृथक देख्छ । शरीरभित्रै छ तापनि उसलाई त्याग गरेर उ पृथक छ भन्ने अनुभव गरेर आफ्नु स्वरूप केवल परब्रह्म परमात्माको चिन्तन गर्दै बुद्धिको सहयोगबाट आत्मालाई साक्षात्कार गर्दछ । त्यो बेला उ यस्तो सोचेर हाँस्ने गर्दछ कि अहो मृगतृष्णामा प्रतित हुने जल जस्तै मैमा प्रतित हुने यो संसारले मलाई अहिलेसम्म भ्रममा राखेको रहेछ । जो यस्तो

परमात्माको दर्शन गर्दछ उ उसैको आश्रय लिएर अन्तमा म मै युक्त हुने हो ।

हे द्विजश्रेष्ठ ! यो सारा रहस्य मैले बताइदिएँ । अब म जान चाहन्छु । विप्रवर ! तिमी पनि सुख पूर्वक आफ्नु स्थानमा फर्क । हे कृष्ण, मैले यसो भनेपछि ती महातपस्वी शिष्य ब्राह्मण काश्यप इच्छाअनुसार अभीष्ट स्थानमा गए ।

भगवान् श्रीकृष्ण भन्नुहुन्छ– "हे अर्जुन, मोक्ष धर्मको आश्रय लिने सिद्ध महात्मा श्रेष्ठ ब्राह्मणलाई यो पसङ्ग सुनाएर त्यही अन्तर्ध्यान भए । हे अर्जुन, के तिमीले अहिले बताएका उपदेश एक चित्त भएर सुन्यौ ? त्यो युद्धका समयमा पनि तिमीले रथमा बसेर यही तत्त्व सुनेका थियौ ।

कुन्तीनन्दन, मेरो यस्तो विश्वास छ जसको चित्त व्यग्र छ जसले ज्ञानको उपदेश पाएको छैन त्यो मान्छे यी कुरा सजिलै बुझ्न सकदैन । जसको अन्तःकरण शुद्ध छ त्यसले यो जान्दछ । भरतश्रेष्ठ, मैले देवताहरूको गोपनीय रहस्य बताएँ । पार्थ, यो संसारमा कुनै पनि मनुष्यले यो रहस्य सुन्न पाएको छैन । जसको चित्त दुविधामा परेको छ उ त राम्रो सँग बुझ्नसम्म पनि सक्दैन । हे कुन्तीकुमार, क्रियावान पुरुषहरूबाट देवलोक भरिएको छ । देवताहरूलाई यो अभीष्ट छैन कि मान्छे मर्त्यरूपमा निवृत्ति होस् ।

हे पार्थ, जो सनातन ब्रहम हो त्यही जीवको परम गति हो । ज्ञानी मान्छे देह त्याग गरेर ब्रह्ममा अमृतत्व प्राप्त हुन्छन् र सधैका लागि मुक्त हुन्छन् । जो आत्मदर्शन रूप धर्मको आश्रय लिएर स्त्री, बैश्य र शूद्र तथा जो पाप योनिका मान्छे छन् तिनीहरूको पनि परम गति प्राप्त हुन्छ । पार्थ, फेरि जो आफ्नु धर्ममा प्रेम राख्ने र सदा ब्रह्मलोक प्राप्तिका साधनामा लागि रहनेछन् त्यस्ता बहुश्रुत ब्राह्मण तथा क्षत्रियहरूको के कुरा भयो र ?

यसरी मैले तिमीलाई मोक्ष धर्मको युक्तियुक्त उपदेश दिएँ । यो साधनको उपाय पनि बताएको छु । र सिद्धिफल मोक्ष तथा दुःख स्वरूपको पनि निर्णय भएको छ ।

भरतश्रेष्ठ, योभन्दा बढी अर्को सुखदायक धर्म छैन । पाण्डुनन्दन, जो कोही बुद्धिमान् श्रद्धालु र पराक्रमी मनुष्य लौकिक सुखलाई सारहीन मानेर त्यसलाई त्याग्छ उ माथि उल्लिखित उपायद्वारा शीघ्र नै परम गति प्राप्त गर्दछ । पार्थ, यत्ति नै हुन् भन्ने योग्य विषयहरू । योभन्दा बढी केही छैन । जो छ महिनातक लगातार योगको अभ्यास गर्दछ उसको योग अवश्य सिद्ध हुन्छ ।

अध्याय ५

ब्राह्मणगीता

श्री महाभारत महाकाव्य अश्वमेधिक पर्वको बीसौं अध्याय जो छ त्यो अनुगीताको पाचौं अध्याय हुन गएको छ । यो अध्यायमा वासुदेव श्रीकृष्णले कुन्तीपुत्र अर्जुनलाई एक ब्राह्मणले आफ्नी धर्मपत्नीलाई ज्ञानयज्ञको उपदेश गरेको कथा सुनाउनुभएको प्रसङ्ग रहेको छ । यो अध्यायमा अठ्ठाइस श्लोक रहेका छन् । प्रसङ्ग यसरी आएका छन् :-

भगवान् श्रीकृष्ण भन्नुहुन्छ– "हे भरतश्रेष्ठ ! हे अर्जुन ! यस विषयमा एक ब्राह्मण पति पत्नीका बीचका संवाद जो छन् ती म बताउँछु । यो कथामा एउटा प्राचीन इतिहास अगाडि ल्याइएको छ ।

एउटा ज्ञान-विज्ञान विद ब्राह्मण विद्वान् थिए । उ एकान्त स्थलमा बसेका थिए । यो देखेर उनकी पत्नी आफ्ना पतिदेव नजिक गइन र भनिन्– "प्राणनाथ ! मैले सुनेको छु स्त्रीहरू पतिको कर्म अनुसार प्राप्त हुने लोकमा जान्छन् । तर हजुर त कर्म छोडेर बस्नुभएको छ । मलाई भने कठिन भैरहेको छ । हजुरलाई यो अनुभूत भैरहेको छैन कि म अनन्यभावले हजुरमा आश्रित छु । यस्तो अवस्थामा हजुर जस्ता पतिको आश्रय लिएर कुन लोकमा जाउँला ? हजुरलाई पति रूपमा पाउनाले मेरो कुन गति हुने हो ?

आफ्नी पत्नीको यस्तो जिज्ञासा सुनेपछि शान्त चित्त भएका ब्राह्मण देवता मुसुक्क मुस्कुराए। उनले भने– "सौभाग्यशालिनी प्रिये ! तिमी पापबाट सदा टाढा रहेकी छौ । यस कारण तिमीले यस्तो प्रश्न गरेकी भए पनि म अन्यथा सोच्दिन । संसारमा जो ग्रहण गर्न योग्य दिक्षा तथा व्रत आदि जो छन् यी आँखाबाट देखिने स्थुल कर्म हुन् । यस्तै कर्मलाई वास्तविक कर्म मानिएको छ । कर्मठ व्यक्ति यस्तै कर्मलाई कर्म भन्छन् । तर ज्ञानको प्राप्ति नभएका मानिसहरू कर्मद्वारा मोह नै संग्रह गर्ने गर्छन् । यो संसारमा एक दुइ घडी पनि बिनाकर्म रहन सकिंदैन । यसो गर्न सम्भव नै छैन । मन, वाणी तथा क्रियाद्वारा शुभ होस् वा अशुभ होस् कार्य भै नै हाल्छन् । किनभने जन्म स्थिति विनाश एवं शरीर भेद आदि कर्म प्राणी मात्रमा हुन्छन् नै ।

जब राक्षसहरूद्वारा जहाँ सोम, घिउ, आदि दृश्य द्रव्य उपयोगलाई नष्ट गर्ने गरियो र कर्ममार्गको विनाश गर्ने काम भयो त्यसै बेलाबाट विरक्त भएर मैले आफूभित्रै रहेको आत्माको स्थान देख्ने प्रयत्न गरें र देखें पनि । जहाँ द्वन्द्वहरूबाट रहित परब्रह्म परमात्मा विराजमान हुनुहुन्छ जहाँ सोम अग्निका साथ नित्य समागम गरिन्छ तथा जहाँ सबै भूतको धारण गर्ने धीर समिर निरन्तर चलिरहन्छ जहाँ ब्रह्म आदि देवता तथा उत्तम व्रत पालन गर्ने शान्त चित्त जितेन्द्रिय व्यक्तिहरू योग युक्त भएर अविनाशी ब्रह्मको उपाशना गर्दछन् त्यो अविनाशी ब्रह्म सुघिने तथा स्वाद लिइने हुँदैन । स्पर्शेन्द्रिय, त्वचाद्वारा उसलाई छुन पनि सकिंदैन । केवल बुद्धिद्वारा त्यो अनुभव गर्न सकिन्छ । त्यो आँखाको विषय हुन सक्दैन । उ अनिर्वचनीय परब्रह्म श्रवणेन्द्रियको पहुँचभन्दा पनि पर छ । गन्ध, रस, स्पर्श, रूप र शब्द आदि केही लक्षण उसमा उपलब्ध हुँदैन । उसैबाट सृष्टि आदिको विस्तार हुन्छ र उसैमा स्थिति छ । प्राण, अपान, समान, व्यान र उदान उसैमा प्रकट र प्रविष्ट हुन्छन् । समान र व्यान यहीं विचरण गर्दछन् । त्यो अपान सहित प्राणमा लीन भएर समान र व्यानको पनि लय हुन्छ । अपान र प्राणको बीचमा उदान व्याप्त भएर रहेको हुन्छ । यसैले सुतेको पुरुषलाई प्राण र अपानले छोड्दैनन् ।

प्राणको आधार हुनाको कारण विद्वान्हरू यसलाई उदान भन्ने गर्दछन् । त्यसैले वेद वादी म जस्तामा भएको तपको निश्चय गर्दछन् । एक अर्काका आडमा आउने र सबैका शरीर मा सञ्चार हुने प्राणवायुहरूका बीचबीचमा रहेको समान वायुको स्थानमाथि मण्डल छ त्यसकै बीचमा रहेको वैश्वानर अग्नि सात रूपमा प्रकाशमान छ ।

नाक, जिभ्रो, आँखा, छाला र कान एवं मन तथा बुद्धि वैश्वानर अग्निका सात जिभ्रा हुन् । सुँघ्ने गन्ध, देखिने रूप, पिउने रस, स्पर्श गरिने वस्तु सुन्न योग्य शब्द मनद्वारा मनन गर्ने र बुद्धिद्वारा सम्झने योग्य यी सात विषय वैश्वानरका समिधा हुन् । सुँघ्ने, खाने, देख्ने, स्पर्श गर्ने श्रवण एवं मनन गर्ने र सम्झने यी सात श्रेष्ठ ऋत्विज हुन् ।

हे सुभगे ! सुँघ्न योग्य, पिउन योग्य, देख्न योग्य, स्पर्श गर्न योग्य, सुन्ने मनन गर्ने तथा सम्झने विषय जो छन् यी सबै माथि तिमी निहाल्दै गर । पूर्वोक्त सात होता, उक्त सात हविष्यका सात रूपमा विभक्त छन् । वैश्वानरमा राम्रोसँग हवन गरेर विद्वान् पुरुषहरू आफ्नु तन्मात्रा आदि योनिमा शब्दादि विषय उत्पन्न गर्दछन् । पृथ्वी, वायु, आकाश जल, तेज, मन र बुद्धि यी सात योनि कहिएका छन् । यिनीहरूको जुन समस्त गुण छ त्यो हविष्य रूप हो । जो अग्नि जनित गुणमा प्रवेश गर्दछ अन्तःकरणमा संस्कार रूपमा रहेर आफ्नु योनिमा जन्म लिन्छ । उ प्रलय कालमा अन्तःकरणमा नै अवरुद्ध रहेर भूतहरू सृष्टिका समयमा त्यहीबाट प्रकट हुन्छ । त्यहीबाट गन्ध र रसको उत्पत्ति हुन्छ । त्यहीबाट रूप स्पर्श र शब्दको प्रकटीकरण हुन्छ । संशयको जन्म पनि त्यही हुन्छ । निश्चयात्मक बुद्धि पनि त्यही पैदा हुन्छ । यी सात प्रकारका जन्म मानिएका छन् ।

अनेनैव प्रकारेण प्रगृहीतं पुरातनैः ।
पूर्णाहुतिभिरापूर्णास्त्रिभिः पूर्यन्ति तेजसा ।।

यसै प्रकार पुरातन ऋषिहरूले श्रुति अनुसार घ्राण आदिको रूप

ग्रहण गरेका छन् । ज्ञाता, ज्ञान, ज्ञेय, यी तीन आहुतिहरू बट समस्त संसार परिपूर्ण छ । यी सबै लोक आत्म ज्योतिबाट परिपूर्ण हुन्छन् ।

अध्याय ६

ब्राह्मणगीता– दश होता अनुष्ठान

अश्वमेधिकपर्वणि एक्काइसौं अध्याय अनुगीता प्रकरणको हो । यो अनुगीताको छैटौं अध्यायका रूपमा आएको छ । यसको नाम रहेको छ– "दश होताहरू बट सम्पन्न हुनेवाला यज्ञको वर्णन तथा मन र वाणीको श्रेष्ठताको प्रतिपादन" श्रेष्ठ ब्राह्मणबाट आफ्नी पत्नीलानई ज्ञान उपदेश दिइएको प्रसङ्ग नै यस अध्यायमा पनि रहेको छ । अनुगीता पाचौं अध्याय ब्राह्मण गीताको पहिलो अध्याय हो र यो दोस्रो अध्याय हो । यसमा पूर्व अध्यायको निरन्तरता भएको छ ।

ब्राह्मणले भनेका छन्– हे प्रिये ! यस विषयमा विद्वान् पुरुष यही प्राचीन इतिहासको उदारण दिने गर्दछन् । यसमा होता मिलेर जुन प्रकारको यज्ञ अनुष्यान गर्ने परम्पराको जुन वर्णन छ त्यो म बताउँछु सुन ।

भामिनी ! आँखा, कान, छाला, जिभ्रो, नासिका, हात, पाउ, काछ र गुदा यी दश होता हुन् । यहाँ वर्णन गर्दा संख्या नौ देखिन आएको छ । तर जिह्वालाई बोल्ने तथा रस चाख्ने दुइ काम गर्ने हुनाले दुइ गणना गरिएको छ । शब्द, स्पर्श, रूप, रस, गन्ध, वाणी, क्रिया, गति, वीर्य मूत्रत्याग तथा मलत्याग यी दश विषय नै दश हविष्य हुन् ।

भामिनी ! दिशा, वायु, सूर्य, चन्द्रमा, पृथ्वी, अग्नि, विष्णु, इन्द्र, प्रजापति र मित्र यी दश देवता अग्नि हुन् । दश इन्द्रियरूपी होता, दश देवतारूपी

अग्निमा दश विषयरूपी हविष्य समिधा हवन गर्दछन् । यसरी मभित्र निरन्तर यज्ञ भइरहेको छ । अब तिमी नै भन म कसरी अकर्मण्य भएँ ?

यो यज्ञमा चित्त नै स्रुवा तथा पवित्र र उत्तम ज्ञान जो छ त्यही नै धन हो । यो सम्पूर्ण जगत् पहिले विभक्त थियो भन्ने सुनिएको हो । जान्नमा आउने यो सारा जगत् चित्त रूप नै हो । उ ज्ञान अर्थात् प्रकाशकको अपेक्षामा हुन्छ । त्यस्तै वीर्यजनित शरीर समुदायमा रहने शरीरधारी जीव उसलाई जान्दछ । अर्थात् उ जान्नेवाला हो ।

शरीरको अभिमानी जीव गार्हपत्य अग्नि हो । त्यहाँबाट अर्को पावक प्रकट हुन्छ, त्यो भनेको मन हो । मन आहवनीय अग्नि हो । उसैमा पूर्वोक्त हविष्यको आहुति दिइन्छ । त्यसबाट वेदवाणी प्रकट हुन्छ । त्यसबाट मन देखिन्छ । मनभित्र रूपको प्रादुर्भाव हुन्छ । यो नीलो वा पहेलो वर्ण रहित हुन्छ । त्यो रूप मन तिर दौडन्छ ।

ब्राह्मण पत्नीले भनिन्– प्रियतम ! के कारणले पहिले वाक्य उत्पन्न हुने हो र मन पछि परेको हो ? जबकि मनबाटै सोच विचार गरेर वचनलाई व्यवहारमा ल्याइन्छ कुन विज्ञानको प्रभावबाट मति चित्तमा आश्रित हुन्छ ? त्यसलाई उंठाउदा विषय तिर किन जादैन ? के ले यो मार्गमा बाधा पुऱ्याउँछ ?

ब्राह्मणले भने– प्रिये ! अपान पतिरूप भएर मतिलाई अपान भावतिर लान्छ । त्यो अपान भाव प्राप्ति मनको गति कहिन्छ । यस कारण मन उसको अपेक्षा गर्दछ । तर तिमी मसँग वाणी र मन का विषयमा प्रश्न गर्दैछौ । यस कारण म तिमीलाई ती दुइको संवाद बताउँछु । मन र वाणी दुवैले जीवात्मासँग गएर सोधे– "प्रभो ! हामी दुइमा कुन ठूलो हो ?" यो बताएर हाम्रो शङ्का मेटाइ दिनुहोस् ।"

तब भगवान् आत्मदेवले भन्नुभयो– मन नै श्रेष्ठ हो । यो सुनेर

सरस्वतीले भनिन्– "मै तिमीहरूको कामधेनु भएर सबै थोक दिन्छु ।" यसरी वाणीले आफै श्रेष्ठता जनाइन् ।

ब्राह्मणले भने– प्रिये ! स्थावर र जङ्गम यी दुवै मेरो मन हो । स्थावर अर्थात् बाह्य इन्द्रियबाट ग्रहण गरिने वाला जो यो जगत् हो त्यो मेरा नजिक छ र जङ्गम अर्थात् इन्द्रियातित जो स्वर्ग आदि छ त्यो तिम्रो अधिकारमा छ । जो मन्त्र, वर्ण अथवा स्वर हो त्यो अलौकिक विषयलाई प्रकाशित गर्दछ । उसलाई अनुसरण गर्ने मन पनि यद्यपि जङ्गम नाम धारण गर्दछ तथापि वाणीस्वरूपा तिमीबाट मन त्यो अतिन्द्रिय जगत्मा प्रवेश गर्दछ । यस कारण मनभन्दा पनि श्रेष्ठ र गौरवशालिनी हौ तिमी । किन भने शोभारूपी सरस्वती तिमीसँगै आएर समाधान निकाल्छिन् । यसमा अझ केही म भनुँला ।

महाभागे ! प्राण र अपानका बीचमा देवी सरस्वती सदा रहेकी हुन्छिन् । उ प्राणको सहायता बिना जब निम्नतम दशा प्राप्त हुन् जान्छ तब दौडदै प्रजापतिका नजिक जान्छिन् र बोल्छिन– "भगवन् ! प्रसन्न हुनुहोस् ।" त्यसपछि वाणी पुष्ट गर्दै प्राण प्रकट भयो । त्यसैले उच्छ्वास लिदा वाणी कहिल्यै पनि कुनै शब्द निकाल्दैन ।

वाणी दुइ प्रकारका हुन्छन् । एक घोष युक्त र दोस्रो घोष रहित । जो सदा र सबै अवस्थामा विद्यमान हुन्छ । यी दुइ मध्येमा घोषयुक्त वाणीका अपेक्षामा घोष रहित नै श्रेष्ठ हुन्छ । किनभने घोषयुक्त वाणीमा प्राण शक्ति अपेक्षाकृत हुन्छ र घोष रहित उसको अपेक्षा बिना पनि स्वभावतः उच्चारित हुन्छ ।

सुचिस्मिते ! घोषयुकत वैदिक वाणी पनि उत्तम गुणबाट सुशोभित हुन्छ । यी दूध दिने गाई जस्तै मनुष्यका लागि सदा उत्तम रस झारिदिने हुन् । यिनले मनोवान्छित पदार्थ उत्पन्न गर्छिन र ब्रह्मको प्रतिपादन गर्ने उपनिषद आदि शाश्वत ब्रह्म बुझाउने पनि हुन्छिन् । यस प्रकार वाणीरूपी गाई दिव्य र अदिव्य प्रभावबाट युक्त हुन्छन् । दुवै सूक्ष्म हुन् र अभीष्ट पदार्थ प्रस्रव गराउने हुन् । यी दुइमा के फरक छ यो तिमी स्वयं हेर । पत्ता लगाऊ ।

ब्रह्मणीले भनिन्– प्रभु ! जब वाक्य उत्पन्न नै भएको थिएन त्यति बेला केही बुझाउन पर्दा सरस्वती देवीले पहिले के भनेकी थिइन् ?

ब्राह्मण– प्रिये ! त्यो वाक् प्राणद्वारा शरीरमा प्रकट हुन्छ । त्यसपछि प्राणबाट अपान भावमा प्राप्त हुन्छ । त्यसपछि उदान स्वरूप भएर शरीरलाई छोडि व्यानरूपबाट सम्पूर्ण आकाश व्याप्त हुन् जान्छ । त्यसपछि समान वायुमा प्रतिष्ठित हुन्छ । यसरी वाणीबाट पहिले आफ्नु उत्पत्तिको प्रकार बताइएको थियो । यसैले स्थावर हुनाका कारण वाग्देवी श्रेष्ठ हुन् ।

अध्याय ७

मन-इन्द्रिय संवाद

अश्वमेधिकपर्वणि बाइसौं अध्याय अनुगीताको सातौं अध्याय हुन गएको छ । यो अध्यायमा पनि पूर्ववत् एक श्रेष्ठ ब्राह्मण तथा उनकी पत्नीका बीचमा भएका शास्त्रीय छलफलका विषय समावेश गरिएको देखिएको छ । यसमा उनन्तीस श्लोक रहेका छन् । यहाँ ब्राह्मणले भनेका छन् :-

अत्राप्युदाहरन्तिममितिहासं पुरातनम् ।
सुभगे ! सप्तहोत्रिणां विधानमिह यादृशम् ।।

सुभगे ! यसै विषयमा पुरातन इतिहासको पनि उदाहरण दिइन्छ । सात होताको यज्ञको जुन विधान छ त्यो सुन । नासिका, नेत्र, जिह्वा, त्वचा र कान त्यस्तै मन र बुद्धि यी सात होता अलग अलग रहन्छन् । यद्यपि यी सबै सूक्ष्म शरीरमा निवास गर्दछन् तापनि एकले अर्कोलाई देख्दैनन् । यी सात होतालाई तिमीले स्वभावले नै चिन्नुपर्दछ ।

यो सुनेर ब्राह्मणीले भनिन्– भगवन् ! जब सबै सूक्ष्म शरीरमा रहन्छन् त एकले अर्कोलाई किन देख्दैनन् ? प्रभो ! उनीहरूको स्वभाव कस्तो हुन्छ ? यो बताइ दिने कृपा होस् ।

ब्राह्मणले भने– यहाँ भनियो यिनीहरू एकले अर्कोलाई देख्दैनन् । यिनीहरूले अर्काको गुण जान्न बुझ्न सक्दैनन् । त्यसैले देख्दैनन् भनिएको हो । किन भने गुण बुझ्नु नै त वास्तवमा देख्नु हो । जिभ्रो, आँखा, कान छाला मन र बुद्धि यिनीहरू गन्ध बुझ्दैनन् । तर नाक यो अनुभव गर्दछ । नाक, कान, आँखा, छाला मन र बुद्धि यी रसको स्वाद लिन सक्दैनन् । केवल जिभ्रो रसास्वादन गर्दछ । नाक जिभ्रो कान छाला मन र बुद्धिले रूपको ज्ञान पाउँदैनन् । आँखाले पाउँछन् । नाक, जिउरो, आँखा कान मन र बुद्धिले स्पर्शको अनुभव गर्न सक्दैनन् । केवल छालाले त्यो अनुभव गर्न सक्छ । नाक, जिउरो, आँखा, छाला मन र बुद्धि शब्द ज्ञान बिहिन हुन्छन् । केवल कानले सो गर्न सक्छन् यस्ता कार्य । नाक, जिउरो, आँखा छाला, कान र बुद्धि संशय गर्न सक्दैनन् । यो काम बुद्धिको हो ।

भामिनि ! यस विषयमा इन्द्रियहरू र मनका बीच भएका संवाद प्राचीन इतिहासका उदाहरण हुन् । ती यस्ता छन् :-

एक पटक मनले इन्द्रियहरूसँग भन्यो– मेरो सहायता बिना नाक सुँघ्न सक्दैन, जिभ्रोले मीठो नमीठो छुट्ट्याउन सक्दैन, आँखा रूप देख्न सक्दैनन्, छाला चीसो तातो, खस्रो मूलायम स्पर्श अनुभव गर्न सक्दैन । कान शब्द सुन्न सक्दैन । त्यस कारण म नै सर्वश्रेष्ठ हुँ । म बिना सबै इन्द्रिय शून्य बराबर हुन् । संसारका सबै जीव इन्द्रियहरू भएर पनि म बिना विषयको अनुभव गर्न सक्दैनन् ।

यो कुरा सुनेर इन्द्रियहरूले भने– मन महोदय ! यदि तिमी हाम्रो सहायता बेगर विषयहरूको अनुभव गर्न सक्थ्यौ त तिम्रा कुरा हामी मान्थ्यौं । तर त्यस्तो हुन् सक्दैन कहाँ सक्छ ? तिमी हामी बेगर काम गर्न सक्छौ

भने नाकद्वारा रूपको, अनुभव गर त । आँखाबाट रसको स्वाद भोग त । कानद्वारा गन्ध सुँघ त । यसै गरी जिभ्रोद्वारा स्पर्शको, छालाबाट शब्द र बुद्धिद्वारा स्पर्शको अनुभव गर त । तिमी जस्तो बलवान् नियममा बाँधिएनौ भने नियमहरू त दुर्बलका निमित्त हुनेछन् । त्यसैले तिमी नयाँ ढङ्गले नवीन भोगको अनुभव गर । हामीहरूको जुठो खान पर्दैन ।

जसरी शिष्य श्रुतिको अर्थ जान्न गुरुकहाँ जान्छन् उनीबाट अर्थ ज्ञान प्राप्त गरेर स्वयं विचार पुऱ्याएर अनुसरण गर्दछन् त्यसै गरी तिमी पनि जहिले सुकै हामी मार्फत नै भूत तथा भविष्य विषयका उपभोग गर्दछौ । जो मन रहित मन्दबुद्धि प्राणी छ उसमा पनि हाम्रै उपस्थितिको जरुरी हुन्छ । धेरै सङ्कल्पहरू मनन गरेर स्वप्नको आश्रय लिएर भोग भोग्ने इच्छाबाट पीडित प्राणी विषय तिर दौडन्छ । विषय बास्नाबाट अनुविद्ध सङ्कल्प जनित भोगहरूको उपभोग गरेर प्राणशक्ति क्षीण भएको मनुष्य बिना ढोकावाला घरमा घुसेको मानिस जस्तै शान्त हुन्छ, जस्तो इन्धन नभएको आगो आफै निभ्छ । लौ हामीहरू आआफ्ना गुण तिर आसक्त होउँ, परस्परको गुणलाई नजानौं तर यो बात सत्य हो तिमी हाम्रो सहायता बिना कुनै पनि विषयको अनुभव गर्न सक्दैनौ । तिमी बिना हामीले त केवल हर्षबाट मात्र नै वञ्चित हुनुपर्दछ ।

अध्याय ८

प्राण अपान आदि वायु- संवाद

अश्वमेधिकपर्वणिको तेइसौं अध्याय जो छ त्यो अनुगीताको आठौं अध्याय हो । यसमा पनि ब्राह्मण र ब्राह्मणी बीच भएको ज्ञान सम्बन्धी सवाल जबाफको फेहरिस्त रहेका छन् । यहाँ ब्रह्माजीको समेत उपस्थिति रहेको छ । यो अध्यायमा जम्मा चौबिस श्लोक छन् ।

ब्राह्मणले आफ्नी पत्नीसँग भनेका छन्– प्रिये ! अब पञ्च होताहरूको यज्ञको जस्तो विधान छ यस विषयमा एउटा प्राचीन ऐतिहासिक कहावत छ त्यो अब बताइनेछ । प्राण, अपान, उदान, समान र व्यान पाँच प्राण पाँच होता हुन् । विद्वान्हरू यी होतालाई सबैभन्दा श्रेष्ठ मान्छन् ।

यो सुनेर ब्राह्मणीले भनिन्– नाथ ! पहिले त म सम्झने गर्थें स्वभावत: सात होता हुन्छन् । तर अहिले हजुरबाट आज्ञा भयो पाँच होता हुन्छन् । यस कारण यो कसरी भयो हजुरले यिनीहरूको श्रेष्ठताको वर्णन गरिदिनुभए बेस हुने थियो ।

ब्राह्मणले भने– हे प्रिये ! वायु प्राणद्वारा पोषित भएर अपान रूप, अपानबाट पुष्ट भएर व्यान रूप, व्यानद्वारा पोषित भएर उदान रूप, उदानबाट पुष्ट भएपछि समान रूप हुन्छ । एक पटक यी पाँचै वायुले सबैका पिता ब्रह्माजीसँग भने– "भगवन् ! हामी मध्येमा श्रेष्ठ को हो ? नाम लिइदिनुहोस् । हजुरले जसको नाम लिनु हुन्छ हामीहरूमा त्यही प्रधान हुनेछ ।"

वायुहरूको यस्तो कुरा सुनेर ब्रह्माजीले भन्नुभयो– "प्राणधारी जीव शरीरमा बसिरहेका तिमीहरू मध्ये जसको लय भएपछि सबै प्राण लीन होउन् र जसको संचार भएपछि सबै नै संचरण होउन् । त्यही श्रेष्ठ ठहरिनेछ । त्यसैले तिमीहरू जहाँ इच्छा हुन्छ जाउ ।"

यो सनेर प्राण वायुले अपान लगायत सबैसँग भन्यो– "म लीन भएपछि प्राणी शरीरमा भएका सबै प्राणवायु लीन हुन्छन् । त्यस्तै म संचारित भएपछि सबै नै संचरणमा आउँछन् । यस कारण म नै सर्वश्रेष्ठ हुँ । लौ हेर म लीन भइरहेको छु । अनि तिमीहरू पनि लीन हुनेछौ ।"

ब्राह्मणले भने– "हे प्रिये यसपछि प्राणवायु एक छिन लुक्यो र फेरि हिँड्न थाल्यो । अनि समान र उदान वायु उसँग बोले– "प्राण ! जस्तो हामीहरू यो शरीरमा व्याप्त छौं तिमी व्याप्त छैनौ । यसैंले तिमी हामीभन्दा

श्रेष्ठ होइनौ । केवल अपान मात्र तिम्रो अधीनमा छ । अतः तिमी लय हुँदा पनि हाम्रो हानि हुन् सक्दैन ।" यसपछि प्राण फेरि पहिले जस्तै चल्न थाल्यो । त्यसपछि अपान बोल्यो– "म लीन भइदिदा प्राणी शरीरमा भएका सबै प्राण लीन हुन्छन् । र म संचरण हुँदा सबै सञ्चालन हुन्छन् । यसैले मै सर्वश्रेष्ठ हुँ । हेर लौ म लीन हुन्छु । त्यति बेला तिमी पनि लीन नै हुनेछौ ।"

ब्राह्मणले भने– "अनि व्यान एक छिन विलय भयो । अपानसँग भन्यो– "अपान ! केवल तिम्रो अधीनमा प्राण मात्र छ । त्यसैले तिमी हामीभन्दा श्रेष्ठ होइनौ । केवल समान वायु तिम्रो वशमा छ । यो सुनेको व्यान पहिले झैं हिँड्न थाल्यो । तब समानले भन्यो– "म जे कारणले श्रेष्ठ छु त्यो भन्छु सुन ।" उसले भन्यो– "म लीन हुँदा प्राणीहरूका शरीरमा स्थित सबै प्राणी लीन हुन्छन् । म संञ्चारित भएपछि सबै सञ्चार हुन् लाग्छन् । त्यसैले म सर्वश्रेष्ठ हुँ । हेर अहिले म लीन भैरहेको छु ।"

ब्राह्मणले भने– यसो भन्दै समान केही समयका लागि लीन भयो । फेरि पहिले झैं चल्यो । त्यति बेला प्राण, अपान, व्यान र उदानले उसँग भने– "समान ! तिमी हामीभन्दा श्रेष्ठ होइनौ । केवल व्यान तिम्रो वशमा छ ।"

यस्तो बहसमा समान पूर्ववत् चल्यो । त्यसपछि उदानले भन्यो– "होइन म सबैभन्दा ठूलो हुँ । यसको कारण हेर । म लीन भएपछि प्राणीको शरीरमा स्थित सबै प्राण लीन हुन्छन् । त्यस्तै म संचरित हुँदा सबका सब संचार हुन्छन् । अतः मै श्रेष्ठ भैहालें । हेर त अब म लीन हुँदैछु ।"

यसो भनेर उदान केही समयका लागि लीन भयो । पुनः चल्न थाल्यो । तब प्राण, अपान, समान र व्यानले उसँग भने– "उदान ! तिमी हामीमा श्रेष्ठ होइनौ । केवल व्यान तिम्रा वशमा छ ।"

ब्राह्मणले भने– "त्यसपछि सबै प्राण ब्रह्माजीकहाँ जम्मा भए । ती सबैसँग प्रजापति ब्रह्माजीले भन्नुभयो– "वायुगण ! तिमीहरू सबै श्रेष्ठ हौ ।

अथवा तिमीहरूमा कोही पनि श्रेष्ठ होइनौ । तिमीहरू सबैको धारण रूप, धर्म एक अर्को र सबैसँग अवलम्बित छ । सबै आआफ्ना स्थानमा श्रेष्ठ हौ । सबैको धर्म एक अर्काप्रति अवलम्बित छ ।" यसै गरी ब्रह्माजीले फेरि पनि भन्नुभयो– "एकै वायु स्थिर तथा अस्थिर रूपबाट मेरो एउटै आत्मामा विराजमान हुन्छ । उसका विशेष भेटबाट पाँच वायु हुन्छन् । यसरी एउटै मेरो आत्मा अनेक रूपमा बढ्दछ । तिमीहरूको कल्याण होओस् । तिमीहरू कुशलतापूर्वक जाओ । एक अर्काप्रति हितैषी भएर परस्परको उन्नतिमा सहायता पुऱ्याउने गर । एक अर्कामा धारण गर्दै रहनु ।"

अध्याय ९

उदानको उत्कृष्ट रूपको वर्णन, देवर्षि नारद र देवताको संवाद

सत्रश्लोकी यो अध्याय अनुगीताको नवौं अध्याय हुन आएको छ । यो अश्वमेधिकपर्वणिको चौबिसौं अध्याय हो । यसमा ब्राह्मणले आफ्नी पत्नीलाई बताउँदै गरेका प्रसङ्ग छन् ।

ब्रह्मणले भने– प्रिये ! यस विषयमा देवर्षि नारद र देवताको संवाद रूप प्राचीन इतिहासको उदाहरण दिने गर्दछन् । देवमतले भनेको छ– "हे नारद ! जब जीव जन्म लिन्छ त्यति बेला सबैभन्दा पहिले शरीरमा कसको प्रवृत्ति बढी हुन्छ, प्राण, अपान, समान, व्यान अथवा उदान कसको ?"

नारदले भने– "मुने ! जुन कारणबाट यो जीवको उत्पत्ति हुन्छ त्योभन्दा फरक दोस्रो पदार्थ पनि कारण रूपमा देखा पर्दछ । त्यो भनेको प्राणहरूको द्वन्द्व हो । जो मनुष्य र पशु आदिमा पनि व्याप्त हुन्छ । यस्तो सम्झनुपर्दछ ।"

यसपछि देवमतले सोधेको छ– "नारद जी ! कुन कारणबाट जीवको सृष्टि हुन्छ ?, प्राणहरूको द्वन्द्व भनेको के हो ? जो माथि, बीच र तल रहेको छ ?"

नारद भन्दछन्– सङ्कल्पबाट हर्ष उत्पन्न हुन्छ, मनोनुकुल शब्दबाट रस र रूपबाट पनि हर्षको उत्पत्ति हुन्छ । रजमा मिलेको वीर्यबाट पहिले प्राण आउँछ र कार्य आरम्भ गर्दछ । प्राणबाट वीर्यमा विकार उत्पन्न भएपछि अपानको प्रवृत्ति हुन्छ । शुक्रबाट र रजबाट पनि हर्षको उत्पत्ति हुन्छ । यो हर्ष नै उदानको रूप हो । यस कारण अरू कार्य रूप जो मिथुन छ ती दुइको बीचमा हर्ष व्याप्त भएर रहेको हुन्छ । प्रवृत्ति मूलभूत कामबाट वीर्य उत्पन्न हुन्छ । त्यसबाट रजको उत्पत्ति हुन्छ । यी दुवै वीर्य र रज समान र व्यानबाट उत्पन्न हुन्छन् । यसैले सामान्य मानिन्छन् । प्राण र अपान यी दुवै द्वन्द्व हुन् । यिनीहरू तल माथि जान्छन् । व्यान र समान दुवैलाई मध्यगामी द्वन्द्व भनिएको छ । अग्नि अर्थात् परमात्मा नै सम्पूर्ण देवता हुन् । वेद ती नै परमेश्वरको आज्ञा रूप हो । वेदबाट नै ब्राह्मणमा बुद्धियुक्त ज्ञान उत्पन्न हुन्छ । त्यो अग्निको धुँवा तमोमय र भष्म रजोमय हुन् । जसलाई हविष्यको आहुति दिइन्छ त्यो अग्निबाट सारा जगत् उत्पन्न हुने हो । यज्ञवेत्ताहरू यो जान्दछन् सत्त्वगुणबाट समान र व्यान उत्पत्ति हुन्छन् । प्राण र अपान आज्य आज्य भाग नामक दुइ आहुति समान हो । उसको मध्य भागबाट अग्निको स्थिति हुन्छ । यही नै उदानको उत्कृष्ट रूप हो । जो यो कुरा ब्राह्मणहरू जान्दछन् जो निर्द्वन्द्व भनिएको छ त्यो पनि बताउला तिमी मेरै मुखबाट सुन । दिन र रात द्वन्द्वहुन । यिनको बीचमा अग्नि छ । ब्राह्मणहरू यसलाई उदानको स्पष्ट रूप मान्छन् ।

सत र असत द्वन्द्वहुन । यिनको मध्य भागमा अग्नि छ । ब्राह्मणहरू यस विषयलाई उदानको ठूलो उत्कृष्ट रूप मान्छन् । उर्ध्व अर्थात् ब्रह्म जुन सङ्कल्प नामक हेतु समान र व्यान रूप हुन्छ त्यसैबाट कर्मको विस्तार हुन्छ । अतः सङ्कल्पलाई रोक्नुपर्दछ । जाग्रत, स्वप्नका अतिरिक्त जो तेस्रो अवस्था

छ त्यसैबाट उपलक्षित ब्रह्मको समानद्वारा नै निश्चय हुन्छ । एकमात्र व्यान शक्तिमा निमित्त हो । ब्राह्मणहरू यसलाई उदानको उत्कृष्ट रूप मान्छन् ।

अध्याय १०

चातुर्होम यज्ञ

महाभारत अश्वमेधिकपर्वणिको पच्चिसौं अध्याय अनुगीताको दशौं अध्याय हो । यसमा चतुर्होम यज्ञको वर्णन भएर आएको छ । यो अध्याय सत्र श्लोकमा विभाजित भएर रहेको छ । ब्राह्मणले भने–

अत्राप्युदाहरन्तिममितिहासं पुरातनम् ।
चतुर्होत्र विधानस्य विधानमिह यादृशम् ।।

"प्रिये ! यसै विषयमा चार होताहरूले युक्त यज्ञको जस्तो विधान छ त्यो बताउनेहरू यो प्राचीन इतिहासको उदाहरण दिने गर्दछन् । भद्रे ! ती सबै विधि विधानहरूको उपदेश गरिन्छ । तिमी मेरो मुखबाट यो अद्‌भुत रहस्य सुन ।

भामिनि ! करण, कर्म कर्ता र मोक्ष यी चार होता हुन् । यिनीहरूबाटै यो सम्पूर्ण जगत् आवृत्त छ । यिनका जो जो हेतु हुन् उनीहरू युक्तिद्वारा सिद्ध गरिन्छ । त्यो सबै पूर्ण रूपले सुन । घ्राण, जिह्वा, नेत्र, त्वचा, पाचौं कान तथा मन र बुद्धि यी सात कारणरूप हेतु गुणमय जान्नुपर्दछ । गन्ध, रस, रूप, शब्द पाचौं स्पर्श तथा मन्तव्य र बोध्धव्य यी सात विषय कर्मरूप हेतु हुन् ।

सुँघ्नेवाला, खानेवाला, देख्नेवाला, बोल्नेवाला पाचौं सुन्नेवाला तथा मनन गर्नेवाला र निश्चयात्मक बोध गर्नेवाला यी सात कर्ता रूप हेतु हुन् ।

यी प्राण आदि इन्द्रिय गुणवान् छन् । तसर्थ आफ्नु शुभाशुभ विषयरूपहरूको गुणहरूको उपभोग गर्छन् । म निर्गुण र अनन्त हुँ । यी सात घ्राण आदि मोक्षाका कारण हुन्छन् । विभिन्न विषयहरूको अनुभव गर्ने विद्वान्हरू घ्राण आदि आआफ्नै स्थानलाई विधिपूर्वक बुझ्छन् । र देवतारूप भएर सदा हविष्यको भोग गर्छन् । अज्ञानी पुरुष अन्न भोजनको समयमा उप्रति ममत्वले युक्त हुन्छन् । यसरी जो आफ्ना निमित्त भोजन गर्दछन् तिनीहरू ममत्व दोषबाट मारिन्छन् । उनीहरू अभक्ष भक्षाण र मद्यपान जस्ता दुर्व्यसनीहरूलाई पनि अपनाउँछन् जो उनका निमित्त घातक हुन्छ । उनीहरू भक्षाणद्वारा त्यो अन्नको हत्यारा हुन्छन् र उसको हत्या गरेर उ स्वयं पनि उसैद्वारा मारिन्छन् ।

जो विद्वान् यस्तो अन्न खान्छन् र त्यसबाट आफूलाई त्यहीं लीन गराउँछन् । उनीहरू ईश्वर सर्व समर्थन भएर पुनः अन्न अन्नादिका जनक हुन्छन् । त्यो अन्नबाट त्यो विद्वान् पुरुषमा केही ससाना दोष पनि उत्पन्न हुँदैनन् ।

जो मनबाट अवगत हुन्छ, वाणीद्वारा भनिन्छ, जसलाई कानले सुनिन्छ र आँखाले देखिन्छ जसलाई त्वचाबाट स्पर्श र नासकिाबाट गन्ध लिइन्छ यही मन्तव्य छ विषयरूपी हविष्य मन आदि छ इन्द्रियले संयमपूर्वक आफू आफैंमा होम गर्नुपर्दछ । त्यो होम अधिष्ठान भूत गुणवान पावकरूप परमात्मा मेरो तन मनभित्र प्रकाशित भएको छ । मैले योगरूपी अनुष्ठान शुरू गरेको छु । यो यज्ञको उद्भव ज्ञानरूपी अग्निलाई प्रकाशित गर्ने वाला हो । यसमा प्राण नै स्तोत्र हो । अपान शस्त्र हो । र सर्वश्वको त्याग नै उत्तम दक्षिणा हो ।

कर्ता, अनुमन्ता र आत्मा यी तीन ब्रह्मरूप भएर होता, अध्वर्यु र उद्गाता भएर रहेका हुन् । सत्य भाषण नै प्रशास्ताको शस्त्र हो र अपवर्ग नै त्यो यज्ञको दक्षिणा हो । नारायणलाई जान्नेवाला यो योगयज्ञको प्रमाणमा ऋचाहरूको उल्लेख गर्छन् । पूर्व कालमा भगवान् नारायणदेवको प्राप्तिका निमित्त भक्तहरूले पशुहरूलाई आफ्नु अधीनमा लिएका थिए ।

भगवत प्राप्ति भएपछि परमानन्दबाट परिपूर्ण भएर सिद्धहरू सामगान गर्दछन् । यो कुराको दृष्यान्त तैत्तरीय उपनिषदका विद्वान्– "एतत् सामगायन्नास्ते" इत्यादि मन्त्रको रूपमा उपस्थित गर्ने गर्दछन् । भीरु ! तिमी यो सर्वात्मा भगवान् रूप नारायणदेवको ज्ञान प्राप्त गर ।

अध्याय ११

अन्तर्यामीको प्रधानता

अश्वमेधिकपर्वणि अनुगीता पर्वको छब्बिसौं अध्याय अनुगीताको एघारौं अध्याय हो । यस अध्यायमा अन्तर्यामीको प्रधानताका विषयमा चर्चा हुन गएको छ । यो अध्याय छोटो छ । यसमा जम्मा अठ्ठार श्लोक रहेका छन् । यसो भए पनि यो अध्याय महत्त्वपूर्ण अध्यायका रूपमा आएको पाइएको छ ।

ब्राह्मणले भने– "प्रिये ! जगत्को शासक एक मात्र छ । दोस्रो छैन । त्यो शासक हृदयभित्र रहेको हुन्छ, त्यो परमात्मा हो त्यसलाई नै म सबैको शासक मान्दछु । त्यो तिमीलाई पनि बताउँदैछु । जसरी पानी उच्च स्थानबाट तल तल बहने गर्दछ त्यसै गरी परमात्माको प्रेरणामा म जुन किसिमको कार्यमा नियुक्त भएको छु त्यसको पालनकर्ता पनि भएको छु । एक नै गुरु हुन् दोश्रा छैनन् । जो हृदयमा स्थित छन् ती नै परमात्मालाई गुरु बताइरहेको पनि छु । ती नै गुरुको अनुशासनले समस्त दानवको हार भएको हो ।

एक मात्र बन्धु छन, दोश्रा बन्धु कोही छैन । जो हृदयमा विराजमान छन् ती नै परमात्मालाई मैले बन्धु मान्ने गरेको छु । उनैको उपदेशबाट बान्धब गण बन्धु मानिने हुन् । र सप्तर्षिहरू आकाशमा प्रकाशित हुने हुन् । त्यसै गरी

श्रोता पनि एउटै छन् अरू छैनन् । म उनै (परमात्मा) लाई श्रोता मान्दछु । इन्द्रले उनैलाई गुरु मानेर गुरुकुल बसाइको नियम बसालेका हुन् । अर्थात् शिष्यभावले उनै अन्तर्यामीका शरणमा गएका हुन् । यसै कारण उनलाई सम्पूर्ण लोकको साम्राज्य प्राप्त भएको हो र अमरत्व प्राप्त गरेका हुन् । शत्रु एउटा छन् दोश्रा छैनन् । जो हृदयमा स्थित छ त्यही परमात्मालाई म गुरु मानिरहेको छु । ती नै गुरुका प्रेरणाले जगत्का सारा साप सधै द्वेपभावले युक्त हुन्छन् ।

पूर्व कालमा सर्पहरू देवताहरू र ऋषिहरूको प्रजापतिका साथ जस्तो बातचित भएको थियो त्यो प्राचीन इतिहास जानेर मानिसहरू तत् विषयमा उदाहरण दिने गर्दछन् । एक पटक देवता, ऋषि, नाग र राक्षसहरूले प्रजापतिसँग बसेर भने– "भगवन् ! हाम्रो कल्याणको उपाय के हो ? बताइदिनुहोस् ।"

कल्याण प्राप्तिका यस्ता प्रश्नहरू सुनेर भगवान् प्रजापति ब्रह्माजीले एकाक्षर ओंकारको उच्चारण गर्नुभयो । त्यसको प्रणव नाद सुनेर सबै आआफ्नु बाटो लागे । त्यसपछि तिनीहरूले उपदेशतिर विचार गरे । सबैभन्दा पहिले सर्पको मनमा अरूलाई डस्ने भाव पैदा भयो, असुरहरूमा दम्भ पैदा भयो, देवताहरूमा दानको र महर्षिहरूले दम अपनाउने निश्चय गरे ।

यसरी सर्प, देवता, ऋषि र दानव सबै एउटै उपदेशक गुरु समक्ष पुगेका थिए र एउटै शब्दको उपदेशबाट उनीहरूको फरक फरक बुद्धि तथा संस्कार भयो र भिन्न भिन्न भाव उत्पन्न भए । यसरी श्रोता गुरुले भनेका उपदेश जब सुन्छन् उनीहरू आआफ्नै हिसाबले ग्रहण गर्दछन् । यस कारण सिद्ध अर्थात् जान्न चाहनेका लागि आफ्ना अन्तर्यामी बाहेक दोस्रो ठूलो गुरु हुँदैन ।

पहिले कर्मको अनुमोदन हुन्छ । त्यसपछि जीवनको प्रवृत्तिको प्रभाव हुन्छ । त्यसैले हृदयमा प्रकट हुनेवाला परमात्मा नै गुरु, ज्ञानी, श्रोता हुन् ।

संसारमा जो पाप गर्दै हिँड्छ त्यो पापाचारी र जो शुभकर्म तथा आचरण गर्छ शुभाचारी भनिन्छन् । यसै गरी कामनाद्वारा इन्द्रिय सुख चाहने मान्छे र इन्द्रिय संयममा प्रभाव रहने मान्छे ब्रह्मचारी हो । जो व्रत र कर्म त्याग गरेर केवल ब्रह्ममा स्थित छ उ ब्रह्मस्वरूप भएर संसारमा विचरण गर्दछ। त्यही ब्रह्मचारी हो। ब्रह्म नै उसको समिधा, ब्रह्म नै अग्नि, उ ब्रह्मबाटै उत्पन्न भएको ब्रह्म नै जल र ब्रह्म नै गुरु हुन् । उसको चित्तवृत्ति ब्रह्म मै लीन भएर रहन्छ । यसै विषयलाई विद्वान्हरूले सूक्ष्म ब्रह्मचर्य बताएका छन् । तत्त्वदर्शीको उपदेश पाएर प्रबुद्ध भएका आत्मज्ञानी यस्तो ब्रह्मचर्यको स्वरूप जानेर सदा त्यसमै लागिरहन्छन् पालन गरी रहन्छन् ।

अध्याय १२

अध्यात्म विषयक महान् बन

ब्राह्मणले भने– "जहाँ सङ्कल्परूपी महाडाँस र मच्छरहरूको अधिकता हुन्छ, सो र हर्षरूपी सर्दी गर्मीको कष्ट रहन्छ, मोहरूपी अन्धकार फैलिएको हुन्छ, लोभ तथा व्याधिरूपी सर्प हुन्छन्, जहाँ विषयको नै मार्ग छ, जसलाई एक्लै तप गर्नपर्दछ, जहाँ काम तथा क्रोध जस्ता शत्रुको डेरा छ त्यो संसाररूपी दुर्गम पथ पार गरी अब म ब्रह्मरूपी महान् वनमा प्रवेश गर्दछु ।"

ब्राह्मणीले भनिन्– "महाप्राज्ञ ! त्यो वन कहाँ छ ? त्यसमा कुन कुन वृक्ष छन् पहाड पर्वत र नदी छन् र त्यो कति टाढा छ ?"

ब्राह्मणले भने– "प्रिये ! त्यो वनमा न भेद छ न अभेद, यी दुवैमा अतीत छ । त्यहाँ लौकिक सुख र दुःखको अभाव छ । त्यहाँ ज्यादै छोटो ज्यादै ठूलो र अतिसूक्ष्म अरू कुनै वस्तु छैन । यहाँभन्दा सुख रूप कहाँ हुनु, छैन । त्यो वनमा पुग्न पाएपछि द्विजातिहरूको न हर्ष र शोक नै हुन्छ न कुनै प्राणी कसैसँग

डराउँछन् र उनीहरूलाई देखेर अरू कोही डराउन् । त्यहाँ सात ठूला ठूला वृक्ष छन् । ती सात वृक्षमा फल छन् । त्यसै गरी ती सात वृक्षका फल खाने अतिथि पनि छन् । सात आश्रम छन् । त्यहाँ सात प्रकारका समाधी र सात प्रकारकै दीक्षा छन् । यो वनको स्वरूप यही हो । त्यहाँका वृक्षका पाँच रंग छन्, राम्रा राम्रा फूल फल सृष्टि गरेर वन व्याप्त छ । त्यहाँ अरू रुखहरूले सुन्दर दुइ रंगका फल र फूल उत्पन्न गर्दछन् । तेश्रा खालका वृक्षहरू सुगन्धित दुइरंगे फूल र फल उत्पन्न गर्दछन् । यसरी त्यो वन व्याप्त भएको हुन्छ । त्यहाँ दुइ महावृक्ष अव्यक्त रंगवाला र फल उत्पन्न गर्नेवाला छन् ।

त्यो वनमा अग्नि, जीव, शुद्ध चेता ब्राह्मण छन् । पाँच इन्द्रिय समिधा हुन् । त्यहाँबाट जब मोक्ष प्राप्त हुन्छ ती सात प्रकारका हुन्छन् । यो यज्ञको दीक्षाको फल अवश्य छ । गुणनै फल हो सात अतिथि फलका भोक्ता हुन् ।

महर्षिगण यो यज्ञमा आतिथ्य ग्रहण गर्दछन् । पूजा स्वीकार गरेर उनमा लय हुन्छन् । त्यसपछि त्यो ब्रह्मरूप वन विलक्षण रूपले प्रकाशित हुन्छ । त्यही प्रकाशरूपी वृक्ष शोभिन्छ र मोक्षारूपी फल लाग्दछ र शान्तिमय छाँया बेष्टित हुन्छ । ज्ञान उहाँको आश्रयस्थल र तृप्ति जल हुन्छ । त्यो वनमा आत्मारूपी सूर्यको प्रकाश झल्झलाकार भएको हुन्छ ।

जो श्रेष्ठ पुरुष त्यो वनमा आश्रय लिन पुग्छन् कहिल्यै कुनै कुरामा डर हुँदैन उनीहरूलाई । त्यो वन माथि तल तथा यता उता जतातत्तै व्याप्त छ । त्यसको कहिल्यै अन्त्य हुँदैन । त्यहाँ सात ओटा स्त्रीहरू रहेका हुन्छन् जो लाजले घोसे मुन्टो लगाएका हुन्छन् । स्वयं चिन्मय ज्योतिले प्रकाशमय हुन्छिन् । ती नै सबैकी जननी हुन् । त्यो वनमा रहनेवाली ती जननी प्रजाबाट सबै प्रकारका उत्तम रस ग्रहण गर्छिन जसरी अनित्यता सत्यको ग्रहण गर्छिन ।

सात सिद्ध महर्षि वशिष्ठ आदिका साथ त्यही वनमा लीन हुन्छन् र त्यहीबाट उत्पन्न पनि हुन्छन् । यश, प्रभा, ऐश्वर्य विजय, सिद्धि र तेज यी सात ज्योति उपर्युक्त आत्मारूपी सूर्यको अनुसरण गर्दछन् । त्यहाँ ब्रह्मतत्त्वको

नै गिरी, पर्वत झरना, नदी र सरिताहरूमा स्थिति रहेको हुन्छ । जसले ब्रह्मजनित जलबहाउने गर्दछन् ।

नदीहरूका संगमहरू पनि त्यस्तै अत्यन्त गुढ हृदय आकाशमा संक्षेपमा हुन्छन् । जहाँ योगरूपी यज्ञको विस्तार भैरहेको हुन्छ त्यही नै साक्षात् पितामहको स्वरूप हो । आत्मज्ञानले तृप्त पुरुष त्यही पुग्छन् । जसका आशा क्षीण भैसकेका छन् ती नै मानिस मात्र आफ्ना बुद्धिलाई आत्मनिष्ट गरेर परब्रह्मको उपासना गर्दछन् । ज्ञानको प्रभावबाट ब्रह्मरूपी बन्न चिन्न जान्न सकिन्छ । यस वनभित्र बस्न मनोनिग्रह नै अचुक अस्त्र हो भन्छन् ज्ञानीहरू । ब्राह्मण यो पवित्र वन पहिचान गर्दछन् र तत्त्वदर्शीका उपदेशबाट प्रबुद्ध भएका आत्मज्ञानीहरू शास्त्रत: वनलाई पहिचान गरी सम आदि साधनाको अनुष्ठान गर्ने गर्दछन् ।

अध्याय १३

ज्ञानी अध्वर्यु र यति संवाद

अश्वमेधिकपर्वणि अठ्ठाइसौं अध्याय अनुगीताको तेह्रौं अध्यायका रूपमा रहेको छ । यसमा ज्ञानीपुरुषको स्थिति, तथा अध्वर्यु र यतिको संवादका विषयहरू राखिएको छ । यस अध्यायमा अठ्ठाइस श्लोक रहेका छन् ।

ब्राह्मणले भनेका छन्– म न त गन्ध सुँघ्छु न रसको स्वाद लिन्छु न रूप देख्छु न कुनै वस्तु स्पर्श गर्दछु न विविध किसिमका स्वर वा आवाज सुन्छु र न त कुनै सङ्कल्प नै गर्दछु । मेरो स्वभाव नै अभीष्ट पदार्थको कामना गर्दछ । स्वभाव नै द्वेष्य वस्तुहरूको द्वेष गर्दछ । जस्तै प्राण र अपान स्वभावैले प्राणीहरूको शरीरमा खाद्य वस्तु पचाउने काम गर्दछन् । खाएको वस्तुको प्रभावबाट समेत राग द्वेषको जन्म हुन्छ । बुद्धि आदि इन्द्रियहरू

स्वभावैले नै पदार्थहरूमा रिङ्गेका हुन्छन् । बाहिरी इन्द्रियहरू स्वभावैका कारण पदार्थहरूमा बसिरहेका हुन्छन् । बाहिरी इन्द्रिय वा विषयहरूभन्दा छुट्टै फेरि स्वप्न र सुषुप्ति जस्ता वासनामय इन्द्रियहरू छन् र तिनमा जो जो नित्यभाव हुन् तिनमा पनि विलक्षण जो भूतात्मा छन् तिनलाई शरीरभित्रै योगीहरू देख्छन् । तिनै भूतात्मामा स्थित भएको म कहि कुनै तरिकाबाट काम, क्रोध, वृद्धावस्था र मृत्युबाट ग्रस्त हुन्न । असंख्य कामनाहरू छन् तर पनि म कुनै कामना गर्दिनँ । दोषभावबाट कहिल्यै द्वेष गर्दिन । मेरो स्वभावमा राग र द्वेष हुँदैन म त कमलको पात जस्तो हुँ । कमलको पातमा पानीका छिटा पर्न जान्छन् तर पातमा टाँस्सिदैनन् । म त्यस्तै हुँ । भिन्न भिन्न स्वभाववाला इन्द्रियलाई देख्ने नित्य स्वरूप आत्मालाई देख्नेहरूका निमित्त सबै भोग अनित्य हुन्छन् । यस कारण ती भोग समुदाय विद्वान्‌लाई कर्ममा लिप्त गर्न सक्दैनन्, जसरी सूर्य किरणहरूले सूर्यलाई लिप्त गर्न सक्तैनन् ।

हे प्रिये ! यस विषयमा अध्वर्यु र यतिका बीच भएको एउटा संवाद छ, त्यो उदाहरणमा ल्याउने गर्दछन् विज्ञहरू । म पनि तिमीलाई त्यही संवाद सुनाउन गैरहेको छु, सुन । कुनै यज्ञकर्ममा पशुलाई प्रोक्षण गर्न लागेको देखेर त्यहाँ रहेका एक यतिले– "यो त हिंसा हो, यस्तो गरिन हुँदैन" भन्दा अध्वर्युले यतिलाई जबाफ दिएका छन्– "यो पशु नष्ट हुँदैन । यदि श्रुति सत्य हो भने यो कल्याणको भागी हुनेछ । यसको शरीरको पार्थिव भाग पृथिवीमा मिलिहाल्ला । आँखा सूर्यमा, कान दिशामा र प्राण आकाशमै लिन भैहाल्ला । तसर्थ शास्त्र अनुसार मलाई कुनै कत्ति दोष लाग्ने छैन ।"

अध्वर्युका यस्ता कुरा सुनेपछि यतिले भने– "यदि तिमीले भोग दिदैं गरेको बाख्राको प्राणपखेरु उडाउदा पनि उसको कल्याणै देख्दछौ भने यो यज्ञ नै उसैको भयो नि । तिमीलाई यसबाट के लाभ भयो त ?"

श्रुतिहरूमा भनिएको छ पशुका आफन्तको अनुमति प्राप्त हुनुपर्दछ । त्यसैले यसको वध गर्ने नै हो भने यो पशुलाई उसका आफन्तलाई देखाइ

उनीहरूबाट अनुमति लिएर आउ । नत्र त तिमीलाई हिंसाको दोष अवश्य लाग्दछ । यदि यसका आफन्तले यसको वध गर्न अनुमति दिन्छन् भने त्यसपछि यस विषयमा विचार गर्न सकिन्छ । अन्यथा यो हिंसा नै ठहर्छ । तसर्थ भन्नै पर्दछ कुनै पनि प्राणीको हिंसा नगर्नु नै उत्तम हो । म प्रत्यक्ष फलको साधक हुँ । परोक्षको उपासना गर्दिनँ ।"

यतिका कुरा सुनेपछि अध्वर्युले भने– हे यति ! तिमी यो मान्छौ कि सबै भूतहरूमा प्राण हुन्छ । तर पनि तिमी पृथिवीको गन्धगुणको उपभोग गर्दछौ जल आदि रस पिउँछौं, तेजको गुण, रूपको दर्शन, वायुको स्पर्श र आकाश जनित शब्द सुन्दछौ । र मनबाट मतिको मनन गर्दछौं । एकातिरबाट प्राणीको प्राण लिनबाट जोगिन्छौ अर्को तिर हिंसामा त छौ छौ । तसर्थ हे द्विजबर ! कुनै पनि कार्य हिंसा बेगर हुँदै हुँदैन । यस्तो भए पनि तिमी भन्दैछौ तिमीबाट अहिंसाको पालन हुँदै छ ।"

यतिले भने– "आत्माका दुइ रूप हुन्छन्, एउटा अक्षर र अर्को क्षर । जसको सत्ता कहिल्यै नासिदैन त्यो सत्स्वरूप अक्षर कहिन्छ । जो अभावै अभावै हुन जान्छ त्यो क्षर हो । प्राण, जिभ्रो, मन र रजोगुण सहित सत्त्वगुण यी रज अर्थात् माया सहितका सद्भाव हुन् । यी भावबाट मुक्त निर्द्वन्द्व निष्काम, समस्त प्राणीहरूमा सदभाव राख्ने ममता रहित जितात्मा तथा सबै तिरबाट बन्धनशून्य पुरुषका निमित्त कहीं र कहिल्यै भय रहदैन ।"

अध्वर्युले भने– "बुद्धिमान् श्रेष्ठ हे यति ! यो जगत्मा तिमी जस्ता साधुपुरुषका साथ रहन उचित हो । तपाइँको कुरा सुनेर बुद्धिमा पनि यही प्रतीत भइरहेको छ । ब्राह्मणदेव ! म तपाइँको बुद्धिज्ञान सम्पन्न भएर भन्दैछु वेद मन्त्रद्वारा निश्चित गरिएको व्रतको पालन गर्दै छु म । यस कारण यसमा मेरो कुनै अपराध छैन ।"

ब्राह्मणले भने– "प्रिये ! अध्वर्युले दिएका युक्तिबाट यति चुप भए । र अध्वर्यु पनि मोह रहित भएर महायज्ञमा शरीक भए । यसरी ब्राह्मण मोक्षका

यस्ता अत्यन्त सूक्ष्मस्वरूप बताउँछन् र तत्त्वदर्शीका उपदेश अनुसार मोक्षधर्म बुझेर सोही अनुसार अनुष्ठान गर्दछन् ।"

अध्याय १४

परशुरामद्वारा क्षत्रियकुल नष्ट गर्ने प्रयास

अश्वमेधिकपर्वणि उनन्तीसौं अध्याय अनुगीताको चौधौं अध्याय हो । यस अध्यायमा परशुरामद्वारा क्षत्रिय कुल नै सम्हार गर्ने प्रयास भएको प्रसङ्ग छ । यस अध्यायमा बाइस श्लोक रहेका छन् ।

ब्राह्मणले आफ्नी पत्नीलाई सम्बोधन गरेर भने– "भामिनि ! यस विषयमा कार्तवीर्य र समुद्रको संवादस्वरूप एक प्राचीन इतिहासको उदाहरण दिने गरेको पाइन्छ । पूर्वकालमा कार्तवीर्य अर्जुन नामका एउटा प्रसिद्ध राजा थिए । उनका हजार हात थिए । उनले धनुष बाणको सहायताबाट समुद्र लगायत पृथिवीलाई आफ्नो अधिकारमा लिएका थिए । भनिएको छ एक दिन राजा कार्तवीर्य अर्जुन समुद्र किनारामा टहलिइरहेका थिए उनले बलको घमण्ड प्रदर्शन गर्ने विचारका साथ सयौं बाण वर्षा गरेर समुद्र नै ढाकिदिए । यस्तो देखेर समुद्र प्रकट भए र उनका अगाडि शिर झुकाए । हात जोडे र भने– "वीरवर ! राजसिंह ! म तिर बाण वर्षा नगर्नुहोस् । बरु भन्नुहोस् तपाइँको आज्ञा के छ ? म के सेवा गरुँ ? शक्तिशाली नरेश्वर ! तपाइँले छाडेका यी महान् बाणद्वारा मभित्र भएका प्राणीहरू मर्दैछन् । उनीहरूलाई अभय दान दिनुहोस् । यिनीहरू नमारियुन् ।"

समुद्रका यी कुरा सुनेपछि कार्तवीर्य अर्जुनले भने– "समुद्र ! यदि कहीं म समान वीर छ भने र मसँग युद्धमा भिड्न सक्छ भने बताऊ । म तिमीलाई छाडेर जानेछु ।"

कार्तवीर्य अर्जुनका कुरा सुनेका समुद्रले भने– "राजन् ! यदि हजुरले महर्षि जमदग्निको नाम सुन्नुभएको छ भने उहाको आश्रममा जानुहोस् । उनका पुत्र परशुरामजीले तपाइँको राम्रोसँग सत्कार गर्न सक्नेछन् ।"

ब्राह्मणले आफ्नी पत्नीसँग भने– "कमलनयनी प्रियतमा ! त्यति भएपछि राजा कार्तवीर्य अर्जुन, क्रोध प्रदर्शन गर्दै महर्षि जमदग्निका आश्रममा पुगे । उ त्यति बेला आफ्ना भाइबन्धु लगायत ठूलो फौजका साथ गएका थिए । उनले परशुराम समक्ष गएर अनेकानेक हाँक दिदै परशुरामजीलाई जिस्क्याए । यस्तो हाँक देखेर सजिलै शत्रुसेना खतम गर्न सक्ने परशुरामजी उद्विग्न हुन पुगे । महातेजस्वी परशुरामजीको तेज प्रज्वलित भयो । उनले आफ्नु परशु (बञ्चरो) उठाए । हजार हात भएका राजा कार्तवीर्य अर्जुनका सबै हात काटेर रुख ढाले झैं ढाले । त्यो देखेर कार्तवीर्यका भाइहरू समेत सबै एकत्र भएर आए । तरवार लिएर परशुरामजी माथि जाइलागे । परशुरामजी पनि धनुष लिएर रथमा सवार भएर आए । बाण वर्षा गरेर राजसेना माथि आक्रमण गरे । त्यति बेला त्यहाँ जम्मा भएका क्षत्रियहरू परशुरामको भयबाट पीडित भएर जङ्गली मृग आदि जनावर सरह भागे । गुफाहरूमा लुक्न गए । उनीहरूले डरका कारण क्षेत्रियोचित आफ्ना कर्मसमेत त्यागे । धेरै दिनसम्म ब्राह्मणहरूको दर्शन गर्नसमेत सकेनन् । यस कारण विस्तारै आफ्ना कर्मसमेत भुलेर शूद्र सरह हुनपुगे । यस प्रकार द्रवीड, आमिर, पुण्डर, सपरहरू सँगै भएर पनि क्षत्रिय भए पनि वाध्यतावश क्षत्रिय धर्म नै त्याग गरे । यसै कारण शूद्रकै अवस्थामा पुगे उनीहरू ।

त्यसपछि क्षत्रियहरू मारिएका र भागेका कारण ब्राह्मणहरूले क्षत्रिय स्त्रीहरूबाट सन्तान उत्पन्न गर्न थाले । त्यस्ता नवजातहरूलाई पनि परशुरामले क्षत्रिय नै सरह आफ्ना बञ्चराबाट मार्दै सिध्याउँदै गरे । यसरी एक एक गरेर एक्काइस पटकसम्म क्षत्रियहरू मरिदै रहे । त्यसपछि परशुरामजीलाई दिव्य आकाशवाणी भयो । आकाशवाणीले मधुर स्वरमा सबैले सुन्ने गरी भन्यो– "बाबु परशुराम ! यो हत्याकार्य बन्द गर । यसरी पटक पटक पुस्तौं

पुस्ता क्षत्रियहरू मारेर तिमीलाई कुनै फाइदा छैन । छ र ? त्यति बेला परशुरामलाई उनका पितामह ऋचिक अदिले पनि यसै गरी सम्झाउँदै भने– "हे महाभाग ! यो कार्य बन्द गर । क्षत्रियहरूलाई नमार ।"

उनीहरूले आकाशवाणीबाट यसो भनेका भए पनि आफ्ना पिताको वधको पीडा सहन मुस्किल भएका परशुरामजीले ऋषिहरूसँग भने– "हजुर हरूले यसरी यो कार्यमा मलाई नरोक्न पर्ने हो ।"

परशुरामका कुरा सुनेपछि पितृहरूले भने :-

नार्हसे क्षेत्रबन्धुंस्त्वं निहन्तुं जयतां वर ।
नेह युक्तं त्वया हन्तुं ब्राह्मणेन सता नृपान् ।।

(विजयी श्रेष्ठ परशुराम ! यसरी क्षत्रियहरूलाई मार्न तिमीजस्ता महात्मालाई सुहाउँदैन । किनभने तिमी ब्राह्मण हौ । त्यसैले तिम्रा हातबाट क्षत्रिय मारिनु उचित छैन ।)

अध्याय १५

पितामहहरूबाट परशुरामजीलाई सम्झाइँदै

पितृहरूले भनेका छन्– "ब्राह्मणश्रेष्ठ ! यस विषयमा एक प्राचीन ऐतिहासिक विषयलाई उदाहरण दिइएको छ । तिमीले त्यस्तै आचरण गर्नु पर्ला । पहिलेको कुरा हो अलर्क नामका एक प्रसिद्ध राजर्षि थिए । उ ठूला तपस्वी, धर्मज्ञ, सत्यवादी महात्मा र दृढप्रतिज्ञ पनि थिए । उनले आफ्नु धनुष बाणको सहायताबाट समुद्र पर्यन्त यो पृथिवी जितेर पराक्रम देखाएका थिए । यसपछि उनी सूक्ष्म तत्त्वको खोजमा लागे । महामते ! उ ठूला ठूला काम शुरू गर्न छाडेर एउटा वृक्ष मुनि गएर बसे । सूक्ष्म तत्त्वको खोजिका लागि

यसरी चिन्तन गर्न लागेका उनले भने– "मलाई मनबाट बल प्राप्त भएको छ । त्यो सबैभन्दा बढी बलवान भएको छ । मनलाई जितेर मात्र मलाई स्थायी विजय प्राप्त हुने विषयमा म बिस्वस्थ भैसकेको छु । म इन्द्रियरूपी शत्रुहरूबाट घेरिएको छु । यसैले बाहिरका शत्रुहरू माथि आक्रमण नगरी भित्री शत्रुहरू माथि नै आफ्ना बाणको निशाना बनाउनेछु । यो चञ्चल मनका कारण मानिसहरू तरह तरहका कर्म गर्ने गर्दछन् । यसै कारण अब म मन माथि नै तीखा बाण प्रहार गर्नेछु ।"

अलर्कले यस्तो निधो गरेको मनले थाहा पायो । मनले भन्यो– "अलर्क ! तिम्रा यी तीखा बाण म माथि कसरी प्रहार हुन् सक्छन् ? यदि तिमी म माथि बाणहरू प्रहार गर्छौ त ती बाणहरूले तिम्रै मर्म स्थानमा वज्रेर चीरा चीरा पार्नेछन् । यसो भयो भने तिमी नै मृत्युको मुखमा पुग्नेछौ । यस कारण तिमीले त अन्य प्रकारका बाण को निर्माण गर । सम्भवतः यसैबाट तिमी मलाई मार्न सक्नेछौ ।"

मनका यस्ता कुरा सुनेपछि अलर्क एकै छिन विचार गरेर टोलाए । त्यसपछि भने– "मेरो यो नाक अनेक प्रकारका सुगन्ध पाएर वा अनुभव गरेर पनि सन्तुष्ट हुँदैन । पुनः पुनः यस्तै गरिरहने इच्छा गर्दछ । तसर्थ यी बाणले यो नाकैमा प्रहार गर्छु ।"

राजर्षि अलर्कका यस्ता कुरा थाहा पाएको नाकले भन्यो– "अलर्क ! तिम्रा यी तीखा बाणले मलाई केही पनि गर्न सक्दैनन् । यसबाट तिम्रै मर्मस्थान विदीर्ण हुन्छ । यसमा सन्देह छैन । मर्मस्थानमा आघात परेपछि तिमी नै मर्छौ । यसैले तिमीले अरू नै किसिमका बाणको खोजी गर जसबाट तिमी मलाई मार्न समर्थ हुनेछौ ।"

आफ्ना नाकका यस्ता कुरा सुनेपछि राजर्षि अलर्कले एक छिन विचार गरेर भने– "रसमा रमाउने जिभ्रो जो छ सधै स्वादिष्ठ रसको चाहना गर्दछ ।

चाहअनुसार पाएपछि पनि पुनः पुनः त्यही खोजीरहन्छ । यस कारण अब म यसलाई तह लगाउन तीखा बाण प्रहार गर्दछु ।"

अलर्कका मनमा यस्ता कुरा आएको कुरा थाहा पाएपछि जिभ्रोले भन्यो– "अलर्क ! यस्ता तिम्रा बाणले त मलाई कुनै तरिकाले पनि केही गर्न सक्ने छैनन् । यिनीहरूले त तिम्रै मर्मस्थानमा धक्का पुऱ्याउने हो । यसो गऱ्यौ भने तिमी स्वयं मर्नेछौ । त्यसैले अर्कै प्रकारका बाण बनाउने विषयमा सोच । त्यस्ता प्रकारका बाणको सहायताले मात्र तिमी मलाई मार्न सफल हुनेछौ ।"

जिभ्रोका कुरा सुनेका अलर्कका मनमा कुरा खेल्दा खेल्दै उनका मनमा छालाको कुरा आयो । यसैमा सोच मग्न भएर भने– "यो छाला जो छ नाना प्रकारका मुलायम स्पर्शको अनुभव गरेर पनि पुनः पुनः त्यस्तै अभिलाषा गर्न छाड्दैन । यसो गरेर मलाई सताइरहन्छ । अतः कुनै प्रकारका बाण प्रहार गरेर भए पनि यसलाई विदीर्ण गर्न पर्ने भयो ।"

छाला अर्थात् त्वचा पनि सहेर बसेन । उसले भन्यो– "तिम्रा यस्ता कुनै पनि बाण मेरा विरुद्धमा निशाना बन्न सक्दैनन् । यी बाँण मेरा विरुद्ध प्रयोग गऱ्यौ भने पहिले तिमीनै सिध्याइनेछौ । त्यसैले मलाई खतम गर्न त अर्कै किसिमका बाण बनाइनुपर्दछ । त्यस तर्फ विचार गरे हुन्छ ।"

त्वचाको कुरा सुनेपछि अलर्क केही समय विचार मग्न रहे । यस्तैमा कानको कुरा सम्भेर उनको मनमा आयो– "कान बारम्बार नाना प्रकारका सुमधुर शब्द सुन्न र सुनिरहन चाहन्छ । त्यसैले म कानलाई आफ्ना बाणले प्रहार गर्दछु ।"

कानले पनि अलर्कका कुरा थाहा पायो । उसले भन्यो– "हे अलर्क ! तिम्रा ती बाणले मेरो केही बिगार गर्न सक्दैनन् । बरु तिम्रै मर्मस्थान विदीर्ण होला । यसो भयो भने तिमी स्वयं नै मृत्यु बरण गर्न पुग्नेछौ । त्यसैले तिमीले अर्कै खाले बाण खोज्न बेस होला । जसको सहायताले म माथि प्रहार गर्न मिलोस् ।"

कानका कुरामा पनि सत्यता देखिएको हुँदा अलर्कले नयाँ उपाय सोच्न पर्ने भयो । उनले नेत्रलाई सम्बोधन गरेर भने– "यी आँखा पनि अनेकौं पटक विभिन्न सुन्दर रूपको दर्शन पाउँदा पनि अझै दोहऱ्याउँदै तेहऱ्याउँदै हेर्न लालायित हुने हुन् । यस कारण यिनलाई मेरा यी तीखा बाणले सिध्याउन जरुरी छ । अलर्कका मनमा यस्ता विषय खेलेको थाहा पाएका नेत्रले भने– "अलर्क ! तिम्रा बाणले मलाई केही गर्न सक्दैनन् । किनभने तिमीले मलाई लक्ष गरेर बाण हान्यौ भने तिमी आफैंले जीवनबाट हात धुनुपर्दछ । यस कारण अर्कै बाण वा अन्य हतियार आविष्कार गर्न पर्ला जसबाट तिमी मलाई मार्न सक्नेछौ ।"

यता कतैबाट पनि केही जुक्ति नदेखेपछि अलर्क केही सोचमा डुबे । उनका मनमा बुद्धिको सम्झना भयो । बुद्धिलाई लक्ष गरेर उनले भने– "यो बुद्धि आफ्नु ज्ञान शक्तिबाट नाना प्रकारका निर्णय लिने गर्दछ । अतः बुद्धिलाई नै आफ्ना बाण प्रहार गर्नु पर्ला ।"

बुद्धि झन् के कम थियो र ? उसले भन्यो– "अलर्क ! तिम्रा यी बाण मेरो स्पर्श गर्नसम्म पनि सक्दैनन् । यिनीहरूले त तिम्रै मर्ममा घोच्ने र सताउने गर्न सक्छन् । त्यस कारण जसको सहायताबाट मलाई मार्न सकिन्छ त्यतातिर सोच ।"

ब्राह्मणले ब्राह्मणीसँग भने– "देवी ! त्यसपछि अलर्कले त्यही रुख मनि बसेर घोर तपस्या गरे । तर पनि मन, बुद्धि सहितका पाँचै इन्द्रियहरूलाई तह लगाउने कुनै उत्तम अस्त्र वा शस्त्र पहिचान गर्न सकेनन् । तब ती समर्थवान राजा एकाग्र चित्त भएर विचार गर्न लागे । विप्रवर ! धेरै दिनसम्म विचार गर्दा गर्दा बुद्धिमान् राजा अलर्कले योगभन्दा बढी अर्को कुनै कल्याणकारी साधन देखेनन । उ मनलाई एकाग्र बनाएर स्थिरासनमा बसे । योगको साधना गर्न लागे । उनले ध्यानयोगरूपी बाण हानेर समस्त इन्द्रियहरूलाई सजिलै परास्त गरे । उ ध्यानयोगद्वारा आत्मामा प्रवेश गरेर परम सिद्धि अर्थात् मोक्ष प्राप्त गर्न सफल भए ।

यो सफलताबाट राजा अलर्कलाई ठूलो आश्चर्य अनुभव भयो । उनले यो मार्ग उत्तम मानेर गान गरे– "ओहो ! बडो कष्टको बात हो अहिलेसम्म म बाहिरी काममा लागिरहें । भोग तृष्णामा डुबेर राज्यको नै उपासना गरिरहें । ध्यान योगभन्दा ठूलो अरू सुखको साधन रहेनछ । यो कुरा मलाई धेरै समयपछि मात्र ज्ञान भयो ।"

पितामहले भन्नुभयो– "बाबु परशुराम ! यी सबै कुरा राम्रोसँग बुझ । तिमी क्षत्रियहरूको नाश गर्ने अभियानबाट आफूलाई निवृत्त बनाउ । तपस्यामा लागिहाल । तिम्रो कल्याण होस् ।"

आफ्ना पितामहबाट यस्तो आज्ञा भएपछि महान् सौभाग्यशाली जमदग्निनन्दन परशुरामजी कठोर तपस्यामा लागे । यसैबाट उनलाई परम दुर्लभ सिद्धि प्राप्त भयो ।

अध्याय १८

राजा अम्बरिषले गाएका आध्यात्मिक स्वराज्य विषयक गाथा

ब्राह्मणले भने– "देवी ! संसारमा सत्त्व, रज र तम यी तीन मेरा शत्रु हुन् । यी वृत्तिहरू नौ प्रकारका मानिएका छन् । हर्ष, पृति र आनन्द । यी तीन सात्विक गुण हुन् । त्यस्तै थकावट, तन्द्रा र मोह यी तीन तामस गुण हुन् । शान्त चित्त, जितेन्द्रिय आलस्यहीन र धैर्यवान पुरुष सम, दम आदि बाण समूहद्वारा यी पूर्वोक्त गुणको उच्छेद गरेर अरूलाई उत्साहित गर्दछन् । यस विषयमा प्राचीन समयका जानकारहरूका गाथा सुनाइने गरिन्छ ।

उहिले कुनै समयमा महा यशस्वी राजा अम्बरिषले यो गाथा गाएका थिए । भनिएको छ जब दोषहरूको बल बढी भयो र राम्रा गुणहरू मिचिन

थाले राजा अम्बरिषले राज्यको बाग्डोर आफ्ना हातमा लिए । उनले आफ्ना दोषहरूलाई मिचि दिएर उत्तम गुणहरूलाई आदर गरे । उनले यसै विषयको भावपूर्ण गीत पनि गाए ।

मैले धेरैजसो दोष माथि विजय प्राप्त गरें र भएभरका शत्रुहरूलाई स्वाहा पारिदिएँ । तर एउटा सबैभन्दा ठूलो दोष बाकी रहन गयो । अहिले सम्म पनि त्यसलाई तह लगाउन सकिएको छैन । त्यसैका कारणले प्राणीहरूमा वैराग्य नहुने हो । तृष्णाको अधीनमा परेको मान्छे नीच कर्म तिर मात्र लाग्दछ । यसमा प्रेरित भएर नगर्न पर्ने काम पनि गर्न पुग्दछ । त्यो दोषको नाम हो लोभ त्यसलाई ज्ञानरूपी तरवारले काटेपछि मात्र मानिस सुखी हुन्छ ।

लोभबाट तृष्णा र तृष्णाबाट चिन्ता पैदा हुन्छ । लोभी मानिस पहिले राजस गुण भेटाउँछ र त्यो पाएपछि उसमा तामसी गुणहरू पनि आइहाल्छन् । ती गुणहरूद्वारा देह बन्धनमा बाँधिएर उ बारबार जन्म लिनेमा पर्दछ । यसै कारण लोभ स्वरूपलाई राम्रोसँग बुझेर धैर्यपूर्वक दवाउनुपर्दछ । यही वास्तविक स्वराज्य हो । यहाँ दोस्रो कुनै राज्य हुँदैन । आत्माको यथार्थ जो जान्दछ असली राजा त्यही हो ।

यसरी यशस्वी राजा अम्बरिषले आत्मराज्यको नजिक पुगेर एक मात्र प्रबल शत्रु लोभलाई तह लगाएर त्यसै अनुरूप भजन गान गरेका थिए ।

अध्याय १७

ब्राह्मणरूपधारी धर्म र राजा जनकको ममत्व त्याग सम्बन्धी संवाद

महाभारत अश्वमेधिकपर्वणि अनुगीतापर्व बत्तीसौं अध्याय अनुगीताको सत्रौं अध्याय भएर आएको छ । यस अध्यायमा ब्राह्मणरूपधारी धर्म र जनकको ममत्व त्याग विषयक संवाद रहेका छन् । यो अध्यायमा जम्मा छव्वीस श्लोक छन् ।

ब्राह्मणले भने– "भामिनि ! यस प्रसङ्गमा एक ब्राह्मण र राजा जनकका संवादरूपी प्राचीन इतिहासको उदाहरण दिइएको छ । एक समय राजा जनकले कुनै अपराधमा पक्राउमा परेका एउटा ब्राह्मणलाई दण्ड सुनाउँदै भने– "ब्राह्मण ! मेरो देशबाट बाहिर जानुहोस् ।"

राजाबाट भएको यो आदेश सुनेर ब्राह्मणले राजासँग भने– "महाराज ! हजुरको अधीनमा जे जति देश छन् तिनको सीमा बताइयोस् । सामर्थ्यशाली नरेश ! यो कुरा जान्न पाएपछि म अर्को देशमा बस्न जानेछु । शास्त्र अनुसार मैले राजआज्ञा पालन गर्नुपर्दछ गर्न चाहन्छु पनि ।"

यशस्वी ब्राह्मणका कुरा सुनेर राजा जनक आत्तिए । कुनै जबाफ दिन सकेनन् । त्यस्ता तेजस्वी राजा जनक बसेर विचार गर्दै थिए उनलाई मोहले घेऱ्यो । सूर्यमा ग्रहण लागे जस्तै हुन गयो । राजा जनक केही समय चुप चाप बसे । जब उनको मोह नष्ट भयो त्यसपछि बोल्न थाले । महाराज जनकले भने– "ब्रह्मन् ! यद्यपि बाउबाजेका पाला देखि नै मिथिला राज्यमा मेरो अधिकार सिद्ध भएको हो तापनि जब म विचार गरेर हेर्छु र सारा पृथिवीमा खोजे पनि मेरो देश देख्न सक्दिनँ । पृथिवीमा राज्य नभेटेर मैले मिथिलामा

खोजें। जब त्यहाँबाट पनि निराश भएँ र आफ्ना प्रजामाथि आफ्नु अधिकार पत्ता लगाएँ। तर उनीहरूमाथि पनि मेरो अधिकार निश्चय हुन सकेन। तब ममा मोह उत्पन्न भयो। अनि विचारद्वारा मोह हटाएँ। त्यति बेला पनि म यस्तो निश्चयमा पुगेको हुँ कहीं पनि मेरो राज्य छैन। फेरि सोच्न पुग्छु जहाँ तही मेरो राज्य हो। एक दृष्टिबाट हेर्छु यो शरीरै मेरो होइन। अर्को तर्फबाट हेर्छु सारा पृथिवी नै मेरो हो। यो जसरी मेरो हुन्छ त्यसरी नै अरूको पनि हो। यस कारण द्विजोत्तम ! तपाइँको जहाँ इच्छा छ त्यहाँ बस्नुहोस्। जहाँ रहनुहुन्छ त्यो ठाउँको उपभोग गर्नुहोस्।"

महाराज जनकका कुरा सुनेपछि ब्राह्मणले भने– "राजन् ! जब हजुर बाजेका पाला देखि नै मिथिलामा आफ्नु अधिकार भएको हो भन्दै हुनुहुन्छ भने भन्नुहोस् कुन बुद्धिको आश्रय लिएर हजुरले आफ्नु ममता त्यागनुभयो ? कुन बुद्धिद्वारा तपाइँ सर्वत्र आफ्नु राज्य मान्नु हुन्छ ? र किन कहीं पनि स्वराज्य देख्नु हुन्न मान्नु हुन्न र कसरी सारा पृथिवी आफ्नै देख्नु हुन्छ ? सम्झनु हुन्न मान्नु हुन्न ?

राजा जनकले भने– "ब्रह्मन् ! यो संसारमा कर्म अनुसार प्राप्त हुने सबै अवस्था आदि र अन्त्य दुवै हो। यो मलाई थाहा छ। यस कारण मलाई कुनै वस्तु मेरो भनिए पनि मेरो हो जस्तो प्रतीत हुँदैन। वेदले पनि भनेको छ यो वस्तु कसको हो ? कसको धन हो ? जब म आफ्नु बुद्धिद्वारा विचार गर्छु कुनै पनि वस्तु त्यस्तो छैन जसलाई मेरो भन्न सकौं। यही बुद्धिको आश्रय लिएर मैले मिथिला राज्यबाट आफ्नु ममत्व हटाइसकेको छु। अब जुन बुद्धिको आधारमा सर्वत्र आफ्नु राज्य सम्झने गर्दछु त्यो पनि सुन्नुहोस्।

आफ्नु नाकमा घुसेको सुगन्धलाई पनि आफ्नु सुखका निमित्त भनेर ग्रहण गर्दिनँ। यसैले मैले पृथिवी जितेको छु। त्यसैले उ मेरो वशमा रहन्छिन् सधैं। मुखभित्र आएका रसलाई पनि आफ्नु स्वादमा लिन्नँ। त्यसैले जल तत्त्वमा विजय पाएको छु। त्यो सधै मेरो अधीनमा हुने गरेको छ। म नेत्रका

विषयभूत रूप र ज्योतिबाट आफ्नु सुखका निमित्त केही अनुभव गर्न चाहन्नँ। यसै कारण मैले तेजलाई जितेको हुँ । यो सधै मेरो अधीनमा रहन्छ । म कानमा परेका शब्दहरूलाई आफ्नु सुखका निमित्त ग्रहण गर्दिनँ । त्यसैले मैले जितेका शब्दहरू मेरो अधीनमा हुन्छन् । म मनमा आएका मन्तव्य आत्मसुखका निमित्त राख्न चाहन्नँ । त्यसैले मेरो मन पनि मेरो अधीनमा हुन्छ। म मेरा समस्त कार्यको आरम्भ देवता, पितृ, भूत र अतिथिका निमित्त हुने गर्दछन् ।"

राजा जनकका यस्ता बात सुनेर ब्राह्मण हाँसे । अनि भन्न थाले– "महाराज ! हजुरलाई थाहा हुन पर्ने हो नि त म धर्म हुँ । म तपाइँको परीक्षा लिन ब्राह्मण रूप धारण गरेर यहाँ आएको हुँ । अब मलाई निश्चय भयो संसारमा सत्त्वगुणरूप नेमीबाट घेरिएका र कहिल्यै पछि नफर्कने ब्रह्म प्राप्ति रूप दुर्निवार चक्रको सञ्चालक एक मात्र तपाइँ नै हुनुहुन्छ ।

अध्याय १८

ब्राह्मणले पत्नीप्रति आफ्नु ज्ञाननिष्ठा स्वरूपको परिचय दिनु

अनुगीता अठ्ठारौं अध्याय जो छ त्यो महाभारत अश्वमेधिकपर्वणिको तेत्तिसौं अध्याय हुन आएको छ। यो अध्याय छोटो छ। यसमा जम्मा आठ श्लोक रहेका छन् ।

ब्राह्मणले भनेका छन्– "भीरु ! तिमी आफ्नु बुद्धिले मलाई जस्तो सम्झेर फट्कारी रहेकी छौ म त्यस्तो होइन । म यो लोकमा देहाभिमानीहरू सरह आचरण गर्दिन । तिमी मलाई पाप पुण्यमा आसक्त देख्छ्यौ । तर

वास्तवमा म त्यस्तो होइन । म ब्राह्मण, जीवन्मुक्त महात्मा, वानप्रस्थ, र ब्रह्मचारी सबै हुँ । यो धरातलमा जो देखिन्छ त्यो सबै मद्वारा व्याप्त भएर रहेको हो । संसारमा स्थावर जंगम जो कोही प्राणी छन् ती सबैको विनाश गर्ने मृत्यु मलाई नै सम्भ । म त काठ दाउरा विनाश गर्ने अग्नि जस्तै हुँ । सम्पूर्ण पृथिवी र स्वर्गमा जति राज्य छन् तीनलाई यो बुद्धि जान्दछ । यस कारण बुद्धि नै मेरो धन भएको छ ।

ब्रह्मचर्य, गार्हस्थ, वानप्रस्थ र संन्यास आश्रममा स्थित ब्रह्मवेत्ता ब्राह्मण जुनबाटोमा हुन्छन् ती ब्राह्मणहरूको मार्ग एउटै हो । किनभने ती मानिस एकदम व्याकुलता रहित चिन्हहरूको धारण गरेर एक बुद्धिको नै आश्रय लिन्छन् । भिन्न भिन्न आश्रममा रहेर पनि जसको बुद्धि शान्तिको साधनामा लागेको छ ती अन्तमा एक मात्र स्वरूप ब्रह्म त्यसै गरी पाउँछन् जसरी नदीहरू समुद्र भेटाउँछन् । यो मार्ग बुद्धिगम्य छ । शरीरद्वारा यो प्राप्त गर्न सकिँदैन । सबै कर्म आदि र अन्त्यवाला छन् । शरीर कर्मका निमित्त हो ।

त्यसैले हे देवी ! तिमीले परलोकका निमित्त कत्ति पनि भय साच्न पर्दैन । तिमी परमात्मा भावका भावनामा रहेर अन्त्यमा मेरै स्वरूपमा प्राप्त होओउली ।

अध्याय १९

भगवान् श्रीकृष्णद्वारा ब्राह्मण गीताको उपसंहार

ब्राह्मणीले भनिन्– "नाथ ! मेरो बुद्धि मन्द र अन्तःकरण अशुद्ध छ । यस कारण हजुरले सङ्क्षेपमा जुन महान् ज्ञानको उपदेश गर्नु भो त्यो परम आदरणीय उपदेश पनि सम्भन मलाई कठिन भएको छ । मैले त सुनेर पनि धारण गर्न सकेकी छैन । यस कारण हजुरले यस्तो उत्तम उपायद्वारा बताइ

दिनुहोस् जसबाट मलाई बुद्धि प्राप्त होओस् । यस्तो उपाय पनि हजुर नै पत्ता लगाउन सक्नु हुन्छ ।"

ब्राह्मणीद्वारा निवेदन गरिएका कुरा सुनेका ब्राह्मणले भने– "देवी ! तिमी बुद्धिलाई तलको अरणी र गुरुलाई माथिको अरणी मान । तपस्या र वेद वेदान्तको श्रवण मननद्वारा मन्थन गरेपछि अरणीहरूमा ज्ञानरूप अग्नि प्रकट हुन्छ ।

ब्राह्मणीले भनिन्– नाथ ! क्षेत्रज्ञ नामबाट प्रसिद्ध शरीरान्तर्वर्ती जीवात्मालाई ब्रह्मस्वरूप बताइन्छ, यस्तो कुरा कसरी सम्भव हुन्छ ? किनभने जीवात्मा ब्रह्मको नियन्त्रणमा रहन्छ र जो जसको नियन्त्रणमा रहन्छ उ उसकै स्वरूप हुन्छ, यस्तो कहिल्यै देखिएको छैन ।"

ब्राह्मणले भने– देवी ! क्षेत्रज्ञ वास्तवमा देह सम्बन्धरहित र निर्गुण हो । किनभने उसमा गुण तथा साकार हुने कुनै कारण देखिदैन । यस कारण म त्यो कुरा बताउँछु जसबाट सम्झन सकिन्छ अर्थात् ग्रहण गर्न सकिन्छ वा सकिँदैन । क्षेत्रज्ञको साक्षात्कार गर्नका लागि पूर्ण उपाय देखिएको छ । त्यो हो देख्ने काम छाडेर विचार गर्ने हो भने भमराले सुगन्ध थाहा पाए जस्तै स्वतः थाहा पाइन्छ । तर कर्म विषयक बुद्धि वास्तवमा बुद्धि नहुनाका कारण ज्ञान जस्तो प्रतीत भए पनि वास्तवमा त्यो ज्ञान होइन । यसलाई साक्षात्कार गर्न सकिँदैन ।

यो कर्तव्य हो यो होइन यस्ता कुरा मोक्षका सधनमा मानिदैन । जुन साधनमा देख्ने तथा सुन्नेको बुद्धि आत्मा स्वरूप निश्चित हुन्छ त्यही यथार्थ साधन हो । यहाँ जति कल्पना गरिन्छ त्यत्ति नै हजारौं व्यक्त तथा अव्यक्त रूप अंश को कल्पना गरौं । ती सबै प्रत्यक्ष हुने पदार्थ वास्तविक अर्थयुक्त हुँदैनन् । जहाँ केही पनि छैन त्यहाँ त्यसको साक्षात्कार छैन । नेति-नेतिनै हो । अर्थात् यो होइन र यो पनि होइन नै हो ।

भगवान् श्रीकृष्णले भन्नुभयो– अर्जुन ! त्यसपछि ती ब्राह्मणीको बुद्धि जो क्षेत्रज्ञको आशङ्का युक्त थियो क्षेत्रको ज्ञानबाट यथार्थ भइहाल्यो ।

भगवान् श्रीकृष्णबाट यस्ता कुरा भएपछि अर्जुनले भने– हे श्रीकृष्ण ! ती ब्राह्मणी कुन थिइन् ? हे अच्युत ! जुन यी दुइ जनाले सिद्धि प्राप्त गरे ती दुवैको परिचय कृपया मलाई दिनुहोस् ।

आफ्ना परम मित्र कुन्तीपुत्र अर्जुनले यस्तो जिज्ञासा प्रस्तुत गरेपछि भगवान् श्रीकृष्णले भन्नुभयो :-

मनो मे ब्राह्मणं विद्धि बुद्धिं मे विद्धि ब्राह्मणीम् ।
क्षेत्रज्ञ इति यश्चोक्तः सोऽहमेव धनञ्जय ।।

हे अर्जुन ! मेरो मनलाई तिमी ब्राह्मण मान र मेरो बुद्धिलाई ब्राह्मणी सम्झ । यसो भएपछि स्पष्ट होला कि त्यो क्षेत्र र क्षेत्रज्ञ जो भनिएको त्यो पनि मै हुँ ।

अध्याय २०

श्रीकृष्णद्वारा अर्जुनसँग मोक्षधर्मको चर्चा

अर्जुनले भने– भगवन् ! अहिले हजुरका कृपाले मेरो बुद्धि सूक्ष्म विषयका मैले जान्न योग्य विषय सुन्नलाई लालायित भएको छ। यस कारण परब्रह्म स्वरूपको व्याख्या गरिदिनुभए म कृतार्थ हुने थिएँ ।

अर्जुनका यस्ता कुरा सुनेपछि वासुदेवले भन्नुभयो– "अर्जुन ! यस विषयलाई लिएर एक गुरु र एक शिष्यका बीचमोक्ष विषयक संवाद भएको थियो । यो कुरा प्राचीन इतिहासले बताएको छ । एक दिन उत्तम व्रत पालन

गर्ने एक ब्रह्मवेत्ता आचार्य आफ्नु आसनमा विराजमान थिए। परन्तप त्यही समयमा कुनै बुद्धिमान् शिष्य उनीसँग गएर निवेदन गरे– "भगवन् ! म कल्याण मार्गमा प्रवृत्त भएर हजुरका शरणमा आएको छु। म हजुरका चरणमा शिर नुगाएर प्रार्थना गर्दै छु म केही प्रश्न गरुँ र हजुरबाट मेरा प्रश्नको उत्तर पाउँ। म जान्न चाहदैछु श्रेय के हो ?

बुद्धिमान् कुन्तीपुत्र अर्जुन ! यसरी ती शिष्यले प्रार्थना गरेपछि गुरुले उनीसँग भने– "विप्रवर ! तिमीमा जुन विषयमा संशय छ त्यो म तिमीलाई बताउला।"

विद्वान् कुन्तीपुत्र अर्जुन ! गुरुबाट निगाहपूर्वक यस्ता कुरा सुनेका प्यारा शिष्यले हात जोडेर जे जो प्रश्न गरेका थिए त्यो सुन।"

शिष्यले भने– "विप्रवर ! म कहाँबाट आएको हु र हजुर कहाँबाट आउनुभएको हो ? जगत् चराचर जीव कहाबाट उत्पन्न भए ? जो परम तत्त्व हो त्यो हजुरले यथार्थ रूपमा बताउनुहोला। विप्रवर ! सम्पूर्ण जीव, कोबाट जीवन धारण गर्दछन् ? उनीहरूको आयु कतिसम्म हुन्छ ? सत्य र तप के हो ? सत्पुरुषहरूले किन गुणको प्रशंसा गरेका हुन् ? कुन कुन मार्ग कल्याणकारी हुन् ? सर्वोत्तम सुख के हो ? पाप केलाई भनिन्छ ? श्रेष्ठ वरधारी गुरुदेव ! मेरा यी प्रश्नहरूको यथार्थ रूपबाट उत्तर दिन हजुर समर्थ हुनुहुन्छ। धर्मज्ञमा श्रेष्ठ ब्राह्मण ऋषिवर ! यी कुरा जान्नका निमित्त मेरो मनमा ठूलो उत्कण्ठा छ। यसमा अर्थात् यी प्रश्नहरूमा तत्त्वतः यथार्थ उत्तर दिनेमा हजुर बाहेक अरू समर्थ छैन। यसैले हजुर नै बताउनुहोस्। किनभने संसारमा मोक्ष धर्मतत्त्वको ज्ञानमा हजुर कुशल हुनुहुन्छ भन्ने मैले थाहा पाएको छु। हामी यो संसारमा भयभीत छौं र मोक्षका निमित्त इच्छुक छौं। हजुर बाहेक अरू कोही देखिएन जसले सबै प्रकारका शङ्काहरूको निवारण गरिदेओस्।"

भगवान् श्रीकृष्णले भन्नुभयो– "कुरुकुलश्रेष्ठ शत्रुदमन अर्जुन ! ती शिष्य यसरी गुरु समक्ष आएका थिए । उ प्रश्न गर्नमा निपुण थिए । गुणवान र शान्त स्वभाव थिए । छाँया जस्तै सँगै रहेर गुरुको खातिर गर्दथे, जितेन्द्रिय, संयमी र ब्रह्मचारी थिए । उनले प्रश्न राखेपछि मेधावी एवं व्रतधारी गुरुले पनि सविस्तार सबै प्रश्नहरूको उत्तर दिए ।

गुरुले भने– "बाबु ! ब्रह्माजीले वेदविद्याको आश्रय लिएर तिमीले राखेका यी प्रश्नहरूको उत्तर पहिले नै दिएका छन् र ठूला ठूला ऋषिहरूले सदा ती कुराहरूको पालन गर्दै आएका पनि छन् । ती प्रश्नोत्तरमा परमार्थ विषयको चर्चा गरिएको छ । हामी ज्ञानलाई नै परमब्रह्म र संन्यासको उत्तम तप मान्दछौं । जो अबाधित ज्ञान तत्त्वलाई राम्रोसँग जानेर सबै प्राणीभित्र स्थित देख्तछ त्यो नै सर्वगति मानिन्छ । जुन विद्वान् संयोग र वियोग तथा नाना तत्त्वलाई एक साथ तत्त्वतः जान्दछ त्यो दुःखबाट मुक्त हुन्छ । जो कुनै वस्तुप्रति कामना भाव राख्दैन जसका मनमा कुनै कुराको अभिमान छैन उ यो लोकमा रहेर पनि ब्रह्मभाव प्राप्त भएको हुन्छ । जो माया र सत्त्वादि गुण तत्त्वलाई जान्दछ जसलाई भूतादि गुणहरूको ज्ञान छ र जो ममता तथा अहङ्कार रहित भएको छ त्यो मुक्त हुन्छ । यसमा केही सन्देह नै छैन ।"

यो देह एक वृक्ष बराबर हो । अज्ञान यसका जरा हुन् । बुद्धि स्कन्ध हो अहङ्कार शाखा हुन् इन्द्रियहरू खोखला हुन् पञ्चमहाभूत उसका विशेष अवयव र भूतहरूको विशेष भेद उसका ठहनिया हुन् । यसमा सदैव सङ्कल्परूपी पत्ता लाग्छन् र कर्मरूपी फूल फुल्छन् । शुभाशुभ कर्ममा प्राप्त हुने सुखदुःखादि नै त्यहाँ लाग्ने फल हुन् । यसरी ब्रहमरूपी विज प्रकट भएर प्रवाह रूपमा सदा मौजुदा हुने देह वृक्ष प्राणीको जीवनाधार हो । जो यो तत्त्वलाई राम्रोसँग जानेर ज्ञानरूपी उत्तम तरवारबाट यसलाई काट्छ उ अमरत्व प्राप्त गरेर जन्म मृत्यु बन्धनबाट छुटकारा पाउँछ ।

महाप्राज्ञ ! जसले भूत, बर्तमान र भविष्य आदिको तथा धर्म, अधर्म

र कामका स्वरूपको निश्चय गरेको छ जसले सिद्धहरूको समुदायलाई राम्ररी जानेको छ जसको पूर्व कालमा निश्चय गरिएको थियो र बुद्धिमानहरू जसलाई चिन्दछन् जान्दछन् जानेर सिद्ध हुन्छन् त्यस्तो उत्तम सनातन ज्ञान अब म तिमीलाई सुनाउँछु ।

पहिलेको कुरा हो प्रजापति दक्ष, भारद्वाज, गौतम, भृगुनन्दनशुक्र, बसिष्ठ, कश्यप, विश्वामित्र र अत्रि आदि महर्षि आफ्ना कर्मद्वारा समस्त मार्ग भटक्दा भटक्दा जब थाके तब एकत्रित भएर आपसमा जिज्ञासा राख्दै परम वृद्ध अंगिरा मुनिलाई अघि लगाएर ब्रह्मलोकमा गए । उहा सुखपूर्वक बसेका पाप रहति ब्रह्माजीको दर्शन गरेर महर्षि ब्राह्मणहरूले विनयपूर्वक ब्रह्माजीलाई प्रणाम गरे । त्यसपछि तिमीले जस्तै गरी आफ्ना कल्याणका विषयमा प्रश्नहरू राखे ।

श्रेष्ठ कर्म कसरी गर्ने ? मान्छे पापबाट कसरी छुट्छ ? कुन कुन मार्ग हाम्रालागि कल्याणकारी हुन् ? सत्य के हो र पाप के हो ? त्यस्तै कर्मका दुइ मार्ग के के हुन् जसबाट मान्छे दक्षिणायन र उत्तरायण गति प्राप्त गर्दछ ? प्रलय र मोक्ष के हो ? यसै गरी प्राणीको जन्म र मरण के हो ?

शिष्य ! ती मुनि महर्षिहरूले यसरी सोधेपछि प्रपितामह ब्रह्माजीले जे जे भन्नुभएको हो त्यो शास्त्रानुसार पुरापुर सुनाउँछु सुन ।

ब्रह्माजीले भन्नुभयो– "उत्तम व्रत पालन गर्ने महर्षिहरू हो ! यस्तो जान्ने चराचर जीव सत्यस्वरूप परमात्माबाट उत्पन्न भएका छन् र तपरूपी कर्ममा जीवन धारण गरेका छन् । ती आफ्ना कारणस्वरूप ब्रह्मलाई भुलेर आफ्नु कर्म अनुसार आगमन चक्रमा घुम्छन् । किनभने गुणले युक्त भएको सत्य नै पाँच लक्षणवाला निश्चित गरिएको छ ।

ब्रह्म सत्यं तपः सत्यं सत्यं चैव प्रजापतिः ।
सत्यात् भूतानि जातानि सत्यं भूतमयं जगत् ।।

ब्रह्म सत्य हो जगत् सत्य हो र प्रजापति पनि सत्य नै हुन् । सत्यबाट सम्पूर्ण भूतहरूको जन्म भएको हो । यो भौतिक जगत् सत्यरूप नै हो । यस कारण सदा योगमा रहनेवाला क्रोध र सन्तापबाट टाढा रहनेवाला त्यस्तै नियमहरूको पालन गर्ने धर्मसेवी ब्राह्मण सत्यको अश्रय लिन्छन् ।

जो परस्पर एक अर्काको नियमभित्र रहने धर्म मर्यादाका प्रवर्तक र विद्वान् छन् ती ब्राह्मणप्रति म लोक कल्याणकारी सनातन धर्मको उपदेश गर्नेछु । त्यसै गरी प्रत्येक वर्ण र आश्रमका फरक फरक चार विद्याहरूको वर्णन गर्नेछु । मनीषी विद्वान् चार चरणवाला एक धर्मलाई नित्य बताउँछन् । हे ब्राह्मणवर ! पूर्व कालमा मनीषी पुरुष जसका सहारा लिइसकेका हुन् र जो ब्रह्मभावको प्राप्तिको सुनिश्चित साधन हुन् ती परम मंगलकारी कल्याणमय मार्गको तपाइँहरूमा उपदेश गर्दछु । त्यो ध्यान दिएर सुन । शौभाग्यशाली प्रवक्तागण ! यो अत्यन्त दुर्विशेष मार्ग जो पूर्णतया परमपदस्वरूप छ यो मबाट सुन्नुहोस् ।

आश्रमहरूमा ब्रह्मचर्यलाई प्रथम आश्रम बताइएको छ । गार्हस्थ्य दोस्रो र वानप्रस्थ तेस्रो आश्रम हो । त्यसपछिको हो संन्यास आश्रम । यसमा आत्मज्ञानको प्रधान्यता हुन्छ । यस कारण यसैलाई परम पद स्वरूप सम्झनुपर्दछ । जब तक अध्यात्म ज्ञान प्राप्त हुँदैन तबतक मनुष्य यी ज्योति, आकाश, वायु, सूर्य, इन्द्र र प्रजापति आदिको यथार्थ तत्त्व जान्दैन । आत्मज्ञान भएपछि मात्र यी ज्ञान हुने हुन् । त्यसैले पहिले आत्मज्ञान का उपाय बताउँछु । ब्राह्मण, क्षत्रिय र वैश्य यी तीन द्विजातिहरूका लागि वानप्रस्थ आश्रमको विधान छ । वनमा रहेर मुनिवृत्तीको पालन गर्दै फल फूल र वायुको आहारामा जीवन निर्वाह गरेर वानप्रस्थ धर्मको पालन गर्ने गरिन्छ । गृहस्थ आश्रमको विधान सबै वर्णलाई हुन्छ ।

विद्वान्हरूले श्रद्धालाई धर्मको मुख्य लक्षण मानेका छन् । यस कारण तपाइँहरूलाई देवयान मार्गको वर्णन गरिएको छ । धैर्यवान सन्त

महात्मा आफ्ना कर्मद्वारा धर्म मर्यादाको पालना गर्दछन् । जो मनुष्य उत्तम व्रतको आश्रय लिएर उपर्युक्त धर्म मध्ये कुनैको दृढतापूर्वक पालना गर्दछ उ कालक्रमबाट सम्पूर्ण प्राणीको जन्म र मरणलाई सदा नै प्रत्यक्ष देख्छ ।

अब म यथार्थ युक्तिद्वारा पदार्थमा विभाग पूर्वक रहने सम्पूर्ण तत्त्वको वर्णन गर्दछु । अव्यक्त प्रकृति, महत्तत्त्व, अहङ्कार, दश इन्द्रियहरू एक मन पाँच महाभूत र तिनका शब्द आदि विशेष गुण यी चौबिस तत्त्वका सनातन सर्ग हुन् । त्यस्तै एक जीवात्मा पनि छ । यस प्रकार तत्त्वहरूको संख्या पच्चिस भयो । जो यी सबै तत्त्वको उत्पत्ति र लयलाई ठीक ठीक जान्दछ त्यो सम्पूर्ण प्राणीमा धीर हो र उ कहिल्यै मोहमा फस्दैन । जो सम्पूर्ण तत्त्व तथा समस्त देवताहरूलाई यथार्थ रूपबाट जान्दछ उसको पाप धोइन्छ र उ बन्धनबाट मुक्त भएर सम्पूर्ण दिव्यलोकमा सुखको अनुभव गर्दछ ।

अध्याय २१

ब्रह्माजीद्वारा तमोगुणको कार्य र कर्मफल वर्णन

ब्रह्माजीले भन्नुभयो– "महर्षिहरू हो ! जब तीन गुणको साम्यावस्था हुन्छ तब त्यस समय प्राकृत कार्यमा अव्यक्त प्रकृति हुन्छ । अव्यक्त समस्त कार्यमा व्यापक, अविनाशी र स्थिर हुन्छ । ती तीन गुणमा जब विषमता आउँछ तब पञ्चभूतको रूप धारण गर्दछ र नौ द्वार नगर अर्थात् शरीरको निर्माण हुन्छ । यो पनि जानिराख्न पर्दछ यो नगर वा पुरमा जीवात्मामा विषयहरूतिर प्रेरित गर्ने मन सहित एघार इन्द्रियहरू हुन्छन् । यिनको अभिव्यक्ति मनबाट हुन्छ । बुद्धि यो नगर वा पुरीकी स्वामिनी मानिन्छ । एघारौं इन्द्रिय भनिएकोमा दश इन्द्रियभन्दा पनि श्रेष्ठ हो यो इन्द्रिय वा बुद्धि । यसका तीन स्रोत छन् । ती तीन गुणमय नाडिहरूद्वारा पटक पटक भइरहन्छन् र प्रवाहित हुन्छन् ।

सत्त्व, रज र तम यी तीन गुण हुन् । यी आपसमा एक अर्काका प्रतिद्वन्द्वी, एक अर्कामा आश्रित, एक अर्काको सहायतामा रहने, एकले अर्कोको अनुसरण गर्ने र परस्पर मिश्रित हुने पनि हुन् । पाचौं महाभूत त्रिगुणात्मक हो । तमोगुणको प्रतिद्वन्द्वी हो सत्त्वगुण, सत्त्वगुणको प्रतिद्वन्द्वी रजोगुण, यसै गरी रजोगुणको प्रतिद्वन्द्वी सत्त्वगुण हो सत्त्वगुणको प्रतिद्वन्द्वी तमोगुण हो । जहाँ तमोगुण रोकिन्छ रजोगुण बढ्छ र जहाँ रजोगुणलाई दवाइन्छ त्यहाँ सत्त्वगुणमा बृद्धि हुन्छ ।

तमलाई अन्धकार रूप र त्रिगुणमय सम्झनुपर्दछ । त्यसको अर्को नाम मोह हो । त्यो अधर्मको लक्षित गर्नेवाला हो । र पापीहरूमा निश्चित रूपले विद्यमान रहने पनि हो । तमोगुणको यो स्वरूप अरू गुणमा मिश्रित पनि देखिन्छ । रजोगुण प्रकृति रूप बताइएको छ । यो सृष्टिको उत्पत्तिको कारण हो । सम्पूर्ण भूतहरूमा यसको प्रवृत्ति देखिन्छ । यो दृश्यजगत् उसको स्वरूप हो । उत्पत्ति र प्रवृत्ति यसका लक्षाण हुन् । सबै भूतमा प्रकाश, लघुता र श्रद्धा यी सत्त्वगुणका रूप हुन् । गर्वहीनतामा श्रेष्ठ पुरुषहरूले प्रशंसा गरेका छन् ।

अब म तात्त्विक युक्तिद्वारा सङ्क्षेप र विस्तारका साथ यी तीन गुणको कार्यको यथार्थ वर्णन गर्दछु । यो ध्यान दिएर सुन । मोह, अज्ञान, त्यागको अभाव, कर्मको निर्णय गर्न नसक्नु, निन्द्रा, गर्व, भय, लाभ, स्वयं शुभकर्ममा दोष देख्नु, स्मरणशक्तिको अभाव, परिणाम नसोच्नु, नास्तिकता, दुश्चरित्रता, निर्विशेषता, इन्द्रिय शिथिलता, हिंसा आदि निन्दनीय दोषमा प्रवृत्त हुनु, अकार्यको कार्य र अज्ञानलाई ज्ञान सम्झनु, शत्रुता, काममा मन नलाग्नु, अश्रद्धा, मूर्खतापूर्ण विचार, कुटिलता, नासमझ, पापी, अज्ञान, आलस्य आदिका कारण देह भारी हुनु, भाव भक्ति नहुनु, अजितेन्द्रियता र निच कर्ममा अनुराग यी सबै दुर्गुण तमोगुणका कार्य बताइएको छ । यो बाहेक अरू पनि यो लोकमा निषिद्ध मानिएका छन् ती सबै तमोगुण हुन्छन् ।

देवता, ब्राह्मण र वेदको सदा निन्दागर्नु, दान नदिनु, अभिमान गर्नु, मोह, क्रोध, असहनशीलता र प्राणीहरू प्रति मात्सर्य यी सबै तामस विषय हुन् । विधि तथा श्रद्धारहित कार्य गर्न थाल्नु, देश, काल र पात्रको विचार नगरी अश्रद्धा र अवहेलनापूर्वक व्यर्थ दान दिनु, तथा देवता तथा अतिथिलाई नदिइ व्यर्थ भोजन गर्नु, तामसिक कार्य हो । अतिवाद, अक्षमा, मत्सरता, अभिमान र अश्रद्धा पनि तमोगुणको बर्ताव मानिएको छ । संसारमा यस्ता बर्तावले काम गर्ने र धर्मको मर्यादा भंग गर्नेवाला पापी हुन् । ती सबैलाई तमोगुणीमा राखिने गर्दछ । यस्ता पापी मनुष्यका लागि अर्को जुनीमा जुन योनिमा निश्चित गरिएको हुन्छ त्यस्ताको परिचय दिन्छु । तिनमा कोही ता निचयोनिमा भासिन्छन् । कोही तिर्यक योनिमा जन्मन पुग्छन् ।

वृक्ष, पर्वत आदि स्थावर जीव, पशु, वाहन, राक्षस, सर्प,किरा, पंक्षी, अण्डज प्राणी, चौपाया, पागल, बहर, गँगटा तथा अन्य जति पापमय रोगी छन् र मनुष्य छन् ती सबै तमोगुणमा डुबेका हुन्छन् । आफ्नु कर्म अनुसार यी दुराचारी जीव सदा दुःखमा हुन्छन् । उनीहरूको चित्तवृत्ति निचतातिर बढ्दै जान्छ । तसर्थ यिनीहरू अर्वाक श्रोता कहिन्छन् । तमोगुणमा निमग्न हुने सबै प्राणी तामसी हुन्छन् ।

अब म ती तामसी योनिमा गएका प्राणीहरूको उद्धार कसरी हुन्छ त्यो वर्णन गर्दै उनीहरू सम्मृद्ध कसरी हुन्छन् पुन्यकर्मा भएर कसरी श्रेष्ठलोकमा पुग्छन् त्यो वर्णन गर्दछु । जो विपरीत योनिमा पुग्छन् उनीहरू आफ्नु पापकर्मको भोग पूरा भएपछि जब पुण्यकर्मको उदय हुन्छ तब शुभकर्मको संस्कारबाट स्वकर्मनिष्ट कल्याणकामी ब्राह्मण समान हुन्छन् । अर्थात् उनैका कुलमा उत्पन्न हुन्छन् र त्यहाँ फेरि यत्नशील भएर माथि उठ्दै देवताहरूको लोकमा जान्छन् । यो बैदिक भनाइ हो । तिनीहरू पुनरावृत्तिशील सकाम धर्मको आचरण गर्ने भएर मनुष्य देवभावमा पुगेर त्यहाँबाट दोस्रो योनिमा जान्छन् । त्यसपछि मनुष्य लोकमा मनुष्य नै हुन्छन् । तिनमा कोही कोही बचेको पाप कर्मको फल भोगनका लागि पुनः पापयोनिबाट चाण्डाल, गुंगा

र भकभके रोगी हुन्छन् र प्राय जन्म जन्मान्तरमा उत्तरोत्तर उच्च योनिमा प्राप्त हुन्छन् । कोही शूद्र योनिबाट अगाडि बढ्दै तामस गुण युक्त हुन्छन् र त्यसको प्रभावमा परेर तमोगुण मै रहने पनि हुन्छन् ।

यो जो भोगमा आसक्त हुँदै जाने हो यसलाई महाभोग भनिएको छ । यो मोहमा परेर भोगसुख चाहने ऋषि मुनि र देवगण पनि मोहित हुन्छन् । साधारण मानिसको त अझ कुरै अर्को भयो । तममोह, महामोह, क्रोध, नामवाला तामिस्र र मृत्युरूप अन्धतामिस्र यी पाच प्रकारका तामसी प्रकृतिवाला बताइएको छ । क्रोध नै तामिस्र हो ।

विप्रवर ! वर्ग, गुण, योनि र तत्त्व अनुसार मैले तपाइँहरूसँग तमोगुणको पुरापुर यथावत वर्णन गरें । जो अतत्त्वमा तत्त्वदृष्टि राख्छ यस्तो कुन मनुष्य यो विषयलाई राम्रोसँग देख्न र सम्झन सक्छ त्यो विपरीत दृष्टि नै तमोगुणको यथार्थ जानकारी हो ।

यसरी तमोगुणको स्वरूप र उसका कार्यभूत प्रकार प्रकारका गुणहरूको यथार्थ वर्णन गरियो । तमोगुणबाट प्राप्त हुने उँचनीच योनिहरूको पनि वर्णन गरिसकियो । जो मान्छे यी गुणका विषयमा ठीक ठीक जान्दछ उ सम्पूर्ण तामसिक गुणबाट मुक्त हुन्छ ।

अध्याय २२

रजोगुणको कार्य र यसलाई जान्दा हुने फाइदा

ब्रह्माजीले भन्नुभयो– महाभाग्यशाली श्रेष्ठ महर्षिहरू ! अब म यहाँहरू समक्ष रजोगुणको स्वरूप र त्यसका कार्यभूत गुणहरूको यथार्थ वर्णन गर्दछु । ध्यान दिएर सुन्नुहोस् । सन्ताप, रूप, आयास, सुख-दुःख,

सर्दी गर्मी, ऐश्वर्य, विग्रह, सन्धि, हेतुवाद, मन प्रसन्न नहुनु, सहनशक्ति, बल, सूरता, मद, रोष, व्यायाम, कलह, ईर्ष्या, इच्छा, चुगलीखाना, युद्ध गर्नु, ममता, कुटुम्वको पालन तालन, वध, बन्धन, क्लेस, क्रय-बिक्रय, छेदन, भेदन, र विदारण प्रयत्न, अरूका कर्मको विदीर्ण गरिदिने चेष्टा, उग्रता, निष्ठुरता, चर्को बोल्नु, अरूको छिद्र बताउनु, लौकिक कुराको चिन्ता गर्नु पश्चात्ताप, मत्सरता, नाना प्रकारका सांसारिक भावबाट प्रभावित हुनु, असत्य बक्नु, मिथ्यादान, संशयपूर्ण विचार, तिरष्कारपूर्वकको बोली, निन्दा, स्तुति, प्रशंसा, प्रताप, बलात्कार, स्वार्थबुद्धिले रोगीको परिचर्चा र ठूलाहरूको सेवा, तृष्णा, पराश्रित, व्यवहार कुशलता, नीति प्रमाद अर्थात् फजुल खर्ची, परिवाद र परिग्रह यी सबै रजोगुणका कार्य हुन् ।

संसारमा जुन स्त्री, पुरुष, भूत, द्रव्य, र गृह आदिमा पृथक पृथक संस्कारका हुन्छन् जो रजोगुणको प्रेरणाको फल हो । सन्ताप, अविश्वास सकाम भाववाला व्रत नियम पालन, काम्यकर्म, स्वाहाकार, नमस्कार, स्वधाकार, वषट्कार, याजन, अध्ययन, दान, प्रतिग्रह, प्रायश्चित्त र मंगल जनक कर्म पनि राजस कर्म मानिएको छ । मलाई यस्तो वस्तु मिलोस, उस्तो मिलोस् भनेर विषयहरू पाउनका लागि आसक्तिमूलक उत्कण्ठा यसमा हुन्छ । यसको मूल कारण रजोगुण हो ।

विप्रगण ! द्रोह, माया, शठता, मान, चोरी, हिंसा, घृणा, परिताप, जागरण, दम्भ, दर्प, राथ, सकामभक्ति, विषयप्रेम, प्रमोद, द्युतक्रिडा, मानिसहरूसँग विवाद हुनु, स्त्रीहरूमा सम्बन्ध बढाउनु, नाच वाजा र गीतमा आसक्त हुनु, यी सबै राजस गुण हुन् ।

जो यो पृथिवीमा भूत बर्तमान र भविष्यक पदार्थको चिन्ता गर्दछ, धर्म, अर्थ र काम रूप त्रिवर्गको सेवामा हुन्छ, मनमाना व्यवहार गर्दछ र सबै प्रकारका भोगहरूको सम्मृद्धिबाट आनन्द मान्ने हुन्छ, त्यो मानिस रजोगुणबाट आवृत्त हो । यस्तालाई अर्बाक स्रोता भनिन्छ । यस्ता व्यक्ति संसारमा पटक

पटक जन्म लिएर विषयजनित आनन्दमा मग्न हुन्छन् र यो लोक तथा परलोक सुखका निमित्त प्रयत्न गर्ने गर्दछन् । यस कारण यिनीहरू सकाम भावबाट दान दिन्छन, प्रतिग्रह लिन्छन् तथा तर्पण र यज्ञ गर्दछन् ।

मुनिहरू हो ! यस प्रकार मैले यहाँहरूलाई नाना प्रकारका राजस गुण र त्यसै अनुसार हुने व्यवहारहरूको वर्णन गरें । जो मानिस यी कुरामा ज्ञान राख्छ उ सदा यी समस्त राजस गुणहरूको भोग गर्दछ तर त्यसको बन्धनबाट टाढा रहन्छ अर्थात् बाँधिदैन ।

अध्याय २३

सत्त्वगुणको कार्यवर्णन र त्यसको पहिचान तथा फल

ब्रह्माजीले भन्नुभयो– महर्षिहरू हो ! अब म तेस्रो उत्तम गुण सत्त्वगुणको वर्णन गर्दछु, जो संसारमा सबै प्राणीको हितकारी र श्रेष्ठ मान्छेबाट प्रशंसित हो । धर्म हो । आनन्द, प्रसन्नता, उन्नति, प्रकाश, सुख, कृपणताको अभाव, निर्भयता, सन्तोष, श्रद्धा, क्षमा, धैर्य, अहिंसा, समता, सत्य, सरलता, क्रोधको अभाव, कसैको दोष नदेख्नु, पवित्रता, चतुरता र पराक्रम, सत्त्वगुणका कार्य हुन् । प्रकार प्रकारका सांसारिक जानकारी, सकाम व्यवहार, सेवा र श्रम व्यर्थ सम्झेर जो कल्याणका साधनामा लाग्छ त्यो परलोकमा अक्षय सुखभोगी हुन्छ ।

ममता, अहङ्कार र आशाबाट रहित भएर सर्वत्र समदृष्टि राख्नु र सर्वथा निष्काम हुनु श्रेष्ठ व्यक्तिको सनातन धर्म हो । बिश्वास, लज्जा, तितिक्षा, त्याग, पवित्रता, आलस्य रहित हुनु, कोमलता, मोहको अभाव, प्राणीमात्रमा दया गर्नु छुल्याइँ नगर्नु, हर्ष, सन्तोष, गर्व हिनता, विनय, सुव्यवहार,

शान्तिकर्ममा शुद्ध भावको प्रवृत्ति, उत्तम बुद्धि, आसक्तिबाट मुक्ति, सांसारिक भोगहरूबाट उदासिनता, ब्रह्मचर्य, सर्वप्रकारी त्याग, निर्ममता, फलको कामना नगर्नु, तथा धर्मको निरन्तरतापूर्वक पालना गर्दै रहनु यी सबै सत्त्वगुणका कार्य हुन् । कामना सहितको दान यज्ञ, व्रत, अध्ययन, परिग्रह, धर्म र ताप आदि कार्य व्यर्थ हुन् भन्ने सम्झेर जो मानिस यस अघि भनिएको जस्तो व्यवहार गर्दछ यसो गर्दै यो संसारमा सत्याश्रय लिन्छ र वेदको उत्पत्ति र स्थानभूत परब्रह्म परमात्मामा निष्ठा राख्दछन् त्यस्ता ब्राह्मण नै धीर र साधुदर्शी मानिएका छन् ।

धीर मानिस सबै प्रकारका पाप त्याग गरेर शोक रहित भइ स्वर्गलोकमा गएर त्यहींको भोग भोग्ने भएर अनेक शरीर धारण गर्दछन् । सत्यगुणले युक्त महात्मा स्वर्गवासी देवताहरू जस्तै इशित्व, वसित्त्व र लगिमा आदि मानसिक सिद्धि प्राप्त हुन्छन् । ती उर्ध्व स्रोता र बैकारिक देवता मानिन्छन् । योगवलबाट स्वर्ग प्राप्त भएपछि उनीहरूको मन भोगजनित संस्कारबाट विकृत हुन्छ । त्यति वेला उनीहरू जो जो चाहन्छन् त्यही त्यही पाउँछन् र बाणचुण गर्दछन् ।

हे श्रेष्ठ ब्राह्मणहरू हो ! सत्त्वगुणको विशेष रूपले वर्णन गरियो र सत्त्वगुणको कार्यहरू पनि बताइयो । जो यो जान्दछ उ सदा गुण भोग्दछ । यसो भए पनि यसबाट भने बाँधिदैन ।

अध्याय २४

सत्त्व आदि गुणहरू र प्रकृतिका नाम वर्णन

ब्रह्माजीले भन्नुभयो– महर्षिहरू हो ! सत्त्व, रज र तम यिगुणहरूको पृथक पृथक वर्णन गर्न सर्वथा असम्भव छ । किनभने यी गुणहरू त एक आपसमा अबिच्छिन्न देखिन्छन् । यी सबै परस्पर रंग का भएर एक अर्काबाट अनुप्राणित, अन्योन्याश्रित तथा एक अर्कोको अनुसरण गर्ने हुन् । यसमा सन्देह छैन ।

जगत्मा जब सत्त्वगुण रहन्छ तबतक रजोगुण रहन्छ । जब तक तमोगुण रहन्छ तब तक रजोगुण र सत्त्वगुणको पनि सत्ता रहन्छ नै भनिन्छ । यी गुण सदा सँगै रहन्छन्, साथ साथै हिड्छन, समूह नै भएर यात्रा गर्छन् र शरीरमा मौजुदा रहन्छन् । यसो भएर पनि यी उन्नति र अवन्नतिको स्वभाववाला तथा एक अर्काको अनुसरण गर्ने वाला गुणबाट कुनैको न्यूनता देखिन्छ र कतै अधिकता । यस्तो कसरी हुन्छ ? यो बताइदै छ ।

तिर्यक योनिमा जहाँ तमोगुण बढी हुन्छ त्यहाँ थोरै रजोगुण र त्यसै गरी थोरै सत्त्वगुण पनि रहन्छ भनेर सम्झनुपर्दछ । मध्यस्राता अर्थात् मनुष्य योनिमा जहाँ रजोगुणको मात्रा अधिक हुन्छ उहाँ थोरै तमोगुण र निक्कै थोरै सत्त्वगुण छ सम्झनुपर्‍यो । यसरी उर्ध्वस्रोता अर्थात् देवयोनिमा जहाँ सत्त्वगुण बढी हुन्छ त्यहाँ तमोगुण थोरै र रजोगुण अझ थोरै भए पनि छ भनेर जान्नुपर्दछ ।

सत्त्वगुण इन्द्रियहरूको उत्पत्तिको कारण हो । उसलाई बैकारिक कारण मान्नुपर्दछ । उ इन्द्रिय र त्यसका विषयमा प्रकाशित पार्ने वाला हो । सत्त्वगुणबाट बढेर अरू कुनै अर्को कुनै धर्म बताइएको छैन । सत्त्वगुणमा रहेको व्यक्ति उच्चलोकमा जान्छ । रजोगुण रहेको व्यक्ति मध्य अर्थात् मनुष्य

लोकमा नै रहन्छ। तमोगुणको कार्यरूप निन्द्रा, प्रमाद एवं आलस्य आदिमा स्थित हुन्छ। तामस मनुष्य अधोगति प्राप्त हुन्छ। नीचयोनि अर्थात् नरकमा पर्दछ। शूद्रमा तमोगुण, क्षत्रियमा रजोगुण र ब्राह्मणमा सत्त्वगुणको प्रधानता हुन्छ। यसरी यी तीन वर्गमा मुख्यत: तीन गुण नै हुन्छन्।

सूर्य उदाएको देखेर दुराचारी मनुष्यमा भय हुन्छ र गर्मीबाट दुखित बटुवा पीडित भएको हुन्छ। किनभने सूर्य सत्त्वगुण प्रधान हो। दुराचारी मानिस तमोगुण प्रधान हो। बटुवा अवस्थाका लाई रजोगुण प्रधान भनिएको छ। सूर्यको प्रकाश सत्त्वगुण हो, ताप रजोगुण हो र औसीका दिन जब ग्रहण लाग्छ त्यो तमोगुणको कार्य हो।

यसरी सबै योनिमा तीनगुण क्रमस: यता उता त्यही त्यही प्रकारले प्रकट हुने र बिलीन हुने गर्दछन्। स्थावर प्राणीमा तमोगुण बढी हुन्छ। उनीहरूको बढ्ने क्रिया जो छ त्यो राजस हो र जो चिल्लो पन हुन्छ त्यो सात्विक हो।

गुणहरूको भेदबाट दिनलाई पनि तीन प्रकारका सम्भनुपर्दछ। रात पनि तिनै प्रकारका हुन्छन्। त्यसै गरी महिना, पक्ष, वर्ष, ऋतु र सन्ध्याका पनि तीन तीन भेद हुन्छन्। गुणहरूको भेद अनुसार तीन प्रकारका दान दिइन्छ। तीन प्रकारका यज्ञानुष्ठान हुन्छन्। लोक, देव, विद्या र गति पनि तीन प्रकारकै हुन्छन्। भूत, वर्तमान, भविष्य, धर्म, अर्थ, काम, प्राण, अपान र उदान यी सबै त्रिगुणात्मक नै छन्। यो संसारमा जो कोही पनि वस्तु भिन्न भिन्न स्थानमा भिन्न भिन्न प्रकारबाट उपलब्ध हुन्छन्। ती सबै त्रिगुणमय हुन्। सर्वत्र तीन गुणको नै सत्ता छ। यी तीन अव्यक्त र प्रवाहरूपबाट नित्य पनि छन्। सत्त्व, रज र तम यी गुण सृष्टिका सनातन हुन्।

प्रकृतिलाई व्यक्त, शिव, धाम, रज, योनि, सनातन, प्रकृति, विकार, प्रलय, प्रधान, प्रभव, अव्यय, अनुद्रिक, अनुन, अकम्प, अचल, ध्रुव, सत् असत् अव्यक्त र त्रिगुणात्मक कहिन्छन्। अध्यात्म तत्त्वको चिन्तन गर्ने मानिसहरूले यी नामहरूको ज्ञान प्राप्त गर्नुपर्दछ।

अव्यक्त नामानि गुणांश्च तत्त्वतो
यो वद सर्वाणि गतिश्च केवलाः ।
विमुक्त देहः प्रविभागतत्त्ववित्
समुच्यते सर्वगुणैर्निरामयः ।।

जुन मान्छे प्रकृतिका यी नाम सत्त्वादि गुण र सम्पूर्ण विशुद्ध गति ठीक ठीक जान्दछ उ गुण विभाग तत्त्व ज्ञाता हुन्छ । उसलाई सांसारिक दुःखको प्रभाव पर्दैन । उ देहत्याग पश्चात सम्पूर्ण गुणको बन्धनबाट छुट्कारा पाउँछ ।

अध्याय २५

महत्तत्त्वको नाम र परमात्मतत्त्व

महाभारत अश्वमेधिकपर्वणि अनुगीता पर्व अध्याय चालिस अनुगीताको पच्चिसौं अध्याय हुन गएको छ । यो अध्याय तेह्र श्लोकको छ । यसमा ब्राह्मणबाट महत्तत्त्वको नाम र परमात्मा तत्त्व पहिचानको महिमाका विषयमा महर्षिहरूलाई ज्ञान दिइएको प्रसङ्ग छ ।

ब्रह्माजीले भन्नुभयो– महर्षिहरू हो ! पहिले अव्यक्त प्रकृतिबाट गुणहरूको आदि तत्त्व र प्रथम सर्ग बताइन्छ । महान् आत्मा, मति, विष्णु, शम्भु, वीर्यवान्, बुद्धि, प्रज्ञा, उपलब्धि, ख्याति, धृति, स्मृति यी पर्यायवाची नामबाट महान् आत्माको पहिचान हुन्छ । ती तत्त्वको जाननेवाला विद्वान् ब्राह्मण कहिल्यै मोहमा डुब्दैनन् । परमात्मा सबैतिर हात पाउवाला, सबैतिर नेत्र, शिर र मुखवाला त्यस्तै सबैतिर कानवाला छन् । किनभने उ संसारमा सबैतिर व्याप्त भएर रहेका हुन्छन् ।

सबैका हृदयमा विराजमान परम पुरुष परमात्माको प्रभाव सारै ठूलो छ । अणिमा, लघिमा र प्राप्ति आदि सिद्धिहरू उनका स्वरूप हुन् । उ

सबैको शासन गर्नेवाला ज्योतिर्मय र अविनाशी हुन् । संसारमा जो कोही पनि मान्छे बुद्धिमान, उद्‌भावपरायण, ध्यानी, नित्य योगी, सत्यप्रतिज्ञ, जितेन्द्रिय, ज्ञानवान, लोभहीन, क्रोधलाई जित्न सक्ने, प्रसन्नचित्त, वीर तथा ममता र अहङ्कारबाट रहित छन् ती सबै मुक्त भएर परमात्मामा प्राप्त हुन्छन् । जो सर्वश्रेष्ठ परमात्माको महिमा जान्दछन् उनीहरूलाई पुण्यदायक उत्तम गति मिल्दछ ।

अहङ्कारात् प्रसूतानि महाभूतानि पञ्च वै ।
पृथिवी वायुराकाशमापो ज्योतिश्च पञ्चमम् ।।

पृथिवी, वायु, आकाश, जल र पाँचौं तेज यी पाँच महाँभूत अहङ्कारबाट उत्पन्न हुने हुन्छन् । यी पाँच महाभूतहरू तथा उनीहरूका कार्य, शब्द, स्पर्श, रूप, रस, गन्ध आदिबाट सम्पूर्ण प्राणी युक्त हुन्छन् ।

धैर्यशाली महर्षिहरू हो ! जब पञ्चमहाभूतको विनाशको समय प्रलयकाल उपस्थित हुन्छ त्यति बेला समस्त प्राणीहरूमा महान् भयको सामना गर्न पर्ने समय उपस्थित हुन्छ । तर सम्पूर्ण मानिसहरूमा जो आत्मज्ञानी धीर पुरुष छन् उनीहरू त्यति बेलापनि मोहित हुँदैनन् । आदिसर्गमा सर्व समर्थ स्वयंभू विष्णु पनि स्वयं आफ्नै इच्छाबाट प्रकट हुन्छन् । जो यस्ता बुद्धिरूपी गृहमा स्थित, विश्वरूप पुराण पुरुष हिरणमयदेव र ज्ञानीहरू परम गतिरूप प्रभुलाई जान्दछन् ती बुद्धिमान् बुद्धिको सीमा पारी पुग्छन् ।

अध्याय २६

अहङ्कारको उत्पत्ति र त्यसको स्वरूप

ब्रह्माजीले भन्नुभयो– महर्षिहरू हो ! जब पहिले महत्तत्त्व उत्पन्न भएको थियो त्यसैलाई अहङ्कार भनिएको हो । जब त्यो अहङ्कार रूपमा प्रादुर्भाव हुन्छ तब उ दोस्रो सर्ग कहलाउँछ । यो अहङ्कार भूतादि विकारहरूको कारण हो । यस कारण यसलाई बैकारिक मानिएको छ । यो रजोगुणको स्वरूप हो । यस कारण यो तैजस हो । यसको आधार चेतन हो, आत्मा हो । सबै प्रज्ञाको सृष्टि यसैबाट हुन्छ । यस कारण यसलाई प्रजापति भनिन्छ । यो श्रोत्रादि इन्द्रियरूप देवहरू र मनको उत्पत्ति स्थान एवं स्वयं पनि देवरूप हो । यस कारण यसलाई त्रिलोकिको कर्ता मानिएको छ । यो सम्पूर्ण जगत् अहङ्कार स्वरूप हो । यस कारण यसलाई अभियन्ता भनिन्छ ।

जो अध्यात्मज्ञानमा तृप्त आत्माको चिन्तन गर्ने वाला छन् र स्वाध्यायरूपी यज्ञमा सिद्ध छन् ती मुनिजनहरू यो सनातन लोकमा प्राप्त हुन्छन् । समस्त भूतहरूको आदि र सबैको उत्पन्न गर्नेवाला यो अहङ्कारक आधारभूत जीवात्मा अहङ्कारबाटै सम्पूर्ण गुणको रचना गर्दछ । तिनीहरूको उपभोग गर्दछ । यो जो केही चेष्टाशील जगत् छ त्यो विकारहरूको कारणरूप अहङ्कार कै स्वरूप हो । त्यो अहङ्कार नै आफ्नु तेजबाट सम्पूर्ण जगत्लाई रजोमय बनाउँछ ।

अध्याय २७

अहङ्कार तथा निवृत्तिमार्गको उपदेश

ब्रह्माजीले भन्नुभयो– महर्षिहरू हो ! अहङ्कारबाट पृथिवी, वायु आकाश, जल र तेज यी पाँच महाभूत उत्पन्न भए । यी पाँच महाभूतमा शब्द, स्पर्श, रूप, रस र गन्ध नामक विषयमा समस्त प्राणी मोहित हुन्छन् ।

धैर्यशाली महर्षिहरू हो ! महाभूतको नाश हुँदा प्रलय हुन्छ । त्यति बेला प्राणीमा महान् भय उत्पन्न हुन्छ । जो भूत जसबाट उत्पन्न हुन्छ त्यो उसैमा लय हुन्छ । यी भूत अनुलोम क्रमबाट एकपछि एक प्रकट हुन्छन् र बिलोम क्रमबाट यिनीहरू आफै आफैमा लय हुन्छन्। यसरी सम्पूर्ण चराचर भूतको लय भएपछि पनि शक्तिबाट सम्पन्न धीर हृदय योगीपुरुष कहीं पनि लीन हुँदैनन् ।

शब्द, स्पर्श, रस र पाँचौ गन्ध तथा यिनको ग्रहण गर्ने क्रिया यी कारणरूप नित्य हुन् । अतः यिनीहरू प्रलयकालमा पनि नष्ट हुँदैनन् । जो अनित्य स्थुल छ तिनीहरूलाई मोह मानिएको छ । लोभ, लोभपूर्वक गरिने कर्म र कर्मबाट उत्पन्न हुने समस्त फल समान भावबाट हेर्दा वास्तवमा केही होइन । शरीरका बाहिरी अंग रगतमासुको आघात आदि एक अर्काका सहारामा रहने हुन् । यसैले यिनलाई दीन र कृपण मानिएको छ ।

प्राण, अपान, उदान, समान र व्यान यी पाँच वायु नियतरूपबाट शरीरभित्रै निवाश गर्दछन् । यस कारण यी सूक्ष्म हुन् । मन, वाणी र बुद्धि सहित गर्दा यिनको संख्या आठ हुन्छ । यी यो जगत्का उपादान कारण हुन् । जसको छाला, नाक, कान,आँखा, रसना र बाक यी इन्द्रिय वशमा होउन, मन शुद्ध होओस् र बुद्धि एक निश्चित र स्थिर रहने होओस् जसको मनलाई यी इन्द्रियरूपी आठ अग्निले सताउँदैनन् त्यो व्यक्ति कल्याणमय ब्रह्ममा प्राप्त हुन्छ । यसबाट पर केही हुँदै हुँदैन ।

ब्राह्मणहरू ! अहङ्कारबाट उत्पन्न हुने मन सहितका जो एघार इन्द्रियहरू बताइएको छ तिनको विशेषरूपमा वर्णन गर्दछु सुन । कान, छाला, आँखा जिभ्रो, र पाँचौं नाक त्यसै गरी हात, पाउ, गुदा, उपस्थ र बोली यी दश इन्द्रियसमूह हुन् । मन एघारौं हो । मान्छेले पहिले यी एघारलाई जित्न सक्नुपर्दछ । त्यसो भएपछि ब्रह्म साक्षात्कार हुन्छ । यी इन्द्रियमा पाँच ज्ञानेन्द्रिय हुन् र पाँच कर्मेन्द्रिय हुन् । कान आदि पाँच इन्द्रियहरूलाई ज्ञानेन्द्रिय भनिन्छ र बाकी इन्द्रियहरू जे छन् ती कर्मेन्द्रिय हुन् । मन कर्मेन्द्रिय र ज्ञानेन्द्रिय दुवैतिर सम्बन्ध राख्दछ । बुद्धि बाह्रौं इन्द्रिय हो । यसरी क्रमशः एघार इन्द्रियको वर्णन गरियो । यिनको तत्त्व राम्रोसँग जान्ने वाला विद्वान् आफूलाई कृतार्थ मान्दछन् ।

अब समस्तज्ञानेन्द्रिय, भूत, अधिभूत आदि विविध विषयको वर्णन गरिन्छ । आकाश पहिलो भूत हो । कान उसको अध्यात्म, शब्द उसको अधिभूत विलय र दिशाहरू यसका अधिष्ठातृ देवता हुन् । वायु दोस्रो भूत हो । त्वचा उसको अध्यात्म र स्पर्श उसको अधिभूत र विद्युत् उसको अधिदैवत हो । तेस्रो भूतको नाम हो तेज । आँखा उसको अध्यात्म, रूप उसको अधिभूत र सूर्य उसको अधिदैवत भनिन्छ । जललाई चौथो भूत सम्भनुपर्दछ । रसना उसको अध्यात्म, रस उसको अधिभूत र चन्द्रमा उसको अधिदैवत । पृथिवी पाँचौं भूत हो । नाक उसको अध्यात्म, गन्ध उसको अधिभूत र वायु उसको अधिदैवत । यी पाँच भूतमा अध्यात्म, अधिभूत र अधिदेव रूप यी तीन भेद मानिएको छ ।

अब कर्मेन्द्रियसँग सम्बन्ध राख्नेवाला विविध विषय निरूपण गरौं । तत्त्वदर्शी ब्राह्मण दुवै पाउलाई अध्यात्म भन्दछन् र गन्तव्य स्थानलाई अधिभूत तथा विष्णुलाई उसको अधिदैवत बताउँछन् ।

न्यून गतिवाला अपान एवं गुदा अध्यात्म कहिएका छन् र मल त्याग त्यसको अधिभूत, त्यस्तै मित्र उसका अधिदेवता । सम्पूर्ण प्राणीहरूलाई उत्पन्न

गर्नेवाला उपस्थ अध्यात्म हो र वीर्य उसको अधिभूत तथा प्रजापति अधिष्ठाता देवता भनिएको छ। अध्यात्म तत्त्व जान्ने वाला व्यक्ति दुइहातलाई अध्यात्म भन्दछन्। कर्म उसको अधिभूत र इन्द्र उसको अधिदेवता। विश्वकी देवी पहिलो वाणी यहाँ अध्यात्म भनिएको छ। वक्तव्य उनको अधिभूत र अग्नि उनको अधिदैवत हो। पञ्चभूतहरूलाई सञ्चालन गर्नेवाला मन अध्यात्म भनिएको छ। सङ्कल्प उसको अधिभूत र चन्द्रमा उनका अधिष्ठाता देवता मानिएको छ।

सम्पूर्ण संसारलाई जन्म दिनेवाला अहङ्कार अध्यात्म हो र अभिमान उसको अधिभूत तथा रुद्र उसका अधिष्ठाता देवता हुन्। पाँच इन्द्रियहरू र छैटौं मन जान्नेवाला बुद्धिलाई अध्यात्म भनिएकोछ। मन्तव्य उसको अधिभूत र ब्रह्म उसका अधिदेवता हुन्।

प्राणीहरू रहने तीन स्थान छन्, जल थल र आकाश। चौथो स्थान सम्भव छैन। देहधारीहरूका जन्म चार किसिमका छन् अण्डज, उद्भिज, स्वेदज र जरायुज। समस्त भूत समुदायका यी चार प्रकारका जन्म देखिएका छन्। यिनीहरूको अतिरिक्त आकाशचारी प्राणीहरू छन् र त्यस्तै पेट रगडेर चल्ने सर्प आदि छन्। ती सबै अण्डज भनेर बुझ्न पर्दछ। पानीमा उत्पन्न हुनेवाला जुका आदि किरा जन्तु स्वेदज हुन्। यिनीहरू क्रमशः दोस्रो जन्ममा पहिलेको अवस्थाभन्दा अझ निम्न स्तरका भनिएको छ। द्विजवर ! जो पृथिवीलाई फोडेर समय समयमा उत्पन्न हुन्छन् त्यस्तालाई उद्भिज भनिन्छ। श्रेष्ठ ब्राह्मणहरू हो ! दुइखुट्टे तथा टेढामेढा भएर चल्ने तथा विकृत रूपवाला प्राणी जरायुज हुन्। ब्राह्मणत्वका सनातन हेतु दुई प्रकारका जान्नुपर्दछ। तपस्या र पुण्यकर्मको अनुष्ठान हुन् भन्ने विद्वान्हरूको निश्चय रहेको छ।

कर्मका अनेक भेद छन्। उनमा पुजा, दान र यज्ञमा होम गर्नुलाई प्रधान मान्नुपर्दछ। वृद्ध पुरुषहरूका भनाइ छन् बाहुनको कुलमा जन्मेको पुरुषका निमित्त वेदाध्ययन गर्नु पनि पुण्य कार्य हो।

द्विजवर ! जो मानिस यस विषयमा विधिपूर्वक जान्दछ उ योगी हो । उसलाई सबै पापबाट छुटकारा मिल्दछ । यो कुरा राम्रोसँग बुझ । यस प्रकार मैले तिमीहरूलाई अध्यात्म विधिका यथार्थ वर्णन गरें । धर्मज्ञजन ! ज्ञानी पुरुषलाई यस विषयमा सम्यक ज्ञान हुन्छ । इन्द्रियहरू उनका विषय र पञ्च महाभूतहरूको एकताको विचार गरेर त्यसलाई मनमा राम्रोसँग धारण गर्नुपर्दछ ।

मन क्षीण हुनासाथ यी सबै विषय क्षय हुने हुँदा मान्छेलाई जन्ममा सुखको इच्छा हुँदैन । जसको अन्तस्करण ज्ञान सम्पन्न छ ती विद्वान्हरूलाई यसैमा सुखको अनुभव हुन्छ ।

महर्षिहरू हो ! अब म मनका सूक्ष्म भावना जाग्रत् गर्नेवाला कल्याणमय निवृत्तिको विषयमा उपदेश दिन्छु जो कोमल र कठोर भावबाट समस्त प्राणीहरूमा रहन्छ । जहाँ गुण भएर पनि नभए बराबर छ, जो अभिमान रहित र एकान्तचर्यायुक्त छ तथा जसमा भेददृष्टिको सर्वथा अभाव छ त्यही ब्रह्ममय व्यवहार बताइएको छ । त्यही नै समस्त सुखको एकमात्र आधार हो । जसरी कछुवा आफ्नु अंगलाई सबैतिरबाट ढाक्छ, त्यसै गरी विद्वान् मान्छे आफ्ना सम्पूर्ण कामनालाई सबैतिरबाट संकुचित गरेर रजोगुणबाट रहित हुन्छ । उ सबैप्रकारका बन्धन मुक्त तथा सधैंकालागि सुखी हुन्छ । जो कामनाहरूलाई आफैंभित्र लीन गरेर तृष्णा रहित एकाग्रचित्त तथा सम्पूर्ण प्राणीहरूको सुहृद मित्र हुन्छ उ ब्रह्म प्राप्ति पात्र हुन्छ । विषयमा अभिलाषा राख्नेवाला समस्त इन्द्रिय रोकेर जनसमुदाय स्थान परित्याग गरेका मुनिको अध्यात्म ज्ञानरूपी तेज अधिक प्रकाशित हुन्छ । जसरी इन्धन राख्दा अग्नि प्रज्वलित भएर अत्यन्त उद्दिप्त देखिन्छ त्यसै रितले इन्द्रियहरूलाई निरोध गर्दा परमात्मा प्रकाशको विशेष अनुभव हुन् थाल्दछ ।

जब योगी प्रसन्न चित्त भएर सम्पूर्ण प्राणीलाई आफूभित्रै देख्दछन् त्यति बेला उ स्वयं ज्योतिस्वरूप भएर सूक्ष्मभन्दा पनि सूक्ष्म सर्बोत्तम परमात्मामा प्राप्त हुन्छन् ।

अग्नि जसको रूप हो, रुधिर जसको प्रवाह हो, पवन जसको स्पर्श हो पृथिवी जहाँ हाड मासु आदि कठोर रूपमा प्रकट भएको छ आकाश जसको कान हो जो रोग र शोकबाट चारैतिरबाट घेरिएको छ जो पाँच प्रवाहमा आवृत्त छ, जो पाँचभूतबाट भलिभाँती युक्त छ जसका नौ द्वार छन् जसका दुइ देवता छन् जो रजोगुणमय छ अदृश्य तीनगुणबाट तथा बात, पित्त र कफ यी तीन धातु युक्त छ जो संसर्गमा रत र जड छ उसलाई शरीर सम्भनुपर्दछ। जसलाई सम्पूर्ण लोकमा विचरण गर्न दुःख हुन्छ जो बुद्धिमा आश्रित छ त्यही यस लोकमा कालचक्र हो। यो कालचक्र घोर, अगाध र मोह नामबाट बुझिनेवाला ठूलो समुद्र हो। यो देवताहरू सहित समस्त जगत्लाई सङ्क्षेप तथा विस्तार गर्दछ। त्यसै गरी सबैलाई भगाउँछ।

सदा इन्द्रिय निरोधबाट मानिस काम, क्रोध, भय, लोभ, द्रोह र असत्य यी सबै दुस्त्यज अवगुणलाई त्याग गरिन्छ। जसले योलोकमा तीनगुणवाला पाञ्चभौतिक देहको अभिमान त्यागेको छ उसको आफ्नु हृदयाकाशमा परब्रह्म रूप उत्तम पदको उपलब्धी हुन्छ। उ मोक्ष प्राप्त हुन्छ।

जसमा पाँच इन्द्रियरूपी नहर छन् जो मनोवेगरूपी महान् जलरासी भरिभराउ छ र जसका भित्र मोहमय कुण्ड छ त्यो देहरूपी नदी नाघेर जो काम र क्रोध जित्छ त्यो सदा दोषमुक्त भएर परब्रह्म परमात्मामा साक्षात्कार गर्दछ। जो मनलाई हृदयकमलमा स्थापित गरेर भित्रै ध्यानद्वारा आत्म दर्शनको प्रयत्न गर्दछ उ सम्पूर्ण भूतमा सर्वज्ञ हो र उसलाई अन्तस्करणमा परमात्मातत्त्वको अनुभव हुनजान्छ।

जसरी एक बत्तीबाट सयौं बत्ती बालिन्छ त्यसै गरी एक परमात्मा यत्र तत्र अनेकौं रूपमा उपलब्ध हुन्छ। यस्तो निश्चय गरेर ज्ञानीहरू निसन्देह सबै रूपलाई एकै ठाउँबाट उत्पन्न भएको देख्छन्। वास्तवमा उही परमात्मा विष्णु, मित्र, बरुण, अग्नि, प्रजापति, धाता, विधाता, प्रभु, सर्वव्यापी सम्पूर्ण प्राणीहरूका हृदय तथा महान् आत्माका रूपमा प्रकाशित हुन्। ब्राह्मण

समुदाय, देवता, असुरपक्ष, पिशाच, पितर, पक्षी, राक्षस, भूत र सम्पूर्ण महर्षि पनि सदा उही परमात्माको स्तुति गर्दछन् ।

तं विप्रसंघाश्च सुराऽसुराश्च ।
यक्षाः पिशाचाः पितरो वयांसि ।
रक्षोगणा भूतगणाश्च सर्वे ।
महर्षयश्चैव सदा स्तुवन्ति ।।

अध्याय २८

चराचर प्राणीहरूका अधिपति

ब्रह्माजीले भन्नुभयो– महर्षिहरू हो ! मनुष्यहरूका राजा त रजोगुण युक्त क्षत्रिय हुन् । सवारीमा हात्ती, वनवासीहरूमा सिंह, समस्त पशुहरूमा भेडा, प्वालमा रहनेवालामा सर्प, गाईहरूमा साँढे, र स्त्रीहरूमा पुरुष प्रधान हुन्छन् । बरगद, जामुन, पिपल, सेमल, शीशम, मेषशृङ्ग र पौलो बाँस यो लोकका वृक्षका राजा हुन् । यसमा सन्देह छैन ।

हिमवान्, पारियात्र, सह्य, विन्ध, त्रिकुट, श्वेत, नील, मास, पोष्टवान पर्वत, गुरुस्कन्ध, महेन्द्र र माल्यवान पर्वत पर्वतहरूका अधिपति हुन् । यमराज पितृहरूका र समुन्द्र सरिताहरूका स्वामी हुन् । वरुण जलका र इन्द्र मरुद् गणका स्वामी मानिएको छ । उष्णप्रभाका अधिपति सूर्य हुन् र ताराहरूका स्वामी चन्द्रमा मानिएको छ । भूतहरूका नित्य अधिश्वर अग्निदेव हुन् त्यस्तै ब्राह्मणहरूका स्वामी बृहस्पति हुन् । औषधिका स्वामी सोम र बलवान्मा श्रेष्ठ विष्णु हुन् । रूपका अधिपति सूर्य र पशुहरूका ईश्वर भगवान् शिव हुन् ।

दीक्षा ग्रहण गर्नेवालाका यज्ञ र देवताहरूका इन्द्र अधिपति हुन् । दीशाहरूका स्वामिनी उत्तरदिशा हुन् र ब्राह्मणहरूका राजा प्रजापति सोम

हुन् । सबै प्रकारका रत्नहरूका स्वामी कुवेर, देवताहरूका स्वामी इन्द्र र प्रजाजनका स्वामी प्रजापति हुन् । यो भूतहरूका अधिपतिहरूको सर्ग हो ।

म नै सम्पूर्ण प्राणीहरूको महान् अधिश्वर र ब्रह्ममय हुँ । म अर्थात् विष्णुभन्दा बढ्ता वा बढो अर्को कुनै प्राणी छैन । ब्रह्ममय महा विष्णु नै सबैका राजाधिराज हुन, उनैलाई ईश्वर सम्फनुपर्दछ । उनै श्रीहरि सबैका कर्ता हुन् । तर उनका कोही कर्ता छैनन् । उ नै विष्णु नै मनुष्य किन्नर यक्ष, गन्धर्व, सर्प राक्षस देव, दानव र नाग सबैका अधिश्वर हुन् ।

कामी पुरुष जसका पछि हुन्छन् ती सबैमा सुन्दर आँखा भएकी स्त्री प्रधान हुन् । यसै गरी जो माहेश्वरी महादेवी र पार्वती नामबाट पुकारिन्छन् । ती मंगलमय उमादेवीलाई स्त्रीहरूमा सर्बोत्तम मान । त्यस्तै रमण गर्ने योग्य स्त्रीहरूमा स्वर्ण विभुषित अप्सराहरू प्रधान हुन् ।

राजा धर्म पालनका निमित्त इच्छुक हुन्छन् र ब्राह्मण धर्मका सेतु अर्थात् पुल हुन् । अत:राजाले सधैं ब्राह्मण रक्षाको प्रयत्न गर्नुपर्दछ । जुन राजाको राज्यमा श्रेष्ठ पुरुषहरूलाई कष्ट हुन्छ ती समस्त राजोचित गुणबाट हीन हुन्छन् र मरेपछि निच गतिमा गिर्दछन् ।

द्विजवर ! जुन राज्यमा श्रेष्ठ व्यक्तिहरूको सबै प्रकारबाट रक्षा गरिन्छ त्यो महामना राज्यप्रमुख लोकमा आनन्दभागी हुन्छ । त्यसै गरी यस लोकमा अक्षय सुख भोग्न पाउँछ

अब म सबैका नियत धर्मका बारेमा बताउँछु । अहिंसा सबैभन्दा ठूलो धर्म हो । हिंसा अधर्मको लक्षाण हो । प्रकाश देवताको र यक्ष आदि मनुष्यका लक्षाण हुन् । गन्ध सबै प्राणीको धारणा गर्ने पृथिवीको लक्षाण हो, त्यस्तै स्वर व्यञ्जनको शुद्धियुक्त वाणीको लक्षाण शब्द हो । चिन्तन मनको र निश्चयबुद्धिको लक्षाण हो । किनभने मनुष्य यो जगत्मा मनद्वारा चिन्तन गरिएको वस्तुहरूको बुद्धिद्वारा नै निश्चय गर्दछ । निश्चयद्वारा नै बुद्धि

जान्न सकिन्छ । यसमा कुनै सन्देह छैन । मनको लक्षण ध्यान हो र श्रेष्ठ व्यक्तिको लक्षण बाहिरबाट व्यक्त हुँदैन । योगको लक्षण प्रवृत्ति र संन्यासको लक्षण ज्ञान हो । यसैले बुद्धिमान् व्यक्तिले ज्ञानको आश्रय लिएर संन्यास ग्रहण गर्नुपर्दछ । ज्ञानयुक्त संन्यासी जर्जरता र मृत्युलाई नाघेर सबै प्रकारका द्वन्द्वबाट पर हुन्छ । अज्ञानान्धकारबाट पारी पुगेर परम गति प्राप्त गर्दछ ।

महर्षिहरू हो ! यहाँ मैले तिमीहरूसँग लक्षण सहित धर्मको विधिवत वर्णन गरें । अब यो बताउँदैछु कुन कुन गुण कुन कुन इन्द्रियबाट ठीक ठीक ग्रहण गरिन्छन् । पृथिवीको जो गन्ध नामक गुण हो त्यो नाकद्वारा ग्रहण गरिन्छ, नासिकामा रहेको वायु त्यो गन्धको अनुभव गर्नमा सहायक हुन्छ । जलको स्वभाविक गुण रस हो । यसलाई जिभ्रोद्वारा ग्रहण गरिन्छ । जिभ्रोमा स्थित चन्द्रमा त्यो रस आस्वादनमा सहयोग पुऱ्याउँछन् । तेजको गुण रूप हो । यो आँखामा रहेको सूर्यदेवताको सहायताबाट नेत्रद्वारा देखिन्छ ।

वायुको स्वभाविक गुण स्पर्श हो । जसलाई छालाद्वारा जान्न सकिन्छ । छालामा स्थित वायुदेव त्यो स्पर्शानुभव गर्नमा सहायक हुन्छन् । आकाशको गुण शब्द हो जो कानद्वारा ग्रहण गरिन्छ र कानमा स्थित सबै दिशाहरू शब्द श्रवणमा सहायक हुनेकुरा बताइएको छ । मनको गुण चिन्तन हो जसलाई बुद्धिद्वारा ग्रहण गरिन्छ । हृदयस्थित चेतना आत्मा मनलाई चिन्तन कार्यमा सहायता दिन्छ ।

निश्चयद्वारा बुद्धि र ज्ञानद्वारा महत्तत्त्व ग्रहण गरिन्छ । यसको कार्यबाट नै यसको सत्ताको निश्चय हुन्छ । यसैबाट यिनीहरू व्यक्त भएको मानिन्छ । तर वास्तवमा अतिन्द्रिय हुनाका कारण यी बुद्धि आदि अव्यक्त नै हुन्छन् यसमा सन्देह छैन ।

नित्य क्षेत्रज्ञ आत्माको कुनै ज्ञापक लिङ्ग हुँदैन । किनभने यो स्वयं प्रकाश निर्गुण हो । यस कारण क्षेत्रज्ञ अलिङ्ग हो । केवल ज्ञान नै उसको लक्षण मानिएको छ । गुणहरूको उत्पत्ति लयका कारणभूत अव्यक्त प्रकृतिका

क्षेत्र मानिएको छ । म त्यसमा संलग्न भएर सदा उसलाई जान्दछु र सुन्दछु । आत्मा क्षेत्रलाई जान्दछ । यस कारण त्यो क्षेत्रज्ञ हो । क्षेत्रज्ञ आदि, मध्य र अन्त्यबाट युक्त समस्त उत्पत्तिशील अचेतन गुणको कार्यको र उसका क्रियाको पनि राम्रैसँग जान्दछ । तर बारबार उत्पन्न हुनेवाला गुण आत्मालाई जान्दैन ।

जो गुणहरू र गुणहरूका कार्यबाट अत्यन्त पर छ उ परम महान् सत्यरूप क्षेत्रज्ञलाई कोही जान्दैनन् तर उ सबैलाई जान्दछ । यस कारण यो लोकमा जसका दोषहरूको क्षय भएको छ त्यो गुणातित धर्मज्ञपुरुष सत्त्व र गुणहरू परित्याग गरेर क्षेत्रज्ञको शुद्धस्वरूप परमात्मामा प्रवेश गर्दछ । क्षेत्र सुखदुखादि रहित कसैलाई नमस्कार नगर्नेवाला स्वाहाकाररूप यज्ञादि कर्म नगर्नेवाला अचल र अनिकेत हो । त्यही नै महान् विभु हो ।

निर्द्वन्द्वो निर्नमस्कारो निःस्वाहाकार एव च ।
अचलश्चानिकेतश्च क्षेत्रज्ञः स परो विभुः ।।

अध्याय २९

सबै पदार्थको आदि अन्त र ज्ञानको नित्यताको वर्णन

अश्वमेधिक पर्वणि अनुगीतापर्वको चौवालिसौं अध्याय अनुगीताको उनन्तीसौं अध्याय हुन गएको हो । यसमा यथार्थको आदि अन्त्य र ज्ञानको नित्यताको वर्णन गरिएको छ । यहाँ ब्रह्माजीले महर्षिहरूलाई ज्ञान दान दिएको प्रसङ्ग रहेको छ । यस अध्यायमा जम्मा बाइस श्लोक रहेका छन् ।

ब्रह्माजीले भन्नुभयो– महर्षिगण ! अब म सम्पूर्ण पदार्थहरूको नाम लक्षण सहित आदि, मध्य र अन्त्य तथा उनलाई ग्रहण गर्ने उपाय आदिका विषयमा यथार्थ वर्णन गर्दछु । पहिले दिन र अनिपछि रात्री हुन्छ । शुक्ल

पक्ष महिनाको, श्रवण नक्षात्र नक्षात्रहरूको र शिशिर ऋतु ऋतुहरूको आदि हो । गन्धको आदि कारण भूमि हो । रसको जल, रूपको ज्योतिर्मय सूर्य, स्पर्शको वायु, र शब्दको आदिको कारण आकाश हो । यी गन्ध आदि पञ्चभूतबाट उत्पन्न गुण हुन् ।

अब म भूतहरूको उत्तम आदिको वर्णन गर्दछु । सूर्य समस्त गुणहरूको र जठरानल सम्पूर्ण प्राणीहरूको आदि बताइएको छ । साबित्री सबै विद्याकी र प्रजापति देवताकी आदि हुन् । ओम्कार सम्पूर्ण वेद र प्राणवाणीको आदि हो । यो संसारमा जो नियत उच्चारण छ त्यसलाई गायत्री भनिन्छ । छन्दहरूको आदि गायत्री र प्रजाको आदि सृष्टि प्रारम्भकाल हो । गाई चौपायको र ब्राह्मण मनुष्यका आदि हुन् ।

द्विजवर ! पक्षिहरूमा वाज, यज्ञमा उत्तम आहुति र घिश्रने सम्पूर्ण जीवमा सर्प श्रेष्ठ हो । सत्ययुग युगको आदि हो । यसमा कुनै संशय छैन । समस्त रत्नमा सुन र अन्नमा जौ श्रेष्ठ बताइएको हो । सम्पूर्ण भक्षभोज्यमा अन्न श्रेष्ठ कहिएको छ । बहनेवाला सबै पिउनयोग्य पदार्थमा जल उत्तम हो । समस्त स्थावर भूतमा सामान्तः ब्रह्मक्षेत्र नाम गरिएको वृक्ष श्रेष्ठ एवं पवित्र मानिएको छ ।

सम्पूर्ण प्रजापतिहरूको आदि मै हूँ । यसमा संशय छैन । मेरा आदि अचिन्त्यात्मा भगवान् विष्णु हुन् । उनैलाई स्वयंभू भनिएको छ । समस्त पर्वतमा सबैभन्दा पहिले महामेरु गिरीको उत्पन्न भएको हो । दिशा र बिदिशामा पूर्वदिशा उत्तम र आदि मानिएको छ । नदीहरूमा त्रिपथगागंगा जेठी मानिएको छ । सरोवरमा सर्वप्रथम समुद्र प्रादुर्भाव भएको हो ।

देव, दानव, भूत, पिशाच, सर्प, राक्षस, मनुष्य, किन्नर, र समस्त यक्षहरूका स्वामी भगवान् शङ्कर हुन् । सम्पूर्ण जगत्का आदिकारण बह्मस्वरूप महान् विष्णु हुन् । तिनै लोकमा उभन्दा बढी वा आदि कोही प्राणी छैनन् ।

सबै आश्रमको आदि गृहस्थ आश्रम हो । यसमा सन्देह छैन । समस्त जगत्‌को आदि र अन्त अव्यक्त प्रकृति नै हो । दिनको अन्त हो सूर्यास्त र रात्रीको अन्त्य हो सूर्योदय । सुखको अन्त दु:ख हो र दु:खको अन्त सदा सुख नै हुन्छ । समस्त संग्रहको अन्त हो विनाश । उत्थानको अन्त पतन र संयोगको अन्त वियोग हो । जीवनको अन्त मृत्यु हो ।

जुन जुन वस्तुको निर्माण भएको छ उसको नास अवश्यंभावी छ । जसले जन्म लिएको छ उसको मृत्यु निश्चित छ । यस जगत्‌मा स्थावर या जंगम केही कोही पनि सधैं रहनेवाला छैनन् । जति यज्ञ, दान, तप, अध्ययन, व्रत र नियम छन् ती सबैको अन्तमा नाश हुन्छ । केवल ज्ञानको अन्त हुँदैन । त्यस कारण विशुद्ध ज्ञानद्वारा जसको चित्त शान्त भएको छ इन्द्रिय वशमा रहेका छन् तथा जो ममता र अहङ्कारबाट रहित भएको छ उ सबै पापबाट मुक्त हुन्छ ।

तस्माज्ज्ञानेन शुद्धेन प्रशान्तात्मा जितेन्द्रियः ।
निर्ममो निरहङ्कारो मुच्यते सर्वपाप्मभिः ।।

अध्याय ३०

शरीररूपी कालचक्र तथा गृहस्थ र ब्राह्मणधर्म कथन

ब्रह्माजीले भन्नुभयो– महर्षिहरू ! मन समान वेगवाला शरीररूपी मनोरम कालचक्र निरन्तर चलिरहन्छ । यो महत्तत्त्वदेखि स्थूलभूत सम्मका चौविस तत्त्वबाट बनेको हुन्छ । यसको गति रोकिदैन । यो संसार बन्धनको अनिवार्य कारक हो । बुढापा तथा शोकले यसलाई घेरेका हुन्छन् । यो रोग र दुर्व्यसनको उत्पत्ति स्थल हो । यो देश र काल अनुसार विचरण

गरिरहन्छ । बुद्धि यो कालचक्रको सार, मन खम्बा र इन्द्रिय समूह बन्धन हुन् । पञ्चमहाभूत यसका तना हुन् । अज्ञान यसको आवरण हो । श्रम तथा व्यायाम यसका शब्द हुन् । रात र दिनले यो चक्रलाई सञ्चालन गर्ने गर्दछन् । सर्दी र गर्मीले यसलाई घेरेका हुन्छन् । सुख र दुःख यसका संयोग हुन् । भोक तथा प्यास यसका किलक तथा घाम छाया यसका रेखा हुन् ।

आँखा खोल्दा र मिच्दा कालचक्रको व्यापुलता प्रकट हुन्छ । घोर मोहरूपी जलबाट यो भिजेको हुन्छ । यो सदा नै अचेतन र गतिशील हुन्छ । महिना पक्षआदिबाट यको आयु गणना गर्ने गरिन्छ । यो कहिल्यै पनि एकै अवस्थामा रहिरहदैन । माथि, मध्य र तल गरी सदा चक्कर लगाईरहन्छ । तमोगुणको वशमा परेर यसमा पाप प्रवृत्ति हुन्छ र रजोगुणको वेगले भिन्न भिन्न कर्ममा लगाईएको हुन्छ । यो महान् दर्प र उद्दीप्त रहेको हुन्छ । ती नै गुणअनुसार यसका प्रवृत्ति रहेका हुन्छन् । मानसिक चिन्ता नै यो चक्रका बन्धन पट्टी हुन् । यो सदा शोक र मृत्युमा वशीभूत रहनेवाला तथा क्रिया र कारण युक्त हुन्छ । आसक्ति यसको लामु लम्बाइ हो । लोभ र तृष्णा यस चक्रलाई तल माथि स्थानमा पार्ने कारण हुन् । भय र मोहले यसलाई सबै तिरबाट घेरिरहेका हुन्छन् । अद्‌भुत अज्ञान यसको उत्पत्ति कारण हो । यो प्राणीहरूलाई मोहमा फसाउने, आनन्द र प्रितिमा भुलाई रहने तथा काम तथा क्रोधको संग्रह गर्नेवाला हो । यो रागद्वेषादि द्वन्द्वहरूबाट युक्त जडदेहरूपी कालचक्र नै देवताहरू सहित सम्पूर्ण जगत्‌को सृष्टि तथा सम्हारको कारण हो । तत्त्वज्ञान प्राप्तिको पनि यो साधन हो । जुन मान्छे यो देहमय कालचक्रको प्रवृत्ति र निवृत्तिलाई राम्रोसँग जान्दछ उ कहिल्यै मोहमा फस्दैन । उ सम्पूर्ण वासना, सबै प्रकारका द्वन्द्व र समस्त पापबाट मुक्त भएर परम गतिमा प्राप्त हुन्छ । ब्रह्मचर्य, गार्हस्थ, वानप्रस्थ र संन्यास यी चार आश्रम नै यी सबै विषयको मूल भनेर जान्नुपर्दछ ।

यो संसारमा जो कोही पनि विविध निषेधरूप शास्त्र कहिएको छ त्यसमा पारंगत विद्वान् हुनु गृहस्थ ब्राह्मणका निमित्त उत्तम हुन्छ । यसैबाट

सनातन कीर्ति प्राप्त हुन्छ । पहिले सबै प्रकारका संस्कारबाट सम्पन्न भएर वेदोक्त विधिबाट अध्ययन गर्दै ब्रह्मचर्य व्रत पालन गर्नुपर्दछ । त्यसपछि तत्त्ववेत्ता का निमित्त उचित हुन्छ उ समावर्तन संस्कार गरेर उत्तम गुणवाला कुलमा विवाह गरोस् ।

आफ्नी स्त्रीमा प्रेम राख्नु वा गर्नु, सदा सत्पुरुषको आचारणको पालना गर्नु, र जितेन्द्रिय हुनु गृहस्थका निमित्त परम आवश्यक हुन्छ । यो आश्रममा उसले श्रद्धापूर्वक पञ्चमहायज्ञद्वारा देवता आदिको पुजा गर्नुपर्दछ । गृहस्थहरूका निमित्त देवता र अतिथिलाई भोजन गराएपछि बचेको अन्न आफूले खानु उचित हुन्छ । वेदोक्त कर्मका अनुष्ठानमा संलग्न रहनु र आफ्नु शक्तिअनुसार प्रसन्नतापूर्वक यज्ञ गर्नु र दान दिनुपर्दछ । मननशील गृहस्थले हात, पाउ, आँखा वाणी तथा शरीरद्वारा हुने चपलतालाई परित्याग गर्नुपर्दछ । अर्थात् यिनीहरूबाट कुनै अनुचित कार्य हुन दिन हुँदैन । सत्पुरुषको शिष्यचर यही हो ।

सदा जनै धारण गर्नु, सफा वस्त्र लगाउनु, उत्तम व्रतको पालन गर्नु, शौच सन्तोष आदि नियम र सत्य अहिंसा आदि यम पालनपूर्वक यथा शक्ति दान गर्दै रहनु तथा सधैं शिष्ठपुरुषको संगतमा रहनुपर्दछ । शिष्टाचारको पालना गर्दा जिव्हा र उपस्थलाई कावुमा राख्नुपर्दछ । सबैसँग मित्रता गर्नुपर्दछ । बाँसको लट्ठी र पानीले भरिएको कमण्डलु सधैं सँगै राख्ने गर्नुपर्दछ । आलस्य छाडेर सदा तीन कमण्डलु धारण गर्नु । एउटा आच्मनका निमित्त, दोस्रो गोडा धुन र तेस्रो शौच सम्पादनका निमित्त हुन्छ । तीन कमण्डलु लिने प्रयोजन यही हो ।

ब्राह्मणले अध्ययन, अध्यापन यजन, याजन र दान तथा प्रतिग्रह यी छ वृत्तिहरू लिनुपर्दछ । यिनमा तीन कर्म याजन (यज्ञ गराउनु) अध्यापन (पढाउनु) र असल व्यक्तिबाट दान लिनु यी ब्राह्मण जिविकाका साधन हुन् । बाकी तीन कर्म दान अध्ययन तथा यज्ञानुष्ठान गर्नु धर्मोपार्जनका निमित्त हो । धर्मज्ञ ब्राह्मणले यिनको पालनामा कहिल्यै प्रमाद गर्न हुँदैन । इन्द्रिय

संयमी, मित्र भावयुक्त क्षमावान, सबै प्राणीहरू प्रति समान भाव राख्नु, मननशील उत्तम व्रतको पालन गर्नु र पवित्रताका साथ रहनुपर्दछ । गृहस्थ ब्राह्मण सदा सावधान भएर आफ्नु शक्ति अनुसार यदि उपरोक्त नियमहरूको पालन गर्दछ भने उसले स्वर्गलोकलाई जित्दछ ।

सर्वमेतद् यथाशक्ति विप्रो निर्वतयञ्शुचि शुचिः ।
एवं युक्तो जयेत् स्वर्ग गृहस्थः संशितव्रतः ।।

अध्याय ३१

ब्रंह्मचारी, वानप्रस्थी र संन्यासी धर्मवर्णन

ब्रह्माजीले भन्नुभयो– महर्षिगण ! यसरी माथि भनिए अनुसार गृहस्थहरूले यथावत आचरण गर्नुपर्दछ । यथाशक्ति अध्ययन गर्दै ब्रह्मचर्यव्रत पालन गर्नेवाला पुरुषले आफ्नु धर्ममा तत्पर रहदै विद्वान् बन्नुपर्दछ । सम्पूर्ण इन्द्रियलाई आफ्नु अधीनमा राख्नुपर्दछ । मुनिव्रत पालना गर्नुपर्दछ । गुरुको प्रिय र हितकारी हुनुपर्दछ । सत्यवादी हुनु र धर्मपरायण तथा पवित्र रहनुपर्दछ । गुरुको आज्ञा लिएर भोजन गर्नु, भोजन समयमा आनन्दको निन्दा नगर्नु र भिक्षाको अन्न हविष्य मानेर ग्रहण गर्नुपर्दछ । एकै स्थानमा रहनु, एक आसनमा रहेर नित्य समयमा भ्रमण गर्नुपर्दछ । पवित्र भै एकाग्र चित्त भएर दुई समय(बिहान बेलुका) अग्निमा हवन गर्नु । सदा बेल अथवा पलासको लट्ठी लिनुपर्दछ । रेशमी अथवा सूती वस्त्र अथवा मृगचर्म धारण गर्नुपर्दछ । ब्राह्मणका सबै कपडा गेरुवा रंगका हुनुपर्दछ ।

ब्रह्मचारीले मुजको मेखला भिर्नु, जटा धारण गर्नु, हरेक दिन स्नान गर्नु, यज्ञोपवित लगाउनु, वेद स्वाध्यायमा लागिरहनु, लोभ रहित भएर नियमपूर्वक व्रत गर्नु । जुन ब्रह्मचारी सदा नियम परायण भएर श्रद्धासाथ

शुद्ध जलले नित्य देवतालाई तर्पण गर्दछ उसको सर्वत्र प्रशंसा हुन्छ । यसै प्रकार बताइएका उत्तम गुणयुक्त जितेन्द्रिय वानप्रस्थी पुरुष पनि उत्तम लोकमा विजय पाउँछ । उ उत्तम स्थान पाएर फेरि यो संसारमा जन्मन आउन पर्दैन ।

वानप्रस्थ मुनि सबै प्रकारका संस्कारद्वारा शुद्ध भएर ब्रह्मचर्यव्रत पालन गर्दै घरको ममता त्यागेर गाउँबाट बाहिर निक्ली वनमा निवास गर्न पर्दछ । उसले मृगचर्म अथवा बल्कल पहिरनुपर्दछ । बिहान बेलुका स्नान गर्नुपर्दछ । सदा वन मै रहनुपर्दछ । गाउँमा फर्कन हुँदैन, अतिथिहरूलाई आश्रय दिनु र उनीहरूको सत्कार गर्नुपर्दछ । जंगली फलमूल पत्ता अथवा सावा खाएर जीवन निर्वाह गर्नुपर्दछ । बग्ने पानी वायु आदि वनका नै वस्तु सेवन गर्नु आफ्नु व्रत अनुसार सधैं सावधान भएर क्रमशः उपर्युक्त वस्तुको आहारा बनाउनु । यदि कोही अतिथि आए भने फलमूलकै भिक्षा दिएर उसको सत्कार गर्नु । आलस्य नगर्नु । जो जति भोजन आफूसँग छ त्यसैको भिक्षा अतिथिलाई दिनु ।

प्रतिदिन पहिले देवता र अतिथिलाई भोजन दिनु त्यसपछि चुपचाप आफू अन्न ग्रहण गर्नु, मनमा कसैसँग स्पर्धा गर्न हुँदैन । हल्का भोजन गर्नु र देवताको सहारा लिनु, इन्द्रिय संयम गर्नु, सबैसँग मित्रवत व्यवहार गर्नु, क्षमाशील बन्नु र जुघा दारी तथा कपालका रौं पालन गर्नु । समय समयमा अग्निहोत्र र वेदाध्ययन गर्नु तथा सत्य धर्म पालन गर्नु । शरीर सदा पवित्र राख्नु, धर्म पालनमा कुशलता अपनाउनु सदा वनमा रहनु र एकाग्र चित्त हुनु । यसरी उत्तम धर्म पालन गर्ने जितेन्द्रिय वानप्रस्थी स्वर्गमा विजयी हुन्छ । ब्रह्मचारी गृहस्थ अथवा वानप्रस्थ कोही किन नहोस् मोक्षार्थी छ भने उसले उत्तम वृत्तिको आश्रय लिनुपर्दछ । प्राणी मात्रमा निर्भय बनाउने प्रयत्न गरी मर्म त्यागी संन्यास धर्मको पालन गर्नुपर्दछ । सर्वे भवन्तु सुखिनः मै आफ्नु सुख मान्नु, सबैलाई मित्र मान्नु समस्त इन्द्रिय संयम र मुक्ति वृत्ति पालन गर्नुपर्दछ ।

नमागिकन नै दैव संयोगले जेजति अन्न प्राप्त हुन्छ त्यसैबाट जीवन निर्वाह गर्नुपर्दछ । प्रातः काल नित्य कर्म गरेर जब गृहस्थ घरहरूमा धुँवा निक्लन बन्द हुन्छ घरका सबैले खानपिन गरेको अवस्था हुन्छ भाडा कुडा माझेर थन्क्याइ सकेका हुन्छन् त्यही समयमा मोक्षधर्मका संन्यासीहरूले भिक्षा लिने इच्छा गर्नुपर्दछ र यदि मिलेन भने पनि मिलेन भनेर विषाद गर्न हुँदैन । जतिले प्राण यात्रा निर्वाह हुन्छ त्यत्तिमात्र भिक्षा ग्रहण गर्नुपर्दछ । संन्यासीले जीवन निर्वाहका लागि नै भिक्षा माग्नु । त्यो मिलोस् भनेर उचित समय, बाटो हेर्नु । चित्त एकाग्र गराइ रहनु । साधारण वस्तुको पनि प्राप्तिको चाहना त्याग्नु । जहाँ बढी सम्मान हुन्छ त्यहाँ भोजन ग्रहण गर्न हुँदैन । संन्यासीले मान प्रतिष्ठालाई घृणा गर्नुपर्दछ । जुठो, तिक्त, चिल्लो चाप्लो र कडा अन्नको स्वाद लिन हुँदैन । भोजन समयमा मीठा रसवाला चिजको आस्वादन नगर्नु । केवल जीवन निर्वाहको उद्देश्यले मात्र उचित अन्नको आहार गर्नुपर्दछ ।

मोक्षतत्त्व जान्ने संन्यासीले अरू प्राणीको जिविकामा बाधा नपुऱ्याइकन भिक्षा मिल्छ भने त्यो स्वीकार गर्नु । भिक्षा माग्दा दाताद्वारा दिइएको अन्न बाहेक अरू अन्न कहिल्यै नलिनु । उसले आफ्नु धर्मको प्रदर्शन गर्न हुँदैन । रजोगुण रहित भएर निर्जन स्थानमा डुल्दै रहनुपर्दछ । राती सुत्नलाई स्थान, जंगल, रुखकोफेद नदी किनार अथवा पहाडी गुफाको आश्रय लिनुपर्दछ । ग्रीष्म ऋतुमा गाउँमा एकरातभन्दा बढी रहन बस्न हुँदैन । तर वर्षाकालमा भने कुनै एउटा स्थानमा रहनुपर्दछ ।

जबसम्म सूर्यको प्रकाश रहन्छ तबसम्म संन्यासीले हिँड्नु उचित हुन्छ । उसले कीरा जस्तै बिस्तारै हिँड्ने बानी बनाउनुपर्दछ । यात्रा गर्दा जीवहरू प्रति दया गरेर पृथिवीलाई राम्रोसँग हेर्दै पाउ चाल्ने गर्नुपर्दछ । कुनै प्रकारको संग्रह गर्न हुँदैन । त्यस्तै कुनै आसक्तिपूर्वक बस्ने गर्न हुँदैन । मोक्षधर्म पालन गर्ने संन्यासीका निमित्त सादा पवित्र जल प्रयोग गर्नु, उचित हुन्छ । प्रतिदिन तत्काल निक्लेको जलले स्नान गर्नुपर्दछ ।

अहिंसा, ब्रह्मचर्य, सत्य, सरलता, क्रोधत्याग, दोषदृष्टि त्याग, इन्द्रिय संयम र मिथ्याबोली यी हुननहुने आठ व्रत सावधानी पूर्वक पालन गर्नु र इन्द्रियलाई वशमा राख्नुपर्दछ । उसले सदा पाप, मूर्खता र कुटिलताबाट रहित भएर व्यवहार गर्नुपर्दछ । जो अन्न आफै प्राप्त हुन्छ नित्य त्यही ग्रहण गर्नुपर्दछ । तर त्यसरी प्राप्त होओस् भनेर मनमा इच्छा पाल्न हुँदैन । प्राण धान्नका निमित्त जति अन्न आवश्यक हुन्छ त्यति लिनुपर्दछ । धर्मपूर्वक प्राप्त अन्न मात्र लिनुपर्दछ । मनपरि भोजन गर्न हुँदैन ।

खानलाई अन्न र शरीर ढाक्नका लागि वस्त्र बाहेक अरू कुनै वस्तु ग्रहण नगर्नु । भिक्षा पनि जति आवश्यक हो त्यत्ती ग्रहण गर्नु । त्योभन्दा बढी होइन । बुद्धिमान् संन्यासीले अरूका निमित्त भिक्षा माग्न ग्रहण गर्न र अरू प्राणीलाई दयाभावबाट दिनसमेत इच्छा गर्न हुँदैन । अरूको अधिकार अपहरण नगर्नु । बिना प्रार्थना कसैको केही वस्तु स्वीकार नगर्नु । कुनै असल वस्तु उपभोग गरेर त्यसैका निमित्त लालायित हुन हुँदैन ।

माटो, जल, अन्न, पत्र, पुष्प र फल यी वस्तु यदि कसैको अधिकारमा छैन भने आवश्यक पर्दा क्रियाशील संन्यासी काममा लिन सक्छन् । उनले शिल्पकारी गरेर जीवन गुजार्न हुँदैन । सुनको इच्छा राख्न हुँदैन, कसैसँग द्वेषगर्न र उपदेशक नबन्नु तथा संग्रह रहित हुनु । श्रद्धाका साथ प्राप्त अन्न आहार गर्नु, मनमा केही नराख्नु, सबैसँग अमृत समान मीठो व्यवहार गर्नु कहीं आसक्त नहुनु, र कुनै पनि प्राणीसँग परिचय नबढाउनु ।

जति जति कामना र हिंसायुक्त कर्म छन् ती सबै लौकिक कर्म आफू अनुष्ठान नगर्नु, र अरूबाट पनि नगराउनु । सबै प्रकारका पदार्थहरूप्रतिको आसक्ति नाघेर थोरैमा सन्तुष्ट हुनु र यता उता विचरण गर्दै रहनु स्थावर र जंगम सबै प्राणीहरूप्रति समान भाव राख्नु, अरू कुनै प्राणीलाई उद्वेगमा नफसाउनु र आफू पनि नफस्नु । जो सबै प्राणीको विश्वास पात्र बन्दछ उ सबैभन्दा ठूलो मोक्षधर्म ज्ञाता ठहरिन्छ । संन्यासीका निमित्त भविष्यको

चिन्ता नगर्नुनै बेस हुन्छ । बितेका घटनाहरूको चिन्तन नगर्नु र बर्तमानलाई पनि साधारण रूपमा लिनुपर्दछ । केवल कालको प्रतिक्षा गरेर चित्तवृत्ति समाधान गर्दै जानुपर्दछ ।

आँखा, मन र वाणीबाट कहीं पनि दोषदृष्टि नगर्नु, सबैका सामु वा एक्लै पनि कुनै खराव काम नगर्नु । जस्तो कछुवा आफ्ना अंगलाई चारैतिरबाट लुकाउँछ त्यसै गरी इन्द्रियहरूलाई विषयहरूबाट लुकाउनुपर्दछ । इन्द्रिय, मन र बुद्धिलाई दुर्बल बनाएर चेष्टा रहित हुनुपर्दछ । सम्पूर्ण तत्त्वज्ञान प्राप्त हुनु । द्वन्द्वहरूबाट प्रभावित नहुनु, कसैका अगाडि शिर नझुकाउनु । स्वाहाकार अर्थात् अग्निहोत्र परित्याग नगर्नु, ममता र अहङ्कार रहित हुनु योगक्षमको चिन्ता नगर्नु । मनमाथि विजय गर्नु ।

जो निष्काम, निर्गुण शान्त, अनाशक्त, निराश्रय, आत्म परायण, र तत्त्वज्ञाता छ उ मुक्त हुन्छ । यसमा संशय छैन । जो आत्मालाई हात, पाउ, पीठ, मस्तक र पेट आदि अंगबाट रहित, गुण, कर्महीन, केवल निर्मल स्थिर र रूप, रस गन्ध स्पर्श र शब्दबाट रहित ज्ञेय, अनासक्त, हाडमासु, शरीर रहित निश्चिन्त अविनाशी दिव्य र सम्पूर्ण प्राणीमा हुने, सदा एक रस रहने ठहर्छ उसको मृत्यु हुँदैन । त्यो आत्मतत्त्वसम्म बुद्धि, इन्द्रिय र देवताहरूको पनि पहुच हुँदैन । जहाँ केवल ज्ञानवान महात्माहरूकै गति छ त्यहाँ वेद, यज्ञ, लोक तप, र व्रतको पनि प्रवेश हुँदैन किनभने त्यो बाह्य चिन्तनबाट रहित मानिन्छ । यसैले पदचिन्ह रहित धर्म जानेर त्यसलाई यथार्थ रूपले पालन गर्नुपर्दछ ।

गुह्य धर्ममा रहेको विद्वान्का निमित्त उसले विज्ञान अनुरूप आचरण गरोस् । मूढ नभएर पनि मूढ अनुसार काम गर्नु । तर आफ्नु कुनै कर्मले धर्ममा कलङ्क नलागोस् । जुन काम गर्नाले समाजका अरूबाट आदर हुन्छ त्यस्ता काम शान्त भएर सधै गर्नु तर सत्पुरुषका धर्मको निन्दा नगर्नु । जो यस्ता व्यवहार गर्छ उ श्रेष्ठ मुनि कहलाउँछ ।

जो इन्द्रिय, त्यसका विषय, पञ्चमहाभूत, मन, बुद्धि, अहङ्कार, प्रकृति र पुरुष यी सबैको विचार गरेर यी तत्त्वको यथावत निश्चय गर्दछ उ सम्पूर्ण बन्धनबाट मुक्त भएर स्वर्ग प्राप्त गर्दछ । जो तत्त्ववेत्ता अन्त समयमा यी तत्त्वज्ञान प्राप्त गरेर एकान्तमा रहि परमात्माको ध्यान गर्दछ उ आकाशमा विचरण गर्दै वायु जस्तै सबै प्रकारका आशक्तिबाट छुटेर पञ्चकोषबाट रहित निर्भय तथा निराश्रय भएर मुक्त एवं परमात्मालाई प्राप्त गर्दछ ।

अध्याय ३२

मुक्तिका साधनहरू र देहरूपी वृक्ष

ब्रह्माजीले भन्नुभयो– महर्षिहरू ! निश्चित कुरा गर्ने र वेदका कारणरूप परमात्मामा स्थित वृद्ध ब्राह्मण संन्यासलाई तपस्या मान्छन् र ज्ञानलाई परब्रह्मको स्वरूप मान्छन् । उ वेदविद्याको आधार ब्रह्म अज्ञानीहरूका लागि अत्यन्त टाढा देख्छन् निर्द्वन्द्व, निर्गुण, नित्य, अचिन्त्य, गुणयुक्त, र सर्वश्रेष्ठ हो भन्छन् । धीरहरू ज्ञान र तपस्याद्वारा त्यो परमात्मालाई साक्षात्कार गर्दछन् ।

जसको मनको मैलो धोइएको छ, जो परम पवित्र छ, जसले रजोगुण त्यागेको छ, जसको अन्तस्करण निर्मल भएको छ जो नित्य संन्यास परायण तथा ब्रह्मज्ञाता छ त्यो व्यक्ति तपस्याद्वारा कल्याणमय मार्गको आश्रय लिएर परमेश्वरमा प्राप्त हुन्छ । ज्ञानीहरूका भनाइ छन् तपस्या परमात्मातत्त्व प्रकाशित गर्ने दीपक हो । आचार धर्मको साधना हो, ज्ञान परब्रह्मको स्वरूप हो र संन्यास नै उत्तम तपस्या हो ।

जो तत्त्वको पूर्व निश्चय गरेर ज्ञानस्वरूप निराधार र सम्पूर्ण प्राणीभित्र रहने आत्मालाई जान्दछ उ सर्व व्यापक हुन्छ । जो विद्वान् संयोगलाई पनि वियोगका रूपमा हेर्छ त्यस्तै नानात्वमा एकत्व देख्छ उ दुःखबाट सर्वथा मुक्त

हुन्छ। जो कुनै वस्तुको कामना तथा कसैको अवहेलना गर्दैन उ यो लोकमा रहेर पनि ब्रह्मस्वरूप हुन् समर्थ हुन्छ।

जो सबै भूतमा प्रधान, प्रकृति तथा उसका गुण एवं तत्त्वलाई राम्रोसँग जानेर ममता र अहङ्कार रहित छ उ मुक्त हुन्छ। यसमा कुनै सन्देह छैन। जो द्वन्द्व रहित नमस्कारको इच्छा नराख्ने, र स्वधाकार नगर्ने संन्यासी छ त्यो अति सय शान्तिद्वारा नै निर्गुण द्वन्द्वातित नित्य तत्त्व प्राप्त गर्दछ। शुभ र अशुभ समस्त त्रिगुणात्मक कर्म तथा सत्य र असत्य यी दुवैको त्याग गरेर संन्यासी मुक्त हुन्छ, यसमा कुनै सन्देह छैन।

- यो शरीर एउटा रुख जस्तै हो। अज्ञान यसको फेद हो, बुद्धि स्कन्ध हो, अहङ्कार हाँगा हुन् इन्द्रिय अंकुर र खोष्टा जस्ता हुन्। त्यस्तैपञ्चमहाभूत यसलाई विशालता तिर लादै यो वृक्षाको शोभा बढाउने काम गर्दछन्। यसमा हर हमेसा सङ्कल्परूपी पात पलाउँछन् र कर्मरूपी फूल फुल्छन्। शुभाशुभ कर्मबाट प्राप्त हुने सुख दुःखादि नै यसमा फल्ने फल हुन्। यसरी ब्रह्मरूपी बिर्यबाट प्रकट भएर प्रवाहरूपी चालमा सदा मौजुद रहनेवाला यो देहरूपी वृक्ष समस्त प्राणीहरूको जीवनको आधार हो। बुद्धिमान् मनुष्य तत्त्वज्ञानरूपी खड्गबाट यो वृक्षलाई छिन्न भिन्न गराइ जन्मजन्म, मृत्यु र जरावस्थाका चक्करमा फसाउने आसक्तिरूप बन्धनलाई तोड्छन् र ममता तथा अहङ्कार रहित हुन्छन्। त्यसो भएपछि मुक्ति अवश्य प्राप्त हुन्छ यसमा कुनै शङ्का बाकी रहदैन। यो वृक्षमा रहने मन बुद्धिरूप दुइ पक्षी हुन्। जो नित्य क्रियाशील भएर पनि अचेतन हुन्छन्। यी दुइभन्दा पनि श्रेष्ठ हो आत्मा। यसलाई ज्ञान सम्पन्न पनि भनिएको छ।

संख्याबाट रहित जो सत्त्व अर्थात् मूलप्रकृति छ त्यो अचेतन छ। त्योबाट भिन्न जो जीवात्मा छ उसलाई अन्तर्यामी परमात्मा ज्ञान सम्पन्न बनाउँछन्। त्यो क्षेत्र जान्नेले सम्पूर्ण तत्त्व जान्दछ। त्यसपछि गुणातित भएर सबै पापबाट छुट्छ।

अचेतनः सत्त्वसंख्याविमुक्तः ।
सत्त्वात्परं चेतयते ऽन्तरात्मा ।
स क्षेत्रवित् सर्वसंख्यातबुद्धि ।
गुणातीतो मुच्यते सर्वपापैः ।।

अध्याय ३३

आत्मा र परमात्मा स्वरूपविवेचन

ब्रह्माजीले भन्नुभयो– महर्षिगण ! यो अव्यक्त उत्पत्तिशील अविनाशी सम्पूर्ण वृक्षलाई ब्रह्मस्वरूप मानिन्छ र कोही यसलाई महान् ब्रह्मबन मान्छन् । यसमा अव्यक्त ब्रह्म कति छ र कतिले अनाममय पनि मान्दछन् । जो मान्छे अन्तकालमा आत्माको ध्यान गरेर श्वास लिन जति जति ढीलो गर्दछ त्यत्ति नै समभावमा स्थित हुन्छ । उ अमृतत्व अर्थात् मोक्ष प्राप्त गर्ने अधिकारी हुन्छ । जो एकछिन् पनि मन र आत्मालाई एकाग्र गर्दछ अन्तस्करण प्रसन्न हुन्छ र विद्वान्हरूमा हुने अक्षय गति पाउँछ । दश बाह्य प्राणायामद्वारा पुनः पुनः संयम गर्नेले चौबिस तत्त्व परको पच्चिसौं तत्त्व परमात्मालाई प्राप्त गर्दछ । यसरी पहिले आफ्नु अन्तस्करणलाई जसले शुद्ध गर्दछ उसले जे चाह्यो त्यो पाउँछ । अव्यक्तभन्दा उत्कृष्ट जुन सत्स्वरूप आत्मा छ त्यो अमर हुनमा समर्थ हुन्छ । अतः सत्स्वरूप आत्मालाई महत्त्वपूर्ण जान्नेवाला विद्वान् यस जगत्मा सत्त्वबाट बढेर कुनै वस्तुको प्रशंसा गर्दैनन् ।

द्विजवर ! हामी अनुमान प्रमाणद्वारा यी कुरा राम्रोसँग जान्दछौं । अन्तर्यामी परमात्मा सत्त्वस्वरूप आत्मामा रहन्छन् । यो तत्त्व नबुझि परम पुरुष प्राप्त गर्न सम्भव छैन । क्षमा, धैर्य, अहिंसा, समता, सत्य, सरलता, ज्ञान, त्याग तथा संन्यास यी सात्विक व्यवहार बताइएको छ । मनीषीहरू यही अनुमानबाट त्यो सत्त्वस्वरूप आत्मा र परमात्मालाई मनन गर्छन् । यसमा

अरू कुनै विचारणीय कुरा छैन । उनीहरूका भनाइ छन् त्यो क्षेत्रज्ञबाट सत्त्व पृथक छ किनभने सत्त्व अविचार सिद्ध छ । यी दुवै एकसाथ रहने भएर पनि तत्त्वतः अलग अलग हुन् । यसलाई यसरी सम्झनुपर्दछ ।

यसै विषयमा दोश्रा थरी विद्वान्हरूका निर्णयले एकत्व र नानात्व दुवैलाई स्वीकार गरेको छ । किनभने मशक र उदुम्बरमा एकता र पृथकता दुवै देखिन्छ ।

गुरुले भन्नुभयो– यस्तो भनाइमा मुनिश्रेष्ठ ब्राह्मणहरूले पुनः संशयमा परेर त्यतिबेलै लोकपिता ब्रह्माजीसँग यस विषयमा सोधेका छन् ।

अध्याय ३४

धार्मिक निर्णय जान्ने ऋषिहरूका विविध प्रश्न

ऋषिहरूले भने– ब्रह्मन् ! यो संसारका समस्त धर्ममा कुन धर्मको अनुष्ठान गर्न सर्वोत्तम मानिएको छ बताउनुहोस् । किनभने हामीलाई धर्मका विभिन्न मार्गहरू आपसमा बाझिए जस्तो लागेको छ । कोही शरीर नष्ट भएपछि धर्मको फल मिल्छ भन्छन्, दोस्रो विचारवालाहरू यो कुरा स्वीकार गर्दैनन् । कसै कसैले त धर्मलाई संशययुक्त पनि बताउँछन् । फेरि कोही होइन शङ्का मान्न पर्ने नै छैन भन्छन् । कसैका मत छन् धर्म अनित्य हो र कोही यसैलाई नित्य हो भन्छन् । कोही त धर्म नामको कुनै विषय नै छैन भन्छन् र अर्का थरी अवश्य छ भन्छन् । कसैले भनेका छन् धर्म दुइ प्रकारका छन् । अर्का थरी भन्छन् धर्म मिश्रित हो ।

वेदशास्त्रका ज्ञाता तत्त्वदर्शी ब्राह्मणहरू मान्छन् एक ब्रह्म नै हो । अर्का थरी भन्छन् जीव र ईश्वर अलग अलग हुन् । दोश्रा थरीका मान्यता छन् सबैका सत्ता भिन्न भिन्न र प्रकार प्रकारका छन् । कति मान्छे देश र कालको

सत्ता मान्छन् अर्का थरी इनको कुनै सत्ता नै छैन भन्छन् । कोही जटाधारी मृगचर्मधारी छन, कोही मुण्डनमा विश्वास गर्छन् र कोही त दिगम्वरताका पक्षमा छन् । कति मानिस स्नान गर्दैनन् । अर्काथरी शास्त्रज्ञ तत्त्वदर्शी ब्राह्मण देवता छन् उनीहरू स्नानलाई महत्त्व दिन्छन् । कति मानिस भोजन गर्न मनासिव मान्छन, कोही भोजन नगर्ने पनि छन् । कोही कर्मप्रशंसक छन, अर्का थरी परम शान्तिका प्रशंसक छन् । कति मोक्षको प्रशंसा गर्छन्, कति नाना प्रकारका भोगका प्रशंसक छन् । कोही प्रशस्त धन चाहन्छन, अर्का थरी निर्धनताका पक्षमा पनि छन् । कति मान्छे आफ्ना उपास्य इष्टदेव प्राप्तिको साधना गर्दछन् अर्का थरी त्यो मान्दैनन् । यसमा विश्वास गर्दैनन् ।

कुनै कुनै अहिंसा धर्मपालन गर्न रुचाउँछन्, कोही हिंसापरायण पनि छन् । एक थरी पुण्य र यश सम्पन्न छन् । फेरि अझ अर्का थरी त यी सबै होइन भन्छन् । अन्य कति सद्भावमा रुचि राख्छन् कति मानिस यसमा शङ्का गर्ने गर्छन् । कोही साधक कष्ट सहदै ध्यानमग्न हुन्छन्, कोही सुखपूर्वक ध्यान गर्छन् । एक थरी ब्राह्मण यज्ञलाई श्रेष्ठ बताउँछन्, दोश्रा थरी दानका प्रशंसक छन् । अरू कुनै तप प्रशंसक छन् त अर्काथरी स्वाध्यायका पक्षमा छन् । कोही भन्छन् ज्ञान नै संन्यास हो । कोही भौतिक विचारक स्वभाव भएका र त्यसैका प्रशंसक छन् । कोही यी सबैको प्रशंसा गर्दछन् भने अर्का थरी दुवैको प्रशंसा गर्दैनन् ।

नरश्रेष्ठ ब्रह्मन् ! धर्मका व्यवस्थामा अनेक ढंगबाट परस्पर विरोध बताइनाले हामीहरू धर्मका विषयमा अनिश्चित भयौं । कुनै निश्चयमा पुग्न सकेका छैनौं । यो कल्याण मार्ग हो र यही नै कल्याण कार्य हो भन्ने नसुनेको मनुष्य समुदाय विचलित छ । जो जुन धर्ममा रत छ उ उसैमा आदर गर्दछ । यस कारण हाम्रो बुद्धि विचलित छ र मन पनि धेरै सङ्कल्प र विकल्पमा पर्नाले चञ्चल छ । हे श्रेष्ठ ब्राह्मण ! हामी यो जान्न चाहन्छौं वास्तविक कल्याणमार्ग कुन हो ? यस कारण जो परम गुह्य तत्त्व हो त्यो हजुरले हामीलाई बताइदिनपर्‍यो । यसका साथै बुद्धि र क्षेत्रज्ञको समबन्ध कुन कारणले भएको छ सो पनि बताइ दिनुहोस् । संसार सृष्टिकर्ता बुद्धिमान् भगवान् ब्रह्माजी ऋषिब्रह्मर्षिहरूका कुरा सुनेपछि सबै प्रश्नहरूको उत्तर दिन थाल्नुभयो ।

एवमुक्तः स तैर्विप्रैर्भगवाँल्लोकभावनः ।
तेभ्य शशंस धर्मात्मा याथातथ्येन बुद्धिमान् ।।

अध्याय ३५

परमात्माको श्रेष्ठताको वर्णन

ब्रह्माजीले भन्नुभयो– श्रेष्ठ महर्षिहरू ! यहाँहरूले जुन विषय मा प्रश्न गर्नुभएको छ त्यस विषयमा म बताउँछु । गुरुले सुयोग्य शिष्य पाएर जो उपदेश दिनुभएको छ त्यो तपाँइहरू सुन्नुहोस् । त्यसलाई सुनेर राम्रोसँग धारण पनि गर्नुपर्दछ । सबै प्राणीको अहिंसा नै सर्बोत्तम कर्तव्य हो । यस्तो मानिएको छ । यो साधन, उद्वेगरहित सर्वश्रेष्ठ र धर्मको लक्षण हो ।

निश्चयलाई साक्षात्कार गर्ने वृद्धहरू भन्छन् ज्ञान नै परम कल्याणकारी साधन हो । यस कारण परमशुद्ध ज्ञानद्वारा नै मान्छे सबै पापबाट छुट्छन् । जो प्राणीहरूको हिंसा गर्छन्, नास्तिक प्रवृत्तिको आश्रय लिन्छन् र लोभ तथा मोहमा फस्छन् त्यस्ताले नरकमा जानुपर्दछ । जो सावधान भएर सकाम कर्मको अनुष्ठान गर्दछन् ती पटक पटक यो लोकमा जन्म लिएर सुखी हुन्छन् । जुन विद्वान् समन्वय योगमा स्थित हुन्छन्, श्रद्धाका साथ कर्तव्य कर्मको अनुष्ठान गर्दछन्, त्यसको फलमा आसक्त हुँदैनन् त्यस्ता धीर र उत्तम दृष्टिवाला मानिएका छन् ।

श्रेष्ठ महर्षिहरू ! अब म यो बात भन्दैछु सत्त्व र क्षेत्रज्ञका बीच परस्पर संयोग र वियोग कसरी हुन्छ । यसलाई ध्यान दिएर सुन्नुहोला । यी दुवैमा यहाँ विषय- विषयीभाव सम्बन्ध मानिएको छ । यिनमा पुरुष सदा विषयी र सत्त्व विषय मानिएको छ । पूर्व अध्यायमा मच्छर र गुलरको उधाहरणबाट यो कुरा बताइसकिएको छ । भोग्नेवाला अचेतन सत्त्व नित्यस्वरूप क्षेत्रज्ञलाई

जान्दैन । तर जो क्षेत्रज्ञ छ उ यस प्रकार जान्दछ । जो भोग्छ त्यो आत्मा हो र जो भोगिन्छ त्यो सत्त्व हो । मनिषीहरू सत्त्वलाई द्वन्द्वयुक्त बताउँछन् र क्षेत्रज्ञ निर्द्वन्द्व, निष्कलङ्क र निर्गुण स्वरूप हो ।

त्यो क्षेत्रज्ञ समभावबाट सर्वत्र राम्रोसँग रहेर ज्ञानको अनुसरण गर्दछ । जस्तै कमलको पात निर्लिप्त रहेर जल धारण गर्दछ त्यस्तै क्षेत्रज्ञ सदा सत्त्वको उपभोग गर्दछ । जसरी कमलको पातमा परेको जलकण उसलाई भिजाउन पाउँदैनन् त्यसै गरी विद्वान्हरू समस्त गुणहरूसँग सम्बन्ध राखेरै पनि कसैसँग लिप्त हुँदैनन् । अतः क्षेत्रज्ञहरू वास्तवमा असँग हुन् । यसमा कुनै शङ्का छैन । यो निश्चित हो पुरुषले भोग्न योग्य द्रव्यको नाम सत्त्व हो । त्यस्तै द्रव्य र कर्ताको सम्बन्ध हो । त्यसै गरी यी दुवैको सम्बन्ध हुने हो । जस्तै कुनै मान्छे बत्ति लिएर अन्धकारमा हिँड्छ त्यस्तै परमतत्त्व चाहने साधक सत्त्वरूप बत्तीको प्रकाशमा साधन मार्ग बनाएर हिँड्छ । जबसम्म बत्तीमा द्रव्य र गुण रहन्छ तबतक प्रकाश हुन्छ । द्रव्य र गुण नभएपछि ज्योति पनि निभ्छ ।

यसरी सत्त्वगुण व्यक्त हुन्छ र पुरुष अव्यक्त मानिन्छ । ब्रह्मर्षिहरू ! यो तत्त्वलाई सम्झनुपर्दछ । अब म तपाइँहरूलाई अगाडिका कुरा बताउँछु । जसको बुद्धि राम्रो छैन उसका निमित्त हजार प्रयास गर्दा पनि ज्ञान हुँदैन । जो बुद्धिमान् छ उ चौथाइ प्रयत्नबाट पनि ज्ञान पाएर सुख पाउँछ । यस्तो विचार गरेर कुनै उपायबाट धर्मका साधनको ज्ञान प्राप्त गर्नुपर्दछ । किनभने उपायलाई जान्ने मेधावी अत्यन्त सुखभागी हुन्छन् । जसरी कोही मान्छे बाटो खर्च बेगर नै यात्रा गर्छन् उनीहरूले बाटोमा धेरै दुःख भोग्नुपर्दछ । त्यस्ता बीचैमा मर्न पनि सक्छन् । पूर्व जन्ममा पुण्यहीन मान्छे यो मार्गका साधनमा लागेर योग सिद्धिरूप फल कठिनतापूर्वक प्राप्त गर्दछन् अथवा नपाउन पनि सक्छन् । मान्छेलाई आफ्ना कल्याण साधन नै उसका पूर्व जन्मका शुभाशुभ संस्कार नै बताउँछन् । जसरी पहिले नदेखिएको टाढाको बाटोमा मानिस जान्छ उ आफ्नु गन्तव्यमा नपुग्न पनि सक्छ । यही अवस्था तत्त्वज्ञान रहित

अज्ञानीहरूको हुन्छ । तर त्यही मार्गमा घोडाले तान्ने रथद्वारा यात्रा गर्ने मान्छे जसरी चाँडै नै लक्षमा पुग्छ । त्यस्तै पहाडमाथि चढेर तल पृथिवी तिर देख्दैन । त्यस्तै ज्ञानीहरूको गति हुन्छ ।

हेर्नुहोस् रथद्वारा जाने मूर्ख उच्चा पहाडमा पुगेर कष्ट पाउँछ तर बुद्धिमान् मान्छे जहाँतक रथ जान सक्ने बाटो छ उहासम्म रथद्वारा जान्छ र जब रथमार्ग समाप्त हुन्छ तब उ रथलाई छोडर पैदल यात्रा गर्दछ । यसै गरी तत्त्व र योगविधि जान्ने गुणज्ञहरू राम्रोसँग जाने बुझेर उत्तरोत्तर अगाडि बढ्छन् । जसरी कोही मानिस मोहवश बिना डुङ्गा भयङ्कर समुद्रमा प्रवेश गर्छन् र दुवै हातका मद्दतले पौडेर पारी तर्न भरोशा राख्छन् त्यस्ताहरू निश्चय पनि आफ्नु मृत्यु बोलाउन चाहन्छन् । त्यसै गरी ज्ञान नौकाको सहारा बिना मान्छे भवसागरबाट पार हुन सक्दैन । जसरी जलमार्गका विभाग जान्नेवाला बुद्धिमान् मान्छे सुन्दर डण्डीवाला नाउद्वारा अनायास जलयात्रा गरेर समुद्रपार गर्दछ । पारी पुगेर नाउको ममता छाडी हिँड्छ त्यसै गरी संसार सागर पार भएपछि बुद्धिमान् मान्छे पहिलेका साधना सामाग्री छोड्छन् । यो कुरा रथमा चढ्ने र पैदल हिँड्नेका दृष्टान्त पहिले पनि बताइएको छ । तर स्नेहवश मोहग्रस्त मान्छे ममताद्वारा आवद्ध भएर नाउमै बसि रहने नविक जस्तै त्यही चक्कर काटिरहन्छ ।

जसरी नौकामा चढेर जमिनमा विचरण गर्न सकिंदैन त्यस्तै रथमा चढेर जलमा विचरण गर्न सम्भव हुँदैन भन्ने वर्णन भएको छ । यसै गरी गरिएका कर्म सोही अनुसार पुऱ्याउने हुन् । संसारमा जसले जस्तो कर्म गरेको छ उसले उस्तै फल पाउँछ ।

जो गन्ध, रस, रूप, स्पर्श र शब्दबाट युक्त छैन त्यस्तै मुनिहरू बुद्धिद्वारा जसको मनन गर्दछन् ती प्रधान कहिन्छन् । प्रधानको अर्को नाम अव्यक्त हो । अव्यक्तको कार्य महत्तत्त्व हो र प्रकृतिबाट उत्पन्न महत्तत्त्वको कार्य अहङ्कार हो । अहङ्कारबाट पाँच महाभूतहरू प्रकट गर्नेवाला गुणको उत्पत्ति भएको

हो । पञ्चमहाभूतका कार्य हुन् रूप, रस, आदि विषय । ती पृथक पृथक्र गुणका नामले प्रसिद्ध छन् ।

अव्यक्त प्रकृति कारण पनि हो र कार्य रूप पनि । यसै गरी महत्तत्त्वका पनि कारण र कार्य दुवै स्वरूप सुन्नमा आएको छ । अहङ्कार पनि कारणरूप त हो नै कार्यरूपमा पनि बराबर परिणत भइरहन्छ । पञ्चमहाभूतहरूमा पनि कारत्व र कार्यत्व दुवै धर्म हुन् । ती शब्दादि विषयहरूलाई उत्पन्न गर्दछन् । यसैले यिनलाई बीजधर्मी भनिन्छ । ती पाँचभूतहरू विशेष कार्य शब्द आदि विषय हुन् । ती विषयहरूको प्रवर्तक चित्त हो । पञ्चभूतहरूमा आकाश एकै गुण मानिएको छ । वायुका दुइ गुण बताइन्छ । तेज तीनगुणबाट युक्त छ.भनिएको छ । जलका चार गुण छन् ।

पृथिवीका पाँच गुण सम्झनुपर्दछ । ती देवी स्थावर र जंगम प्राणीहरूबाट भरिएकी छन् । समस्त जीवलाई जन्म दिने उ शुभ तथा अशुभ निर्देश गर्ने हुन् । विप्रवर ! शब्द, स्पर्श, रूप, रस र पाँचौं गन्ध नै पृथिवीका पाँचगुण सम्झनुपर्दछ । यिनीहरूमा पनि गन्ध उनको खास गुण हो । गन्ध धेरै प्रकारका मानिएको छ । म त्यो वर्णन गर्नेछु । इष्ट, अनिष्ट, मधुर अम्ल, कटु, निर्हारी, मिश्रित, स्निग्ध, रुक्ष र विषद यी पार्थिव गन्धका दश भेद सम्झनुपर्दछ ।

शब्द, स्पर्श, रूप, रस, यी जलका चार गुण मानिएको छ । अब म रस विधानका वर्णन गर्दछु । रसका धेरै भेद बताइएको छ । गुलियो, अमिलो, पीरो, तीतो, कसैलाई नुनिलो यसरी छ भेदमा जलमय रसको विस्तार बताइएको छ । शब्द, स्पर्श र रूप यी तेजका तीन गुण मानिएको छ । यिनमा रूप नै तेजको मुख्य गुण हो । रूपका पनि धेरै भेद मानिएको छ ।

शुक्ल, कृष्ण, रक्त, नील, पीत, अरुण, छोटा, बडा, मोटा, दुब्ला, चौकोना र गोल यस प्रकार तैजस र रूपका बाह्र प्रकारबाट विस्तार भएको छ । सत्यवादी धर्मज्ञ, वृद्ध ब्राह्मणहरूद्वारा जान्न योग्य कहिएको छ । शब्द

र स्पर्श यी वायुका गुण जान्नुपर्ने पनि बताइएको छ । यिनमा पनि स्पर्श नै वायुको प्रधान गुण हो । स्पर्श पनि धेरै प्रकारका मान्ने गरिएको छ । रुखा, ठण्डा, गरम, स्निग्ध, विषद, कठिन, चिल्लो हल्का, पिच्छर, कठोर, कोमल, यी बाह्र प्रकारका वायुका गुण हुन् । स्पर्श विस्तार तत्त्वदर्शी धर्मज्ञ सिद्ध ब्राह्मणद्वारा विधिवत बताइएको छ । आकाश शब्द मात्र एकै गुण मानिएको छ । त्यो शब्दका धेरै गुण छन् । तिनको विस्तारपूर्वक बताउँदैछु ।

षड्ज, ऋषभ, गान्धार, मध्यम, पञ्चम, निषाद, धैवत, इष्ट, अनिष्ट, र श्लिष्ट यस्ता विभागवाला आकाशजनित शब्दका दश भेद छन् । आकाश सबै भूतहरूमा श्रेष्ठ हो । त्योभन्दा श्रेष्ठ अहङ्कार, अहङ्कारभन्दा श्रेष्ठ बुद्धि, बुद्धिभन्दा श्रेष्ठ आत्मा । उ अर्थात् आत्माभन्दा श्रेष्ठ अव्यक्त प्रकृति र प्रकृतिभन्दा श्रेष्ठ पुरुष हो । जो मान्छे सम्पूर्ण भूतहरूको श्रेष्ठता र न्यूनताको ज्ञाता छ समस्त कर्मका विधिको जानकार र सबै प्राणीलाई आत्माभावबाट देख्नेवाला हो । उ अविनाशी परमात्मा प्राप्त गर्दछ ।

अध्याय ३६

तपस्याको प्रभाव, आत्माको स्वरूप

ब्रह्माजीले भन्नुभयो–

भूतानामथ पञ्चानां यथैषामीश्वरं मनः ।
नियमे च विसर्गे च भूतात्मा मन एव च ।।

महर्षिहरू ! जसरी यी पाँचै महाभूतको उत्पत्ति र नियमन गर्नमा मन समर्थ हुन्छ त्यसै गरी स्थिति कालमा पनि मन नै भूतहरूको आत्मा बनेको हुन्छ । ती पञ्च महाभूतहरूको नित्य आधार पनि मन नै हो । बुद्धि जसले

ऐश्वर्यलाई प्रकाशित गर्दछ त्यो क्षेत्रज्ञ हो। जसरी सारथी असल घोडाहरूलाई आफ्नु कावुमा राख्दछ त्यसै गरी मन इन्द्रियहरूलाई शासन गर्दछ। इन्द्रिय, मन र बुद्धि यी सदा क्षेत्रज्ञका सँगै रहन्छन्। जसमा इन्द्रियरूपी घोडाहरू नारिएका छन, जसलाई बुद्धिरूपी सारथीले नियन्त्रणमा लिएको छ त्यो शरीररूपी रथमा सवार भएर भूतात्मा अर्थात् क्षेत्रज्ञ चारैतिर दौडिइरहन्छ। ब्रह्ममय रथ सदा रहनेवाला र महान् हो। इन्द्रिय उसको घोडा, मन सारथी र बुद्धि लगाम हो।

यसरी जुन विद्वान् यस ब्रह्ममय रथलाई सदा जानकारीमा राख्दछ उ समस्त प्राणीमा धीर हो। उ मोहमा कहिल्यै फस्दैन। यो संसार एउटा ब्रह्मवन हो। अव्यक्त प्रकृति यसको शुरू हो। पाँच महाभूत, दश इन्द्रिय र एक मन यी सोरह विषयमा यो पाँजिएको छ। यो चराचर प्राणीहरूले भरिएको छ। सूर्य र चन्द्रमाको प्रकाशले प्रकाशित छ। ग्रह एवं नक्षत्रद्वारा सुशोभित छ। नाना प्रकारका जलबाट सदा विभुपित छ। यही नै सम्पूर्ण भूतहरूको जीवन र सम्पूर्ण प्राणीहरूको गति हो। यो ब्रह्म वनमा क्षेत्रज्ञ विचरण गर्दछ। यो लोकमा जो स्थावर जंगम प्राणी छन् ती पहिले प्रकृतिमा विलय हुन्छन्। त्यसपछि पाँचभूतमा कार्यलीन हुन्छन् र कार्यरूप गुणपछि पुनः पाँच भूतमा लीन हुन्छन्। यसरी भूतसमुदाय प्रकृतिमा लीन हुने हो।

देवता, मनुष्य, गन्धर्व, पिशाच, असुर, राक्षस, सबै स्वभावैबाट रचिएका हुन्। कुनै क्रियाबाट वा कारणबाट यिनीहरूको रचना भएको होइन। विश्वको सृष्टि गर्ने मरिचि आदि ब्राह्मण समुद्रको छाल जस्तै बारम्बार पञ्चमहाभूतबाट उत्पन्न हुने हुन्। र फेरि समय अनुसार उसैमा लीन हुने हुन्। यो विश्व रचना गर्ने प्राणीहरूबाट पञ्चमहाभूत सबै प्रकारमा छ। जो यी पाँचमहाभूतबाट छुट्छ त्यो परम गति प्राप्त हुन्छ।

शक्तिसम्पन्न प्रजापतिले आफ्नै मनद्वारा सम्पूर्ण जगत्को सृष्टि गरेका हुन्। त्यसै गरी ऋषिहरू पनि तपस्याबाट देवत्वमा स्थापित हुन गएका हुन्। फल,मूल भोजन गर्ने सिद्ध महात्मा यहाँ गरेको तपस्याको प्रभावबाट चित्त एकाग्र गरेर तिनै लोकका वार्ताहरू प्रत्यक्ष अनुभव गर्दछन्। जसलाई

पाउन, जसलाई दवाउन र जसको संगतिमा लाग्न नितान्त कठिन छ त्यो कुरा तपस्याबाट सहज हुन्छ । किनभने तपस्याको प्रादुर्भाव दुर्लङ्घ्य छ ।

शराबी, ब्रह्महत्यारा, चोर,गर्भ नष्टकर्ता, र गुरुपत्नीको बिस्तरामा सुत्ने महा पापी पनि तपस्या गरेर त्यो महान् पापबाट छुट्कारा लिन सक्छ । मनुष्य, पितृ, देवता, पशु, मृग, पक्षी, तथा अरू जति चराचर प्राणी छन् ती सबै नित्य तपस्यामा संलग्न भएर सदा सिद्धि प्राप्त गर्दछन् । तपस्याको बलबाट नै महामायावी देवता स्वर्गमा निवाश गर्दछन् ।

जुन मानिस आलस्य त्यागेर अहङ्कार युक्त भै सकाम कर्म अनुष्ठान गर्दछ उ प्रजापतिको लोकमा जान्छ । जो अहमता, ममताबाट रहित छ त्यो महात्मा विशुद्ध ध्यानयोगद्वारा महान् उत्तम लोक प्राप्त गर्दछ । जो ध्यान योगको आश्रय लिएर सदा प्रसन्न चित्त रहन्छ त्यो आत्म वेत्तामा श्रेष्ठ, सुखको रासिभूत, अव्यक्त परमात्मामा प्रवेश गर्दछ । तर ध्यानयोगबाट पछाडि फर्केर अथवा ध्यानमा असफल भएर ममता र अहङ्कार रहित जीवन व्यतित गर्दछ । त्यो निष्काम व्यक्ति पनि महापुरुषहरूको उत्तम अव्यक्त लोकमा लीन हुन्छ । फेरि स्वयं पनि समतामा प्राप्त भएर अव्यक्तबाट नै प्रकट हुन्छ र केवल सत्त्वको आश्रय लिएर तमोगुण एवं रजोगुणका बन्धनबाट छुट्कारा पाउँछ । जो पापहरू बट मुक्त भएर सबैको सृष्टि गर्दछ त्यो अखण्ड आत्मालाई क्षेत्रज्ञ सम्झन पर्‍यो । जो मानिस यो ज्ञान प्राप्त गर्दछ त्यही वेदवेत्ता हो ।

मुनिहरूका निमित्त उचित हुन्छ चिन्तनद्वारा चेतना जगाई मन र इन्द्रियलाई एकाग्र गरेर परमात्माको ध्यानमा स्थित हुनु । किनभने जसको चित्त जसमा लागेको छ उ निश्चय नै त्यही स्वरूप हुन्छ । यो सनातन गोपनीय रहस्य हो । अव्यक्तबाट लिएर सोर विशेषहरूसम्म सबै अविद्याका लक्षण बताइएको छ । यस्तो सम्झन पर्ने भयो कि यो गुण कै विस्तार हो ।

दुइ अक्षर भएको पद मम मृत्युरूप हो । तीन अक्षरको पद नमम सनातन ब्रह्म प्राप्ति गराउने वाला हो । कुनै मन्द बुद्धि भएकाहरू काम्य कर्मको प्रशंसा गर्दछन् तर वृद्ध महात्मा जन ती कर्मलाई उत्तम बताउँदैनन् । किनभने कर्मको अनुष्ठानबाट सोर विकार निर्मित स्थूल शरीर धारण गरेर जन्म लिन

पर्दछ र सधैं अविद्याको गास बनिरहन पर्दछ । यतिमात्र होइन त्यो मान्छे देवताहरूका निमित्त पनि उपभोगको विषय हुन्छ । यसैले जो कोही पारदर्शी विद्वान् छ उ कर्ममा आसक्त हुँदैन । किनभने आत्मा ज्ञानमय छ, कर्म मय होइन । जो यसरी चेतन आत्मालाई अमृतस्वरूप नित्य, इन्द्रियातित, सनातन, अक्षर, जितात्मा र असँग सम्भन्छ उ कहिल्यै मृत्युको बन्धनमा पर्दैन ।

जसको दृष्टिमा आत्मा, अपूर्व, अकृत, नित्य, अचल, अग्राह्य र अमृताशी छ उ ती गुणको चिन्तन गर्नाले स्वयं नै इन्द्रियातित हुन्छ । निश्चय उ अमृतस्वरूप हुन्छ । जो चित्तलाई शुद्ध गर्ने वाला छ सम्पूर्ण संस्कारहरूको सम्पादन गरेर मनलाई आत्माको ध्यानमा लगाउँछ त्यही त्यो कल्याणमय ब्रह्म प्राप्त गर्दछ । त्योभन्दा बढी कोही हुँदैन । सम्पूर्ण अन्तस्करण स्वच्छ भएपछि साधकलाई शुद्ध प्रसन्नता प्राप्त हुन्छ । जस्तै स्वप्नबाट बिउभ्रेपछि मान्छेको स्वप्न शान्त हुन्छ त्यस्तै चित्तशुद्धिको लक्षण हो ।

ज्ञाननिष्ट, जीवनमुक्त, महात्माहरूको यही परम गति हो । किनभने उनीहरू समस्त वृत्तिहरूमा शुभाशुभ फल दिनेवाला सम्भन्छन् । विरक्त मान्छेहरूको गति यस्तै हो । यही सनातन धर्म हो । यही ज्ञानीहरूको प्राप्तव्य स्थान हो र यही अनिन्दित सदाचार हो । जो सम्पूर्ण प्राणीमा समान भाव राख्छन, लोभ र कामनाबाट रहित छन, तथा जसको सर्वत्र समान दृष्टि रहेको छ त्यही ज्ञानी हो । उही परम गति प्राप्त गर्न सक्छ । ब्रह्मर्षिहरू ! यी सबै कुरा मैले विस्तार पूर्वक यहाँहरूलाई बताएँ । यही अनुसार आचरण गर्नोस । यसैबाट चाँडै नै परम सिद्धि प्राप्त होला ।

गुरुले भन्नुभयो– बेटा ! ब्रह्माजीबाट यस प्रकारका उपदेश हुँदा ती महात्मा मुनिहरूले त्यसै अनुसार आचरण गरे । यसबाट उनीहरूलाई उत्तम लोक प्राप्त भयो । महाभाग ! तिमीहरूको चित्त शुद्ध छ । यस कारण तिमीहरूले पनि मैले बताएका ब्रहमाजीका उत्तम उपदेश राम्रोसँग पालन गर । यसबाट तिमीलाई पनि सिद्धि प्राप्त हुनेछ ।

श्रीकृष्णले भन्नुभयो– अर्जुन ! गुरुदेवबाट यस्तो आज्ञा भएपछि ती शिष्यले समस्त उत्तम धर्म पालन गरे । यसबाट उ संसार बन्धनबाट मुक्त

भए । कुरुकुलनन्दन ! त्यति बेला कृतार्थ भएर ती शिष्यले ब्रह्मपद प्राप्त गरे । जहाँ गए पनि शोक गर्न पर्दैन ।

अर्जुनले भने– जनार्दन श्रीकृष्ण ! ती ब्रह्मनिष्ट गुरु को थिए र शिष्य को थिए ? प्रभो ! मैले सुन्न योग्य छ भने ठीक ठीक बताइदिने कृपा होस् ।

श्रीकृष्णले भन्नुभयो– महाबाहो ! मै गुरु हुँ र मेरै मनलाई शिष्य सम्झ । धनञ्जय ! तिम्रो स्नेहवश मैले यो गोपनीय रहस्यको वर्णन गरेको हुँ । उत्तम व्रत पालन गर्ने कुरुकुलनन्दन ! यदि मसँग तिम्रो प्रेम छ भने यो अध्यात्म ज्ञान सुनेर तिमी नित्य यसैलाई यथावत पालन गर । शत्रुदमन ! यो धर्मको पूर्णतया आचरण गरेपछि तिमी समस्त पापबाट छुटेर विशुद्ध मोक्ष प्राप्त गर्नेछौ । महाबाहो ! पहिले पनि मैले युद्धकाल उपस्थित हुँदा यही उपदेश तिमीलाई दिएको थिएँ । यसैले तिमी यसमा मन लगाउ । भरत श्रेष्ठ ! अब म पिताजीको दर्शन गर्न चाहन्छु । उहालाई देखेको धेरै दिन भयो । यदि तिम्रो राय छ भने म उहाँको दर्शन गर्न जाउँ ।

वैशम्पायनजी भन्नुहुन्छ– राजन् ! भगवान् श्रीकृष्णका कुरा सुनेपछि अर्जुनले भने– श्रीकृष्ण ! अब हामी यहाँबाट हस्तिनापुर जाउँ । उहा धर्मात्मा राजा युधिष्ठिरसँग भेटेर र उहाँको आज्ञा लिएर हजुर आफ्नु पुरीमा जानुहोला ।

महाभारत-महाकाव्य

महाभारत जो काव्य
धर्मार्थ काम मोक्षको
विशालकाय यो ग्रन्थ
सर्वोच्च पूज्य शास्त्र हो ॥१॥

जति संसारमा जो छन्
सबै छन् यस शास्त्रमा
नभए त्यो कतै छैन
खोज्न पर्दैन विश्वमा ॥२॥

सिर्जना व्यासको हो यो
लेखाइ श्रीगणेशको
यो पाँचौं वेद मानिन्छ
युद्ध हो पाप-धर्मको ॥३॥

सारा अधर्म नासेर
धर्मरक्षा निमित्तमा
घटना जो घटेका छन्
विषयै छन् अनेकन ॥४॥

पर्व अठ्ठार छन् यस्मा
भनिन्छ श्लोक लाख छन्
श्लोकमा नीति वा धर्म
ज्ञान विज्ञान वर्णन ॥५॥

मुटु हो भगवद्गीता
त्यस्तै अनुगीता छ जो
दाता श्रीकृष्ण मानिन्छन्
प्राप्ती अर्जुनको भयो ॥६॥

तेही संसारमा आयो
फैलियो विश्व फाँटमा
पढ्दैछौं ग्रन्थ यो हामी
ज्ञान प्राप्ति निमित्तमा ॥७॥

भन्दछन् भगवान् कृष्ण
अधर्म रोक्नलाई र
धर्मको स्थापना गर्न
अवतार लिने छु म ॥८॥

कर्म गर्न सबैलाई
अधिकार छ है जन
नगर्नू फलको आशा
निष्काम कर्म उत्तम ॥९॥

स्रष्टा व्यास स्वयं भन्छन्
परोपकार धर्म हो
परपीडन हो पाप
लोकोपकार कर्म हो ॥१०॥

अध्याय ३७

श्रीकृष्ण र अर्जुनको हस्तिनापुरयात्रा

वैशम्पायनले भने– राजन् ! त्यसपछि भगवान् श्रीकृष्णले दारुकलाई रथ नारेर ल्याउन भन्नुभयो । दारुकले दुइ घण्टाभित्रै रथ तयार भयो भन्ने निवेदन गरे । अर्जुनले पनि आफ्ना सेवकलाई आदेश दिदै भने– "अब हामी हस्तिनापुर जाने हौं । रथ तयार गरेर ल्याउनु ।" अर्जुनको र श्रीकृष्णको आज्ञाअनुसार रथ सहित सबै सैनिक तयार भए । महान् ओजस्वी अर्जुनसँग यात्राका सबै कुरा तयार भैसकेको कुरा निवेदन गरे । राजन् ! त्यसपछि भगवान् श्रीकृष्ण र अर्जुन रथमा बसेर तरह तरहका कुराकानी गर्दै खुसीसाथ त्यहाँबाट हिंडे ।

भरतभूषण ! रथमा बसेर भगवान् श्रीकृष्णसँग अर्जुनले यसरी निवेदन गरे– "वृष्णि कुल धुरन्धर श्रीकृष्ण ! तपाइँका कृपाले राजा धृतराष्ट्रलाई विजयप्राप्त भएको हो । उनका शत्रुहरूको दमन भैसकेको छ र उनलाई निष्कण्टक राज्य मिलेको छ । मधुसूदन ! हामी सबै पाण्डव तपाइँका कृपाले सनाथ भएका छौं । तपाइँको नौकारूपी साथ पाएर कौरवसेनारूपी समुद्रबाट पार भयौं । विश्वकर्मन ! तपाइँलाई नमस्कार छ । विस्वात्मन ! तपाइँ सम्पूर्ण संसारमा सबैभन्दा महान् हुनुहुन्छ । म तपाइँलाई त्यसै गरी जान्दछु जसरी तपाइँ मलाई जान्नुहुन्छ ।

मधुसूदन ! तपाइँका तेजबाट सदा सम्पूर्ण भूतको उत्पत्ति हुन्छ । तपाइँ नै सबै प्राणीहरूको आत्मा हुनुहुन्छ । प्रभो ! नाना प्रकारका लीला तपाइँका मनोरञ्जन हुन् । आकाश र पृथिवीमा हजुरको माया व्याप्त छ । यो जुन स्थावर जंगम रूप जगत् छ सबै तपाइँमा प्रतिष्ठित छन् । तपाइँ नै चारै प्रकारका समस्त प्राणी समुदायको सृष्टि गर्नुहुन्छ । मधुसूदन ! पृथ्वी, अन्तरिक्ष र

आकाशको सृष्टि पनि तपाइँले नै गर्नु भएको हो । निर्मल चाँदनी तपाइँको हाँसो हो र ऋतुहरू तपाइँका इन्द्रियहरू हुन् । सदा हररर चल्ने हावा तपाइँको प्राण हो । क्रोध सनातन मृत्यु हो । महामते ! तपाइँको मनोरञ्जनमा लक्ष्मी विराजमान हुन्छिन् र तपाइँका वक्षास्थलमा सदा श्रीजी निवास गर्नुहुन्छ ।

अनघ ! तपाइँ नै रति, तुष्टि, धृति, क्षान्ति, मति, क्षान्ति र चराचर जगत् हुनुहुन्छ। तपाइँ नै युगान्त हुँदा प्रलय बन्नुहुन्छ। दीर्घकालसम्म गणना गर्दा पनि तपाइँका गुणको जानकारी पाउन असम्भव छ । तपाइँ नै आत्मा र परात्मा हुनुहुन्छ । हे कमलनयन ! म तपाइँलाई नमस्कार गर्दछु । दूर्धर्ष परमेश्वर ! मैले देवर्षि नारद, देवल, श्रीकृष्ण द्वैपायन तथा पितामह भीष्मका मुखबाट तपाइँको महात्म्यको ज्ञान प्राप्त गरेको छु । सारा जगत् हजुरमा ओतप्रोत छ । एक मात्र हजुर नै मनुष्यका अधिश्वर हुनुहुन्छ । निष्पाप जनार्दन ! हजुरले ममाथि कृपा गरेर जो यो उपदेश दिनुभयो त्यसको म यथावत पालन गर्नेछु । हाम्रो भलाइका निमित्त हजुरले यो अत्यन्त अद्भुत कार्य गर्नुभयो। धृतराष्ट्रका छोरा कुरुकुलकलङ्क पापी दुर्योधन भैया भीमद्वारा युद्धमा मारिए । शत्रुसेनालाई हजुरकै तेजबाट डढाइएको हो । त्यसैले त हामीले युद्धमा विजय प्राप्त गऱ्यौं । हजुरले यस्ता यस्ता उपाय अपनाउनुभयो जसबाट हाम्रो विजय सुलभ भयो । संग्राममा हजुरकै बुद्धि र पराक्रमबाट दुर्योधन, कर्ण, पापी सिन्धुराज जयद्रथ तथा भूरिश्रवा वधको तारतम्य मलाई यथार्थ रूपमा दृष्टिगोचर भैरहेको छ ।

देवकीनन्दन ! हजुरले प्रेमपूर्वक तथा प्रसन्नताका साथ जुन कार्य गर्न मलाई भन्नुभएको छ त्यो म अवश्य गर्नेछु। यसमा मलाई कुनै अरू विचार गर्नु छैन। धर्मज्ञ एवं निष्पाप भगवान् जनार्दन ! म धर्मात्मा राजा युधिष्ठिरसँग गएर उहाँसँग हजुरको उता जाने कुराका निमित्त अनुरोध गर्नेछु। यसमा मेरो पनि सम्मति छदै छ ।अब हजुर शीघ्र मामाजीको दर्शन गर्नुहुनेछ । त्यसै गरी अजेय वीर बलदेवजी तथा अन्य वृष्णिवंशी वीरहरूसँग भेट गर्नुहुनेछ।

यस्ता यस्ता बातचित गर्दै गर्दै ती दुइ मित्र हस्तिनापुर पुगे । उनीहरू हृष्टपुष्ट मान्छेहरूबाट भरिएको सहरमा प्रवेश गरे । महाराज इन्द्रभवनसमान शोभित धृतराष्ट्रका दरवारमा पुगेर उनीहरू दुवैले राजा धृतराष्ट्र, महाबुद्धिमान् विदुर र राजा युधिष्ठिरको दर्शन गरे । त्यसपछि क्रमश: अजेय भीमसेन, माद्रीनन्दन पाण्डुपुत्र नकुल तथा सहदेव द्रौपदी तथा सुभद्रा आदि भरतवंशी सबै स्त्रीहरूलाई भेटे । गान्धारीका सेवामा रहेका सबै स्त्रीहरूलाई उनीहरू दुवैले दर्शन गरे ।

त्यसपछि सबैभन्दा पहिले ती शत्रुदमन वीरहरूले राजा धृतराष्ट्रसँग गएर आआफ्ना नाम बताउँदै पाउ स्पर्श गरे । अनि गान्धारी, कुन्ती, धर्मराज युधिष्ठिर र भीमका पाउ छोए । त्यसका लगत्तै विदुरसँग गएर कुशल मंगलका कुरागरे । अनि उनीहरू बैश्यापुत्र महारथी महामना युयुत्सुलाई पनि अंकमाल गरेर मान बढाउने काम गरे । त्यसपछि उनीहरू दुवै बूढा राजा धृतराष्ट्रसँग गएर बसे । रात परिसकेको हुनाले मेधावी महाराज धृतराष्ट्रले कुरुश्रेष्ठ वीर तथा भगवान् श्रीकृष्णलाई आआफ्ना घरमा जान आज्ञा दिए । राजाको आज्ञाले सबै आआफ्ना घर गए । पराक्रमी भगवान् श्रीकृष्ण अर्जुनका घरमा जानुभयो । त्यहाँ उहाको यथोचित पूजा भयो र सम्पूर्ण अभीष्ट पदार्थ उहाको भोजनका निमित्त आयो । भोजनपछि भगवान् श्रीकृष्ण अर्जुनसँग सुत्नुभयो ।

रात बित्यो प्रात:काल भयो तब पूर्वान्हकालका सबै क्रिया, सन्ध्या वन्दना आदि गरेर उनीहरू दुवैजना परम पूजित मित्र, राजा युधिष्ठिरका महलमा गए । त्यहाँ महाबली धर्मराज आफ्ना मन्त्रीहरूका साथ रहेका थिए । त्यो परम सुन्दर एवं सुसज्जित कक्षामा प्रवेश गरेर उनीहरूले महात्मा धर्मराज युधिष्ठिरको दर्शन गरे । त्यति बेला यस्तो लाग्थ्यो दुवै अश्विनीकुमार देवराज इन्द्रकहाँबाट आएका हुन् । श्रीकृष्ण र अर्जुन जब राजा नजिक पुगे उनीहरूलाई देखेर युधिष्ठिर बडा प्रसन्न भए । त्यसपछि उनले आज्ञा दिएअनुसार उनीहरू आसनमा विराजमान भए ।

एक छिनपछि श्रेष्ठ वक्ता युधिष्ठिरले भने– यदुकुल र कुरुकुललाई अलंकृत गर्ने वीरहरू ! यस्तो लागेको छ तिमीहरू मसँग केही भन्न चाहिरहेका छौ । जे भन्नु छ भन म तिमीहरूका सबै इच्छा पूर्ण गर्नेछु । मनमा कुनै अन्यथा विचार नगरे हुन्छ । उनले यसो भनेपछि कुशल वार्ताकार अर्जुनले धर्मराजसँग विनीत भावमा भने– "राजन् ! परमप्रतापी वसुदेवनन्दन भगवान् श्रीकृष्ण यता रहेका धेरै दिन भए । अब यी हजुरको अनुमति लिएर आफ्ना पिताजीको दर्शन गर्न जान चाहन्छन् । यदि हजुरबाट स्वीकारोक्ति आदेश हुन्छ भने यी वीरवर श्रीकृष्ण आनर्त नगरी द्वारका जान्छन् । अतः हजुरबाट उनलाई उहा जाने आदेश होओस् ।

युधिष्ठिरले भने :-

पुण्डरिकाक्ष भद्रं ते गच्छ त्वं मधुसूदन ।
पुरीं द्वारावतीमद्य दृष्टं शूरसुतं प्रभो ।।

कमलनयन मधुसूदन ! हजुरको कल्याण होओस् । प्रभो ! हजुर शूरनन्दन वसुदेवजीको दर्शन गर्न आजै द्वारकाका निमित्त प्रस्थान गर्नुहोस् । महाबाहु केशव ! मलाई हजुरको उता जाने प्रस्ताव यस कारणले ठीक लागेको हो हजुरले मेरा मामाजी र माइजु देवकी जसलाई मैले धेरै दिन देखि देख्न पाएको छैन । उहाँहरूलाई भेट्ने हुनुभयो । महाप्राज्ञ माधव ! तपाइँ मेरा मामाजी माइजुजी तथा भाइ बलदेवसँग गएर मेरो तर्फबाट उनीहरूमा मान सत्कार पुऱ्याइ दिनुहोस् । भक्तलाई मान गर्ने श्रीकृष्ण ! द्वारका गएर तपाइँले बलवान्हरूमा श्रेष्ठ भीमसेन, अर्जुन, सहदेव र नकुललाई पनि सदा याद राख्नुहोला ।

महाबाहु निष्पाप श्रीकृष्ण ! आनर्त देशका प्रजा, आफ्ना माता पिता, तथा वृष्णिवंशी बन्धु बान्धवहरूलाई भेटेर पुनः मेरो अश्वमेध यज्ञमा आउनुहोला । यदुनन्दन केशव ! यी तरह तरहका नाना रत्न र धन प्रशस्त छन् यी र अरू जुनसुकै चिज यहाँलाई मन परेको छ सबै लिएर यात्रा गर्नुहोला ।

वीरवर ! तपाइँको प्रसादबाट नै यो सम्पूर्ण भूमण्डलको राज्य मेरा हातमा आएको छ । हाम्रा शत्रु मारिएका छन् ।

कुरुनन्दन धर्मराज युधिष्ठिर जब यस्ता कुरा गर्दै थिए त्यही समयमा वसुदेवनन्दन भगवान् श्रीकृष्णले उनलाई भने– "महाबाहो ! यी रत्न, धन र समस्त पृथिवी अब केवल हजुरका हुन् । यति मात्र होइन मेरो घरमा जे छ धन वैभव त्यसलाई पनि तपाइँ आफ्नै सम्झनुहोस् । नरेश्वर ! तपाइँ नै सदा त्यसका मालिक हुनुहुन्छ ।"

श्रीकृष्णले यसो भनेपछि धर्मराज युधिष्ठिरले जो आज्ञा भनेर उनका वचनको आदर गरे । उनीबाट सम्मानित भएर पराक्रमी श्रीकृष्णले आफ्नी फुपु कुन्तीसँग गएर एक छिन वार्तालाप गरे । कुन्तीबाट यथोचित माया तथा सत्कार पाएर उनको प्रदक्षिणा गरे । कुन्तीले राम्रोसँग अभिनन्दित भएर विदुर आदि सबैसँग बिदा लिएर चतुर्भुजाधारी श्रीकृष्ण आफ्नु दिव्य रथ चढेर हस्तिनापुरबाट बाहिर निस्के । फुपु कुन्ती तथा राजा युधिष्ठिरको आज्ञाले सुभद्रालाई पनि रथमा राखेर महाबाहु जनार्दन पुरवासीहरूबाट घेरिएको नगरबाट बाहिर निस्के ।

त्यति बेला श्रीकृष्णका पछिपछि कपिध्वज अर्जुन, सात्यकि, नकुल, सहदेव, अगाध बुद्धि विदुर र गजराज समान पराक्रमी स्वय भीमसेन पनि पर परसम्म पुऱ्याउन गए । त्यसपछि पराक्रमी श्रीकृष्णले कौरवराज्य बढाउने समस्त पाण्डव तथा विदुरजीलाई फर्काएर दारुक तथा सात्यकिसँग भने– "अब घोडा तेजका साथ हाँक ।"

त्यसपछि शिनिवीर सात्यकिलाई साथ लिएर शत्रुदलमर्दन प्रतापी श्रीकृष्ण आनर्तपुरी द्वारका तिर यसरी गए जसरी प्रतापी इन्द्र शत्रुसमुदायको संहार गरेर स्वर्गतिर गएका हुन् ।

अध्याय ३८

श्रीकृष्णबाट उत्तङ्कमुनिलाई उपदेश

वैशम्पायनले भन्नुभयो– राजन् ! यसरी द्वारका जाँदै गरेका भगवान् श्रीकृष्णलाई हृदयमा लगाएर भरतवंशका श्रेष्ठ वीर शत्रुसन्तापि पाण्डव आफ्ना सेवकहरू सहित फर्के । अर्जुनले वृष्णिवंशी प्यारा मित्र श्रीकृष्णलाई पटक पटक छातीमा लगाए । श्रीकृष्ण बिदा भएर गएपछि जबतक उ आँखाबाट ओझेल भएनन् तबतक उनै तिर बारम्बार हेर्दै रहे । जब रथ टाढा पुग्यो तब अर्जुनले बडो कष्टका साथ श्रीकृष्णप्रति रहेको आफ्नु दृष्टि फर्काए । कसैबाट पराजित नहुने श्रीकृष्णको दशा पनि करीव यस्तै थियो ।

महामना ! भगवान्को यात्राका समयमा जो जो अद्‌भुत शकुन प्राप्त भए ती बताउँछु सुन । उनका रथका अगाडि ठूलो वेगका साथ हावा आउथ्यो र बाटोमा भएका धुलोका कण काडा आदि उडाएर मार्ग सफा गरिदिएको थियो । इन्द्र श्रीकृष्णका अगाडि पवित्र एवं सुगन्धित जल तथा दिव्य फूलको वर्षा गर्दथे । यस्तै हुँदै मरुभूमिको समतल प्रदेशमा पुगेर महाबाहु श्रीकृष्णले अमित तेजस्वी मुनिश्रेष्ठ उत्तङ्कको दर्शन गर्नुभयो । स्वयं पनि उनीद्वारा पूजिनुभयो । त्यसपछि उहाँले मुनिसँग कुशल समाचार को याचना गर्नुभयो । उनको कुशल मंगल सुनेपछि विप्रवर उत्तङ्कले पनि मधुसूदन माधवको पूजा गरेर उहाँसँग यस प्रकार प्रशन गर्नुभयो ।

शूरनन्दन ! के तपाइँ कौरव तथा पाण्डवहरूका घरमा गएर उनीहरूमा अविचल भ्रातृभाव स्थापित गरेर आउनुभयो ? यो मलाई विस्तारका साथ बताउनुहोस् । केशव ! के तपाइँ ती वीरहरूमा सन्धि गराएर फर्कनुभएको हो ? वृष्णिपुङ्गव ! ती कौरव तथा पाण्डवहरूका सम्बन्धी तथा सधैं परम प्रिय भएका छन् ? परमतप ! के पाण्डवका पाँचै पुत्र र धृतराष्ट्रका सबै छोरा

संसारमा तपाइँका साथ सुखपूर्वक रहन सक्छन् ? केशव ! तिमी जस्ता रक्षक एवं स्वामीद्वारा कौरवहरूलाई शान्त गरी दिएपछि पाण्डवनरेशहरूलाई आफ्नु राज्यसुख त मिल्ला नि हैन ? तात ! म सदा तपाइँबाट यस्तो सम्भावनाको आसा गर्दथें कि तपाइँका प्रयासबाट कौरव-पाण्डवमा मेल होओस् । मेरो जो सद्भावना थियो भरतवंशीहरूको सम्बन्धमा तपाइँबाट त्यो सफल बनाइयो होइन ?

भगवान्ले भन्नुभयो– महर्षि ! मैले पहिले कौरवहरूकहाँ गएर उनीहरूलाई शान्त गराउनका निमित्त ठूलो कोसिस गरें । तर कसै गर्दा पनि उनीहरूलाई सन्धिका लागि मनाउन सकिनँ । जब उनीहरूलाई समतापूर्ण मार्गमा स्थापित गर्न सकिएन असम्भव भयो तब उनीहरू सबै पुत्र र बन्धु बान्धव मारिए । महर्षि ! प्रारब्धको विधानलाई कुनै बुद्धि तथा बलले मेट्न सकिंदैन । अनघ ! हजुरलाई थाहै छ होला कौरवहरूले म, भीष्मजी तथा विदुरजीका कुरालाई समेत टेरेनन । यसै कारण आपसमा लडभिड गरेर यमलोक गए । यो युद्धमा केवल पाँचपाण्डव आफ्ना शत्रुहरूलाई मारेर आफू बचे । उनीहरूका छोराहरू मारिए । धृतराष्ट्रका सबै छोरा जो गान्धारीका पेटबाट जन्मेका थिए आफ्ना छोरा तथा बान्धव सहित नष्ट भए ।

भगवान् श्रीकृष्णले यति भन्नासाथ उत्तङ्कमुनि अत्यन्त क्रोधित भएर जुरुक्क उठे । रिसले आँखा फर्फराउँदै उठे र हेर्न थाले । उनले श्रीकृष्णसँग यसरी कुरा गर्न थाले– "श्रीकृष्ण ! कौरव तिम्रा प्रिय सम्बन्धी थिए । त्यस्तो भएर पनि तिमीले उनीहरूको रक्षा गरेनौ । त्यसैले म तिमीलाई अवश्य शाप दिन्छु । मधुसूदन ! तिमी उनीहरूलाई जबर्जस्ति समाएर रोक्न सक्थ्यौ । तर यसो गरेनौ । यसैले म क्रोधले भरिएर तिमीलाई शाप दिंदैछु । माधव ! कति खेदको कुरा हो तिमीले समर्थ हुँदाहुँदै पनि मिथ्याचारको आश्रय लियौ । युद्धमा आएका सारा कुरुवंशी मारिए तिमीले उनीहरूको उपेक्षा गर्‍यौ ।

श्रीकृष्णले भन्नुभयो– भृगुनन्दन ! म जो भन्दैछु त्यो धैर्य भएर सुन्नुहोस् । भार्गव ! तपाइँ तपस्वी हुनुहुन्छ । तसर्थ मेरो अनुनय विनय स्वीकार गर्नुहोस् । म तपाइँलाई अध्यात्म तत्त्व सुनाउँछु । त्यो सुनेपछि पनि यदि तपाइँलाई इच्छा लागे मलाई शाप दिनुहोला । तपस्वी पुरुषहरूमा श्रेष्ठ हे महर्षि ! तपाइँ यो सम्झनुहोस् कि कोही पनि पुरुष सानु तपस्याको बलमा मेरो तिरस्कार गर्न सक्दैन । म चाहन्न कि तपाइँको तपस्या नष्ट होओस् । तपाइँको तपस्या र तेज बहुत ठूलो छ । तपाइँले गुरुहरूलाई पनि सेवाद्वारा सन्तुष्ट गराउनुभएको छ । द्विजश्रेष्ठ ! तपाइँले बाल्यावस्थामै ब्रह्मचर्य पालन गर्नुभयो । यी सब कुरा मलाई राम्ररी थाहा छ । यसैले अत्यन्त कष्ट हुँदाहुँदै पनि सहेर सञ्चय गरेको तपाइँको तप म नाश गर्न चाहन्नँ ।

अध्याय ३९

श्रीकृष्णबाट उत्तङ्कमुनिसँग अध्यात्म तत्त्वको वर्णन

उत्तङ्कमुनिले भने– केशव ! जनार्दन ! तिमी यथार्थ रूपबाट उत्तम अध्यात्म तत्त्वको वर्णन गर । त्यो सुनेर म तिम्रो कल्याणका लागि आशीर्वाद अथवा शाप दिउँ ।

श्रीकृष्णले भन्नुभयो–

तमो रजश्च सत्यं च विद्धि भावान् मदाश्रयान् ।
तथा रुद्रान् वसुन् वाऽपि विद्धि मत्प्रभवान् द्विज ।।

ब्रह्मर्षे ! तपाइँलाई यो थाहै होला कि तमोगुण रजोगुण र सत्त्वगुण यी सबै भाव मैमा आश्रित छन् । रुद्र र वसुहरू पनि मैबाट उत्पन्न हुने हुन् भनेर तपाइँ जान्नुहोस् । सम्पूर्ण भूत ममा छन् र सम्पूर्ण भूतहरूमा म स्थित छु ।

यो कुरा तपाइँ राम्रोसँग बुझ्नुहोस् । यसमा तपाइँलाई कुनै संशय हुनुहुँदैन । विप्रवर ! सम्पूर्ण दैत्यगण, यक्ष, गन्धर्व, राक्षस, नाग र अप्सराहरू मैबाट उत्पन्न भएका बुझ्नुहोस् । विद्वान्हरू जसलाई सत्, असत्, व्यक्त अव्यक्त र क्षर अक्षर भन्दछन् ती सबै मेरै स्वरूप हुन् ।

मुने ! चारै आश्रममा जो चार प्रकारका धर्म प्रसिद्ध छन् तथा जो सम्पूर्ण वेदोक्त कर्म छन् ती सबै मेरै स्वरूप सम्झनुहोस् । असत्, सदसत् तथा त्यसबाट पर जो अव्यक्त जगत् छ त्यो पनि म सनातन देवादि देवबाट फरक छैन । भृगुश्रेष्ठ ! ओंकारबाट प्रारम्भ हुने चारै वेद मैलाई सम्झनुहोस् । यज्ञमा पुण्य, सोम, चरु, देवताहरूलाई तृप्त गर्ने होम, होता र हवन सामाग्री पनि मै सम्झनुहोस् । भृगुनन्दन ! अध्वर्यु, कल्पक र राम्रो संस्कार गरिएको हविष्य यी सबै मेरै स्वरूप हुन् ।

ठूला ठूला यज्ञमा उद्गाता उच्च स्वरबाट सामगान गरेर मेरै स्तुति गर्ने गर्दछन् । ब्रह्मन् ! प्रायश्चित्त कर्ममा शान्तिपाठ तथा मंगल पाठ गर्ने ब्राह्मण सदा विश्वकर्माकै स्तवन गर्दछन् । द्विजश्रेष्ठ ! तपाइँलाई थाहा हुन पर्ने हो सम्पूर्ण प्राणीमा दया गर्ने रूपवान जो धर्म छ त्यो मेरो परमप्रिय जेठो छोरो हो । मेरो मनबाट उ उत्पन्न भएको हो । भार्गव ! त्यो धर्ममा प्रवृत्त भएर जो पापकर्मबाट निवृत्त भए यस्ता मान्छेसँग म सदा रहने गर्दछु । साधुशिरोमणे ! म धर्मको रक्षा र स्थापनाका निमित्त तिनै लोकमा धेरै धेरै योनिमा अवतार धारण गरेर त्यो रूप तथा भेषद्वारा तदनुरूप व्यवहार गर्ने गर्दछु । म विष्णु, म नै ब्रह्म मै इन्द्र हुँ । सम्पूर्ण भूतहरूको उत्पत्ति र प्रलयको कारण पनि मै हुँ । समस्त प्राणी समुदायको सृष्टि र सम्हार पनि मद्वारा नै हुन्छ ।

अधर्ममा लागेका सबै मानिसलाई दण्ड दिने र आफ्नु मर्यादामा कहिल्यै च्युत नहुने ईश्वर मै हुँ । जब जब युग परविर्तन हुन्छ तब तब प्रजाको भलाइका निमित्त भिन्न भिन्न योनिमा प्रविष्ट भएर धर्म मर्यादालाई स्थापना गर्दछु । भृगुनन्दन ! जब म देवयोनिमा अवतार लिन्छु तब देवताहरूको जस्तै

आचार विचार पालना गर्दछु । यसमा संशय हुँदैन । भृगुकुललाई आनन्द प्रदान गर्ने महर्षि ! जब म गन्धर्व योनिमा प्रकट हुन्छु तब मेरा सारा आचार विचार गन्धर्वहरू सरह कै हुन्छन् । यसमा पनि कुनै सन्देह हुँदैन । जब म नाग योनिमा जन्म लिन्छु तब नागहरू सरह नै व्यवहार गर्दछु । यक्ष तथा राक्षस योनिमा प्रकट हुँदा पनि उनीहरूको जस्तै आचार विचारको यथारूपमा पालना गर्दछु ।

अहिले म मनुष्य योनिमा अवतरित भएको हुँ । यसैले कौरवहरूमा आफ्नु ईश्वरीय शक्तिको प्रयोग नगरी पहिले मैले दीनतापूर्वक सन्धिका निमित्त प्रार्थना गरेको थिएँ । तर उनीहरूले मोहग्रस्त भएका कारण मैले गरेका हितैषी कुरासमेत मानेनन । यसपछि क्रोधमा देखापरेर मैले कौरवहरूलाई ठूला ठूला त्रास पनि देखाएँ धम्काएँ त्यसै गरी यथार्थ रूपबाट युद्धका भावी परिणाम पनि प्रस्तुत गरैँ, बताएँ । तर उनीहरू अधर्मबाट युक्त र कालबाट ग्रस्त भएका कारण मेरा कुरा मान्न तयार भएनन् । त्यसपछि क्षत्रिय धर्म अनुसार युद्धमा मारिए । यसमा कुनै सन्देह छैन उनीहरू सबै स्वर्गलोकमा गएका छन् ।

द्विजश्रेष्ठ ! पाण्डव आफ्नु धर्माचारणका कारण समस्त लोकमा विख्यात भएका छन् । यहाँले जे सोध्नुभएको थियो त्यसै अनुसार मैले यहाँ सारा प्रसङ्ग भनिदिएँ ।

अध्याय ४०

श्रीकृष्णबाट उत्तङ्कमुनिलाई विश्वरूपको दर्शन गराउनु

उत्तङ्कले भने– जनार्दन ! मलाई थाहा छ तपाइँ सम्पूर्ण जगत्का कर्ता हुनुहुन्छ । निश्चय नै तपाइँबाट म उपर कृपाभयो, तपाइँले मलाई अध्यात्म तत्त्वको उपदेश दिनुभयो । यसमा संशयको कुरा छैन । शत्रुहरूलाई सन्ताप दिने अच्युत ! अहिले मेरो चित्त अत्यन्त प्रसन्न र तपाइँप्रति भक्तिभावले परिपूर्ण हुन गएको छ । अतः शाप दिने विचारबाट म निवृत्त भएँ । जनार्दन ! यदि म तपाइँबाट केही कृपा प्राप्त गर्ने अधिकारी हुन सक्छु भने तपाइँ मलाई आफ्नु ईश्वरीय रूप देखाइदिनुहोस् । म तपाइँको त्यो दिव्यरूप हेर्न वढी इच्छुक छु ।

वैशम्पायनले भने– राजन् ! तब परम बुद्धिमान् भगवान् श्रीकृष्णले प्रसन्न चित्त भएर उत्तङ्कलाई उस्तै सनातन वैष्णव स्वरूपको दर्शन गराउनुभयो जो युद्धको प्रारम्भमा अर्जुनलाई गराइएको थियो । उत्तङ्कमुनिले त्यो विश्वरूपको दर्शन गरे जसको स्वरूप महान् थियो । त्यो हजार सूर्य समान प्रकाशमान तथा अनन्त भुजाहरूबाट सुसज्जित र सुशोभित थियो । जसबाट बल्दो आगोको जस्तो लपटा निस्किरहेको थियो । उसमा जता ततै मुख थिए र सम्पूर्ण आकाशलाई घेरिरहेको थियो । भगवान् विष्णुको त्यस्तो अद्भुत उत्कृष्ट वैष्णव स्वरूप देखेर धन्य धन्य भएका र उनै परमेश्वर तिर हेरिरहेका ब्रह्मर्षि उत्तङ्कलाई ठूलो र अनौठो अनुभूति भयो ।

उत्तङ्कले भने– सर्वात्मन् ! परात्पर नारायण ! तपाइँलाई बारबार नमस्कार छ । परमात्मन ! पद्मनाभ ! पुण्डरिकाक्ष ! माधव ! तपाइँलाई मेरो नमस्कार छ। तपाइँ अविद्यारूपी अन्धकारलाई मिटाउने सूर्य, संसाररूपी रोगका महान् औषध ! तथा भवसागरबाट पार गराउने हुनुहुन्छ। तपाइँलाई म प्रणाम गर्दछु। तपाइँ मेरा आश्रयदाता हुनुहुन्छ। तपाइँ सम्पूर्ण वेदका एकमात्र वेद्य तत्त्व हुनुहुन्छ। सम्पूर्ण देवता तपाइँकै स्वरूप हुन्। तपाइँ भक्तजनका अत्यन्त प्रिय हुनुहुन्छ। तपाइँ नित्यस्वरूप भगवान् वासुदेवलाई म नमस्कार गर्दछु। जनार्दन ! तपाइँ स्वयंले दया गरेर दु:खजनित मोहबाट मेरो उद्धार गर्नुहोस्। म धेरै पाप कर्मद्वारा बाँधिएको छु। तपाइँ मेरो रक्षा गर्नुहोस्।

विश्वकर्मन् ! तपाइँलाई नमस्कारछ। सम्पूर्ण विश्वको उत्पत्तिका स्थानभूत विश्वात्मन ! तपाइँका दुइ पाउबाटै पृथिवी र शिरबाट आकाश व्याप्त छ। आकाश र पृथिवीका बीचको जो भाग छ त्यो तपाइँको पेटमा व्याप्त छ। तपाइँका हातहरूले सम्पूर्ण दिशाहरूलाई घेरेका छन्। अच्युत ! यो सारा दृश्य प्रपञ्च तपाइँ नै हुनुहुन्छ। देव ! अब आफ्नु यो उत्तम एवं अविनाशी स्वरूपलाई समेट्नुहोस्। म तपाइँ सनातनपुरुषलाई पूर्व रूपमा नै देख्न चाहन्छु।

वैशम्पायनजी भन्नुहुन्छ– जनमेजय ! मुनिका बात सुनेर सदा प्रसन्नचित्त रहने भगवान् श्रीकृष्णले भन्नुभयो– "महर्षि ! तपाइँ मसँग केही बर माग्नुहोस्।" त्यो सुनेर उत्तङ्कले भने– "महातेजस्वी पुरुषोत्तम श्रीकृष्ण ! तपाइँको यो स्वरूप जसको अहिले म दर्शन गरिरहेको छु यही नै मेरा लागि साह्रै ठूलो वरदान हो।"

यो सुनेपछि श्रीकृष्णले भन्नुभयो– "मुने ! तपाइँ यसमा कुनै अन्यथा नगर्नुहोस्। तपाइँले मसँग अवश्य पनि बर माग्नै पर्दछ। किनभने मेरो दर्शन त अमोघ हुन्छ।"

उत्तङ्कले भने– "प्रभो ! यदि बर माग्नु मेरो परम कर्तव्य मान्नुहुन्छ हजुर भने म यो चाहन्छु कि मलाई यहाँ प्रशस्त जल प्राप्त होओस् । तब तपाइँ मलाई र म तपाइँलाई सम्झना हुनेछ । किनभने यो भूमिमा जलको दुर्लभता छ ।"

त्यसपछि भगवान्ले आफ्नु त्यो तेजोमय स्वरूप समेटेर उत्तङ्क मुनिसँग भन्नुभयो– "जब तपाइँलाई जलको इच्छा हुन्छ तपाइँ मलाई सम्झनुहोला ।"

यसो भनेर भगवान् श्रीकृष्ण द्वारका जानुभयो । एक दिन उत्तङ्कमुनिलाई साह्रै प्यास लाग्यो । उनी पानीको खोजमा मरुभूमिमा चारैतिर घुम्न लागे । घुम्दाघुम्दै उनले भगवान् श्रीकृष्णलाई सम्झे । यस्तैमा ती बुद्धिमान् मुनिले मरुभूमिमा कुकुरको बथानद्वारा घेरिएको एकजना नाङ्गो चाण्डाल देखे । उसको शरीरमा मयल र फोहोर जमेको थियो । उ देख्दैमा बडो भयङ्कर र घीनलाग्दो थियो । उसले कम्मरमा तरबार भिरेको थियो र हातमा धनुधारण गरेको थियो । द्विजश्रेष्ठ उत्तङ्कले देखे उसको तल पाउ नजिकै एउटा छिद्रबाट प्रचुर रूपमा पानीको धारो बगिरहेको थियो । मुनिलाई चिनेर उ हाँस्दै बोल्यो– "भृगुतिलक उत्तङ्क ! आउ मबाट जल ग्रहण गर । तिमी प्यासबाट पीडित भएको देखेर मलाई तिमीप्रति दया आइरहेकोछ ।"

चाण्डालले यसो भनेपछि पनि मुनिले त्यो जल स्वीकारेनन्, जल लिन वा पिउन इन्कार गरे । त्यति बेला बुद्धिमान् उत्तङ्कले आफ्ना कठोर वचनबाट भगवान् श्रीकृष्णमाथि पनि आक्षेप लगाए ।

उता चाण्डाल बारबार आग्रह गर्न थाल्यो, महर्षि जल पिउनुहोस् भन्दै रह्यो । तर उत्तङ्कले त्यो जल पिएनन् । उ साह्रै रिसाए । उनको अन्तस्करणमा ठूलो क्षोभ थियो । उनले आफ्नु निश्चयमा अडिएर चाण्डाललाई नकारात्मक जबाफ दिए ।

महाराज ! मुनिले इन्कार गरेपछि कुत्ता सहित चाण्डाल त्यहाँबाट अन्तर्ध्यान भयो । यो देखेपछि उत्तङ्क मुनि मनमनै सारै लज्जित भए र सोचे शत्रुघाती श्रीकृष्णले मलाई ठगे । त्यसै बेला शंख, चक्र र गदा धारण गरेका भगवान् श्रीकृष्ण त्यही बाटोमा प्रकट भए । उनलाई देखेर महामति उत्तङ्कले भने– "पुरुषोत्तम ! प्रभो ! तपाईंले श्रेष्ठ ब्राह्मणका निमित्त चाण्डालले घेरिएको अपवित्र जल दिनु उचित होइन ।"

उत्तङ्कका यस्ता कुरा सुनेका महाबुद्धिमान् श्रीकृष्णले मीठो बोलीबाट सान्त्वना दिदै भन्नुभयो– "महर्षि ! उहाँ जस्तो रूप धारण गरेर त्यो जल तपाईंलाई दिनु उचित थियो त्यसै रूपबाट दिन आउनुभएको थियो । तर तपाईंले उनलाई सम्झन सक्नुभएन । भृगुनन्दन ! मैले तपाईंका निमित्त वज्रधारी इन्द्रसँग गएर तिमी जलका रूपमा उत्तङ्क मुनिलाई अमृत प्रदान गर भनेको थिएँ । मेरो कुरा सुनेर प्रभावशाली इन्द्रले पटक पटक मसँग भनेका थिए– "मान्छे अमर हुन सक्तैन । त्यसैले तपाइँ मान्छेलाई अमृत नदिएर अरू केही दिनुहोस् ।" तर मैले शचीपति इन्द्रसँग जोडका साथ भनेको थिएँ उत्तङ्कलाई अमृतै दिनपरेको छ ।"

तब देवराज इन्द्रले मसँग खुसी भएर भने– "सर्वव्यापी महामते ! यदि भृगुनन्दन महात्मा उत्तङ्कलाई अमृतै दिनु छ भने म चाण्डालको रूप धारण गरेर उनलाई अमृत दिन्छु । यदि यस प्रकार भृगुवंशी उत्तङ्क अमृत लिन स्वीकार गर्छन् त म उनलाई सो दिन अहिले गइरेको छु । यदि उनले अस्वीकार गरे भने म कुनै उपायद्वारा अमृत नदिउँला ।"

यस्तो सर्त राखेर साक्षात् इन्द्र चाण्डालको रूपमा यहाँ आएका थिए । र तपाईँलाई अमृत दिंदै थिए । तर तपाइँले लिनुभएन । तपाइँले चाण्डाल रूपधारी भगवान् इन्द्रलाई ठुकर्‍याउनुभयो । यो तपाइँको महान् अपराध हो । अच्छा तपाइँको इच्छा पूर्णगर्न म पुनः केही गर्न सके गरौंला ।" ब्रह्मन् ! तपाइँको तीव्र पिपासा म अवश्य सफल बनाउँला । जुन दिन तपाइँलाई

जल पिउने इच्छा हुन्छ त्यही दिन मरूप्रदेशमा जलबाट भरिएको मेघ प्रकट हुनेछ । भृगुनन्दन ! त्यो मेघले तपाइँलाई सरस जल प्रदान गर्नेछ । र यो पृथिवीमा उत्तङ्क मेघको नामले विख्यात हुनेछ ।

भारत ! भगवान् श्रीकृष्णबाट यस्ता कुरा भनिएकोले ब्राह्मण उत्तङ्क मुनि सारै प्रसन्न भए । अचेल पनि मरुभूमिमा उत्तङ्क मेघ आएर वर्षा गराउने गर्दछ ।

अध्याय ४१

उत्तङ्क राजा सौदासकहाँ

जनमेजयले सोधे– ब्रह्मन् ! महात्मा उत्तङ्कमुनिले त्यस्तो कस्तो तपस्या गरेका थिए जसबाट सबैको उत्पत्तिको कारण भगवान् विष्णुलाई पनि शाप दिन खोजे ?

वैशम्पायनले भने– जनमेजय ! उत्तङ्कमुनि ठूला तपस्वी, तेजस्वी र गुरुभक्त थिए । उनले जीवनमा गुरु बाहेक अरू कसैको आराधना गरेका थिएनन् । भरतनन्दन ! जहिले उ गुरुकुलमा रहेका थिए त्यस समयमा सारा ऋषिकुमारहरूका मनमा यस्तो अभिलाषा हुन्थ्यो हामी सबैमा पनि उत्तङ्कको जस्तो गुरुभक्ति हुन् सकोस् । जनमेजय ! गौतमका धेरै शिष्य थिए तर उनको प्रेम र स्नेह सबैभन्दा बढी उत्तङ्कमा नै थियो । उत्तङ्कको इन्द्रिय संयम, भित्र बाहिरको पवित्रता, पुरुषार्थ, कर्म र उत्तमोत्तम सेवाबाट गौतम प्रसन्न थिए । एक दिन महर्षि गौतमले आफ्ना हजारौं शिष्यलाई पढाइ सकिएकोले आआफ्ना घरमा जान आज्ञा दिए तर उत्तङ्कमा बढी प्रेम हुनाका कारण उनलाई घर जाने अनुमति दिन चाहेनन् । त्यसैले उ त्यही रहे ।

यसै हुँदा हुँदै क्रमशः ती महामुनि उत्तङ्कमा वृद्धावस्था आयो । तर ती गुरुवत्सल महर्षि यसमा अनभिज्ञ नै रहे कि उनमा पनि बुढापा आएको छ । राजेन्द्र ! एक दिन उत्तङ्क मुनि दाउरा ल्याउन वनमा गए र धेरै दाउरा लिएर आए । शत्रुदमन नरेश ! दाउराको बोझ बढी भएका कारण उनी सारै थाके । उनको शरीर दाउराको बोझले दबेको थियो । भोकले पीडित भएका थिए । जब आश्रममा आएर त्यो भारी फाले त्यसै बेला चाँदीको तार जस्तो सेतो भएको उनको रौं दाउरामा टाँसिएको देखियो । दाउरा सँगै त्यो जमीनमा खस्यो । भारत ! भारी त बिसाइहाले भोकले पनि उनलाई व्याकुल बनाएको थियो । यस कारण आफ्नु त्यो अवस्था देखेर त्यति बेला ती मुनि मन बिगारी बिगारी रुनथाले । यसै समयमा कमलदल समान प्रफुल्ल मुख भएकी ठूला ठूला आँखा भएकी ज्यादै सुन्दरी धर्मज्ञ गुरुपुत्रीले पिताको आज्ञा पाएर विनीत भावमा शिर झुकाउँदै त्यहाँ आइन् र आफ्नु हातमा मुनिका आँखाबाट खसेका आँसु थापिन् । अश्रुबिन्दुले उनका हात पोल्यो । उनले छाडिदिइन् । आसु पृथिवीमा पऱ्यो । पृथिवीले ती आँसु धान्न नसक्ने जस्तो अवस्था आयो ।

यसपछि गौतमले प्रसन्न चित्त भएर उत्तङ्कसँग सोधे– बाबु ! आज तिम्रो मन शोकद्वारा व्याकुल किन भयो ? म यसको यथार्थ कारण जान्न चाहन्छु । ब्रह्मर्षे ! तिमी निःसंकोच मसँग सबै कुरा भन ।

उत्तङ्कले भने– गुरुदेव ! मेरो मन सदा हजुरमा रह्यो । हजुरकै भलो गर्ने गरी म निरन्तर हजुरको सेवामा संलग्न रहिरहें । मेरो सम्पूर्ण अनुराग हजुरमै छ । हजुरकै भक्तिमा तत्पर रहेर मैले न लौकिक सुख अनुभव गरें र न त म मा आएको बुढापाको समेत याद गरें । म यहाँ बसेको सय वर्ष भइसक्यो । तब पनि हजुरबाट घर जाने आज्ञा भएन । द्विजश्रेष्ठ ! मपछि सयौं हजारौं शिष्य हजुरकहाँ आए र अध्ययन पूरा गरी हजुरको आज्ञा लिएर गए । म मात्र यहीं को यहीं भएँ ।

गौतमले भने– विप्रवर ! तिम्रो गुरुसेवाबाट तिमीप्रति मेरो ठूलो प्रेम भएको थियो । यसैले यति धेरै समय बितेर जाँदा पनि मेरो ध्यान त्यता गएन । भृगुनन्दन ! यदि आज तिम्रा मनमा यहाँबाट जाने इच्छा भएको हो त मेरो आज्ञा छ स्वीकार गर र चाँडै यहाँबाट आफ्नु घरमा जाउ ।

उत्तङ्कले भने– द्विजश्रेष्ठ प्रभो ! म हजुरलाई गुरु दक्षिणा के टक्र्याउँ ? यो बताउनुहोस् त्यो हजुरमा अर्पण गरेर आज्ञानुसार म घरमा जान्छु ।

गौतमले भने– ब्रह्मन् ! सत्पुरुष भन्छन् गुरुलाई सन्तुष्ट गर्नु नै सबैभन्दा उत्तम दक्षिणा हो । तिमीले जे जति सेवा गर्‍यौ त्यसमा म सारै सन्तुष्ट भएको छु । यसमा शङ्का गर्न पर्दैन । भृगुकुल भूषण ! यसरी तिमी मलाई पूर्ण सन्तुष्ट मान । यदि आज तिमी सोर वर्षका तन्नेरी होउ त म तिमीलाई पत्नी रूपमा आफ्नी कुमारी कन्या अर्पण गरुँला । किनभने यो बाहेक अर्की कुनै स्त्री तिम्रो तेज सहन सक्दैनन् ।

त्यसपछि उत्तङ्कले आफ्नु तपोबलबाट तरुण भएर ती यशस्विनी गुरुपुत्रीको पाणी ग्रहण गरे । त्यसपछि गुरुको आज्ञा पाएर गुरुपत्नीसँग भने– "माताजी ! मलाई आज्ञा दिनुहोस् म गुरुदक्षिणामा हजुरलाई के दिउँ ? आफ्नु धन र प्राण दिएर पनि म हजुरको प्रिय एवं हित गर्न चाहन्छु । यो संसारमा जो अत्यन्त दुर्लभ अद्भुत र महान् रत्न छ त्यो पनि म तपस्याको बलबाट ल्याउन सक्छु । यसमा सन्देह छैन ।"

अहल्याले भनिन्– निष्पाप ब्राह्मण ! म तिम्रो भक्तिभावबाट सदा सन्तुष्ट छु । बाबु ! मेरा निमित्त यही नै ज्यादा छ । तिम्रो कल्याण होस् । अब तिमीलाई जहाँ इच्छा हुन्छ त्यहाँ जाउ ।

वैशम्पायन भन्नुहुन्छ– महाराज ! गुरुपत्नीका कुरा सुनेर उत्तङ्कले फेरि भने– "माताजी ! मलाई आज्ञा दिनुहोस् म के गरुँ ? मैले हजुरलाई मन पर्ने कार्य अवश्य गर्नुपर्दछ ।"

अहल्याले भनिन्– बाबु ! राजा सौदासकी रानीले जुन दुइटा दिव्य मणिमय कुण्डल लगाएकी छन् ती लिएर आउ । तिम्रो कल्याण होस् । त्यो ल्याएर दिएपछि तिम्रो गुरु दक्षिणा पूरा हुनेछ ।"

तब बहुत बेस भनेर उत्तङ्कले गुरुपत्नीको आज्ञा शिरोपर गरेर उनीलाई खुसी तुल्याउनका लागि कुण्डल लिन गए । ब्राह्मणशिरोमणि उत्तङ्क नरभक्षी राक्षसभाव भएका राजा सौदासबाट ती मणिमय कुण्डलहरू माग्नका निमित्त त्यहाँबाट तुरुन्त गए । उनी गएपछि गौतमले पत्नीसँग सोधे– "आज उत्तङ्क किन देखिँदैनन् ?"

पतिको यो प्रश्नमा अहल्याले भनिन्– "सौदासकी महारानीका कुण्डल ल्याउन भनेर गएको छ ।"

यो सुनेर गौतमले पत्नीसँग भने– "देवी ! तिमीले यो ठीक गरिनौ । राजा सौदास शापवश राक्षस भएका छन् । त्यस कारण उ त्यो बबुरो ब्राह्मणलाई अवश्य मार्नेछन् ।"

अहल्याले भनिन्– भगवन् ! मलाई यो कुरो थाहा थिएन । यसैले मैले त्यो ब्राह्मणलाई यस्तो काम सौपें । मलाई विश्वास छ तपाइँका कृपाले त्यहाँ उसलाई कुनै भय हुने छैन ।"

यो सुनेर गौतमले पत्नीसँग भने– "ठीक छ यसै हुनेछ ।" उता उत्तङ्क निर्जन वनमा गएर राजा सौदाससँग भेट गरे ।

अध्याय ४२

महरानी मदयन्तीका कुण्डल

वैशम्पायनले भने– जनमेजय ! राजा सौदास राक्षस भएर डरलाग्दा देखिन्थे । उनका दाढीजूंघा बढेका थिए । ती मान्छेको रगत लत्पतिएका थिए । त्यस्तालाई देखेर पनि उत्तङ्क कत्ति विचलित भएनन् । उनलाई देखेर महातेजस्वी राजा सौदास जो यमराज जस्ता डरलाग्दा थिए उठेर उनीसँग बोले । उनले भने– "कल्याणस्वरूप ब्राह्मणश्रेष्ठ ! ठूलो सौभाग्यको कुरो हो दिनको छैटौं भागमा तिमी स्वयं मकहाँ आयौ । म अहिले आहारा नै खोज्दै थिएँ ।

उत्तङ्कले भने– राजन् ! यहाँलाई थाहा हुन पर्ने हो म गुरु दक्षिणाको खोजमा यहाँ आएको हुँ । जो गुरु दक्षिणा जुटाउनका निमित्त लागिरहेको छ उसको हिंसा गर्न हुँदैन भन्ने मनिषीहरूको भनाइ छ ।

राजाले भने– द्विजश्रेष्ठ ! दिनको छैटौं भाग मेरा निमित्त आहाराको विधान भएको छ । अहिले त्यही समय हो । म भोकले पीडित छु । त्यसैले मेरो हातबाट तिमी छुट्न पाउँदैनौ ।

उत्तङ्कले भने– महाराज, ठिकै छ तर मसँग एउटा सर्त गर । म पहिले गुरु दक्षिणा दिन्छु त्यसपछि तपाइँको वशमा परुला । राजेन्द्र ! नृपश्रेष्ठ ! मैले गुरुलाई जुन वस्तु दिने कबुल गरेको छु त्यो तपाइँसँग छ । यस कारण नरेश्वर ! म तपाइँसँग त्यो वस्तु भिक्षा माग्छु । पुरुषसिंह ! तपाइँ प्रतिदिन धेरै ब्राह्मणलाई रत्न प्रदान गर्नहुन्छ । यो पृथ्वीमा तपाइँ श्रेष्ठ दानीका रूपमा प्रसिद्ध हुनुहुन्छ र म दान लिने पात्र हुँ । नृप श्रेष्ठ ! तपाइँ मलाई प्रतिग्रहको अधिकारी सम्झनुहोस् । शत्रु दमन राजेन्द्र ! गुरुको धन तपाइँकै अधीनमा छ त्यो अर्पण गरेर म आफ्नु प्रतिज्ञा अनुसार तपाइँका अधीनमा हुनेछु । म

तपाइँसँग सत्य प्रतिज्ञा गर्दछु यसमा कत्ती पनि फरक हुनेछैन । मैले पहिले कहिल्यै पनि परिहासमा समेत झुटो बोलेको छैन । अरू अवस्थामा त झन कसरी बोलुला ?

सौदासले भने– यदि तिम्रो गुरु दक्षिणा मसँग छ त त्यो पाए सरह माने हुन्छ । यदि तिमी मेरो कुनै वस्तु लिन मनासिव ठान्छौ भने बताउ अहिले म के दिउँ ?

उत्तङ्कले भने– तपाइँले दिएको दान लिन म योग्य हुँ भन्ने मेरो विश्वास छ । अहिले म तपाइँकी रानीका दुइ मणिमय कुण्डल माग्न आएको हुँ ।

सौदासले भने– ती मणिमय कुण्डल त मेरी रानीका निमित्त नै योग्य छन् । सुव्रत ! तिमी अरू कुनै वस्तु माग । त्यो म तिमीलाई अवश्य दिइदिनेछु ।

उत्तङ्कले भने– पृथ्वी नाथ ! अब बहाना गर्नु व्यर्थ छ । यदि तपाइँ मप्रति विश्वास गर्नुहुन्छ भने ती दुइ मणिमय कुण्डल मलाई दिनुहोस् र सत्यवादी बन्नुहोस् ।

वैशम्पायनले भने– राजन् ! उनले यसो भनेपछि राजाले फेरि उत्तङ्कसँग भने– "साधुशिरोमणि ! तिमी रानीसँग जाउ र मेरो आज्ञा सुनाएर भन मलाई कुण्डल दिनुहोस् । द्विजश्रेष्ठ ! रानी उत्तम व्रतको पालन गर्नेछिन् । जब तिमी यसरी भनौला तब उनी मेरो आज्ञा ठानेर दुवै कुण्डल दिनेछन् । यसमा सन्देह छैन ।"

उत्तङ्कले भने– नरेश्वर ! म कहाँ तपाइँकी रानीलाई खोज्दै जाउँ ? मलाई कसरी उनको दर्शन हुन्छ ? तपाइँ आफै आफ्नी पत्नीसँग जानु हुन्न ?

सौदासले भने– उनलाई तपाइँ आज कुनै झरनामा देख्नुहुन्छ । यो दिनको छैटौं भाग हो । म आहाराको खोजमा छु । यस कारण यो समयमा म उनीसँग भेट्न सक्दिनँ ।

वैशम्पायन भन्छन्– भरतभूषण ! राजाका यस्ता कुरा सुनेपछि उत्तङ्क मुनि महारानी मदयन्तीकहाँ गएर उनीसँग उ आउनाको कारण बताए ।

जनमेजय ! राजा सौदासको सन्देस सुनेर विशाल नयनी रानीले महाबुद्धिमान् उत्तङ्कमुनिलाई उत्तर दिइन् ब्रह्मन् ! तपाइँ जो भन्दै हुनुहुन्छ त्यो ठिक छ । अवध ! यद्यपि तपाइँ असत्य बोल्नु हुन्न । तथापि तपाइँले महाराजसँग उनैको आज्ञा लिएर आएको भन्ने केही प्रमाण लिएर आउनुपर्दथ्यो । मेरा यी मणिमय कुण्डल दिव्य हुन् । देवता यक्ष र महर्षिहरू हरेक प्रकारका उपायद्वारा छिनेर लान प्रयत्न गर्दछन् र यसो गर्न प्रयासरत रहन्छन् । यदि यी कुण्डलहरूलाई पृथिवीमा राखिदिने हो भने नागहरू यिनलाई फुत्काउँछन् । अपवित्र अवस्थामा यी धारण गर्दा यक्षले उडाएर लान्छन् र यदि यी लगाएर निदाइयो भने देवताहरू बलजफ्ती खोसेर लान्छन् ।

द्विजश्रेष्ठ ! यस्ता यस्ता यी छिद्र भएका कारण यी कुण्डल हराउने भय सदा भइरहन्छ । जो देवता, यक्ष र नागहरूबट सावधान रहन्छ त्यही यिनलाई धारण गर्न सक्छ । द्विजश्रेष्ठ ! यी दुवै कुण्डल रात दिन सुन टल्काइ रहन्छन् । यति मात्र होइन राती यिनीहरूले नक्षत्र तथा ताराहरूको प्रभा पनि हरण गर्दछन् ।

भगवन् ! यी कुण्डल धारण गर्दा भोक प्यासको पीर कहाँ हुन्छ र ? विष, अग्नि र हिंस्रक जनावरहरूको भय पनि रहदैन । साना कदका मान्छे यी कुण्डल लगाउदा सानै देखिन्छन् साना साना हुन्छन् र ठूलो शरीरवालाले लगाउदा सोही अनुसार ठूलै हुन्छन् । यस्तो गुणयुक्त हुनाका कारण मेरा यी दुवै कुण्डल तिनै लोकमा परम प्रसिद्ध र प्रशंसित छन् । यस कारण तपाइँ महाराजको आज्ञाबाट लिन आउनुभएको हुँदा त्यसको जानकारी वा प्रमाण ल्याउनुहोस् ।

अध्याय ४३

कुण्डलको चोरी, इन्द्र तथा अग्निदेवको कृपा

वैशम्पायन भन्नुहुन्छ– जनमेजय ! रानी मदयन्तीका कुरा सुनेर उत्तङ्क महाराज मित्रसह सौदासकहाँ गएर उसँग कुनै प्रमाण मागे । इच्छ्वाकुवंशीमा श्रेष्ठ नरेशले उनलाई पहिचान गरिकन रानीलाई सुनाउनका निमित्त निम्नाङ्कित सन्देश दिए ।

सौदासले भने– प्रिये ! म जुन दुर्गतिमा परेको छु यसबाट मेरो कल्याण हुने होइन । त्यस्तै यो सिवाय अब दोस्रो कुनै गति पनि छैन । मेरो विचार जानेर तिमी आफ्ना दुवै मणिमय कुण्डल यी ब्राह्मण्देवतालाई देउ । राजाका यी कुरा लिएर उत्तङ्क रानी समक्ष गए । उहाँ गएर उनका पतिले भनेका कुरा जस्ताको तस्तै बताइदिए । महारानी मदयन्तीले स्वामीका वचन अनुसार तुरुन्तै आफ्ना मणिमय कुण्डल उत्तङ्कमुनिलाई दिइन् । ती कुण्डल पाएपछि उत्तङ्कमुनि पुनः राजासँग आएर भने– “पृथ्वीनाथ ! तपाइँका गुढ वचनको अभिप्राय के थियो त्यो म सुन्न चाहन्छु ।”

सौदासले भने– ब्रह्मन् ! क्षत्रियहरू सृष्टिको प्रारम्भ कालबाटै ब्राह्मणहरूको पूजा गर्दै आएका हुन् । त्यसो भए पनि ब्राह्मणहरूका तर्फबाट क्षत्रियहरूलाई धेरै दोष दिने गर्दै गरेको देखिदै आएको छ । म सदा ब्राह्मणहरूलाई प्रणाम गर्ने गर्दथें । तर एउटा ब्राह्मणकै शापबाट मलाई यो दुर्गति प्राप्त भएको हो । म मदयन्तीसँग यहाँ रहने गर्दछु । मलाई यो दुर्दशाबाट छुटकारा पाउने कुनै उपाय भेटिएको छैन । जङ्गम प्राणीहरूका श्रेष्ठ विप्रवर ! अब यो लोकमा रहेर सुख पाउन र परलोकमा स्वर्गीय सुख भोग्नकालागि मेरो अरू कुनै गति देखिएको छैन । कुनै पनि राजागणसँग बिरोध गरेर न त योलोकमा आरामसँग रहन सक्छु न परलोकमै पनि सुख पाउन सक्छु ।

यही मेरो गुढ सन्देशको तात्पर्य हो । अब तपाइँ आफ्नु इच्छाअनुसार यी मणिमय कुण्डल लिएर जानुहोस् । मैले तपाइँलाई दिएँ । अब तपाइँले जुन प्रतिज्ञा गर्नुभएको छ त्यो सफल गर्नुहोस् ।

उत्तङ्कले भने– राजन् ! शत्रुसन्तापी नरेश ! म आफ्नु प्रतिज्ञा पालन गर्दछु । र पुनः तपाइँको अधीनमा हुन्छु । तर अहिले एउटा प्रश्न राख्नकालागि फर्केर तपाइँकहाँ आएको छु ।

सौदासले भने– विप्रवर ! तपाइँ इच्छाअनुसार प्रश्न गर्नोस् म उत्तर दिउँला । तपाइँका मनमा जस्तो सुकै सन्देह छ अहिले नै त्यसको निवारण गर्नेछु । यसमा मलाई कुनै विचार गर्न आवश्यक सायद नपर्ला ।

उत्तङ्कले भने– राजन् ! धर्मनिपुण विद्वान्हरूले उसैलाई ब्राह्मण भनेका छन् जो आफ्ना वाणीमा संयम राख्छ । सत्यवादी छ । जो मित्रसँग बिसमताको व्यवहार गर्छ उसलाई त चोर मानेका छन् । पृथ्वीनाथ ! पुरुषप्रवर ! आज तपाइँसँग मेरो मित्रता भयो । त्यसैले तपाइँ मलाई योग्य सल्लाह दिनुहोस् । आज मेरो यो मनोरथ सफल भएको छ र तपाइँ नरभक्षी राक्षस हुनुभएको छ । यस्तो स्थितिमा तपाइँसमक्ष फेरि फर्केर आउन उचित हुन्छ वा हुँदैन ।

सौदासले भने– द्विजश्रेष्ठ ! यदि यहाँ मैले उचित कुरा गर्ने हो भने म यही भन्ने हुँ ब्राह्मणोत्तम ! तपाइँ म समक्ष कुनै हालतमा पनि आउन हुँदैन । भृगुकुलभूषण विप्र ! यसो गर्नु मा नै तपाइँको भलो देख्दछु । यदि आउनुभयो भने त तपाइँको मृत्यु हनेछ, यसमा कत्ति सङ्कै छैन ।

वैशम्पायन भन्नुहुन्छ– जनमेजय ! यसरी बुद्धिमान् राजा सौदासका मुखबाट उचित तथा हित बात सुनेर र उनको आज्ञा लिएर उत्तङ्कमुनि अहल्याकहाँ जान गए । गुरु पत्नीको इच्छा पूरा गर्ने भएका उत्तङ्क दुवै दिव्य कुण्डल लिएर बडो वेगका साथ गौतम आश्रम तिर लागेका हुन् । रानी मदयन्तीले ती कुण्डलको रक्षाका निमित्त जस्ता जस्ता विधि बताएकी थिइन्

उसै अनुसार उनले कालो मृगचर्ममा बाँधेर लिएर गएका थिए । शत्रुदमन ! बाटोमा उनलाई ज्यादै नराम्रो गरी भोक लाग्यो । त्यहाँ नजिकै लटरम्म फल लागेको हुनाले हाँगा भुकेको बेलको रुख देखियो । महर्षि उत्तङ्क त्यो रुखमा चढेर त्यो कुण्डल भएको पोको एउटा हाँगामा बाँधे । त्यपछि ती ब्राह्मण बेल टिप्दै खसाल्दै गर्न थाले । त्यति बेला उनको ध्यान बेलमै थियो । यता तिर उनको ध्यान गएको थिएन । उनले टिप्दै फाल्दै गरेका बेलको भट्काले मृगको छालामा बेरेर राखेको र हाँगामा बाँधिएको मणिमय कुण्डलको पोको भुइँमा खस्यो । मृगचर्ममा बाँधेको बन्धन टुटेर कुण्डल भूइमा खस्नासाथ कुनै साँपको दृष्टि त्यसमा पऱ्यो । त्यो साँप बेगबतका कुलमा जन्मेको तक्षक थियो । उसले मृगचर्मभित्रको कुण्डललाई आफ्ना दाँतको बीचमा दबाएर आफू नजिकैको धमिराको गोलोमा घुस्यो । सर्पले कुण्डल लगेको देखेका उत्तङ्कमुनि उद्विग्न भएर उठे । अत्यन्त क्रोधले भरिएर रुखबाट झरे । तल आएर एउटा काठको डण्डा लिएर त्यो धमिराको गोलो उधिन्न थाले । भरतनन्दन ! ब्राह्मणशिरोमणि उत्तङ्क रिस र पिरले जलेका थिए । उनले लगातार पैतिस दिनसम्म बिना थकाइ वा घवराहट प्वाल खन्ने काममा जुटि रहे । उनको असह्य वेगलाई पृथिवीलाई पनि सहन गारो हुन थाल्यो । उ उत्तङ्कको लट्ठीचोटले घायल भएर अत्यन्त व्याकुल भइन् र डगमगाउन लागिन् । उत्तङ्क नागलोक जानेबाटो बनाउने निश्चय गरेर पृथिवी खन्दै गैरहेका थिए । यस्तैमा महातेजस्वी वज्रधारी इन्द्र घोडाले तानेको रथमा बसेर त्यहाँ आए । उनले उत्तङ्क ब्राह्मणलाई भेटे ।

वैशम्पायन भन्नुहन्छ– राजन् ! इन्द्र उत्तङ्कको दुःखबाट दुखित भए । यसै कारण ब्राह्मण भेष गरेर उत्तङ्कसँग भने– "ब्रह्मन् ! यो काम तिम्रा बसको होइन । नागलोक यहाँबाट हजारौं योजन टाढा छ । यो काठको डण्डाले खनेर त्यहाँ जानेबाटो बन्दछ यो सम्भवको कुरा हो जस्तो लाग्दैन ।

उत्तङ्कले भने– ब्रह्मन् ! द्विजश्रेष्ठ ! यदि नागलोकमा गएर ती कुण्डल प्राप्त गर्न मेरा निमित्त असम्भव छ भने तपाइँकै अगाडि म मेरो प्राण त्याग गरिदिनेछु ।

वैशम्पायनजी भन्नुहुन्छ– राजन् ! वज्रधारी इन्द्रले जव कुनै प्रकारले उत्तङ्कलाई आफ्नु निश्चयबाट हटाउन सकेनन् तब उनले उनको डण्डाको टुप्पोमा आफ्नु वज्रास्त्र जडिदिए । जनमेजय ! त्यो वज्र प्रहारबाट विदीर्ण भएर पृथिवीले नागलोकको बाटो देखाइदिइन् । त्यही बाटोबाट उत्तङ्क नागलोक प्रवेश गरे । उनले देखे नागहरूको लोक सारै ठूलो रहेछ । महाभाग ! उसको चारैतिर दिव्य परखाल बनेका छन्, जो सुनका इटाबाट बनेका छन् । त्यसमा पनि मणिमुक्ताहरूबाट सिगारिएका छन् । त्यहाँ स्फटिक मणिका सिढी शोभायमान छन् । धेरै बावणी निर्मल जलवाला अनेकौं नदी र ठूला ठूला हाँगाद्वारा विभूषित धेरै धेरै सुन्दर रुख वृक्षहरू पनि उनले देखे । भृगुकुल तिलक उत्तङ्कले नागलोकका बाहिरी द्वारहरू देखे । जो सय योजन लामा र पाँच योजन चौडा थिए । नागलोकको त्यो विशालता देखेर उत्तङ्कमुनि त्यति बेला दे:खी भण्डै हतोत्साही भए । तव उनमा पुन: कुण्डल पाउने आशा कम भएर आयो । यसै समयमा उनका नजिकमा एउटा घोडा आयो । त्यसको पुच्छरको रंग कालो र सेतो थियो । उसका आँखा र मुहार रातो रंगको जस्तो देखिन्थ्यो । कुरुनन्दन ! त्यो आफ्नु तेजबाट प्रज्वलित देखिन्थ्यो । त्यसले उत्तङ्कलाई भन्यो– "ब्राह्मणदेवता ! मेरो यो अपानमार्गमा मुख जोतेर फुक । यसो गरेपछि ऐरावतका छोरा जसले तिम्रा दुइ कुण्डल ल्याएका छन् ती तिमीलाई दिनेछन् पाउनेछौ । बेटा ! यो कार्यमा तिमी कत्ति पनि घृणा नगर । किनभने गौतमका आश्रममा रहदा तिमीले पटक पटक यस्तो गरेका छौ ।

उत्तङ्कले सोधे– गुरुदेवका आश्रममा मैले कहिल्यै तपाइँको दर्शन पाइनँ । यसको याद मलाई छैन । के भएको हो ? तपाइँले भने अनुसार त्यहाँ हुँदा पहिले मैले यस्ता कार्य पटक पटक गरेको छु रे त्यो के हो ? यो म सुन्न चाहन्छु ।

घोडाले भन्यो– ब्रह्मन् ! म तिम्रा गुरुको पनि गुरु जातवेदा अग्नि हुँ । यो तिमी राम्रोसँग जान । भृगुनन्दन ! तिमीले आफ्ना गुरुका निमित्त सदा पवित्र रहेर विधिपूर्वक मेरो पूजा गरेका छौ । यसैले म तिम्रो कल्याण

गर्नेछु । अब तिमी मैले भने अनुसार काम गर बिलम्ब नगर । अग्निदेवले यसो भनेपछि उत्तङ्कले उनको आज्ञाको पालन गरे । त्यसो भएपछि घृतमयी अर्चिवाले अग्निदेव प्रसन्न भएर नागलोकलाई जलाउने अभिप्रायले प्रज्वलित भए ।

भारत ! जब उत्तङ्कले फुक मार्न थाले त्यति बेलै घोडारूपी अग्निका रौं रौंबाट बाक्लो धुँवा निस्कन थाल्यो । त्यो धुँवा नागलोकलाई भयभीत गर्नेवाला थियो । महाराज भरतनन्दन ! बढेको धुँवाले ढाकिएको हुँदा नगलोकमा किन यस्तो भयो नागहरूमा कुनै सुझबुझ हुनसकेन । जनमेजय ! ऐरावतका सारा घरमा हाहाकार मचियो । भारत ! वासुकि आदि नागका घर धुँवाले ढाकिए । पुरै अध्यारो छायो । यस्तो अनुमान भएको हो कि धुँवा वा कुहिरोले ढाकिएको आटव्य वन वा पर्वत हो । धुँवाले नागहरूका आँखा राता भए । आगोको तातोले त्यत्तिकै पिरेको थियो । महात्मा भार्गव उत्तङ्कको के विचार वा चाहना हो सो जान्न सबै जम्मा भएर आए । त्यती बेला ती अत्यन्त तेजस्वी महर्षिका कुरा सुनेर सबैका आँखा डरले काँतर देखिएका थिए । सबैले उनको पूजा गरे । अन्तमा सारा नाग बूढा तथा बालक सबैले हात जोडेर मस्तक झुकाएर प्रणाम गर्दै भने– “भगवन् ! हामीसँग प्रसन्न हुनुहोस् । यसरी ब्राह्मणदेवतालाई खुसी गराइ नागहरूले पाद्य एवं अर्घ दिदै निवेदन गरेर दुवै परमपूजित दिव्य कुण्डल पनि ल्याइदिए ।

त्यसपछि नागहरूबाट सम्मानित भएर प्रतापी उत्तङ्कमुनि अग्निदेवलाई प्रदक्षिणा गर्दै आश्रम तिर लागे । निष्पाप नरेश ! उता गौतमका घरमा शीघ्रतापूर्वक पुगेर उनले गुरुपत्नीलाई दुवै कुण्डल दिए । जनमेजय ! वासुकी आदि नागकहाँ जो घटना घट्यो त्यो सारा समाचार द्विजश्रेष्ठ उत्तङ्कले आफ्ना गुरु महर्षि गौतमसँग जस्ताको तस्तै सुनाए । जनमेजय ! यसरी महात्मा उत्तङ्कले तिनै लोकमा घुमेर ती मणिमय दिव्य कुण्डल प्राप्त गरेका हुन् । भरत श्रेष्ठ ! उत्तङ्कमुनि जसका विषयमा तिमी मसँग सोधिरहेका थियौ उ यस्ता प्रभावशाली र महान् तपस्वी थिए ।

अध्याय ४४

द्वारकामा रैवतक पर्वतको महोत्सव

जनमेजयले सोधे– द्विजश्रेष्ठ ! महायशस्वी महाबाहु भगवान् श्रीकृष्णले उत्तङ्कलाई वरदान दिएपछि के के गर्नु भयो ?

वैशम्पायन भन्नुहुन्छ– उत्तङ्कलाई वरदान दिएर श्रीकृष्ण अति वेगशाली शीघ्रगामी घोडाहरू जोतिएको रथमा सात्यकि र सुभद्राका साथ द्वारकातिर लाग्नुभयो । बाटोमा अनेकानेक सरोवरहरू, सरिताहरू वन तथा पर्वत नाघ्दै परम रमणीय द्वारकानगरीमा पुग्नुभयो । महाराज ! त्यो समयमा रैवतक पर्वतमा ठूलो उत्सव भइरहेको थियो । सात्यकिलाई सँगै लिएर कमलनयन भगवान् श्रीकृष्ण पनि त्यो महोत्सवमा सामेल हुनुभयो ।

पुरुषप्रवर ! त्यो पर्वत प्रकार प्रकारका विचित्र खालका रत्नहरूका ढिस्काहरूले सजाइएको थियो । त्यो पर्वत त्यति बेला साह्रै शोभामय भएको देखिन्थ्यो । सुनका सुन्दर मालाहरू, थरी थरीका फूल कपडा र कल्पवृक्षबाट घेरिएको त्यो महान् पर्वत साह्रै शोभायमान भएको थियो । रुख जस्तै आकार दिएर सजाइएका सुनका बत्तीले त्यो ठाउँको शोभा अझै बढी शोभामय तथा झकिझकाउ भएको देखिन्थ्यो । त्यहाँका गुफा र झर्नाहरूमा झलमल्ल उज्यालो थियो र चारैतिर विचित्रका सुन्दर तोरणहरू फर्फराइरहेका थिए । त्यहाँ झुण्डाइएका घण्टीहरू बजि रहेका थिए र नारी तथा पुरुषहरूका सुमधुर शब्द त्यहाँ व्याप्त थिए । यसबाट यो पर्वत नै संगीतमय भएजस्तो पनि लाग्दथ्यो । जसरी मुनिहरू हुनाले पर्वतहरू शोभयमान हुन्छन् त्यसै गरी त्यहाँ द्वारकावासीहरूको उपस्थितिले त्यो पर्वतै अत्यन्त शोभामय र दर्शनीय भएको थियो । भरतनन्दन ! त्यो पर्वतराज शिखरमा हर्षोन्मत्त भएर गाउँदै गरेका स्त्री पुरुषका सुमधुर शब्दले पूर्ण त्यो आवाज स्वर्गलोकसम्म व्याप्त

भएको थियो । त्यहाँ उपस्थित मानिसहरू कोही खेल आदिमा आसक्त भएर अरू काममा ध्यानै नदिएका थिए भने कोही दौडेका कोही ठूलो स्वरमा बोल्दै गरेकाले कल्याङमल्याङ पनि त्यहाँ थियो । यस्ता सबै कुराले गर्दा पर्वत स्वयं नै सारै मग्न भएको भान हुन्थ्यो । त्यो महान् पर्वतभरमा हुन गैरहेको महोत्सव परम मंगलमय भएको जस्तो लाग्दथ्यो । पसलहरू लागेका थिए, भक्ष भोज्य पदार्थको कमी थिएन र सबैतिरबाट घुम्न फिर्न मिल्दथ्यो । कपडा र मालाहरू प्रसस्त थिए । वीणा, वेणु र मृदङ्ग बजिरहेका हुन्थे । यी सबै कारणले गर्दा रमणीयता भरिपूर्ण थियो । त्यहाँ दु:खीदाखीलाई भक्षभोज्य पदार्थ दिइन्थ्यो । वीरबर ! त्यो पर्वतमा पुण्यानुष्ठानका निमित्त प्रशस्त घरहरू र आश्रम बनेका थिए । जसमा पुण्यात्माहरू रहन्थे । रैवतक पर्वतको त्यो महोत्सवमा वृष्णिवंशी वीरहरूको बिहार स्थलनै बनाइएको थियो । त्यो गिरी प्रदेशमा धेरै घरहरू भएकाले देवलोक जस्तै शोभायमान थियो । भरत श्रेष्ठ ! त्यति बेला गन्धर्व र ऋषिहरू छुपेर श्रीकृष्णका नजिक आए । ती भगवान्को स्तुति गर्न लागे ।

देवगन्धर्वहरू भन्न थाले– भगवन् ! हजुर समस्त धर्मका साधक र राक्षसहरूका विनाशक हुनुहुन्छ । तपाइँनै स्रष्टा, सृज्य जगत् र तपाइँ नै उसका आधार । तपाइँ सबैका कारण र धर्म तथा वेदका ज्ञाता हुनुहुन्छ । देव ! तपाइँ आफ्नु मायाबाट जे गर्नुहुन्छ त्यो हामी जान्दैनौं । तपाइँ नै सबैलाई शरण दिने परमेश्वर हुनुहुन्छ । गोविन्द ! हजुर ब्रह्मा आदिलाई समेत सामिप्य र शरण प्रदान गर्ने हुनुहुन्छ । तपाइँलाई नमस्कार छ ।

वैशम्पायनजी भन्नुहुन्छ– यस प्रकार मानवेतर प्राणीहरू देवताहरू र गन्धर्वहरूद्वारा जब देवकीनन्दन श्रीकृष्णको पूजा र स्तुति गरिँदै थियो त्यो समयमा पर्वतराज रैवतक इन्द्रभवन जस्तै देखिएको थियो । त्यहाँ सबैबाट सम्मानित भगवान् श्रीकृष्ण आफ्नु सुन्दर भवनमा जानुभयो । सात्यकि आफ्नै घरमा गए । जसरी इन्द्र दानवहरूमाथि महान् पराक्रम गरेर आएका हुन् त्यसै गरी दुष्कर कर्म गरेर लामु समयको प्रवासबाट प्रसन्न चित्त भएर

फर्केका भगवान् श्रीकृष्ण आफ्नु भवनमा प्रवेश गरे । जसरी देवताहरू देवराज इन्द्रको अगुवाइ गर्छन् त्यसै गरी भोज, वृष्णि र अन्धक वंशका यादवहरूले आफूहरू समक्ष आएका महात्मा श्रीकृष्णका सामु आएर स्वागत तथा अगुवाइ गरे । मेधावी श्रीकृष्णले ती सबैको आदर गरेर उनीहरूको कुशल समाचार सोधखोज गर्नुभयो । त्यसपछि प्रसन्नतापूर्वक आफ्ना माता पिताका चरण वन्दना गर्नुभयो । उहाँहरू (माता पिता) दुवैले महाबाहु श्रीकृष्णलाई आआफ्ना छातीमा लगाउनुभयो र मीठा मीठा वचनद्वारा उहाँलाई सान्त्वना दिनुभयो । यसपछि सबै वृष्णिवंशी श्रीकृष्णलाई घेरेर रहे । महातेजस्वी श्रीकृष्ण जब हात पाउ धोएर विश्राम गरिसके त्यसपछि बाबाले उहाँलाई महाभारत महायुद्धका विषयमा सोध्नुभयो । श्रीकृष्णले महायुद्धको सारा घटना सुनाउनुभयो ।

अध्याय ४५

श्रीकृष्णबाट महाभारतयुद्धको सङ्क्षिप्त जानकारी

वसुदेवजीले भन्नुभयो–

श्रुतवानस्मि वार्ष्णेय संग्रामं परमद्भुतम् ।
नराणां वदतां तत्र कथं वा तेषु नित्यशः ।।

वसुदेवजीले भन्नुभएको हो– "वृष्णिनन्दन ! म प्रतिदिनका बातचितका प्रसङ्गमा मानिसहरूबाट सुन्दै आएको हुँ महाभारत युद्ध बडो अद्भुत भएको थियो । यसैले सोध्दैछु कौरव र पाण्डवको बीचको युद्ध कस्तो रह्यो ? महाबाहो ! तिमी त युद्धलाई देखेका हौ र त्यसको स्वरूप राम्रोसँग जानेका पनि हौ । यसैले अनघ ! त्यो युद्धको यथार्थ वर्णन मलाई सुनाउ । महात्मा पाण्डव, भीष्म, कर्ण, कृपाचार्य, द्रोणाचार्य, शल्य आदिका साथ जुन परम

उत्तम युद्ध भएको थियो त्यो कसरी भयो ? अरू अरू देशका निवासीहरूका अनेक बेशभूषा र आकृतिवाला जो अस्त्र विद्यामा निपुण धेरै क्षत्रिय वीर थिए उनीहरूले पनि कसरी युद्ध गरे ?"

वैशम्पायनजी भन्नुहुन्छ– माताजीका नजिकै रहेका पिताजीले यसरी सोधनी गर्दा कमलनयन भगवान् श्रीकृष्ण कौरवहरूको त्यो संग्राममा मारिएकाहरूको प्रसङ्ग जस्ताको तस्तै सुनाउन लागे । वासुदेवले भने– "पिताजी ! महाभारत युद्धमा काममा आउने मनस्वी क्षत्रिय वीरहरूका कर्म बडा अद्‌भुत छन् । ती यति धेरै छन् विस्तार पूर्वक वर्णन गर्ने हो भने त सय वर्षमा पनि सकिने छैन । त्यस कारण देवता जस्ता तेजस्वी पिताजी ! म मुख्य मुख्य घटनाहरूको विवरण सङ्क्षेपमा सुनाउँदैछु । हजुर ती राजाहरूका कर्म यथावत रूपमा सुन्नुहोस् । जसरी इन्द्र देवताहरूका स्वामी हुन् उसै गरी कुरुकुलका तिलक भीष्म पनि हुन् । उनी कौरववीरहरूका श्रेष्ठ सेनापति बनाइएका थिए । उनी एघार अक्षौहिणी सेनाका संरक्षक थिए ।

पाण्डवका सेनानायक सिखण्डी थिए । उनी सात अक्षौहिणी सेनाको सञ्चालन गर्दथे । बुद्धिमान् सिखण्डी श्रीमान् सव्यसाची अर्जुनद्वारा सुरक्षित थिए । ती महामनस्वी कौरव तथा पाण्डवहरूमा दश दिनसम्म महारोमाञ्चकारी युद्ध भयो । दशौं दिनमा सिखण्डीले महायुद्धमा जुधिरहेका गंगापुत्र भीष्मलाई गाण्डीवधारी अर्जुनको सहायताबाट प्रशस्त बाण हानेर घायल बनाए । त्यसपछि भीष्मजी शरशय्यामा सुते । जबतक दक्षिणायन रह्यो उनी मुनिव्रत पालना गरेर शरशय्यामा सुतिरहे । दक्षिणायन सकिइ उत्तरायण आउनासाथ उनले मृत्युवरण गरे ।

भीष्मजी शरशय्यामा सुतेपछि अस्त्रविद्यामा श्रेष्ठ आचार्यद्रोण कौरवपक्षका सेनापति नियुक्त भए । उनी कौरवराजको सेनाका प्रमुख वीर थिए । मानौं दैत्यराज बलीका सेनाका प्रधान संरक्षक शुक्राचार्य जस्तै थिए । त्यति बेलासम्मको युद्धमा मरेर बाँचेका नौ अक्षौहिणी सेना उनलाई सबैतिरबाट

घेरेर रहेका थिए । उ आफै युद्धको हौसला राख्थे । कृपाचार्य र कर्ण पनि उनको सुरक्षामा थिए । यता महान् अस्त्रवेत्ता धृष्टद्युम्न पाण्डवसेनाका अधीनायक भए । जसरी मित्र बरुणको रक्षा गर्छन् त्यही किसिमले भीमसेन मेधावी धृष्टद्युम्नको रक्षा गर्न लागे । पाण्डव सेनाद्वारा घेरिएका महामनस्वी वीर धृष्टद्युम्नले द्रोणाचार्यबाट भएको आफ्ना पिताको अपमान सम्झेर उनलाई मार्नका निमित्त युद्धमा सारै ठूलो पराक्रम देखाए । धृष्टद्युम्न र गुरु द्रोणाचार्यलाई मद्दत गर्न त्यो भीषण संग्राममा नाना दिसाबाट आएका राजाहरू धेरै मारिए । यी दुइ वीर बीचको युद्ध पाँच दिनसम्म चल्यो । अन्त्यमा द्रोणाचार्य थाके र धृष्टद्युम्नको आक्रमणबाट मारिए ।

त्यसपछि दुर्योधनका सेनामा कर्णलाई सेनापति बनाइयो । उनी युद्धमा मरेर बाँचेका पाँच अक्षौहिणी सेनाबाट घेरिएर रहेका थिए । त्यति बेला पाण्डवपक्षमा तीन अक्षौहिणी सेना बचेका थिए । तिनीहरूको रक्षा तथा सञ्चालन अर्जुन गरिरहेका थिए । त्यहाँ धेरैजसो वीर निरासिएका थिए तापनि युद्धमा डटेकै थिए । कर्णले दुइ दिन युद्ध गरे । उ निकै क्रोधी स्वभावका थिए । जसरी पतिंगर बलेको आगोमा परेपछि जलेर भष्म हुन्छ त्यसै गरी दोस्रो दिनको युद्धमा कर्ण अर्जुनसँग भिडेर मारिए । कर्ण मारिएपछि कौरव हतोत्साही बने । शक्ति हराए जस्ता भए । त्यसपछि मद्रनरेश शल्यलाई कौरव पक्षको सेनापति बनाइयो । उनी तीन अक्षौहिणी सेनाबाट सुरक्षित थिए । उनले युद्ध आरम्भ गरे ।

पाण्डव पक्षमा पनि धेरै वाहन नष्ट भएका थिए । उनीहरूमा पनि त्यति बेला युद्ध विषयमा त्यति उत्साह थिएन । तैपनि बचेका एक अक्षौहिणी सेनाबाट घेरिएका युधिष्ठिरलाई अगाडि लगाई शल्यको सामना गर्न मैदानमा गए । कुरुराज युधिष्ठिरले अत्यन्त दुष्कर पराक्रम गरेर दिउसैमा मद्रराज शल्यलाई मारे । शल्य मारिएपछि पराक्रमी सहदेवले कपटी शकुनिलाई मारे । शकुनि मारिएपछि राजा दुर्योधनका मनमा ठूलो पीर पर्‍यो । उनका धेरै सैनिक पनि मारिएको अवस्था थियो । त्यसैले उ हातमा गदा लिएर एक्लै

रणभूमिबाट भागे । यता ठूलो क्रोधमा रहेका भीमसेनले दुर्योधनको पिछा गरेर द्वैपायन नाम गरेको सरोवरमा पानीभित्र छिपेको दुर्योधनको पत्ता लगाए ।

त्यसपछि हर्षमा डुबेका पाण्डवहरूले मरेर जति बाकी थिए ती सेनाद्वारा दुर्योधनलाई चारै तिरबाट घेरा हालेर तलाउमा रहेको दुर्योधनलाई लल्कारे । त्यस बेला भीमसेनका बागबाँणद्वारा अत्यन्त घायल भएको दुर्योधन पानी बाहिर आए । रिसाएका दुर्योधन हातमा गदा लिएर युद्धार्थ आएको देख्दैमा भीमसेनले पराक्रम गरेर धृतराष्ट्रपुत्र राजा दुर्योधनलाई मारे ।

यसपछि राती जब पाण्डवसेना आफ्नु शिबिरमा निश्चिन्त भएर सुतेका थिए त्यही समयमा द्रोणपुत्र अश्वत्थामाले आफ्ना पिता मारिएको व्यथा सहन नसकेर सिवीरमा छिरी सबैलाई मारे । त्यति बेला पाण्डवका पुत्र, मित्र र सैनिक सारा मारिए । केवल म र सात्यकिका साथ पाँच पाण्डव शेष रह्यौं ।

कौरव पक्षमा कृपाचार्य र कृतवर्माका साथ द्रोणपुत्र अश्वत्थामा युद्धबाट जीवित बचेका छन् । कुरुवंशी युयुत्सु पनि पाण्डवहरूको आश्रयमा आएका कारण बाँचेका छन् । बन्धुबान्धवसमेत कौरवराज दुर्योधन मारिपछि विदुर र सञ्जय युधिष्ठिरको आश्रयमा आएर रहेका छन् । प्रभो ! यसरी अठार दिनसम्म त्यो युद्ध भयो । त्यसमा जो जो राजा मारिए ती स्वर्गलोक गएका छन् ।

वैशम्पायनजीले भन्नुभएको छ :-

शृण्वतां तु महाराज कथां तां लोमहर्षणाम् ।
दु:खशोकपरिक्लेशा वृष्णिनामभवंस्तदा ।।

महाराज ! रिंगटा लाग्ने त्यो युद्धवार्ता सुनेर वृष्णिवंशीहरू दु:ख र शोकबाट व्याकुल भए ।

अध्याय ४६

श्रीकृष्णद्वारा अभिमन्युवधको वृत्तान्त

वैशम्पायनजी भन्नुहुन्छ– प्रतापी वसुदेवनन्दन भगवान् श्रीकृष्ण जब पिताजीसँगै बसेर महाभारत युद्धको वर्णन सुनाइरहनुभएको थियो । त्यो बेला उहाँले कथाका बीचमा अभिमन्यु वध सम्बन्धको प्रसङ्ग छोड्नुभएको थियो । परम बुद्धिमान् वीर श्रीकृष्णले सोच्नुभएको थियो पिताजी नातिको मृत्युको अमंगल समाचार सुनेर दुःख र शोकले सन्तप्त हुनुहुन्छ कि ? त्यसैकारण उहाँ यसको चर्चै नहोओस् चाहनु हुन्थ्यो । त्यसैले सम्भनामा हुँदा हुँदै पनि सुनाउनुभएको थिएन । तर यो कुरा सुभद्रा स्वयंले सम्भाइन् । उनले याद दिलाउने उद्देश्यले भनिन्– "मेरा अभिमन्युवधको समाचार पनि त सुनाइदिन पऱ्यो ।" यति भन्नासाथ सुभद्रा मुर्छा परेर जमीनमा ढलिन् ।

वसुदेवजीले सुभद्राबाट नयाँ कुरा आएको र उ पृथ्वीमा ढलेको देखेपछि उनी पनि मुर्छा परेर पृथ्वीमा ढले । महाराज ! नाति मारिएको दुःखद शोकले आहत वसुदेवजीले श्रीकृष्णसँग भन्नुभयो– "बाबु कमलनयन ! तिमी यो भूतलमा सत्यवादीका रूपमा प्रसिद्ध छौ । शत्रुदमन ! फेरि के कारणले मलाई मेरो नाति मारिएको समाचार सुनाएनौ ? बाबु ! आफ्ना भाञ्जाको वधको वृत्तान्त समाचार पनि मलाई सुनाउ । वृष्णिनन्दन ! अभिमन्युका आँखा ठीक तिम्रा जस्तै सुन्दर थिए । हाय.. त्यो रणभूमिमा शत्रुद्वारा कसरी मारियो ? मलाई लाग्छ समय पूरा नहुँदै मर्न मानिसलाई अत्यन्त कठिन हुन्छ । त्यसैले त यो दुःखदायी समाचार सुनेर पनि मेरो हृदय टुक्रा टुक्रा हुन मात्र बाँकी छ ।

पुण्डरिकाक्ष ! संग्राममा अभिमन्युले तिमीसँग आफ्नी आमा सुभद्रालाई के सन्देश दिएका थिए ? चञ्चल आँखा भएको त्यो मेरो नाति मलाई के सन्देश दिएर मऱ्यो ? कतै उ युद्धमा पीठ देखाएर त शत्रुबाट मारिएन ?

गोविन्द ! उसले युद्धमा डरले आफ्नु मुख बिकृत त बनाएन ? श्रीकृष्ण ! त्यो महान् तेजस्वी र प्रभावशाली बालक आफ्ना बालस्वभावका कारण मेरा साम्ने विनीत भावले आफ्नु वीरताको प्रशंसा गर्ने गर्दथ्यो । मेरी छोरीको त्यो प्यारो अभिमन्यु रणभूमिमा सदा द्रोणाचार्य, भीष्म तथा बलवानमा श्रेष्ठ कर्णसँग पनि लोहा लिने हौसला राख्थ्यो । कतै यस्तो त भएन ? द्रोण, कर्ण, कृपाचार्य आदिले मिलेर त्यो बालकलाई कपटपूर्वक त मारेनन ? यसरी धोकापूर्ण तरिकाले मारेका हुँदा धरतीमा परिरहेको त छैन ? केशव ! यो सबै वृत्तान्त मलाई बताउ ।

यसरी पिताजी अत्यन्त दु:खी भएर विलाप गरेको देखेर श्रीकृष्ण स्वयं दु:खी हुनुभयो । पिताजीलाई सान्त्वना दिदै भन्न थाल्नुभयो – "पिताजी ! अभिमन्युले संग्राममा अगाडि परेर शत्रुको सामना गरे । उनले कत्ति पनि आफ्नु मन बिगारेनन । त्यो दुस्तर युद्धमा उनले कहिल्यै पीठ देखाएनन् । लाखौं राजाहरूको समूहमा मार्दै द्रोणाचार्य तथा कर्णसँग युद्ध गर्दा गर्दै जब उ थाके त्यसै बेलामा दुशासनका छोराद्वारा मारिए । प्रभो ! उनले यदि निरन्तर एक एक वीरसँग युद्ध गर्न पर्थ्यो त रणभूमिमा वज्रधारी इन्द्र पनि उनलाई मार्न सक्तैनथे । तर उहाँ अर्कै परिस्थिति हुन गयो ।

अर्जुन सप्तकहरूसँग युद्ध गर्दै संग्राम भूमिबाट धेरै टाढा भएका थिए । यस्तो अवस्थाको लाभ उठाएर क्रोधमा परेका द्रोणाचार्य आदि कैयौं वीर मिलेर त्यो बालकलाई चारैतिरबाट घेरे । वृष्णिकुलभूषण पिताजी ! त्यस्तो भए पनि शत्रुहरूलाई संहार गर्दै हजुरको नाति युद्धमा दु:शासनकुमारका अधीनमा भए । महामते ! अभिमन्यु निश्चय पनि स्वर्गलोकमा गएका छन् । यस कारण हजुर उनका निमित्त शोक नगर्नोस । पवित्र बुद्धिवाला साधुपुरुष सङ्कटमा पर्दा पनि यसरी खिन्न हुँदैनन् । जसले इन्द्रसमान पराक्रमी द्रोण कर्ण आदि वीरहरूलाई युद्धमा डटेर सामना गर्‍यो उसलाई स्वर्ग प्राप्ति किन नहोला र ?"

दूर्धर्ष वीर पिताजी ! यसै कारण हजुर शोक त्यागि दिनुहोस् । शोकको वशीभूत नहुनुहोस् शोकमा नजल्नोस् । शत्रुहरूको नगरमा विजय पाउने वीर अभिमन्यु शस्त्राघातबाट पवित्र भएर उत्तम गति प्राप्त भएका छन् । त्यो वीर मारिएपछि मेरी यी बहिनी सुभद्रा द:खले आतुर भएर छोरा नजिक गइन् । कुररीले झैं विलाप गर्न लागिन् । द्रौपदीसँग गएर दु:खग्रस्त हुँदै सोध्न थालिन्– "आर्ये ! सबै बच्चा कहाँ छन् ? म ती सबैलाई हेर्न चाहन्छु ।" यिनका कुरा सुनेर कुरुकुलका सारा स्त्रीहरू यिनलाई दुवै हातले समाएर अत्यन्त दु:खी भइ करुण विलाप गर्न लागे । सुभद्राले उत्तरासँग पनि सोधिन्– "भद्रे ! तिम्रा पति अभिमन्यु कहाँ गए ?" तिमी उसलाई म आएको कुराको सूचना देऊ । विराटकुमारी ! जो सधैं मेरो आवाज सुनेर तुरुन्त घरबाट निस्कन्थे तिनै तिम्रो पति आज मसँग किन आएनन् ? अभिमन्यु ! तिम्रा सबै महारथी मामा सकुशल छन् र युद्धको इच्छाले यहाँ आएका तिमीसँग उनीहरू सबैले तिम्रो कुशल समाचार सोधेका छन् । शत्रुदमन ! पहिले जस्तै आज पनि तिमी मलाई युद्धका कुरा सुनाऊ । म यसरी विलाप गर्दैछु तर पनि तिमी मसँग किन कुरा गर्दैनौ ?"

सुभद्राका यस्ता विलाप सुनेर अत्यन्त दु:खी हुँदै बुवा कुन्तीले उनलाई सम्झाउँदै भन्नुभयो– "सुभद्रे ! वासुदेव, सात्यकि र पिता अर्जुन तीनै जो उसलाई लाडप्यार गर्दथे त्यो बालक अभिमन्यु काल धर्मबाट मारिए । यदु नन्दिनी ! मृत्युलोकमा जन्म लिएका मान्छेहरू सबैको धर्म यही हो । उनीहरूले एक न एक दिन मृत्युको वशमा पर्नै पर्दछ । यस कारण शोक नगर । तिम्रो वीर पुत्रले परम गति प्राप्त गरेको छ । बेटी ! कमलदल लोचने ! तिमी महात्मा क्षात्रियहरूको महान् कुलमा जन्मेकी हौ । त्यसैले तिमी चञ्चल नेत्रवाला पुत्रका निमित्त शोक नगर । शुभे ! तिम्री बुहारी उत्तरा गर्भवती छन् । तिमी उनलाई हेर । शोक नगर । यी भाविनी उत्तरा शीघ्र अभिमन्युको पुत्र जन्माउनेछिन् ।"

यदुकुलभूषण पिताजी ! यसरी सुभद्रालाई सम्झाइ बुझाइ ठूलो शोकलाई त्याग गरी कुन्तीले श्राद्धको तयारी गरिन् । धर्मराज युधिष्ठिर र भीमसेनलाई आदेश दिएर यम जस्तै पराक्रमी नकुल तथा सहदेवलाई पनि आदेश दिएर कुन्तीदेवीले अभिमन्युका निमित्त धेरै दान दिलाइन् । यदुकुलभूषण ! त्यसपछि ब्राह्मणलाई धेरै गाई दान दिएर कुन्तीले विराटकुमारी उत्तरासँग भनिन्– "अनिन्द्य गुण भएकी विराट राजकुमारी ! अब तिमीले यहाँ पतिका निमित्त सन्ताप गर्न हुँदैन । सुन्दरी ! तिम्रो गर्भमा अभिमन्युको बच्चा जो छ त्यसको रक्षा गर ।"

महाद्युते ! यसो भनेर कुन्ती देवी चुप भइन् । उनैको आज्ञाबाट मैले यी सुभद्रादेवीलाई यहाँ ल्याएको हुँ । मानद ! यस प्रकार हजुरको नाति अभिमन्युको मृत्यु भएको हो । दूधैर्षवीर ! हजुरले सन्ताप छाड्नुहोस् र मनलाई शोकमा नडुबाउनुहोस् .

अध्याय ४७

अभिमन्युको श्राद्ध, अश्वमेधिक यज्ञको आज्ञा

वैशम्पायनजी भन्नुहुन्छ– जनमेजय ! आफ्ना पुत्र श्रीकृष्णका कुरा सुनेर शूरपुत्र धर्मात्मा वसुदेवजीले शोक त्याग गरेर अभिमन्युका निमित्त परम उत्तम श्राद्धदान दिए । यसै गरी भगवान् श्रीकृष्णले पनि आफ्ना महामनस्वी भाञ्जा अभिमन्यु जो उनका पिता वसुदेवजीका परम प्रिय नाति थिए श्राद्धकर्म सम्पन्न गरे । उनले साठी लाख महातेजस्वी ब्राह्मणलाई विधिवत् सर्वगुण सम्पन्न उत्तम अन्न भोजन गराए । महाबाहु श्रीकृष्णले त्यस बेला ब्राह्मणहरूलाई वस्त्र सहित यति धन दिए जसबाट उनीहरूको धन विषयक तृष्णा नै तृप्ति हुन गयो । यो एउटा रोमाञ्चकारी घटना बनेको थियो ।

ब्राह्मणहरू गाई, शय्या र वस्त्र दान पाएर अभ्युदय हुने आशीर्वाद दिन थाले ।

भगवान् श्रीकृष्ण, बलदेव, सत्यक र सात्यकिले पनि त्यही समयमा अभिमन्युको श्राद्ध गरे । तिनीहरू सबै अत्यन्त दुःखबाट सन्तप्त थिए । उनीहरूलाई शान्ति मिलेको थिएन । त्यसै गरी हस्तिनापुरमा वीर पाण्डवहरू पनि अभिमन्युबाट रहित हुन परेकोमा शान्ति पाइरहेका थिएनन् । राजेन्द्र ! विराटकुमारी उत्तराले पति वियोगबाट पीडित भएर धेरै दिनसम्म भोजन नै गरिनन् । उनको त्यो दशा सारै करुणाजनक थियो । उनको गर्भमा भएको बालक पेटभित्रै दुब्लाउन थाल्यो । उनको यस्तो अवस्था दिव्यदृष्टिबाट जानेर महातेजस्वी बुद्धिमान् महर्षि व्यास त्यहाँ आउनुभयो र विशाल नेत्रवाली कुन्ती तथा उत्तरासँग भेटेर उनीहरूलाई सम्झाउँदै भन्नुभयो– "यशस्विनी उत्तरा ! तिमी यो शोक त्याग । तिम्रो पुत्र महातेजस्वी हुनेछ । भगवान् श्रीकृष्णका प्रभावले र मेरो आशीर्वाद पाएर उ पाण्डवपछि सम्पूर्ण पृथिवीको पालनकर्ता पनि हुनेछ ।"

भारत ! त्यसपछि व्यासजीले धर्मराज युधिष्ठिरलाई सुनाउँदै अर्जुन तिर हेरेर उनको हर्ष बढाउँदै भन्नुभयो– "कुरुश्रेष्ठ ! तिमीलाई महाभाग्यशाली र महामनस्वी नाति प्राप्त हुनेवाला छ । जसले समुद्र पर्यन्त सारा पृथिवीको धर्मतः पालन गर्नेछ । अतः शत्रुसूदन ! तिमी शोक नगर । यसमा कुनै तर्क गर्न आवश्यक छैन । मेरो यो भनाइ सत्य हुनेछ । कुरुनन्दन ! वृष्णिवंशका वीरपुरुष भगवान् श्रीकृष्णले पहिले जे जे भन्नुभएको छ त्यो सबै त्यस्तै हुनेछ । यस विषयमा तिमीले कुनै अन्य विचार गर्न जरुरी छैन ।

वीर अभिमन्यु आफ्ना पराक्रमबाट उपार्जन गरेका कर्मले देवताहरूको अक्षय लोकमा गएका छन् । अतः उनका निमित्त र अन्य कुरुवंशीहरूका निमित्त समेत क्षोभ गर्न जरुरी छैन ।

महाराज ! आफ्ना पितामह व्यासजीद्वारा यसरी सम्झाइएपछि धर्मात्मा अर्जुनले शोक त्याग गरेर सन्तोषको आश्रय लिए । धर्मज्ञ महामते ! त्यति

बेला तिम्रा पिता परीक्षित शुक्ल पक्षका चन्द्रमा जस्तै यथेष्ट बढ्न थालेका हुन् । त्यसपछि व्यासजीले धर्मपुत्र राजा युधिष्ठिरलाई अश्वमेध यज्ञ गर्नका निमित्त आज्ञा दिनुभयो र त्यहाँबाट अदृश्य हुनुभयो । बाबु ! व्यासजीका वचन सुनेका बुद्धिमान् धर्मराज युधिष्ठिरले धन जम्मा गर्नका निमित्त हिमालयतिरको यात्रा गर्ने विचार गरे ।

अध्याय ४८

युधिष्ठिर भाइहरूसँग परामर्श गरेर धनसङ्कलनार्थ प्रस्थान

जनमेजयले भने– ब्रह्मन् ! महात्मा व्यासले भनेका कुरा सुनेपछि राजा युधिष्ठिरले अश्वमेध यज्ञका सम्बन्धमा के गरे ? राजा मरुत्तले पृथ्वीमा जो रत्न राखिछाडेका थिए त्यो उनीहरूले कसरी प्राप्त गरे ? द्विजश्रेष्ठ ! यी सबै कुरा मलाई बताउनुहोस् ।

वैशम्पायनले भने– राजन् ! व्यासजीका कुरा सुनेर धर्मराज युधिष्ठिरले भीमसेन, अर्जुन, नकुल र सहदेव यी सबै भाइहरूलाई बोलाएर यस्ता समयोचित कुरा भने । वीर भाइहरू हो ! कौरवहरूको हित कामना गर्ने बुद्धिमान् महात्मा श्रीकृष्णले सौहार्द्रवश जे भन्नुभएको थियो ती सबै कुरा तिमीहरूले सुनेका थियौ । आफन्तहरूको भलाई चाहने महान् तपोवृद्ध महात्मा धर्मशील गुरु व्यासले, अद्‌भुत पराक्रमी भीष्मले तथा बुद्धिमान् गोविन्दले समय समयमा जुन सल्लाहा दिएका छन् ती सबै कुरा याद गर्दै म उनीहरूका कुरा राम्रोसँग पालन गर्न चाहन्छु । महाप्राज्ञ पाण्डवहरू हो ! ती महात्माका ती वचन भविष्य र वर्तमानमा पनि हामी सबैका निमित्त हितकारक छन् ।

ब्रह्मवादी महात्मा व्यासजीका वचन परिणाममा हाम्रो कल्याणकारी छन् । कौरव ! यो समय यो सारा पृथिवी रत्न तथा धनको नाश भएको अवस्थामा छ । यस कारण हाम्रो आंर्थिक कठिनाइ निवारणका निमित्त व्यासजीले त्यही दिन मरुत्तको धनको कुरा बताउनुभएको थियो । यदि तिमीहरू त्यो धन नै पर्याप्त सम्झेर त्यो ल्याउन सक्छौ भने व्यसजीले भनेअनुसार धर्मपूर्वक त्यसलाई प्राप्त गर्ने प्रयत्न गर । अथवा भीम ! तिमी भन तिम्रो यस विषयमा के विचार छ ?

कुरुशिरोमणे ! राजा युधिष्ठिरले यसो भनेपछि भीमसेनले हात जोडेर ती नृपश्रेष्ठलाई यस प्रकार भने । महाबाहो ! हजुरले जे भन्नुभएको छ र व्यासजीले बताएको धन ल्याउने जुन कुरा छ त्यो मलाई एकदम ठीक लागेको छ । प्रभो ! महाराज ! यदि हामीलाई मरुत्तको धन प्राप्त भयो भने हाम्रो सबै काम बन्छ । मेरो विचार यसै भन्छ । हजुरको कल्याण होस् । हामी महात्मा गिरीशका चरणमा प्रणाम गरेर ती जटाजुटधारी महेश्वरलाई आराधना गरेर त्यो धन लिएर आउँछौं । हामी बुद्धि, वाणी र क्रियाद्वारा आराधनापूर्वक देवाधिदेव महादेव तथा उनका अनुचरहरूलाई खुसी बनाएर निश्चय नै त्यो धन ल्याउला । जुन रौद्ररूपधारी किन्नर त्यो धनको रक्षा गर्छन् ती पनि भगवान् शङ्कर प्रसन्न भएपछि हाम्रो अधीनमा भैहाल्लान् । सदा प्रसन्नचित्त रहने ती सर्वसमर्थ परमेश्वर महादेव आफ्ना भक्तहरूलाई अमरत्व पनि दिन्छन् । सुवर्णको त के कुरा भयो र ?

पूर्वकालमा वनमा रहदा अर्जुनसँग प्रसन्न भएर भगवान् शङ्करले उनलाई महान् पाशुपतास्त्र, रौद्रास्त्र, तथा ब्रह्मास्त्र पनि प्रदान गरेका थिए । अव धन दिन उनका निमित्त कुनै ठूलो कुरा भएन । कौरवनन्दन ! हामी सबै उनका भक्त हौं र उ हामीसँग सदा प्रसन्न रहन्छन् । उनको कृपाबाट हामीले राज्य प्राप्त गरेका हौं । अभिमन्युको वध भएपछि जब अर्जुनले पापी जयद्रथलाई मार्ने प्रतिज्ञा गरेका थिए त्यति बेला सपनामा अर्जुनले श्रीकृष्णसँग रातमा उनै लोक गुरु महेश्वरलाई प्रसन्न तुल्याएर दिव्यास्त्र प्राप्त गरेका थिए ।

त्यसपछि जब रात बित्यो र प्रात: काल भयो तब भगवान् शिवले अर्जुनका अगाडि आई आफ्नु त्रिशूलबाट शत्रु सेनालाई संहार गरेका थिए । यो कुरा अर्जुनले प्रत्यक्ष देखेका थिए ।

महाराज ! द्रोणाचार्य र कर्ण जस्ता महाधनुर्धारीहरू युक्त कौरव सेनालाई महापाशुपतास्त्रधारी अनेक रूपवाला महेश्वर महादेव बाहेक मनबाट मात्र पनि अरू कसैले पराजित गर्न सक्तैनथ्यो । उनैका कृपाप्रसादबाट हजुरका शत्रु मारिएका हुन् । उनैले अश्वमेध यज्ञलाई पनि सफलतापूर्वक सम्पन्न गर्नेछन् । भारत ! भीमसेनको यो भनाइ सुनेर धर्मपुत्र राजा युधिष्ठिर साह्रै खुसी भए । अर्जुन आदिले पनि बहुत ठीक भनेर उनैका वातलाई समर्थन गरे । यसरी सबै पाण्डवहरूले रत्न ल्याउने निश्चय गरेर ध्रुवसंज्ञक नक्षत्र एवं दिनमा सेनालाई तयार हुकालागि आज्ञा दिए । त्यसपछि ब्राह्मणहरूबाट स्वस्ती वाचन गराएर शूरश्रेष्ठ महेश्वरलाई पहिले पूजा गरी मिष्ठान्न, खीर, पूवा फलफूलसमेतबाट महेश्वरलाई तृप्त गराइ उनैको आशीर्वाद लिएर समस्त पाण्डव अत्यन्त खुसीका साथ यात्रा शुरू गरे । जब यात्राका निमित्त तयार भए त्यो बेला समस्त श्रेष्ठ ब्राह्मणहरू र नागरीकहरूले प्रसन्न चित्त भै उनीहरूका निमित्त शुभ मंगल पाठ गरे । त्यसपछि पाण्डवहरू अग्नि सहित ब्राह्मणहरूको परिक्रमा गरेर उनीहरूका चरणमा मस्तक झुकाइ त्यहाँबाट प्रस्थान गरे । प्रस्थानपूर्व उनीहरूले पुत्रशोकबाट व्याकुल धृतराष्ट्र, गान्धारी देवी तथा विशाल लोचना कुन्तीबाट आज्ञा लिएका थिए । आफ्ना कुलका मूलभूत धृतराष्ट्र, गान्धारी र कुन्तीका नजिक गएर उनीहरूको रक्षाका निमित्त कुरुवंशी धृतराष्ट्रपुत्र युयुत्सुलाई नियुक्त गरी मनिषा ब्राह्मण तथा सहरवासीहरूबाट पूजित भै पाण्डवहरूले त्यहाँबाट प्रस्थान गरे । उनीहरू सबै उत्तम व्रतको पालना गर्दै शौच सन्तोष आदि नियममा दृढतापूर्वक रहेका थिए ।

अध्याय ४९

पाण्डवहरू हिमालयमा पुगेर उपवासमा रहे

वैशम्पायनजी भन्नुहुन्छ–

ततस्ते प्रययुर्हृष्य प्रहृष्टनरवाहना: ।
रथघोषेण महता पूरयन्तो वसुंधराम् ।।

जनमेजय ! पाण्डवहरूका साथ जो मान्छे र वाहन थिए ती सबै ठूलो हर्षमा थिए । उनीहरूका र रथका आवाजले पृथिवी नै गुञ्जायमान गराउँदै प्रसन्नतापूर्वक यात्रा गरिरहेका थिए । सूत, मागध र बन्दी जन अनेक प्रकारका प्रशंसासूचक वचनद्वारा उनीहरूका गुणगान गर्दै रहेका थिए । आफ्ना सेनाबाट घेरिएका पाण्डव यस्ता देखिएका थिए जो आफ्ना किरणमालाद्वारा सुशोभित सूर्य जसरी प्रज्वलित भएका हुन्छन् त्यसै गरी राजा युधिष्ठिरका शिरमाथि सेता छत्र शोभायमान भएर रहेको हुँदा उ पूर्णिमाका चन्द्रमा जस्तै देखिएका थिए, सुशोभित थिए । मार्गमा धेरै धेरै मान्छेहरू प्रसन्न भएर राजा युधिष्ठिरलाई विजयको आशिष दिदै थिए । पुरुषशिरोमणि नरेश यथोचित रूपबाट शिर झुकाएर ती यथार्थ आशीर्वचन ग्रहण गर्दै थिए ।

राजन् ! राजा युधिष्ठिरका पछिपछि जो प्रशस्त सैनिक हिँड्दै थिए उनीहरूका आवाज र मान्छेका महान् बोलीको आवाजले आकाशलाई स्तब्ध पार्दै थियो । राजन् ! अनेक सरोवरहरू, सरिताहरू वन उपवन तथा पर्वतहरू नाघ्दै महाराज युधिष्ठिर त्यो ठाउँमा पुगे जहाँ राजा मरुत्तले राखेका उत्तम द्रव्यहरू सञ्चित थिए । कुरुवंशी भरतश्रेष्ठ ! त्यहाँ एउटा समतल भूमि थियो त्यो सुखद स्थानमा पाण्डुपुत्र राजा युधिष्ठिरले तप विद्या र इन्द्रिय संयमबाट युक्त ब्राह्मणहरू, वेद वेदाङ्गले पारगामी विद्वान्, तथा राजपुरोहित धौम्य मुनिलाई अग्र स्थानमा राखेर सैनिकहरू सहित शिबिर स्थापना गरे ।

धेरै राजा, ब्राह्मण र पुरोहितले यथोचित तरिकाबाट शान्तिवाचन गरेर युधिष्ठिर तथा उनका मन्त्रीहरूलाई विधिपूर्वक बीचमा राखेर उनलाई घेरेका थिए ।

ब्राह्मणहरूका निमित्त त्यहाँ छाउनी बनाइएको थियो । त्यसमा पूर्वबाट पश्चिम तिर र उत्तरबाट दक्षिण जाने तीन तीन क्रमले जम्मा छ सडक थिए । छाउनी नौ खण्डमा विभाजित थियो । महाराज यधिष्ठिरले मत्त हात्तीहरू रहनका निमित्त पनि उचित स्थान विधिपूर्वक निर्माण गराएका थिए । उनले ब्राह्मणहरूसँग यसो भने– विप्रवरहरू ! यो कामका निमित्त कुनै शुभ नक्षत्र, तथा शुभ दिन तय गर्नोस् यो कार्य सिद्ध गर्न जुन समय उचित हुन्छ त्यो गर्नुहोस् । यस्तो नहोस् कि यहाँ रहिरहेर हाम्रो बढी समय नष्ट नहोओस् । द्विजेन्द्रगण ! यस विषयमा कुनै निश्चय गरेर जे गर्न उचित हुन्छ त्यो शीघ्र गर्नोस् ।

धर्मराज युधिष्ठिरका कुरा सुनेर उनको भलाइका निमित्त ब्राह्मणहरू तथा पुरोहितहरू यसरी बोले– "राजन् ! तपाइँ स्वयं नै पवित्र नक्षात्र र शुभ दिन तथा समय हुनुहुन्छ । यस कारण आज नै हामी श्रेष्ठतम कर्म शुरू गर्दछौं । हामी आज केवल जलपिएर रहन्छौं । हजुरहरूले पनि आज उपवास गर्न पर्ला ।

ब्राह्मणहरूका यस्ता वचन सुनेर समस्त पाण्डवहरू रातमा उपवास बसे । कुशका बिच्छ्यौना बनाएर निर्भय सुते । उनीहरू यस्ता देखिएका थिए मानौं यज्ञमण्डपमा पाँच वेदी माथि स्थापित पाँच अग्नि ज्वाला प्रज्वलित भए जस्तै देखिएको थियो ।

त्यसपछि ब्राह्मणहरूका कुरा सुन्दै महात्मा पाण्डवहरूको त्यो रात सकुशल बित्यो । त्यसपछि निर्मल प्रभातको उदय भयो । तत्पश्चात् ती श्रेष्ठ ब्राह्मणहरूले धर्मनन्दन राजा युधिष्ठिरसँग केही सुवार्ता गरे ।

अध्याय ५०

ब्राह्मणहरूको आज्ञाले धनराशि पत्ता लगाइनु

ब्राह्मणले भने– नरेश्वर ! अब तपाइँ परमात्मा भगवान् शङ्करको पूजा गर्नुहोस् । पूजा चढाएपछि हामीले हाम्रो अभीष्टकार्य सिद्धिका लागि प्रयत्न गर्नुपर्दछ । ब्राह्मणहरूका कुरा सुनेर राजा युधिष्ठिरले भगवान् शङ्करलाई विधिपूर्वक नैवेद्य, अर्पण गरे । त्यसपछि उनका पुरोहितले विधिपूर्वक संस्कार गर्दै घिउद्वारा अग्निदेवलाई तृप्त बनाई मन्त्रसिद्ध चरु तयार पारेर भेटी अर्पण गरी देवताका नजिकमा गए ।

नरेश्वर ! उनीहरूले मन्त्रिएको फूल लिएर मिठाइ, फलको भित्री भाग विचित्र फूल, लाभा तथा अन्य विचित्र प्रकारका वस्तुद्वारा उपहार समर्पण गरे । वेदपारंगत विद्वान् पुरोहितले विधिपूर्वक देवतालाई अत्यन्त प्रिय लाग्ने समस्त कर्म गरेर भगवान् शिवका पार्षदहरूलाई उत्तम पूजा चढाए । यसपछि यक्षराज कुवेरलाई, मणिभद्रलाई, अन्यान्य यक्ष तथा भूतहरूका अधिपतिलाई खिचडी, फल तथा तिल मिश्रित जलाञ्जली निवेदनका साथ पूजा सम्पन्न गरे । त्यसपछि पुरोहितले घडामा भात भरेर बलि अर्पण गरे । यसपछि भूपालले ब्राह्मणहरूलाई हजारौं गाई दिएर निशाचारी भूतहरूलाई पनि बलि दिए ।

पृथ्वीनाथ ! देवाधिदेव महादेवजीको त्यो स्थान धुपको सुगन्धबाट मग्मगाएको थियो र फूलबाट अलंकृत भएका कारण ज्यादै शोभायमान भएको थियो । भगवान् शिव र उनका पार्षदहरूको सबै प्रकारको पूजा गरी महर्षि व्यासलाई अगाडि लगाएर युधिष्ठिर त्यो ठाउँमा गए जहाँ रत्न तथा सुन सञ्चित थियो । त्यहाँ उनीहरूले प्रकार प्रकारका विचित्र फूल, मालपुवा, खिचडी, आदिद्वारा धनपति कुवेरको पूजा गरे र उनलाई प्रणाम

अभिवादन गरे । त्यसपछि त्यही सामग्रीबाट शंख आदि निधिहरू तथा समस्त निधिपालकहरूको पूजा गरे । श्रेष्ठ ब्राह्मणहरूको पनि पूजा गरे । त्यसपछि उनीहरूबाट स्वस्तिवाचन गराइ ती ब्राह्मणहरूको पुण्यघोषबाट तेजस्वी भएका शक्तिशाली कुरुश्रेष्ठ राजा युधिष्ठिर प्रसन्नताका साथ त्यो धन खोतल्न लगाउन थाले । केही समयमै अनेक प्रकारका विचित्र, मनोरम एवं धेरै स्वर्णपात्रहरू निस्किए । कठैती, सुराही, गणुवा, कडाह, कलश तथा कटौरा आदि सबै प्रकारका भाँडा प्राप्त भए ।

धर्मराज युधिष्ठिरले त्यही समयमा सबै भाडावर्तनहरू जमीनबाट निकाले। ती भाँडाहरू राख्न ठूला ठूला सन्दुकहरू ल्याइएको थियो । राजन् ! एक एक सन्दुकमा बन्द गरिएका भाँडाहरूको बोझ आधा आधा भारी हुन्थ्यो । प्रजानाथ ती सबै सामान ढुवानी गर्नकालागि पाण्डुपुत्र युधिष्ठिरका वाहन पनि त्यही थिए । महाराज ! त्यहाँ साठी हजार उट, एक करोड बीसलाख घोडा, एकलाख हात्ती, एकलाख रथ, एकलाख छकडा र त्यत्ती नै हस्तिनीहरू थिए । गधा र मान्छेहरूको त गिन्ती नै थिएन । युधिष्ठिरले त्यहाँ जति धन उत्खनन गराएका थिए त्यो सोरकरोड आठलाख र चौबिस हजार भारी सुनका थिए । ती सबै वाहनमा धन लदाएर पाण्डुनन्दन युधिष्ठिरले पुनः महादेवको पूजा गरे । र व्यासजीको अनुमति लिएर पुरोहित धौम्य मुनिलाई अगाडि लगाई हस्निापुर तिर लागे ।

राजन् ! ती वाहनहरूमा लदाइएको बोझ धेरै भएका कारणले दुई दुई कोसमा मुकाम राखिएको थियो । धनभारले थिचिएको त्यो विशाल सेना, ती कुरु श्रेष्ठ वीरहरूलाई हर्ष बढाउँदै मुस्किलले त्यो धन लिइ नगर तिर गैरहेको थियो ।

अध्याय ५१

श्रीकृष्णजीको हस्तिनापुर आगमन, कुन्तीको प्रार्थना

वैशम्पायनजी भन्नुहुन्छ– जनमेजय ! यसै बीचमा परम पराक्रमी भगवान् श्रीकृष्ण आफ्ना वृष्णिवंशीहरू सहित हस्तिनापुर पाल्नुभयो । उहाँ द्वारका जाँदा धर्मपुत्र युधिष्ठिरले जस्ता कुरा गरेका थिए त्यसै अनुसार अश्वमेध यज्ञको नजिक आइसकेको सोचेर भगवान् श्रीकृष्ण पहिले नै उपस्थित हुनुभएको हो । उहाँसँग रुक्मिणीनन्दन प्रद्युम्न, सात्यकि, चारुदेष्ण, साम्ब, गद, कृतवर्मा, शारण, वीर निशंठ, र उल्मुक पनि थिए । उनीहरू बलदेवजीलाई अगाडि लगाई सुभद्राका साथ गएका थिए । उनीहरूको आगमनको उद्देश्य थियो द्रौपदी, उत्तरा र कुन्तीसँग भेटगर्नु र जजसका पति युद्धमा मारिएका थिए ती सबै क्षत्राणीहरूलाई आश्वासन दिइ धैर्य धारण गर्न लगाउनु ।

उनीहरूको आगमनको समाचार सुन्नासाथ राजा धृतराष्ट्र र महामना विदुरजी जुरुक्क उठ्नुभयो । अगाडि बढेर उनीहरूको विधिवत स्वागत सत्कार गरियो । विदुर र युयुत्सुबाट राम्रोसँग पूजा गरिनुभएका भगवान् श्रीकृष्ण उहीँ रहन लाग्नुभयो । जनमेजय ! ती सबै वृष्णिवीरहरू त्यहाँ रहेका बखत तिम्रा पिता शत्रुवीरहन्ता परीक्षित्‌को जन्म भएको थियो । महाराज ! ती राजा परीक्षित ब्रह्मास्त्रबाट घात गरिएका कारण चेष्टाहीन मुर्दा जस्तै भएर जन्मेका थिए । यसैले स्वजनहरूको हर्ष र शोक दुवै बढाउनेवाला वातावरण बनेको थियो । पहिले पुत्र जन्मेको समाचार सुनेर हर्ष भरिएको हुँदा हर्षितहरूले गरेका सिंहनाद कोलाहलका रूपमा सुनियो । यो सम्पूर्ण दिसामा व्याप्त भयो र पुनः शान्त भयो ।

यो घटनाले गर्दा श्रीकृष्णको मन र हृदयमा पीडा जस्तो अनुभव भयो। उहाँ सात्यकिलाई सँगै लिएर हतारका साथ अन्तपुर मै पुग्नुभयो । उहाँले त्यहाँ गएर बुआ कुन्तीजी ज्यादै आत्तिएको देख्नुभयो । उ वासुदेव ! दौड दौड भन्दै पुकारा गर्दै थिइन् । राजन् ! उनका पछिपछि द्रौपदी, यशश्विनी सुभद्रा, तथा अन्य बन्धुबान्धबका स्त्रीहरू पनि थिए जो ठूलो करुण स्वरमा विलाप गर्दै रोइरहेका थिए ।

नृपश्रेष्ठ ! त्यति बेला श्रीकृष्णका नजिक पुगेर कुन्तीभोजकुमारी कुन्ती आँखाबाट आसु बहाउँदै पीडायुक्त स्वरमा बोलिन्– "महाबाहु वसुदेवनन्दन ! तिमीलाई पाएर तिम्री माता देवकी उत्तम पुत्रवाली मानिएकी थिइन् । तिमी नै हाम्रा अवलम्ब र तिमी नै हाम्रा आधार हौ । यो कुलको रक्षा तिम्रै अधीनमा छ। युद्धवीर ! प्रभो ! यो जो तिम्रो भाञ्जो अभिमन्युको बालक छ अश्वत्थामाले प्रहार गरेको हतियारद्वारा मारिएको हुँदा मृत जन्मिएको छ। केशव ! यसलाई जीवन दान देउ। यदुनन्दन ! प्रभो ! अश्वत्थामाले जब सिकको बाणको प्रयोग गरेका थिए त्यति बेला तिमीले भनेका थियौ– "उत्तराको मरेको बालकलाई पनि जीवित गरिदिउला।" बाबु ! त्यो यही बालक हो जो मरेकै जस्तो जन्मेको छ। पुरुषोत्तम ! यसप्रति आफ्नु कृपादृष्टि राख। माधव ! यसलाई जीवित गरेर नै उत्तरा, सुभद्रा, द्रौपदी र मेरो रक्षा गर। दूर्धर्षवीर ! धर्मपुत्र युधिष्ठिर, भीमसेन, अर्जुन, नकुल र सहदेवको पनि रक्षा गर। तिमी हामी सबैको यो सङ्कटबाट उद्धार गर्न समर्थ र योग्य छौ । मेरो र पाण्डवहरूको प्राण यो बालकमै रहेको छ। उनले भनिन्– "दशार्हकुलनन्दन ! मेरा पति पाण्डु तथा ससुरा विचित्रवीर्यको पिण्डका लागि पनि यही सहारा हो" ।

जनार्दन ! तिम्रो कल्याण होस्। जो तिम्रो अत्यन्त प्रिय र तिमी जस्तै अत्यन्त सुन्दर थियो त्यो परलोकवासी अभिमन्युको पनि हित गर। उसको यो बालकलाई बचाइदेउ। शत्रुसूदन श्रीकृष्ण ! मेरी बुहारी उत्तरा अभिमन्युले पहिले भनेको एउटा कुरा अत्यन्त प्रिय भएकाले पटक पटक त्यो कुरा

निकाल्छिन् । त्यो कुराको सत्यतामा कत्ती पनि सन्देह छैन । दाशार्ह अभिमन्युले उत्तरासँग स्नेहवश भनेका थिए रे कल्याणी तिम्रो पुत्र मामाकहाँ जानेछ । वृष्णि एवं अन्धकको कुलमा गएर धनुर्वेद, नाना प्रकारका विचित्र अस्त्र शस्त्र तथा विशुद्ध नीतिशास्त्रको अध्ययन गर्नेछ । बाबु ! शत्रुवीरहरूलाई संहार गर्नेवाला दूर्धर्षवीर सुभद्राकुमारले जुन प्रेमपूर्वकका कुरा भनेका थिए त्यो निसन्देह सत्य हुनुपर्‍यो ।

मधुसूदन ! यो कुलको भलाइका निमित्त हामी सबै तिम्रा पाउ समातेर भीख माग्छौं यो बालकलाई जियाएर तिमीले कुरुकुलको सर्वोत्तम कल्याण गर ।" श्रीकृष्णसँग यस्ता कुरा गरेर विशाललोचनाकुन्ती दुवै हात माथि उठाएर आहत भै पृथिवीमा गिरिन् । अरू स्त्रीहरूको पनि यही दसा थियो । समर्थ महाराज ! ती सबैका आँखाबाट आँसुका धारा बहिरहेका थिए र उनीहरू रुँदै यही कुरा पुकारा गरिरहेका थिए ।– "हाय ! श्रीकृष्णको भाञ्जोको वालक मरेको जन्म्यो । भरतनन्दन ! उनीहरूले यसो भनेपछि जनार्दन श्रीकृष्णले कुन्ती देवीलाई सहारा दिदै बसाएर पृथ्वीमा ढलेकी कुन्ती बुआलाई शान्त्वना दिन थाले ।

अध्याय ५२

परीक्षित्‌लाई बिउँझाउन सुभद्राबाट श्रीकृष्णमा प्रार्थना

वैशम्पायन भन्नुहुन्छ– जनमेजय ! कुन्ती देवी बसेपछि सुभद्रा आफ्ना दाजु श्रीकृष्णतिर हेर्दै रुन थालिन् । दु:खी भएर करुण स्वरमा भन्न थालिन्– "दाज्यै कमलनयन ! आफ्ना प्रिय मित्र अर्जुनको नातिको दशा हेर्नुहोस् । कौरवहरू नष्ट भएपछि यसको जन्म भएको छ तर यो गतायु भएर नष्ट

भएको छ । द्रोणपुत्र अश्वत्थामाले भीमसेनलाई मार्नका निमित्त गोसिंकको बाण छाडेको थियो । त्यो उत्तरा, हजुरका मित्र विजय र ममा परेको थियो । दूर्धर्ष वीर केशव ! प्रभो ! त्यो सिंक मेरो यो विदीर्ण हृदयमा अहिले पनि चस्का दिदैछ । किनभने अहिले म पुत्र सहित अभिमन्युलाई देख्न पाइरहेकी छैन । अभिमन्युको पुत्र जन्मदैमा मरेको जन्म्यो । यो सुनेर धर्मात्मा राजा युधिष्ठिर के सोच्लान् ? भीमसेन, अर्जुन तथा माद्रीनन्दन नकुल र सहदेव पनि के सोच्लान् ? श्रीकृष्ण ! आज द्रोणपुत्रले पाण्डवहरूको सर्वस्व लुटेको छ । श्रीकृष्ण ! अभिमन्यु पाँचैभाइ पाण्डवहरूका सारै प्यारा थिए । यसमा सन्देह छैन । उनकै पुत्रको यो दशा सुनेर अस्त्रबाट पराजित भएका पाण्डवहरू के भन्लान् ? शत्रुसूदन ! जनार्दन ! श्रीकृष्ण ! अभिमन्यु जस्ता वीरको पुत्र मरेको अवस्थामा पैदा भयो । योभन्दा ठूलो अर्को दुःखको कुरा के हुन्छ ?

पुरुषोत्तम श्रीकृष्ण ! आज म तपाइँका चरणमा शिर राख्दै प्रसन्न हुन बिन्ती गर्दैछु । बुआ कुन्ती र दिदी द्रौपदी पनि हजुरका पाउ पर्नुभएको छ । हामी सबै तिर दृष्टि पुगोस् । शत्रुमर्दन माधव ! जब द्रोणपुत्र अश्वत्थामा पाण्डवहरूको गर्भस्थको पनि हत्या गर्न कोसिस गर्दै थिए त्यतीबेला तपाइँले रुष्ट भएर भन्नुभएको थियो– "ब्रह्मबन्धो ! नराधम ! म तेरो इच्छा पूरा हुन दिनेछैन । अर्जुनको नातिलाई आफ्नु प्रभावबाट जीवित गरी दिनेछु ।"

दाजु ! हजुर दूर्धर्ष वीर हुनुहुन्छ । म तपाइँको त्यो कुरा सम्झन्छु र तपाइँको बल वा क्षमता पनि राम्रोसँग जान्दछु । त्यसैले तपाइँलाई प्रसन्न गराउन प्रयत्न गरिरहेकी पनि छु । तपाइँको कृपाप्रसादबाट अभिमन्युको यो पुत्र जीवित होओस् । वृष्णिवंशका सिंह ! यदि तपाइँले त्यस्तो प्रतिज्ञा गरेर पनि आफ्नो मंगलमय वचन पालन गर्नु भएन भने सम्झनोस् सुभद्रा जीवित रहने छैन । आफ्नै प्राण फाल्नेछ । दूर्धर्ष वीर ! यदि हजुर हुँदाहुँदै पनि अभिमन्युको यो बालकले जीवनदान पाएन भने हजुर मेरा निमित्त के काम ?

अजेय वीर ! जसरी वादल पानी बर्साएर सुख्खा खेतीलाई पनि

हरियाली दिन्छ त्यसै गरी हजुरले आफू समान नेत्रवाला अभिमन्युको यो मरेको पुत्रलाई जीवित गरिदिनुहोस् । शत्रुदमन केशव ! हजुर धर्मात्मा सत्यवादी र पराक्रमी हुनुहुन्छ । यस कारण हजुरले आफूले बोलेको कुरालाई सत्य सावित गरिदिनुपर्‍यो । हजुरले चाहनुभयो भने मृत्युको मुखमा परेका तिनै लोकलाई जियाउन सक्नुहुन्छ । झन आफ्नै भाञ्जाको यो प्यारो पुत्रलाई मरेकै भए पनि जियाउन असहज हुने छैन । महाबाहो ! हजुरले यस्तो सम्झनुपर्‍यो यो मेरी बहिनी हो उसको छोरो मारिएको छ त्यसैले यो दुःखी छ शरणमा आएकी छ एउटी दयनीय अवला हो तसर्थ मैले दयागर्न योग्य छ ।

अध्याय ५३

श्रीकृष्ण प्रसूतिगृह पुग्नु

वैशम्पायनजी भन्नुहुन्छ– राजेन्द्र ! सुभद्राले त्यसरी अलाप विलाप गर्दै पुकारा गर्दा केसीहन्ता केशव दुःखले व्याकुल भए । उनलाई शान्त गराउन उच्च स्वरकासाथ बोले– “बहिनी ! यसै हुन्छ” जसरी गर्मीले तातेको मान्छेलाई जलले नुहाइ दिदा शान्ति मिल्छ त्यसै गरी पुरुषोत्तम भगवान् श्रीकृष्णले अमृतमय वचनद्वारा सुभद्रा तथा प्रसूतिगृहमा भएका स्त्रीहरूलाई महान् आल्हाद प्रदान गर्नुभयो ।

पुरुषसिंह ! त्यसपछि भगवान् श्रीकृष्ण तुरुन्तै तिम्रा पिताको जन्मस्थान सूतिकागारमा जानुभयो । त्यो सफेद फूलका मालाले सजिएको थियो । त्यहाँ चारैतिर जलपूर्ण घडाहरू राखिएका थिए । घिउमा डुबाइएका तिदु नामक काठका टुक्रा टुक्रा जलिरहेका थिए । यत्र तत्र सस्यूँ छरिएको थियो । धैर्यशाली राजन् ! त्यो घरको चारैतिर तेजिला हतियार राखिएका थिए र सबै तिर अग्नि प्रज्वलित गरिएको थियो । सेवाका निमित्त उपस्थित बूढी

स्त्रीहरूले त्यो स्थानलाई घेरिराखेका थिए । आ आफ्ना कार्यमा कुशल चिकित्सक पनि मौजदुत थिए ।

तेजस्वी श्रीकृष्णले देखे कि व्यवस्थाकुशल मानिसद्वारा त्यहाँ सबैतिर राक्षस निवारण गर्नेवाला विविध प्रकारका वस्तुहरू विधिपूर्वक राखिएको थियो । तिम्रा पिताको जन्मस्थानलाई आवश्यक वस्तुहरूबाट यसरी सुसज्जित गरिएको देखेर भगवान् श्रीकृष्ण प्रसन्न हुनुभयो र सारै राम्रो भन्दै कार्यको प्रशंसा गर्नुभयो ।

जब भगवान् श्रीकृष्ण प्रसन्न भएर त्यहाँको सराहना गरिरहनुभएको थियो त्यति बेलै द्रौपदी तेजकासाथ त्यहाँ पुगिन र भनिन्– "कल्याणी ! यता हेर त तिम्रा ससुरातुल्य अचिन्त्य स्वरूप कसैबाट पराजित नहुने पुरातन ऋषि भगवान् मधुसूदन तिम्रा नजिक आउनुभएको छ ।"

यो सुनेर उत्तराले आफ्ना आँसु रोकेर रुन बन्द गरिन् । आफ्नु सबै शरीरलाई कपडाले छोपिन । श्रीकृष्णप्रति उनको भगवद बुद्धि थियो । यसैले उनलाई आएको देखेर तपस्विनी बाल व्यथित हृदयबाट करुण विलाप गर्दै रुग्ण कण्ठबाट यसरी बोलिन्– "कमलनयन ! जनार्दन ! हेर्नुहोस् आज म हजुरका चरणमा शिर राखेर हजुरको कृपाप्रसाद पाउन बिन्ति गर्दैछु । द्रोणपुत्र अश्वस्थामाका अस्त्रबाट दग्ध भएको मेरो यो छोरोलाई जीवित गरी दिनुहोस् ।

प्रभो ! पुण्डरीकाक्ष ! यदि धर्मराज अथवा आर्य भीमसेन या हजुरले नै यस्तो भनिदिनुभएको भए हुन्थ्यो कि यो सींक यो बालकलाई नमारोस् । यसकी अन्जान आमालाई नै मारोस् । त्यसले केवल म नष्ट हुन्थें । यस्तो परिस्थितिमा यस्तो अनर्थ हुँदैनथ्यो । हाय ! यो गर्भको बालकलाई ब्रह्मास्त्रबाट मार्ने क्रुरतापूर्ण कर्म गरेर द्रोणपुत्र अस्वत्थामाले कस्तो फल पाइरहेका छन् ? गोविन्द ! हजुर शत्रुहरूको सम्हार गर्नेवाला हुनुहुन्छ, म हजुरका चरणमा शिर राखेर हजुरलाई खुसी पार्दै हजुरसँग यो बालकको प्राणको भीख माग्छु । यदि यो जीवित भएन भने त म पनि आफ्नु प्राण त्याग गर्नेछु ।

साधुपुरुष केशव ! मैले यो बालकबाट जुन ठूला ठूला आशाहरू साँचेकी थिएँ द्रोणपुत्र अश्वत्थामाले सारा नष्ट गरिदिए । अब म किन बाँचिरहने ? श्रीकृष्ण ! जनार्दन ! मेरो ठूलो आशा थियो म आफ्नु यो बच्चालाई काखमा लिएर प्रसन्नतापूर्वक हजुरका चरणमा अभिवादन गर्नेछु । तर यो व्यर्थ भयो । पुरुषोत्तम श्रीकृष्ण ! चञ्चल नेत्रवाला पतिदेवको यो पुत्रको मृत्यु भएबाट मेरा हृदयका सारा मनोरथ निष्फल भए ।

मधुसूदन ! सुनेकी हुँ चञ्चल नेत्रवाला अभिमन्यु हजुरका बहुतै प्रिय थिए । उनैको छोरो आज ब्रह्मास्त्रको मारबाट मरेको छ । हजुर यसलाई राम्रोसँग हेर्नुहोस् । यो बालक पनि आफ्ना पिता जस्तै कृतज्ञ र नृशंस छ । जो पाण्डवहरूको राजलक्ष्मी छाडेर आज एक्लै यमलोक गयो । केशव ! मैले युद्धको शुरूमै भनेकी थिएँ मेरा वीरवर पतिदेव ! यदि हजुर मारिनुभयो भने म तुरुन्तै परलोकमा भेट्न आउनेछु । तर श्रीकृष्ण ! मैले त्यो प्रतिज्ञा पालन गरिन । म कठोर हृदया हुँ । मलाई पतिदेव होइन प्राण नै प्यारो भयो । यदि यस समयमा म परलोक जाउँ त त्यहाँ अर्जुनकुमारले मसँग के भन्लान् ?

अध्याय ५४

उत्तराको विलाप, श्रीकृष्णद्वारा मृत बालक बिउँताउनु

वैशम्पायनजी भन्नुहुन्छ– जनमेजय ! पुत्रको जीवन चाहने तपस्विनी उत्तरा यसरी उन्मादिनी जस्ति भएर दुःखी भै करुण विलाप गर्दै जमीनमा ढलिन । जसको पुत्ररूपी परिवार नष्ट भएको छ ती उत्तरा जमीनमा ढलेको देखेर हतारिदै कुन्ती देवी तथा भरतवंशका सारा नारीहरू डाँको छाडेर रुन लागे । राजेन्द्र ! दुइ घडीसम्म पाण्डवको त्यो प्रसूति भवन दुःखद आर्तनादले भरियो । त्यति बेला त्यहाँ हेर्नै नसकिने अवस्था थियो ।

वीर राजेन्द्र ! पुत्रशोकबाट पीडित विराटकुमारी उत्तरा त्यति बेला दुइघडीसम्म मुर्छा मै रहिन । भरत श्रेष्ठ ! केही समयपश्चात जब उत्तरा होसमा आइन् तब त्यो मरेको पुत्रलाई काखमा च्यापेर भन्न थालिन्– "बेटा ! तिमी त धर्मज्ञ पिताका पुत्र हौ । तिमीद्वारा जो अधर्म भइरहेको छ तिमी त्यो किन सम्झदैनौ ? वृष्णिवंशका श्रेष्ठवीर भगवान् श्रीकृष्ण अगाडि हुनुहुन्छ यस्तो हुँदा पनि तिमी यिनलाई किन प्रणाम गर्दैनौ ? बाबु ! परलोकमा गएर तिमीले आफ्ना पितासँग यी कुरा भन्नु । वीर ! अन्तकाल नआउदासम्म प्राणीहरूका निमित्त मर्न बडा कठिन हुन्छ । त्यसैले उहाँ जस्ता पति तथा तिमी जस्ता पुत्रसँग बिछोड हुँदा म त मर्न पर्ने थियो । तर अहिलेसम्म पनि बाँचिरहेकी छु । मेरा सारा मंगल सखाप भैसके । म अकिञ्चन भएकी छु । महाबाहो ! अब म धर्मराजको आज्ञा लिएर भयानक विष खानेछु । अथवा प्रज्वलित अग्निमा प्रवेश गर्नेछु । बाबु ! यस्तो लाग्दै छ मर्न मान्छेका निमित्त अत्यन्त कठिन हुँदो रहेछ । त्यसैले त पति र पुत्र विहीन हुँदा पनि मेरो हृदय फुटेर हजारौं टुक्रा हुन सकेको छैन । बेटा ! उठेर खडा होउ । हेर ! तिम्री बडा हजुरआमा कुन्ती कति दु:खी हुनुभएको छ । तिम्रा निमित्त अति व्यथित एवं दु:खी भएर शोकमा डुबिरहनुभएको छ । आर्या पाञ्चाली, द्रौपदीलाई हेर आफ्नी हजुर आमा तपस्विनी सुभद्रालाई तिमी हेर । सिकारीको बाणबाट घायल हरिणी जस्तै अत्यन्त दु:खी भएकी आफ्नै आमालाई हेर । बेटा ! उठेर उभिएर हेर त ! बुद्धिमान् जगधिश्वर श्रीकृष्णको कमल दल जस्तै आँखा भएको मुखारवृन्दको शोभा हेर जसरी पहिले म चञ्चल नेत्रवाला तिम्रा पिताको मुखमा हेर्ने गर्दथें ।

यसरी अलाप विलाप गर्दै उत्तरा पुन: पृथ्वीमा ढलेको देखेर स्त्रीहरूले उनलाई उठाएर बसाए । एक छिनपछि फेरि उठेर मत्स्यराजकुमारीले पृथ्वीमा हात जोडेर कमलनयन भगवान् श्रीकृष्णलाई नमस्कार गरिन् । उनको त्यस्तो महा विलाप देखे सुनेर पुरुषोत्तम श्रीकृष्णले आच्मन गर्दै अश्वत्थामाले छाडेको ब्रह्मास्त्रलाई शान्त गराउनुभयो । त्यसपछि विशुद्ध हृदयवाला र कहिल्यै पनि

आफ्नु प्रशंसाबाट विचलित नहुने भगवान् श्रीकृष्णले त्यो बालकलाई जीवन दिने प्रतिज्ञा गरे । त्यसपछि सम्पूर्ण जगत्ले सुन्ने गरी यसरी भने :-

बेटी उत्तरा ! म झुटो बोल्दिनँ । मैले जो प्रतिज्ञा गरेको छु त्यो सत्य नै हुन्छ । हेर ! म समस्त देहधारीहरूले देख्दा देख्दै अहिल्यै यो बालकलाई बाचाइदिन्छु । मैले खेलकूदमा समेत झुट कुरा गरेको छैन । युद्धमा कहिल्यै पीठ देखाएको छैन । यही शक्तिको प्रभावबाट अभिमन्युको यो बालक जीवित होओस् । यदि धर्म र ब्राह्मण मलाई विशेष प्रिय हुन्छन् त अभिमन्युको यो पुत्र जो पैदा हुँदैमा मरेको थियो अब जीवित होओस् । मैले कहिल्यै अर्जुनसँग बिरोध गरेको सम्झना छैन । यो सत्यको प्रभावबाट समेत यो मरेको बालक अहिल्यै जीवित हुनुपर्दछ । यदि ममा सत्य र धर्म निरन्तर स्थिति बनिरहेको छ त अभिमन्युको यो बालक जिएर उठोस् । मैले कंस र केसीलाई धर्म अनुसार मारेको हुँ । यो सत्यताको प्रभावबाट यो बालक जीवित होओस् ।

भरत श्रेष्ठ ! महाराज भगवान् श्रीकृष्णले यसो भनेपछि त्यो बालकमा चेतना आयो । उसले बिस्तारै शरीरका अंग चलाउन थाल्यो ।

अध्याय ५५

श्रीकृष्णद्वारा परीक्षित्को नामाकरण

वैशम्पायनजी भन्नुहुन्छ- राजन् ! भगवान् श्रीकृष्णले जब ब्रह्मास्त्रलाई शान्त गरिदिनुभयो त्यति बेला त्यो सूतिकागृह तिम्रा पिताको तेजबाट देदीप्यमान हुनगयो । त्यसपछि बालकहरूको विनाश गर्ने राक्षसहरू त्यो गृहलाई छाडेर भागे । यसै समयमा आकाशवाणी भयो– "केशव ! तिमीलाई साधुवाद । तिमीले सारै राम्रो काम गर्‍यौ ।"

त्यसपछि त्यो प्रज्वलित ब्रह्मास्त्र ब्रह्मलोक गयो । यसरी तिम्रा पिताको पुनर्जीवन प्राप्त भएको हो । राजन् ! उत्तराको त्यो बालक आफ्नु उत्साहका साथ हात पाउ चलाउन थाल्यो । यो देखेर भरतवंशी त्यहाँ रहेका स्त्रीहरूलाई अति आनन्दानुभूति हुन गयो । उनीहरूले भगवान् श्रीकृष्णको आदेशबाट ब्राह्मणहरूद्वारा स्वस्ति वाचन गराए । उनीहरू सबै आनन्दमग्न भएर श्रीकृष्णको गुणगान गर्न थाले । जसरी नदी तर्नेहरूलाई डुङ्गा पाउदा खुसी लाग्ने गर्दछ त्यसै गरी भरतवंशी वीरस्त्रीहरू कुन्ती, द्रौपदी, सुभद्रा, उत्तरा तथा अन्य नरवीरका स्त्रीहरू त्यो बालक जीवित हुँदा मनदेखि नै सारै खुसी भएका थिए । भरत श्रेष्ठ ! त्यसपछि मल्ल, नट, ज्योतिषि सुख समाचार सुन्न चाहने सेवक तथा सूतहरू र अन्य समुदाय कुरु वंशको स्तुति र आशीर्वादका साथ भगवान् श्रीकृष्णको गुणगान गर्न थाले ।

भरतनन्दन ! त्यसपछि प्रसन्न भएकी उत्तरा त्यही समयमा उठिन् र श्रीकृष्ण नजिक आइ उहाँलाई प्रणाम गरिन् । भगवान् श्रीकृष्णले पनि प्रसन्न भएर त्यो बालकलाई धेरै रत्न उपहार स्वरूप दिनुभयो । अनि अन्य यदुवंशीहरूले पनि नाना प्रकारका वस्तु चढाए । महाराज ! यसपछि सत्य प्रतिज्ञ भगवान् श्रीकृष्णले तिम्रा पिताको यस प्रकार नामाकरण गरिदिनुभयो । कुरुकुलको परीक्षाण हुनलाग्दा अभिमन्युको यो बालक जन्मिएको छ । यस कारण यसको नाम परीक्षित हुनुपर्दछ ।

तिम्रा पिता परीक्षित कालक्रम अनुसार बढ्न थाले । भारत ! उनी सबैको मनलाई आनन्दमग्न बनाउने भएका हुन् । वीर भरतनन्दन ! जब तिम्रा पिताको अवस्था एक महिनाको भयो पाण्डवहरू प्रशस्त रत्नरासी लिएर हस्तिनापुर फर्के । वृष्णि वंशका प्रमुख वीरहरूले जब सुने कि पाण्डवहरू नगर नजिक आइसके उनीहरूको अगवानी गर्न बाहिर निस्के । सहरवासीहरूले फूलका मालाहरू तरह तरहका ध्वजाहरू तथा विचित्र विचित्रका पताकाहरू बाट हस्तिनापुरलाई सजाए सिंगारेका थिए । नरेश्वर ! नागरीकहरूले आआफ्ना घरहरू पनि विशेष किसिमले सजाएका थिए । विदुरजीले पाण्डवहरूलाई मन

पर्ने गरी देवमन्दिरहरूमा पूजा गर्ने आज्ञा दिनुभएको थियो । हस्तिनापुरका सबै राजमार्गहरू फूल तोरणहरूबाट अलंकृत गरिएका थिए । ठाउँ ठाउँमा नाचगानको व्यवस्था थियो । नाचगान कार्यले गर्दा नगर शोभायमान भएको थियो । त्यहाँ समुद्रको जलछाल समान आवाज घन्केको सुनिन्थ्यो ।

राजन् ! त्यति बेला हस्तिनापुर नगर कुवेरको अलकापुरी समान भान हुन्थ्यो । त्यहाँका जताततैका एकान्त स्थानमा स्त्रीहरू सहित बन्दीजन उभिएका पाइन्थे । उनीहरूका कारण सहरको शोभा बढेको थियो । त्यति बेलै हावाको झोक्काले नगरका चारै तिर टाँगिएका तोरण फिर्फिराएको देखिन्थ्यो । दक्षिण र उत्तर तिर कुरु नामक देशहरूको शोभा देखिएको थियो । राजकाज सम्हालेका पुरुषहरूले सबैतिर यस्तो घोषणा गराइदिएका थिए कि आज राष्ट्रभर उत्सव मनाइयोस् । सबै उत्तमोत्तम रत्नाभूषण तथा कपडामा सजिएर यो उत्सवमा सम्मिलित हुनु ।

अध्याय ५६

श्रीकृष्णबाट पाण्डवको स्वागत र युधिष्ठिरलाई यज्ञको आदेश

वैशम्पायनजी भन्नुहुन्छ– जनमेजय ! पाण्डव नजिकै आएको सुनेपछि मधुसूदन भगवान् श्रीकृष्ण आफ्ना मित्र तथा मन्त्रीहरू सहित भेट गर्न जानुभयो । सबै पाण्डवसँग भेट्नका लागि अगाडि बढेर उनीहरूको अगुवाइ गर्नुभयो । यथायोग्य एक अर्कोसँग भेट्ने काम भयो । राजन् ! धर्मानुसार पाण्डवहरू वृष्णिहरूसँग मिलेर सबै हस्तिनापुर प्रवेश गरे । त्यो विशाल सेनाका घोडाका टाप र रथहरूका घरघराहटले तथा तुमूल घोषबाट आकास व्याप्त भएको थियो । उनीहरू खजानालाई अघि लगाउँदै राजधानी

प्रवेश गरे । त्यति बेला मन्त्री तथा मित्रहरू सहित पाण्डवको मन प्रसन्न थियो । उनीहरूले यथायोग्य रूपमा सबैसँग भेटेपछि राजा धृतराष्ट्रकहाँ गए । आआफ्ना नाम बताउँदै सबैले धृतराष्ट्रका चरणमा प्रणाम गरे ।

नृपश्रेष्ठ ! भरतभुषण ! धृतराष्ट्रसंगको भेटघाटपछि सुवलपुत्री गान्धारी र कुन्तीसँग भेट्न गए । प्रजानाथ ! त्यसपछि विदुरको सम्मान गरेर वैश्यापुत्र युयुत्सुसँग भेटि ती सबैबाट सम्मानित भएर वीर पाण्डव बहुतै शोभायमान भएका देखिए । भरतनन्दन ! त्यसपछि ती वीरहरूले तिम्रा पिता जन्मेको त्यो आश्चर्यपूर्ण, विचित्र महान् एवं अद्‌भुत वृत्तान्त सुने । परम बुद्धिमान् भगवान् श्रीकृष्णको त्यो अलौकिक काम सुनेर पाण्डहरूले ती पूजनीय देवकीनन्दन श्रीकृष्णको पूजा गरेर उनको ठूलो प्रशंसा गरे । यसको केही दिनपछि महातपस्वी सत्यवतीनन्दन व्यासजी हस्तिनापुर आउनुभयो । कुरुकुल तिलक सबै पाण्डवहरूले उनको यथोचित पूजा गरे । त्यसपछि वृष्णि एवं अन्धकवंशी वीरहरूका साथ उनीहरू व्यासका सेवामा रहे । त्यहाँ तरह तरहका बात भएपछि युधिष्ठिरले व्याससँग भने :-

भवत्प्रसादाद् भगवान् यदिदं रत्नमाहृतम् ।
उपयोक्तुं तदिच्छामि बाजिमेधे महाक्रतौ ।।

"भगवान् ! तपाइँको कृपाबाट त्यो रत्न ल्याइएको छ त्यसबाट अश्वमेध नामक महायज्ञमा म उपयोग गर्न चाहन्छु । मुनि श्रेष्ठ ! म चाहन्छु यसका निमित्त हजुरबाट आज्ञा होओस् । किनभने हामी हजुर तथा महात्मा श्रीकृष्णका अधीनमा छौं ।"

युधिष्ठिरको यस्तो निवेदनको उत्तरमा महात्मा व्यासले भन्नुभयो :-

अनुजानामि राजँस्त्वां क्रियतां यदनन्तरम् ।
यजस्व वाजिमेधेन विधिवत् दक्षिणावता ।।

व्यासजीले भन्नुभएको हो– "राजन् ! म तिमीलाई यज्ञका निमित्त आज्ञा दिन्छु । अब यसपछि जे जे आवश्यक कार्य हुन् ती शुरू गर । विधिपूर्वक दक्षिणा दिदै अश्वमेध यज्ञको अनुष्ठान गर । राजन् ! अश्वमेध यज्ञ समस्त पापलाई नाश गरेर यजमानलाई पवित्र गराउने यज्ञ हो । त्यसको अनुष्ठान

गरेर तिमी पापबाट मुक्त हुनेछौ । यसमा कुनै सन्देह नै छैन ।"

वैशम्पायनजी भन्नुहुन्छ– कुरुनन्दन ! व्यासजीको यस्तो भनाइमा धर्मात्मा कुरुराज युधिष्ठिरले अश्वमेध यज्ञ आरम्भ गर्ने विचार गरे । श्रीकृष्णद्वैपायन व्यासजीबाट सबै कुरामा अनुमति लिएर प्रवचन कुशल राजा युधिष्ठिर भगवान् श्रीकृष्णकहाँ पुगेर भने– "पुरुषोत्तम महाबाहु ! अच्युत ! तपाइँलाई पाएर देवकी देवी उत्तम सन्तानवाली कहलिएकी हुन् । म तपाइँसँग जे भन्दैछु त्यो तपाइँबाट यहाँ सम्पन्न गर्नुहोस् । यदुनन्दन ! हामी तपाइँका कृपाबाट प्राप्त भएको यो पृथ्वीको उपभोग गरिरहेका छौं । तपाइँले आफ्नु पराक्रमबाट र बुद्धि बलबाट यो सम्पूर्ण पृथिवी जिलुभएको छ । दर्शाहनन्दन ! तपाइँले नै यो यज्ञको दीक्षा ग्रहण गर्नुपर्दछ । किन भने तपाइँ हाम्रा गुरु हुनुहुन्छ । तपाइँले अनुष्ठान पूर्ण गरिदिएमा निश्चय पनि हाम्रा सबै पाप नष्ट हुनेछन् । तपाइँनै यज्ञ, अक्षर, सर्वस्वरूप, धर्म, प्रजापति एवं सम्पूर्ण पृथिवीका गति हुनुहुन्छ । यो मेरो निश्चित धारणा हो ।"

युधिष्ठिरबाट यस्ता कुरा सुनेपछि भगवान् श्रीकृष्णले भन्नुभयो– "महाबाहो ! शत्रुदमन नरेश ! हो, तपाइँ यस्ता कुरा गर्न सक्नुहुन्छ । मेरो यो दृढ विश्वास छ तपाइँ नै सम्पूर्ण भूतहरूको अवलम्ब हुनुहुन्छ । राजन् ! समस्त कौरववीरमा एक मात्र तपाइँ धर्मबाट सुशोभित हुनुहुन्छ । हामी तपाइँका अनुयायी हौं । र तपाइँलाई आफ्नु गुरु र राजा मान्दछौं । यस कारण भारत ! तपाइँ हाम्रो अनुमतिबाट आफै यो यज्ञको अनुष्ठान गर्नुहोस् । हामीहरू जसलाई जे काम लगाउन चाहनु हुन्छ त्यसमा हामीलाई आज्ञा दिनुहोस् । निष्पाप नरेश ! म तपाइँसँग सत्य प्रतिज्ञा गर्दछु तपाइँ जो जे भन्नुहुन्छ त्यो सबै अवश्य गर्दछु । तपाइँ राजा हुनुहुन्छ । तपाइँबाट यज्ञ हुँदा भीमसेन, अर्जुन, नकुल र सहदेवलाई पनि यज्ञानुष्ठानको फल प्राप्त हुनेछ ।"

अध्याय ५७

अश्वमेध यज्ञको जिम्मेवारी बाँडफाँड

वैशम्पायनजीको भनाइ छ– श्रीकृष्णले त्यसो भनेपछि धर्मपुत्र युधिष्ठिरले व्यासजीलाई सम्बोधन गरेर भने– "भगवन् ! जब हजुरलाई अश्वमेध यज्ञ गर्ने उचित समयको याद आउँछ तब आएर मलाई आज्ञा दिनुहोस् । किनभने मेरो यज्ञ त हजुरकै अधीनमा छ ।

युधिष्ठिरले भनेका वचन सुनेर व्यासजीले भन्नुभयो– "कुन्तीनन्दन ! जब यज्ञको समय आउला त्यति बेला म, पैल यज्ञवल्क्य सबै आएर तिम्रो यज्ञको सारा विधि विधान सम्पन्न गर्नेछौं । यस विषयमा कुनै संशय नलिदा हुन्छ । पुरुषप्रवर ! आउदो चैत्रको पूर्णिमामा तपाइँलाई यज्ञको दीक्षा दिइनेछ । त्यस बेला सम्ममा तपाइँ यज्ञको सामग्री जम्मा गर्नुहोस् । अश्व विद्याका ज्ञाता र ब्राह्मण भएर यथार्थको सिद्धिकालागि पवित्र अश्वको परीक्षा गरुन् । पृथिवीनाथ ! जुन अश्व चुनिन्छ वा छानिन्छ त्यसलाई शास्त्रीय विधि अनुसार छाडेर त्यसले तपाइँको दिप्तिमान यशको विस्तार गर्दै समुद्रपर्यन्त समस्त पृथिवीमा भ्रमण गरोस् ।

वैशम्पायनजी भन्नुहुन्छ– राजेन्द्र ! यो सुनेर पाण्डपुत्र राजा युधिष्ठिरले बेस कुरा भन्दै ब्रह्मवादी व्यासजीले भनेअनुसार सारा कार्य सम्पन्न गरे । राजेन्द्र ! उनले मनमा जुन जुन सामान जम्मा गर्ने सङ्कल्प गरेका थिए ती सबै जुटाएर धर्मपुत्र अमेयात्मा राजा युधिष्ठिरले व्यासजीलाई सूचना दिए । तव महातेजस्वी व्यासले धर्मपुत्र युधिष्ठिरसँग भने– "राजन् ! हामी यथा समयमा उत्तम योग आउनासाथ तपाइँलाई दीक्षा दिन तयार छौं । कुरुनन्दन ! यसै बीचमा सुनका रफ्व र कुर्च बनाउन लगाउ । यसै गरी अरू पनि सुनका जो जो माल बनाउन पर्दछ बनाउन लगाउने । आज शास्त्रीय विधि अनुसार

यज्ञ सम्बन्धी घोडालाई सारा पृथिवी घुम्ने गरी छाड्नुपर्दछ। त्यसमा यस्तो व्यवस्था गरिनुपर्दछ उ सुरक्षित रूपमा जतातते जान सकोस् ।"

युधिष्ठिरले भने– ब्रह्मन् ! घोडा उपस्थित छ। यसलाई कसरी छाड्ने हो जस अनुसार यसले समस्त पृथिवी घुमेर आओस्। यसको सुव्यवस्था हजुरबाटै होओस्। मुने ! यो पनि भन्नुहोस् भूमण्डलमा इच्छाअनुसार घुम्ने यो घोडाको रक्षा कसले गर्ने हो ?

वैशम्पायनजी भन्नुहुन्छ– राजेन्द्र ! युधिष्ठिरले यसरी भनेपछि श्रीकृष्णद्वैपायन व्यासले भने– "राजन् ! अर्जुन सबै धनुर्धारीहरूमा श्रेष्ठ छन्। उ विजयमा उत्साहित छन् सहनशील र धैर्यवान छन्। यस कारण उनै यो घोडाको रक्षा गर्नेछन्। उनले निवातकवचलाई नाश गरेका थिए। उ सम्पूर्ण भूमण्डललाई जित्न सक्ने शक्तिका छन्। उनीसँग दिव्य अस्त्र छ। दिव्य कवच, दिव्य धनुष र दिव्य तरकस छन्। यस कारण उनै यो घोडाको पछिपछि जानेछन्। नृपश्रेष्ठ ! उ धर्म र अर्थमा कुशल र सम्पूर्ण विद्यामा प्रवीण छन्। यस कारण तपाइँको यज्ञ सम्बन्धी अश्वलाई शास्त्रीय विधि अनुसार सञ्चालन गर्नेछन्। जसका ठूला ठूला हात छन् कालो कालो वर्ण छ, कमल जस्ता आँखा छन, अभिमन्युका वीरपिता राजपुत्र अर्जुन घोडाको रक्षा गरुन ।"

प्रजानाथ ! कुन्तीकुमार भीमसेन पनि अत्यन्त तेजस्वी र अमित पराक्रमी छन्। नकुलमा पनि त्यस्तै गुण छन्। यी दुइ राज्यको रक्षा गर्नमा पूर्ण समर्थ छन्। त्यसैले उनीहरू राज्यका कार्य देखुन्। कुरुनन्दन ! महायशस्वी बुद्धिमान् सहदेव कुटुम्बहरूको हेर विचार आदि कार्यको रेख देख गरुन ।"

व्यासजीले यसो भनेपछि कुरुकुल तिलक युधिष्ठिरले सारा कार्य त्यसै गरी यथोचित रितिबाट सम्पन्न गर्ने निधो गर्दै अर्जुनलाई बोलाएर भने– "वीर अर्जुन ! यता आउ। तिमीले यो घोडाको रक्षा गर्न पर्ने भयो।

किनभने तिमी यो काम गर्न योग्य छौ । अरू कोही पनि यसकार्यमा योग्य देखिएनन् । महाबाहो ! निष्पाप अर्जुन ! अश्व रक्षाका समयमा जो राजा तिम्रा सामु आउलान् उनीहरूसँग भरसक युद्ध गर्न नपरोस् भन्ने चेष्टा तिमीमा हुन पर्नेछ । महाबाहो ! मेरो यो यज्ञको समाचार तिमीले समस्त राजाहरूलाई बताउनुपर्दछ । र उनीहरूसँग भन्नुपर्दछ यहाँहरू यथा समयमा यज्ञमा पाल्नुहोस् ।"

वैशम्पायनजी भन्नुहुन्छ– राजन् ! आफ्ना भाइ सव्यसाची अर्जुनसँग यसो भनेर धर्मात्मा राजा युधिष्ठिरले भीमसेन र नकुललाई नगरको रक्षा भार सौंपे । अनि महाराज धृतराष्ट्रको सम्मति लिएर युधिष्ठिरले योद्धाहरूका स्वामी सहदेवलाई कुटुम्ब पालन सम्बन्धी कार्यमा नियुक्त गरे ।

अध्याय ५८

सेना सहितका अर्जुनद्वारा अश्वको अनुसरण

वैशम्पायनजी भन्नुहुन्छ– जनमेजय ! जब दीक्षाको समय भयो तब उनै व्यासादि महान् ऋत्विजहरूले राजा युधिष्ठिरलाई विधिपूर्वक अश्वमेध यज्ञको दीक्षा दिए । पशुबन्ध कर्म गरेर यज्ञको दीक्षा लिएका महातेजस्वी पाण्डुनन्दन धर्मराज युधिष्ठिर ऋत्विजहरूका साथ ठूलो शोभा पाउन थालेका थिए । अमित तेजस्वी ब्रह्मवादी व्यासजीले अश्वमेध यज्ञका निमित्त छाडिने भएको घोडालाई शास्त्रीय विधि बमोजिम छाडे ।

राजन् ! यज्ञमा दीक्षित भएका धर्मराज राजा युधिष्ठिर सुनका माला र घाँटीमा सुनकै कण्ठी धारण गरेकाले बलेको आगो जस्तै भर्भराउँदा देखिएका थिए । कालो मृगचर्म, हातमा दण्ड र रेशमी वस्त्र धारण गरेका धर्मपुत्र राजा

युधिष्ठिर ज्यादै कान्तीयुक्त भएर यज्ञ मण्डपमा प्रजापति जस्तै भएका थिए । प्रजानाथ ! उनका समस्त ऋत्विजहरू पनि उ जस्तै बेसभुषा धारण गरेकाले सुशोभित भएका देखिन्थे । अर्जुन पनि प्रज्वलित अग्नि जस्तै देदीप्यमान थिए । भूपाल ! जनमेजय ! सेता घोडावाला अर्जुन धर्मराजको आज्ञाबाट त्यो यज्ञ सम्बन्धी घोडाकोपछि लागे । पृथ्वीपाल राजन् ! अर्जुनले आफ्नु हातमा गोधाका छालाबाट निर्मित दस्तानहरू लगाएका थिए । उ गाण्डीव धनुषको टङ्कार गर्दै खुसीसाथ घोडाको पछिपछि गइरहेका थिए ।

जनमेजय ! प्रभो ! त्यसरी यात्रा गर्दै रहेका कुरुश्रेष्ठ अर्जुनलाई हेर्न बच्चा देखि बूढासम्म सारा हस्तिनापुरवासी जम्मा भएका थिए । यज्ञको घोडा र उसका पछिपछि हिंडेका अर्जुनलाई हेर्न इच्छा गरेका मानिसहरूको भिड नै लागेको थियो । आपसी धक्कम मक्कमले पसिना पसिना भएका थिए । महाराज ! त्यति बेला कुन्तीपुत्र धनञ्जयको दर्शन गर्न आएका मानिसहरूको मुखबाट जो शब्द निक्लन्थ्यो त्यो चारैतिर तथा आकाशमा गुञ्जायमान भएको थियो ।

मानिसहरू भन्दै थिए यी कुन्तीपुत्र अर्जुन गइरहेका छन् र त्यो सुन्दर घोडा पनि गइरहेको छ । त्यसका पछि महाबाहु अर्जुन उत्तम ध्वज धारण गरी गइरहेका छन् । उदार बुद्धि अर्जुनले परस्पर वार्तालाप गर्दै मानिसहरूले यसो भनेको सुने ।– "भारत ! तिम्रो कल्याण होस् । तिमी सुखका साथ जाउ र पुनः कुशलतापूर्वक फर्क ।"

नरेन्द्र ! अर्काथरी यो भनिरहेका थिए– "यो भीडमा अर्जुन देखिएनन् । तर उनको धनुष देखिदै छ । यही त्यो विख्यात गाण्डीव धनुष हो अर्जुनको यात्रा कुशल होस् । उनलाई मार्गमा कुनै कष्ट नहोस् । उ निर्भय आफ्नु मार्गमा अघि बढिरहुन । उ निश्चय नै कुशलतापूर्वक फर्कनेछन् र त्यसै बेला हामी उनको दर्शन गर्नेछौं । !

भरतश्रेष्ठ ! यसरी उदार बुद्धि अर्जुन उपस्थित नारी एवं पुरुषका मीठा मीठा कुरा सुन्दै थिए । यज्ञवल्क्य मुनिका एक जना विद्वान् शिष्य जो विद्वान् तथा कुशल र वेदमा पारंगत थिए विघ्नहरूको शान्तिका निमित्त अर्जुनका साथ गए । महाराज ! प्रजानाथ ! उ बाहेक अरू पनि समस्त वेदमा पारंगत ब्राह्मण र क्षत्रियले धर्मराजका आज्ञाअनुसार विधिपूर्वक अर्जुनको अनुसरण गरे ।

महाराज साधुशिरोमणे ! पाण्डवहरूले आफ्नु अस्त्रको प्रतापबाट जुन पृथिवी जितेका थिए ती सबै देशमा त्यो घोडा क्रमशः डुल्न थाल्यो । वीर ! ती देशमा जहाँ अर्जुनले ठूला ठूला युद्ध गर्नपऱ्यो ती कथा मतिमीलाई सुनउँछु ।

पृथिवी नाथ ! त्यो घोडा पृथिवी परिक्रमा गर्न लाग्यो । सबैभन्दा पहिले उत्तर दिशा तिर गयो । त्यहाँका राजाहरूका अनेक राज्यहरूलाई अधिकारमा लिदै उत्तम घोडा पूर्व तर्फ मोडियो । त्यति बेला श्वेतवाहन महारथी अर्जुन बिस्तारै उसका पछिपछि गैरहेका थिए । महाराज ! महाभारत युद्धमा ज जसका भाइ बन्धु मारिएका थिए यसै गरी जुन जुन देशहरूले त्यति बेला अर्जुनलाई साथ दिएका थिए ती हजारौं राजाहरूको कुनै गिन्ती नै छैन । राजन् ! तलवार र धनुष धारण गर्ने प्रशस्त किरात, यवन र म्लेक्ष जो पहिले महाभारत युद्धमा पाण्डवहरूबाट परास्त भएका थिए अर्जुनसँग सामना गर्न आए । हृष्टपुष्ट मान्छे र वाहनयुक्त धेरै रणदुर्मद आर्यनरेश पाण्डुपुत्र अर्जुनसँग भिडे । पृथ्वीनाथ ! यसरी भिन्न भिन्न स्थानमा नाना देशहरू बाट आएका राजाहरूका साथ अर्जुनले धेरै पटक युद्ध गर्नुपऱ्यो । निष्पाप नरेश ! जो युद्ध दुवै पक्षका योद्धाका निमित्त ठूला र कष्टदायक थिए अर्जुन संगका ती युद्धको म आउदो अध्यायमा वर्णन गर्नेछु ।

अध्याय ५९

अर्जुनद्वारा त्रिगर्त पराजित

त्रिगर्तैरभवद् युद्धं कृतवैरैः किरीटिनः ।
महारथसमाजातैर्हतायां पुत्रनप्तृभिः ।।

वैशम्पायनजी भन्नुहुन्छ– राजन् ! कुरुक्षेत्रको युद्धमा जो त्रिगर्त वीरहरू मारिएका थिए तिनीहरूका महारथी छोराहरू र नातिहरू किरिटधारी अर्जुनका साथ वैरभाव लिइरहेका थिए । अर्जुन त्रिगर्त देशमा पुग्नासाथ उनीहरूसँग अर्जुनको भयङ्कर युद्ध भयो । पाण्डवको यज्ञ सम्बन्धी घोडा आफ्ना राज्यको सीमासम्म आइसक्यो भन्ने बुझेर त्रिगर्त वीरहरू कवचादिले सुसज्जित भएर पीठमा तुणिर बोकि सजिएर असल असल घोडा नारिएका रथमा बसेर निस्के । अश्वलाई चारैतिरबाट घेरिसके । राजन् ! घोडालाई घेरेर समाउने प्रयत्न गर्न थालेपछि शत्रुहरूको दमन गर्ने अर्जुन सतर्क भए । उनीहरूको मनोभाव विचार गरेर उनले शान्तिपूर्वक सम्झाउँदै उनीहरूलाई युद्धबाट रोक्ने प्रयत्न गर्न थाले । तर त्रिगर्तहरूले अर्जुनका कुरालाई अपहेलना गरेर बाणद्वारा चोट दिन थाले । तमोगुण तथा रजोगुणमा वशीभूत भएका ती त्रिगर्तहरूलाई किरीटी अर्जुनले युद्धबाट रोक्न पूरा कोसिस गरे । भारत ! तदनन्तर विनयशील अर्जुन हाँस्दै बोले– "धर्म नजान्ने पापात्माहरू हो ! फर्क । जीवन रक्षा गर्नुमा नै तिमीहरूको कल्याण छ ।"

वीर अर्जुनले यसो किनभने भन्दा उ हिंड्ने बेलामा धर्मराज युधिष्ठिरले भनेका थिए– "कुन्तीनन्दन ! जो जो राजाका भाइ बन्धु कुरुक्षेत्रको युद्धमा मारिएका छन् उनीहरूलाई तिमीले वधगर्ने प्रयत्न भरसक नगर्नु ।"

बुद्धिमान् धर्मराजका ती वचन सम्झेर अर्जुनले त्रिगर्तहरूलाई फर्कने आज्ञा दिएका हुन् तर त्रिगर्तहरूले त्यसो गरेनन । तब त्यो युद्धस्थलमा

त्रिगर्तराज सूर्यवर्माका सारा अंगमा बाण धसेर अर्जुन हाँस्न थाले । यस्तो देखेर त्रिगर्त देशका वीरहरू रथको थर्थराहट तथा चक्काका चुइकिएका आवाजले सारा दिशाहरू गुञ्जाउँदै अर्जुनमाथि आइलागे । राजेन्द्र ! त्यसपछि सूर्यवर्माले आफ्नु हातको फुर्ति देखाउँदै झुकेका गाँठवाला एक सय बाण प्रहार गरे । यसैगरि उनका अनुयायी अन्य वीरहरूले पनि अर्जुनलाई मार्ने अभिप्रायले प्रशस्त बाण वर्षाउन थाले ।

राजन् ! पाण्डुपुत्र अर्जुनले आफ्नु धनुषको प्रत्यञ्चाबाट छुटेका बहुसंख्यक बाणद्वारा शत्रुका धेरै बाणलाई काटिदिए । ती काटिएका बाण टुक्रा टुक्रा भएर पृथिवीमा खसे । युद्धमा सूर्यवर्मा परास्त भएपछि उनका भाइ केतुवर्मा जो तेजस्वी नबयुवक थिए आफ्ना दाजुको बदला लिनका लागि यशस्वी वीर पाण्डुपुत्र अर्जुनसँग युद्ध गर्न आए । केतुवर्माले युद्धस्थलमा धावा गरेको तथा पराक्रम देखाएको देखेर शत्रु वीरहरूको सम्हार गर्ने अर्जुनले आफ्ना तीखा बाणबाट उसलाई मारे ।

केतुवर्मा मारिएपछि महारथी धृतवर्मा शीघ्र त्यहाँ आइ धम्काउँदै अर्जुन माथि बाण वर्षाउन थाले । धृतवर्मा बालकै थिए तापनि फुर्तिला थिए । त्यो देखेर महातेजस्वी पराक्रमी अर्जुन निक्कै प्रसन्न भए । उ कहिले बाण हातमा लिन्छन् र कति बेला धनुषमा बाण चढाउँछन् त्यो इन्द्रकुमार अर्जुन पनि पत्तै पाउँदैनथे । यतिसम्म देखिन्थ्यो बाणको वर्षा भएकै छ । उनले रणभूमिमा केही समय त मनै मन धृतवर्माको प्रशंसा नै गरे । प्रशंसाबाट उनको वीरताका लागि हर्ष एवं उत्साह बढाइएको भान भएको थियो । यद्यपि धृतवर्मा सर्प समान क्रोधले भरिएका थिए तापनि कुरुवीर महाबाहु अर्जुन प्रेमपूर्वक मुस्कुराउँदै युद्ध गर्दै थिए। उनले धृतवर्माको प्राण लिएनन्। यसरी अमित तेजस्वी अर्जुनद्वारा जानेरै छोडिएकाले धृतवर्माले उनी माथि एउटा अत्यन्त प्रज्वलित बाण प्रहार गरे । त्यो बाणले शीघ्र आएर वीर अर्जुनका हातमा गहिरो चोट बनायो । उ मुर्छा भए । उनको गाण्डीव धनुष हातबाट छुटेर पृथिवीमा खस्यो ।

प्रभो ! भरतनन्दन ! अर्जुनका हातबाट खसेको त्यो धनुषको रूप इन्द्र धनुष जस्तै थियो । त्यो दिव्य धनुष खसेपछि महासमरमा खडा भएको धृतवर्मा ठहाका मार्दै ठूलो स्वर गरेर हाँस्न थाल्यो । यसबाट अर्जुनको क्रोध बढेर आयो । उनले हातको रगत पुछेर आफ्नु दिव्य धनुष उठाइ धृतवर्मा माथि बाणको वर्षा गर्न थाले । त्यसपछि अर्जुनको त्यो पराक्रमको प्रशंसा गरिएको प्राणीहरूको आवाजबाट भएको कोलाहल पूरा आकाशमा व्याप्त भयो । अर्जुन काल अन्तक र यमराज समान रिसाएको देखेर त्रिगर्त देशका योद्धाहरूले चारैतिरबाट आएर उनलाई घेरे । धृतवर्माको रक्षाका निमित्त सहसा आक्रमण गर्दै त्रिगर्तहरूले गुणाकेश अर्जुनलाई जब जतातत्तैबाट घेरे तब अर्जुनमा ठूलो क्रोध उत्पन्न भयो । त्यसपछि अर्जुनले इन्द्रका वज्र जस्तै दुस्सह लौह निर्मित प्रशस्त बाणद्वारा उनीहरूका अठार प्रमुख योद्धाहरूलाई देख्दा देख्दै यमलोक पुऱ्याइदिए । त्यसपछि त्रिगर्तमा भाग दौड मच्चियो । उनीहरू भागेको देखेर अर्जुन ठूलो स्वरमा हाँस्दै उत्ताउलो जस्तै भएर सर्पाकार बाणद्वारा सबैलाई मार्न थाले ।

राजन् ! धनञ्जयका बाणबाट पीडित भएका समस्त त्रिगर्तदेशका महारथीहरूको युद्ध विषयक उत्साह नष्ट भयो । उनीहरू चारैतिर भाग्न थाले । उनीहरूमा कति सम्सप्तकसूदन पुरुषसिंह अर्जुनसँग भन्न थाले– "कुन्तीनन्दन ! हामी सबै तपाइँका आज्ञाकारी सेवक हौं र सबै सधै तपाइँका अधीनमा हुनेछौं । पार्थ ! हामी सबै सेवक विनीत भावले तपाइँका अगाडि खडा छौं । तपाइँ आज्ञा दिनुहोस् । कौरवनन्दन ! हामी सबै तपाइँका प्रिय कार्य सधै गर्दै रहनेछौं ।"

उनीहरूका यस्ता कुरा सुनेर अर्जुनले उनीहरूसँग भने– "राजाहरू हो ! आफ्नु प्राणको रक्षा गर । यसको एउटा उपाय छ हाम्रो शासन स्वीकार गर ।"

अध्याय ६०

अर्जुनको वज्रदत्तसँग युद्ध

वैशम्पायनजी भन्नुहुन्छ– जनमेजय ! त्यसपछि त्यो उत्तम घोडा प्राग्ज्योतिषपुर नजिक पुगेर टहलिएको थियो । त्यहाँ भगदत्तका छोरा ब्रजदत्त राज्य गर्ने गर्दथे । उ युद्धमा सारै कठोर थिए । भरतश्रेष्ठ ! जब उनले पाण्डुपुत्र युधिष्ठिरको यज्ञको घोडा आफ्नु राज्यको नजिकमा आएको छ भन्ने थाहापाए तब राजा वज्रदत्त नगरबाट बाहिर निक्लेर युद्धका निम्ति तयार भए । नगरबाट निस्केर भगदत्तकुमार वज्रदत्तले आफूतिर आउँदै गरेको उत्तम घोडा समातेर नगर तिर जान थाले । यो देखेर कुरुश्रेष्ठ महाबाहु अर्जुनले गाण्डीव धनुषको टङ्कार दिदै तुरुन्तै उनीमाथि धावा बोले । गाण्डीव धनुषबाट छुटेका बाणका प्रभावबाट व्याकुल भएका वीर राजा वज्रदत्तले घोडा त छोडे तर उ स्वयं नगरमा पसेर कवच आदिबाट सुसज्जित भै एउटा श्रेष्ठ हात्तीमा चढेर रणकर्कस नरेश पुनःयुद्धार्थ बाहिर आए । आउनासाथ अर्जुनमाथि धावा बोले । उनले शिरमा श्वेतछत्र धारण गरेका थिए । सेवक श्वेत चमर डुलाउँदै थिए । पाण्डव महारथी पार्थ नजिक पुगेर ती महारथी नरेशले बाल चापल्य र मूर्खताका कारण युद्धको हाँक दिए ।

क्रोधले पूर्ण भएका राजा वज्रदत्तले श्वेतवाहन अर्जुन तिर लक्ष गरेर आफ्नु पर्वत समान विशालकाय गजराज जो गण्डस्थलबाट मदको धारा बहाउँदै थियो त्यसमाथि चढेर आएका थिए । त्यो हात्ती मेघ जस्तै मद वर्षा गर्दथ्यो । शत्रुपक्षका हात्तीहरूलाई रोक्नमा समर्थ थियो । उसलाई शास्त्रीय विधिअनुसार युद्धका निमित्त तयार गरिएको थियो । उ स्वामी भक्त थियो र युद्धमा दूर्धर्ष थियो । राजा वज्रदत्तले अंकुशका इसारामा जब त्यो महाबली हात्तीलाई अगाडि बढाए त्यो यसरी अगाडि भयो कि आकाशमा उडे जस्तै भान हुनगयो ।

राजन् ! भरतनन्दन ! त्यसले त्यसरी आक्रमण गर्दै गरेको देखेर अर्जुन कुपित भए । उ पृथिवीमै रहेर पनि हात्तीमा सवार वज्रदत्तसँग युद्ध गर्न थाले । त्यति बेला वज्रदत्तले पनि रिसले चुर भएर अर्जुन माथि अग्नि समान प्रज्वलित तोमर चलाए । तोमर वेगले उड्ने पतङ्ग जस्तै देखिएको थियो । तोमर नजिक आउन पाएकै थिएन अर्जुनले गाण्डीव धनुषद्वारा आकाशचारी बाणमार्फत तोमरलाई आकाशमै टुक्रा टुक्रा बनाइदिए । यसरी तोमर टुक्रा टुक्रा भएको देखेर भगदत्तपुत्रले पाण्डुपुत्र अर्जुन माथि छिटो छिटो र लगातार बाणको वर्षा नै गराए । त्यसपछि कुपित भएका अर्जुनले तुरुन्त नै सुनका पंखावाला सिधा जाने बाण वज्रदत्त माथि छाडे । ती बाणबाट अत्यन्त आहत भएका महातेजस्वी वज्रदत्त त्यो महा समरमा हात्तीको पीठबाट झरेर पृथिवीमा परे । तर त्यस्तो हुँदा पनि उ बेहोस् भएका थिएनन् । त्यसैले त्यसपछि उनले त्यो श्रेष्ठ गजराज माथि चढेर रणभूमिमा बिना कुनै घवराहट विजयको अभिलाषा राखी अर्जुन भए तिर हात्तीलाई बढाए । यस्तो गरेको देखेर अर्जुनलाई रिस उठ्यो । उनले त्यो हात्ती तिर केचुलबाट निस्केका सर्पसमान भयङ्कर तथा प्रज्वलित अग्नि समानका तेजस्वी बाण प्रहार गरे । ती बाणबाट घायल भएर त्यो महानाग रगतको धारा बहाउन थाल्यो । त्यति बेला त्यो गेरु मिश्रित जलको धारा बहाउने अनेक झर्नायुक्त पर्वत समान देखिन्थ्यो ।

अध्याय ६१

अर्जुनद्वारा वज्रदत्त पराजित

वैशम्पायनजी भन्नुहुन्छ- भरतश्रेष्ठ ! जसरी इन्द्रको वृत्तासुरका साथ युद्ध भएको थियो त्यसै गरी अर्जुन र राजा वज्रदत्तका बीच तीन दिन र तीनरात युद्ध भयो । त्यसपछि चौथो दिनमा महाबली वज्रदत्त ठहाका मार्दै हाँस्न लागे । उनले भने– "अर्जुन ! अर्जुन ! खडा होउ । आज म तिमीलाई

जीवित छाड्दिन । तिमीलाई मारेर म पिताजीमा विधिपूर्वक तर्पन गर्नेछु । मेरा वृद्ध पिता भगदत्त तिम्रा बाबुका मित्र थिए । त्यसो भए पनि तिमीले उनको हत्या गर्‍यौ । मेरा पिता बूढा थिए । त्यसैले तिम्रा हातबाट मारिए । आज उनको बालक म तिम्रा अगाडि हाजिर छु । मसँग यद्ध गर । कुरुनन्दन ! यसो भनेर रिसले चूर भएका वज्रदत्तले पाण्डुपुत्र अर्जुन तिर हात्ती बढाए ।

बुद्धिमान् वज्रदत्तद्वारा हाँकिएको त्यो हात्ती पाण्डुपुत्र अर्जुन तिर यसरी दौडेको थियो आकाशमा उड्ला जस्तो भान भएको हो । त्यो हात्तीले सुडद्वारा फालेका पानीका फेहोराले गुणाकेश अर्जुनलाई भिजायो । त्यो नील पर्वतमा मेघले पानीका फोहोरा जस्तै देखिन्थ्यो । राजाबाट प्रेरित भएर बारम्बार मेघले झैं गम्भीर गर्जना गर्दै त्यो हात्ती आफ्नु मुखबाट निकालेको चित्कारपूर्ण कोलाहलका साथ अर्जुन तिर दौड्यो । राजन् ! वज्रदत्तले हाँकेको गजराज नाचे झैं गर्दै शीघ्रतापूर्वक कौरव महारथी अर्जुन नजिकै आयो । भरतनन्दन ! वज्रदत्तका कारण जुनकार्यमा विघ्न परिरहेको थियो त्यो र पहिलेको वैरभावको स्मरण गर्दै पाण्डुपुत्र अर्जुन त्यो राजा माथि अत्यन्त कुपित भए । रिसले भरिएका पाण्डुपुत्र अर्जुनले आफ्ना बाण समूहद्वारा त्यो हात्तीलाई यसरी रोके जसरी किनाराको भूमि काट्दै गरेको समुद्रलाई रोकिन्छ । उसका शरीरभरि बाण धसिएका थिए । अर्जुनद्वारा रोकिएको विचित्र शोभाशाली हात्ती काडै काडा भएर उभियो ।

आफ्नु हात्ती रोकिएको देखेर भगदत्तकुमार राजा वज्रदत्त रिसले व्याकुल भएर उठि अर्जुनमाथि तीखा बाण वर्षाउन थाले । तर महाबाहु अर्जुनले आफ्ना शत्रुघाती सहायकहरूद्वारा ती सबै बाणलाई फर्काइदिए । त्यो एउटा अद्‌भुत घटना बन्यो । त्यसपछि प्राग्ज्योतिषपुरका स्वामी राजा वज्रदत्तले अत्यन्त कुपित भएर आफ्ना पर्वताकार हात्तीलाई पुनः बलपूर्वक अगाडि बढाए । त्यसरी बलपूर्वक आक्रमण गरेको देखेर इन्द्रकुमार अर्जुनले त्यो हात्तीलाई एउटा अग्नि समान तेजस्वी नाराच प्रहार गरे । राजन् ! नाराचले हात्तीको मर्मस्थानमा गहिरो चोट पुर्‍यायो । त्यो वज्रले ढलाइएको पर्वत जस्तै

भएर पृथिवीमा पछारियो । अर्जुनका बाणबाट घायल भएर ढलेको त्यो हात्ती यस्तो देखियो जस्तो वज्रका आघातबाट अत्यन्त पीडित भएको महान् पर्वत पृथिवीमा समाहित हुन्छ । त्यसरीनै त्यो हात्ती धराशायी भएपछि राजा वज्रदत्त स्वयं पृथिवीमा परिहाले । त्यसैबेला पाण्डुपुत्र अर्जुनले उसँग भने– "राजन् ! नडराउ । जब म घरबाट प्रस्थान गर्दै थिएँ महातेजस्वी राजा युधिष्ठिरले मसँग भनेका हुन्– "धनञ्जय ! तिमीले कुनै हालतमा पनि राजाहरूलाई मार्नेछैनौ । पुरुष सिंह ! यति भएपछि सबै ठिक हुन्छ । अर्जुन ! तिमीले युद्ध ठानेर योद्धाहरूको वध गर्न हुँदैन कहिल्यै पनि । तिमीले सबै राजाहरूँसग भनिदिनु तपाइँहरू आफ्ना मित्रहरू सहित राजा युधिष्ठिरको अश्वमेधयज्ञ सम्बन्धी उत्सवको आनन्द लिन उहाँ पाल्नुहोला ।"

नरेश्वर ! मेरा दाजुको यस्तो आदेश शिरोपर गरेर आएको हुँदा म तपाइँलाई मार्न चाहन्न । भूपाल ! उठ, निर्भय भएर उठ । तिमी सकुशल आफ्ना घर फर्क । महाराज ! आगामी चैत्र महिनाको पूर्णिमा तिथि आउदा तपाइँ हस्तिनापुर आउनुहोला । त्यति बेला बुद्धिमान् राजा धर्मराजको उत्तम यज्ञ हुनेछ ।"

अर्जुनले यसो भनेपछि उनीबाट परास्त भएका भगदत्तकुमार राजा वज्रदत्तले भने– "ठिकै छ । यसै गरिनेछ ।"

अध्याय ६२

अर्जुनको सैन्धवहरूसँग युद्ध

वैशम्पायनजी भन्नुहुन्छ– भरतनन्दन ! महाराज भगदत्तका छोरा वज्रदत्तलाई पराजित गरेर पनि खुसी बनाएपछि उनलाई बिदा गरेर अर्जुन घोडासहित सिन्धु देशमा गए । त्यसपछि महाभारत युद्धमा मारिएर बाँकी

बचेका सिन्धु देशीय योद्धा तथा मारिएका राजाका छोराहरूसँग कीरिटधारी अर्जुनको घोर संग्राम भयो । यज्ञको घोडा र श्वेतवाहन अर्जुन आफ्ना राज्यभित्र आएको सुनेर सिन्धु देशीय क्षत्रिय अमर्षमा भरिएर पाण्डवप्रवर अर्जुनसँग सामना गर्न अगाडि बढे । ती विषसमान भयङ्कर क्षत्रिय आफ्नु राज्यभित्र आएको घोडालाई पक्रन भीमसेनका भाइ अर्जुनसँग कत्ती पनि डराएनन् । यज्ञ संबन्धी घोडाबाट केही पर हातमा धनुष लिएका अर्जुन खडा थिए । ती क्षत्रियहरू उनका नजिक पुगे । ती महापराक्रमी क्षत्रिय पहिले अर्जुनसँग परास्त भएका थिए । अहिले उनीहरू अर्जुनलाई परास्त गर्न चाहन्थे । त्यस कारण उनीहरूले अर्जुनलाई घेरे । उनीहरूले अर्जुनसँग आआफ्ना नाम गोत्र र नानाप्रकारका काम बताउँदै उनीमाथि बाणहरू वर्षाउन थाले । उनीहरू यस्ता बाण समूह वर्षाउथे जसले हात्तीलाई पनि अगाडि बढ्न मिल्दैनथ्यो । उनीहरूले रणभूमिमा विजयको अभिलाषा राखेर कुन्तीकुमारअर्जुनलाई घेरे । युद्धमा भयानक कर्म गर्ने अर्जुनलाई पैदलै आउँदै गरेको देखेर ती सबै वीर रथमा आरुढ भै अर्जुनसँग युद्ध गर्न थाले । निवातकवचलाई विनाश गर्ने संशप्तकलाई संहार र जयद्रथको वध गर्ने वीर अर्जुनलाई सैन्धबहरूले सबै तिरबाट प्रहार आरम्भ गरे ।

एक हजार रथ र दश हजार घोडाहरूले अर्जुनलाई घेरेर कोष्टबद्ध जस्तो बनाए र मन मनै बडा प्रसन्न भए । कुरुनन्दन ! कुरुक्षेत्रको युद्धमैदानमा सव्यसाची अर्जुनद्वारा जुन सिन्धुराज जयद्रथलाई मारिएको थियो त्यो कुरा ती वीरहरूले भुलेका थिएनन् । त्यसैले ती सबै योद्धा मेघ समान भएर अर्जुनमाथि बाणको वर्षा गर्न लागे । ती बाणहरूबाट आहत भएर कुन्तीनन्दन अर्जुन वादलमा छिपेका सूर्य जस्तै शोभायमान पो भए । राजन् ! कुन्तीकुमार अर्जुन जब यसरी बाण पीडित भए तब उनको यस्तो अवस्था देखेर त्रिलोकीमै हाहाकार मचियो । सूर्यको प्रभा पनि फिक्का भए जस्तो भयो । महाराज ! त्यसै बेला थर थर जिउ कमाउने खालको वायु चल्न थाल्यो । राहु र केतुले एकै समयमा सूर्य र चन्द्रमामा ग्रहण लागे जस्तै भयो । चारैतिर बिखरेर

गिर्दै उल्काहरू सूर्यसँग टकराउन थाले । राजन् ! त्यति बेला महापर्वत कैलाश पनि काम्न थाले जस्तो भयो । सप्तर्षि तथा देवर्षिहरू समेत भयभीत भए । उनीहरू दु:ख र शोकबाट सन्तप्त भएर अत्यन्त गरम गरम साँस छाड्न थाले । पूर्वोक्त उल्काहरू चन्द्रमामा स्थित भएर शश चिन्नलाई भेदन गर्दै चन्द्रमण्डलका चारैतिर गिर्न थाले । सम्पूर्ण दिशाहरू धुँवाँ धुँवाँ भएर विपरीत प्रतित हुन् थाले । गधा जस्तो रंग र लाल रंग मिसिनाले जस्तो रंग हुन्छ त्यस्तै वर्णको मेघ आकाशलाई घेरेर रगत र मासु वर्षा गर्नथाल्यो । त्यति बेला इन्द्रधनुषको पनि दर्शन हुन्थ्यो र विजुलीका झिलिक झिलिक पनि देखा पर्दथे ।

भरतश्रेष्ठ ! वीर अर्जुनले त्यतिखेर शत्रुहरूको बाणबाट आच्छादित भएर यस्ता यस्ता उत्पात हुनलागेको अनौठाको स्थिति भयो । ती बाणसमूहद्वारा सबै तिरबाट आच्छादित भएका अर्जुनमा मोह उत्पन्न भयो । त्यति बेला उनका हातबाट गाण्डीव धनुष र दस्तान खसे । महारथी अर्जुन जब मोहग्रस्त एवं अचेत भए त्यति बेला पनि सिन्धु देशीय योद्धा उनी माथि वेग पूर्वक महान् बाणसमूहको वर्षा गरी नै रहे । अर्जुन मोह वशीभूत भएको थाहा पाएका सम्पूर्ण देवता मनै मन संत्रस्त भएर उनका निमित्त शान्तिका लागी उपाय खोज्न लागे । त्यसपछि समस्त देवर्षि, सप्तर्षि र ब्रह्मर्षि मिलेर बुद्धिमान् अर्जुनको विजयका लागि मन्त्र जप गर्न लागे । पृथिवीनाथ ! त्यसपछि देवताहरूका प्रयत्नबाट अर्जुनको तेज पुन: उद्दिप्त भयो । उत्तम अस्त्र विद्याका ज्ञाता परम बुद्धिमान् धनञ्जय संग्रामभूमिमा पर्वत समान अविचल भावबाट खडा हुन गए । त्यसपछि कौरवनन्दन अर्जुनले आफ्नु दिव्य धनुषको प्रत्यञ्चा खिचे । त्यति बेला त्यहाँबाट पटक पटक असिना जस्तै भएर जाडो गराइ टङ्कार ध्वनि घन्किन लाग्यो । यसपछि जसरी इन्द्र पानीको वर्षा गराउँछन् त्यसै गरी प्रभावशाली पार्थले आफ्ना बाणद्वारा शत्रुहरू माथि बाणको वर्षा गराउन थाले । त्यसपछि अर्जुनका बाणबाट आहत समस्त सैन्धव योद्धा लहराले ढाकिएको वृक्ष जस्तै आफ्ना राजा सहित ढाकिए कति गाण्डीवको

टङ्कार ध्वनिबाट थर्के। धेरैजसो डरले व्याकुल भएर भागे। केही सैन्धव योद्धा शोकले आतुर भएर आँसु बहाउन तथा शोकमा डुब्न थाले। राजन् ! त्यति बेला महाबली पुरुषसिंह अर्जुन अलात चक्र जस्तै घुमि घुमिकन सारा सैन्धव माथि बाणसमूहको वर्षा गर्न लागे। शत्रुदमन अर्जुनले वज्रधारी महेन्द्रले झैं. गरेर सम्पूर्ण दिशामा इन्द्रजाल समान बाणहरूको जालो जस्तै बनाइदिए। जसरी शरदकालका सूर्य मेघका छटालाई छिन्नभिन्न पारेर प्रकाशित हुन्छन् त्यसै गरी कौरवश्रेष्ठ अर्जुन आफ्ना बाण पहारबाट शत्रुसेनालाई तितर वितर पारेर अत्यन्त शोभायमान भए।

मेघाजालनिभं सैन्यं विदार्य शरवृष्टिभिः।
विबभौ कौरवश्रेष्ठः शारदीवो दिवाकरः ॥

अध्याय ६३

दुःशलाको अनुरोधमा युद्ध अन्त्य

वैशम्पायनजी भन्नुहुन्छ– जनमेजय ! तदनन्तर गाण्डीवधारी शूरवीर अर्जुन युद्धका निमित्त तयार भएर रहे। उ शत्रुहरूका निमित्त दुर्जय थिए र युद्धभूमिमा हिमवान पर्वत सरह अचल भएर डटे। यति बेला यो अवस्था अति शोभायमान देखिएको थियो। भरतनन्दन ! त्यसपछि सिन्धुदेशीय योद्धा पुनः संगठित भएर खडा भए। अत्यन्त क्रोधमा भरिएर बाणका वर्षा गर्न थाले। त्यति बेला महाबाहु कुन्तीकुमार अर्जुन मर्नका निमित्त पुनः खडा भएका सैन्धवहरूलाई सम्बोधन गर्दै हाँस्दै मधुर वाणीमा बोले– “वीरहरू हो ! तिमीहरू पूरा शक्ति लगाएर युद्ध गर। मलाई जित्ने प्रयत्न गरी रहो। तिमीहरू आफ्नु कार्य पूरा गर। तिमीहरू माथि महान् खतडा परिस्थिति आएको छ। यो हेर म तिमीहरूका बाणको शक्ति छिन्न भिन्न

गरेर देखाइदिन्छु। म तिमीहरूसँग युद्ध गर्न तयार छु। मनमा युद्धको हौसला लिएर खडा रहो । म तिमीहरूको घमण्ड चूर चूर गरी दिन्छु ।"

भारत ! गाण्डीवधारी कुरुनन्दन अर्जुन शत्रुहरूसँग यस्ता कुरा गरेर आफ्ना दाजुले भनेका कुरा सम्झदै विचार गर्न थाले । महात्मा धर्मराजले भनेका थिए– "तात ! रणभूमिमा विजयको इच्छा राखेर आउने क्षत्रियहरूलाई नमार्नु । उनीहरूलाई पराजित भने गर्नु ।"

यी कुरा याद गरेर पुरुषप्रवर अर्जुन यस प्रकार चिन्ता गर्न लागे। ओहो महाराजले भन्नुभएको थियो– "क्षत्रियहरूको वध नगर्नु।" धर्मराज वास्तवमा कसरी मिथ्या हुन्छन् र ? हुँदैनन् । राजाहरू नमारिकन राजा युधिष्ठिरका वचनको पालन होओस् । यसका निमित्त के गर्न बेस होला ?"

यस्तो सोचेर धर्मका ज्ञाता पुरुषप्रवर अर्जुनले रणोन्मत्त सैन्धवहरूसँग भने– "योद्धाहरूहो ! म तपाइँहरूका कल्याणका बात भन्दैछु । तपाइँहरू मध्ये जो कोही आफ्नु पराजय स्वीकारेर रणभूमिमा भन्नुहोला कि म तपाइँको हुँ । तपाइँले मलाई युद्धमा जित्नुभयो । यसो भन्ने जो हुन्छ उ अगाडि नै भए पनि त्यसको वध मबाट हुने छैन । मेरा यी कुरा सुनेर तपाइँहरू जहाँ आफ्नु हित देख्नु हुन्छ त्यो गर्नुहोस् । यदि मैले भने अनुसार नगरी विपरीत गरेमा र युद्धका निमित्त उद्दत भयौ भने भारी सङ्कटमा पर्नेछौ ।"

ती वीरहरूसँग यसो भनेर कुरुकुल तिलक अर्जुन कुपित भै क्रोधमा भरिएकाले विजयाभिलाषी सैन्धवहरूसँग युद्ध गर्न थाले ।

राजन् ! त्यसै बेला सैन्धवहरूले अर्जुन माथि घुमेका गाँठवाला एक करोड बाण पहार गरे । विषालु सर्प समान कठोर ती बाण आफूतिर आएको देखी अर्जुनले तीखा सापकहरूद्वारा ती सबैलाई सबैका बीच काटे। सानमा चढाएर तेज गरिएका कङ्कपत्रयुक्त बाणद्वारा तुरुन्त टुक्रा टुक्रा गरेर समराङ्गणमा अर्जुनले सैन्धव वीरहरू मध्येबाट प्रत्येकलाई पैनेबाण हानेर

घायल गरी दिए । त्यसपछि जयद्रथवधको स्मरण गर्दै सैन्धवहरूले अर्जुन माथि धेरै प्रास तथा शक्ति प्रहार गरे । तर महावली किरीटधारी पाण्डुकुमार अर्जुनले उनीहरूका सारा मनोयोजना व्यर्थ गरी दिए । उनले ती सबै प्रासहरू र शक्तिहरू बीचबाटै काटेर जोडले गर्जना गरे । साथै विजयको अभिलाषा लिएर आक्रमण गर्ने ती सैन्धव योद्धाहरूका मस्तकमा झुलेका गाँठवाला भल्ल काटेर गिराउन थाले । यसपछि ती योद्धाहरू मध्ये कति भाग्न थाले । कोही पुनः धावा बोल्ने भएभने कोही युद्धबाट हात धुन खोज्ने देखिए । ती सबै कुराका कोलाहलले जलले भरिएको महासागर जस्तै गम्भीर गर्जना भएको सुनिएको थियो । अमित तेजस्वी अर्जुनद्वारा मारिदै जादा पनि सैन्धव याद्धा बल र उत्साह पूर्वक उनीहरूसँग जुद्धै गरे ।

छोटो समयमै अर्जुनले युद्धस्थलमा घुमेका गाँठवाला बाणद्वारा अधिकांश सैन्धव वीरहरूलाई संज्ञाशून्य बनाइदिए । उनीहरूका बाहान तथा सैनिक पनि थाकेर खिन्न भए । समस्त सैन्धवहरूले कष्ट पाएको देखेर धृतराष्ट्रपुत्री दुःशला आफ्ना छोरा सूरथका वीर बालक जो उनका नाति थिए साथमा लिइ रथमा बसेर रणभूमिमा अर्जुनका नजिक आइन् । उनी आउनाको उद्देश्य थियो यी सबै योद्धा युद्ध छाडेर शान्त होउन । उनी अर्जुनका नजिक आइन् र आर्त स्वरमा रुदै अलाप विलाप गर्न थालिन् । शक्तिशाली अर्जुनले पनि उनलाई सामुन्ने देखेर आफ्नु धनुष नुहाए । धनुष छाडेर कुन्तीकुमार अर्जुनले विधिपूर्वक बहिनीको सत्कार गरे । उनले सोधे– "बहिनी ! भन म तिम्रो कुन काम गरी दिउँ ?"

दुःशलाले उत्तर दिइन्– "भैया ! भरतश्रेष्ठ ! यो तिम्रो भाञ्जा सुरथको औरस पुत्र हो । पुरुषप्रवर पार्थ ! यसलाई हेर त यो तिमीलाई प्रणाम गर्दै छ । राजन् ! दुशलाले यसो भनेपछि अर्जुनले त्यो बालकको पिताका विषयमा जिज्ञासा प्रकट गर्दै भने– "बहिनी ! सुरथ कहाँ छन् ?"

तब दुःशलाले भनिन् यो बालकका पिता वीर सुरथ पितृ शोकबाट

संतप्त भएर विषादले पीडित भइ जसरी मृत्युको मुखमा पुगे त्यो मवाट सुन । निष्पाप अर्जुन ! मेरो छोरो सुरथले पहिले देखि नै सुनिरहेको थियो अर्जुनका हातबाट नै आफ्ना पिताको मृत्यु भएको हो । जब उसका कानमा यस्तो समाचार पर्‍यो तिमी घोडाका पछिपछि आउँदै छौ । तिमी युद्धार्थ यहाँसम्म आएका छौ । तब यो पिताको मृत्युको कष्टबाट आतुर भएर आफ्नु प्राणरक्षासमेत परित्याग गर्दै बसेको छ । अनघ ! अर्जुन आए भन्ने शब्द सुन्नासाथ मेरो छोरो डरले पीडित भएर पृथिवीमा पल्ट्यो । मरि हाल्यो । प्रभो ! उ यस्तो अवस्थामा परेको देखेर उसको छोरोलाई साथ लिएर शरण खोज्दै आज तिमीसँग आएकी छु ।"

यसो भनेर धृतराष्ट्रपुत्री दु:शला दु:खी भै आर्त स्वरबाट विलाप गर्न लागिन् । उनको दु:ख दर्द देखेर अर्जुन पनि व्यथित भावबाट आफ्नु शिर झुकाएर रहे । त्यस बेला दु:शला उनीसँग बोल्दै गइन्– "भैया ! तिमी कुरुकुलमा श्रेष्ठ र धर्मज्ञ छौ । त्यसैले दया गर । आफ्नी यो दु:खी बहिनी तिर हेर र भाञ्जाका पुत्र उपर पनि कृपा दृष्टि देउ । मन्दबुद्धि दुर्योधन र जयद्रथलाई बिर्स र हामीलाई अपनाउ । जसरी अभिमन्युबाट शत्रुवीरहरूको सम्हार गर्ने परीक्षितको जन्म भएको छ त्यसै गरी सुरथबाट यो मेरो महाबाहु नाति उत्पन्न भएको हो । पुरुषसिंह म यसैलाई लिएर समस्त योद्धाहरूलाई शान्त गराउन आज तिमी समक्ष आएकी हुँ । तिमी मेरो कुरा सुन ।

महाबाहो ! यो त्यो मन्दबुद्धि जयद्रथको नाति तिम्रो शरणमा आएको छ । अत: यो बालकमा तिम्रो कृपाको जरुरत छ । शत्रु दमन महाबाहु धनञ्जय ! यो तिम्रा चरणमा शिर राखेर तिमीलाई खुसी बनाइ तिमीबाट शान्तिका निमित्त याचना गर्दै छ । अब तिमी शान्त होउ । यो अवोध बालक छ केही जान्दैन । यसका भाइ बन्धु नष्ट भैसके । यस कारण धर्मज्ञ अर्जुन ! तिमी यसप्रति कृपालु बन । रिसको वशीभूत नहोउ । यो बालकका पितामह जयद्रथ अनार्य, नृशंस र तिम्रा अपराधी थिए । त्यो कुरा भुलेर यो बालक माथि दया गर ।

जब दु:शलाले यस्ता करुणायुक्त वचन बोलिन तब अर्जुन राजा धृतराष्ट्र र गान्धारी देवीको याद गर्दै दु:ख र शोकबाट पीडित हुँदै क्षत्रिय धर्मको निन्दा गर्न लागे । त्यो क्षत्रिय धर्मलाई धिक्कार छ जसका निमित्त मैले आफ्ना सारा बान्धव जनलाई यम लोक पुऱ्याइदिएँ । यसो भन्दै अर्जुनले दु:शलालाई ठूलो सान्त्वना दिए र उनीप्रति आफ्नु कृपाप्रसादको परिचय दिए । त्यसपछि प्रसन्नतापूर्वक उनीसँग गला मिलाएर उनलाई घर पठाइदिए । त्यसपछि सुमुखी दु:शलाले त्यो महान् समरबाट आफ्ना समस्त योद्धाहरूलाई पछाडि फर्काइन् र अर्जुनको प्रशंसा गर्दै आफ्नु घर फर्किन ।

यसरी सैन्धव वीरहरूलाई परास्त गरेर अर्जुन इच्छाअनुसार विचरण गर्ने र दौडनेवाला त्यो घोडाकोपछि हिंड्न थाले । जसरी पिनाकधारी महादेव आकाशमा मृगका पछि दौडेथे त्यसै गरी अर्जुनले त्यो यज्ञ सम्बन्धी घोडाको विधिपूर्वक अनुसरण गरे । त्यो घोडा यथेष्ठ गतिले क्रमश: सबै देश घुम्दै अर्जुनको पराक्रमको विस्तार गर्दै इच्छा अनुसार विचरण गर्दै रह्यो । पुरुषप्रवर जनमेजय ! यसरी क्रमश: विचरण गर्दै त्यो घोडा अर्जुन सहित मणिपुर नरेशको राज्यमा पुग्यो ।

अध्याय ६४

अर्जुन र बभ्रुवाहन युद्ध, अर्जुनको मृत्यु

वैशम्पायनजी भन्नुहुन्छ– जनमेजय ! मणिपुर नरेश बभ्रुवाहनले जब सुने मेरा पिता आएका छन् भन्ने तब उ ब्राह्मणहरूलाई अघि लगाएर प्रशस्त धन साथमा लिइ विशेष विनयपूर्वक उनको दर्शन गर्न नगरबाट बाहिर निस्के । मणिपुर नरेश यसरी आएको देखेर परम बुद्धिमान् धनञ्जयले क्षत्रिय धर्मको आश्रय लिएर उनको अनादर गरे । त्यति बेला धर्मात्मा अर्जुन केही

रिसाए झैं गरेर बोले– "छोरा ! तिम्रो यो तरिका ठिक भएन । यस्तो लाग्दछ तिमी क्षत्रिय धर्मबाट बिमुख भएका छौ । छोरा ! म महाराज युधिष्ठिरको यज्ञ सम्बन्धी घोडाको रक्षा गर्दै आएको हुँ । तिम्रो राज्यभित्र पुगें । यस्तो अवस्थामा पनि तिमी मसँग किन युद्ध गर्न आएनौ ? तिमी निर्वुद्धि भएकोमा धिक्कार छ । तिमी निसन्देह क्षत्रिय धर्मबाट भ्रष्ट भएका छौ । किनभने युद्धका निमित्त आएको मेरो स्वागत सत्कार सहज रूपबाट गरिरहेका छौ । तिमीले संसारमा जीवित रहेर पनि कुनै पुरुषार्थ गरेनौ । तिमी त एक जना अदना स्त्री जस्तै युद्धका निमित्त आएको मलाई शान्तिपूर्वक साथ दिने चेष्टा गर्दैछौ । दुर्बुद्धि ! नराधम ! यदि म हतियार बिहिन भै खाली हात तिमीसँग आएको हुन्थें त यसरी भेट्न ठीक हुन्थ्यो ।

पतिदेव अर्जुन आफ्ना पुत्र बभ्रुवाहनसँग जब यस्ता कुरा गरिरहेका थिए तब नागकन्या उलुपीले ती कुरा सुनिन् । उनले अर्जुनका कुराको अभिप्राय बुझिन् र छोराप्रति गरेको तिरष्कार सहन नसक्नाले उ धरती फोडेर त्यहाँ आइन् । प्रभो ! उनले देखिन छोरो बभ्रुवाहन घोसे मुण्टो लगाएर कुनै सोच विचारमा रहेको छ । युद्धार्थीपिता उसलाई बारम्बार हप्काइ रहेका छन् । तब मनोहर रङ्गवाली नागकन्या उलुपी धर्म निपुण बभ्रुवाहन नजिक अएर बोलिन्– "छोरा ! तिमीलाई थाहा हुनुपर्दछ म तिम्री बिमाता नागकन्या उलुपी हुँ । तिमी मैले भनेको मान । यसबाट तिमीलाई ठूलो धर्म हुनेछ । तिम्रा पिता कुरुकुल श्रेष्ठ वीर र युद्धमोहबाट उन्मत्त रहनेवाला हुन् । अत: यिनका साथ तिमीले युद्ध गर्नै पर्दछ, गर । यसो गर्दा यी तिमीसँग सन्तुष्ट हुनेछन् । यसमा सन्देह छैन ।

भरत श्रेष्ठ ! आमाले यसरी अमर्श लिएपछि महातेजस्वी राजा बभ्रुवाहनले मनमनै युद्ध गर्ने निश्चय गरे । सुवर्ण कवच लगाएर तेजस्वी शिरस्त्राण (मुकुट) धारण गरी सयौं तरकसले भरिएको उत्तम रथमा चढे । त्यो रथमा सबै प्रकारका युद्धसामग्री सजाइएको थियो । मन समान तेज गतिवाला घोडा नारिएका थिए । चक्का र अन्य सामान प्रशस्त थिए । सुनका

भाण्डले गर्दा रथ शोभायमान भएको थियो । सुनै सुनबाट यो रथ निर्माण गरिएको थियो । त्यसमा सिंहको चिन्हवाला अल्को ध्वजा फर्फराइरहेको थियो । त्यो परमपूजित रथमा सवार भएर श्रीमान् राजा बभ्रुवाहन राजा अर्जुन जस्तै गरी अगाडि बढे । पार्थद्वारा सुरक्षित त्यो यज्ञ सम्बन्धी घोडा नजिक गएर ती वीर अश्वशिक्षाविशारद पुरुषहरूद्वारा घोडालाई समाते । घोडा समातिएको देखेर अर्जुन मनमनै निक्कै प्रसन्न भए । यद्यपि उ जमीनमै खडा थिए तापनि रथमा बसेका आफ्ना पुत्रलाई युद्धमैदानमा अगाडि बढ्नबाट रोक्न खोजे । राजा बभ्रुवाहनले आफ्ना वीर पितालाई विषालु साँप जस्तै जहरिला तथा तेज बनाइएका सयौं बाणसमूहद्वारा घायल गरी अनेक पटक पीडित बनाए । यी पिता र पुत्र प्रसन्न तथा बहादुरीका साथ लड्दै थिए युद्ध देवासुर संग्राम समान भयङ्कर भएको थियो । जसको यो जगत्मा कहीं पनि तुलना थिएन । बभ्रुवाहनले हाँस्दै हाँस्दै पुरुषसिंह अर्जुनको गलाको हसलीमा घुमेको गाँठवाला एउटा बाणद्वारा गहिरो चोट पुऱ्याइदिए । जसरी साँप बाबीमा घुस्छ त्यसै गरी त्यो बाण अर्जुनको शरीरमा घुस्यो र छेडेर पृथिवीमा धसियो । यसले गर्दा अर्जुनलाई बडो कष्ट भयो । बुद्धिमान् अर्जुन आफ्नु उत्तम धनुषको सहारा लिएर दिव्य तेजमा स्थित मुर्दा जस्तै भए । एक छिनपछि होशमा आएर महातेजस्वी पुरुषप्रवर इन्द्रकुमार अर्जुनले आफ्ना पुत्रको प्रशंसा गर्दै भने– "महाबाहु चित्राङ्गदकुमार ! तिमीलाई साधुवाद छ । बाबु ! तिमी धन्य हौ । पुत्र ! तिम्रो योग्य पराक्रम देखेर म तिमीसँग सारै खुसी भएँ । ठीक छ पुत्र ! अब म तिमी माथि बाण हान्छु । तिमी सावधान भएर उठ ।

यसो भनेर शत्रुसूदन अर्जुनले बभ्रुवाहन माथि नाराचको वर्षा आरम्भ गरे । तर राजा बभ्रुवाहनले गाण्डीव धनुषबाट छुटेका वज्र तथा विजुली जस्ता तेजस्वी ती समस्त नाराचलाई आफ्ना भल्वद्वारा काटेर प्रत्येकलाई दुइ दुइ तीन तीन टुक्रा पारिदिए ।

राजन् ! त्यसपछि पाण्डुपुत्र अर्जुनले हाँस्दै हाँस्दै आफ्ना क्षुर नामक दिव्य बाणद्वारा बभ्रुवाहनको रथबाट सुनौला तालवृक्ष समान अल्का अल्का सुवर्णभूषित ध्वजा काटेर झारे । शत्रुदमन नरेश ! साथै उनले उसका महान् वेगशाली विशालकाय घोडाहरूको पनि प्राण लिए । त्यसपछि रथबाट उत्रेर परम क्रोधी राजा बभ्रुवाहन कुपित भै पैदलै आफ्ना पिता पाण्डुपुत्र अर्जुनसँग युद्ध गर्न थाले । कुन्तीपुत्रहरूमा श्रेष्ठ इन्द्रकुमार अर्जुन आफ्ना छोराको पराक्रमबाट सारै खुसी भएका थिए । तसर्थ उ धेरै पीडा दिदैनथे । बलवान बभ्रुवाहनले भने पितासंगको युद्धबाट बिरत मानेर विषालु सर्प समान बाणद्वारा उनलाई पुनः पुनः पीडा दिन थाले । उनले बालोचित अविवेकका कारण परिणाममा विचार नगरी सुन्दर प्वाँखवाला एउटा तीखो बाणद्वारा पिताको छातीमा गहिरो आघात गरे ।

राजन् ! त्यो अत्यन्त दुःखदायी बाण पाण्डुपुत्र अर्जुनको मर्मस्थललाई विदीर्ण गरेर भित्र घुस्यो । महाराज ! पुत्रले चलाएको सो बाणबाट अत्यन्त घायल भएर कुरुनन्दन अर्जुन मुर्छित भएर पृथिवीमा ढले । कौरव धुरन्धर वीर अर्जुन धराशायी हुँदा चित्राङ्गदाकुमार बभ्रुवाहन पनि मुर्छित भए ।

राजा बभ्रुवाहन युद्धस्थलमा ठूलो परिश्रम परेर ढलेका थिए । किनभने उ पनि अर्जुनका बाण समूहद्वारा पहिलेनै सारै घायल भइसकेका थिए । यस कारण पिता मारिएको सम्झेर उ युद्धको मुहानमा अचेत भएर गिरे । पृथिवीलाई अङ्कमाल गर्न लागे । पतिदेव मारिए र नाति पनि बेहोस् भएर पृथिवीमा परेका छन् भन्ने सुने देखेकी चित्राङ्गदाले संतप्त हृदयभै समराङ्गणमा प्रवेश गरिन् । मणिपुर नरेशकी माताको हृदय शोकले संतप्त भएर आयो । रुदै र काम्दै गरेकी चित्राङ्गदाले देखिन पतिदेव मारिए ।

अध्याय ६५

बभ्रुवाहन मुर्छाबाट जागे र अर्जुन पुनः जीवित भए

वैशम्पायनजी भन्नुहुन्छ– जनमेजय ! त्यसपछि भीरु स्वभाव भएकी कमलनयनी चित्राङ्गदा पति वियोगको दुःखबाट संतप्त भएर ठूलो विलाप गर्न थालिन् । मुर्छा भएर पृथिवीमा पल्टिन । केही समयपछि होसमा आइन् र दिव्यरूप धारिणी चित्राङ्गदाले नागकन्या उलूपीलाई अगाडि देखेर यसो भनिन्– "उलूपी ! हेर हामी दुवैका स्वामी मारिएर रणभूमिमा सुतेका छन् । तिम्रै प्रेरणाबाट मेरो छोराले समर विजयी अर्जुनको वध गरेको छ । बहिनी ! तिमी त आर्य धर्म जान्ने र पतिव्रता हौ । त्यसो भए पनि तिम्रै कर्तुतबाट तिम्रा पति अहिले रणभूमिमा मरेर पल्टेका छन् । यदि यी अर्जुन तिम्रा साँच्चैका अपराधी हुन् भने पनि आज क्षमा गरिदेउ । म तिमीसँग यिनको प्राणको भिख माग्छु । तिमी अर्जुनलाई जियायी देउ । आर्ये ! शुभे ! तिमी धर्म जान्ने र तीनै लोकमा विख्यात हौ । यसो भए पनि आज पुत्रबाट पतिको हत्या गराएर पनि तिमीमा शोक या पश्चात्ताप भइरहेको देखिएको छैन । यसको कारण के हो ? नागकुमारी ! मेरो छोरो पनि मारिएको छ तापनि म उसका निमित्त शोक गरिरहेकी छैन । मलाई केवल पतिका बारेमा शोक भैरहेको छ जसको यहाँ यस प्रकार अतिथी सत्कार गरियो ।

नागकन्या उलूपीसँग यसो भनेर यशस्वीनी चित्राङ्गदा त्यति बेलै पति नजिक गइन् र उनलाई सम्बोधन गर्दै यसरी विलाप गर्न थालिन् ।– "कुरुराजका प्रियतम ! हे मेरा प्राणाधार ! उठ । महाबाहो ! मैले तिम्रो यो घोडा छाडिदिएँ । प्रभो ! तिमीलाई त महाराज युधिष्ठिरको यज्ञ सम्बन्धी घोडाका पछिपछि जानु छ । किन यो पृथिवीमा सुतिरहेका छौ ? कुरुनन्दन ! मेरो र कौरवहरूको प्राण तिम्रो अधीनमा छ । तिमी त अरूका प्राणदाता हौ । तिमी स्वयंले कसरी प्राण त्याग्यौ ?

यति भनिसकेपछि फेरि उलूपीसँग भनिन्– "उलूपी ! यी पतिदेव पृथिवीमा रहेका छन् । तिमी यिनलाई राम्रोसँग हेर । तिमीले यो छोरालाई उक्साएर स्वामीको हत्या गराएकी छौ । के यसका निमित्त तिमीमा शोक छैन ? मृत्युको वशमा परेको मेरो यो बालक चाहे सधैंका लागि भूमिमा सुतोस् तर निन्द्राका स्वामी विजय पाउनपर्ने अरुणनयन अर्जुन अवश्य जीवित होउन । यही उत्तम हुन्छ । सुभगे ! कोही पुरुष धेरै स्त्रीहरूलाई पत्नी बनाउँछन् त उनीहरूका निमित्त यो अपराध वा दोष मानिंदैन । स्त्रीहरू यदि यस्तो गर्दछन् त यो उनीहरूका निमित्त पाप वा दोष हुन्छ । त्यस कारण तिम्रो बुद्धि यस्तरी निर्दयी नहुनपर्ने थियो । विधाताले पति र पत्नीलाई सदा मित्रता रहनेवाला बनाएका छन् । यो स्वभावको महत्त्व सम्झेर यस्तो उपाय गर जसबाट तिम्रो यिनीसँग गरे भएको मैत्री सत्य एवं सार्थक होओस् । तिमीले नै छोरालाई लगाएर यी पतिदेवको हत्या गरायौ । यो सबै गरेर पनि यदि आज तिमी यिनलाई पुनः जीवित गर्दिनौ त म पनि प्राण त्याग्नेछु । देवी ! म पति र पुत्र दुवैबाट वञ्चित भएकी हुँदा दुःखमा डुबेकी छु । यस कारण अब यही तिमीले देख्दा देख्दै म आमरण उपवास गर्नेछु । यसमा सन्देह छैन ।

नरेश्वर ! नागकन्यासँग यसो भनेर उनकी सौता चित्रवाहनकुमारी चित्राङ्गदा आमरण उपवासको सङ्कल्प गरेर चुपचाप बसिन् । वैशम्पायनजी भन्नुहुन्छ– "जनमेजय ! त्यसपछि विलाप गर्दै उनीबाट विरत भएर चित्राङ्गदा आफ्ना पतिका दुवै पाउ समाइ दुःखी भएर बसिन् र लामु सास तान्दै आफ्ना छोरा तिर पनि हेर्न थालिन् । केही समय पश्चात राजा बभ्रुवाहनमा पुनः चेत आयो । उनी आफ्नी आमा रणभूमिमा बसेको देखेर यसरी विलाप गर्न थाले– "हाय, जो अहिलेसम्म सुखमै पालिएकी थिइन् मेरी आमा चित्राङ्गदा आज मृत्युको अधीन भएर पृथिवीमा परेका आफ्ना वीर पतिसँगै मर्ने निश्चयका साथ रहेकी छन् । योभन्दा बढी दुःखको अरू कुन कुरा होला ? संग्राममा जसलाई मार्न अर्काका निमित्त नितान्त कठिन छ जो युद्धमा शत्रु संहार गर्नमा सक्षम छ तथा सम्पूर्ण शस्त्रधारीहरूमा श्रेष्ठ छ उनै मेरा पिता अर्जुन आज

यहाँ मेरै हातबाट मारिएका छन् । चौडा छाती तथा विशाल भुजावाला आफ्ना पति मारिएको देखेर पनि जो मेरी माता चित्राङ्गदा देवीको दृढ हृदय विदीर्ण हुँदैन । यसबाट म यो मान्दछु कि अन्तकाल नआइ मर्न मानिसलाई कठिन हुन्छ । त्यसैले यो सङ्कट समयमा पनि मेरो र मेरी आमाको प्राण निक्लेको छैन । हाय, मलाई धिक्कार छ । मानिसहरू हो हेर ! म पुत्रद्वारा मारिएका कुरुवीर अर्जुनका सुनहरा कवच यो पृथिवीमा फ्याँकिएका छन् ।"

हे ब्राह्मणहरू हो हेर ! म छोरोद्वारा मारिएका मेरा पिता अर्जुन वीरशय्यामा सुतेका छन् । कुरुश्रेष्ठ युधिष्ठिरका घोडाको पछिपछि जाने ब्राह्मणहरू जो शान्तिकर्म गर्न नियुक्त भएका हुन् ती यिनका निमित्त कस्तो शान्तिकर्म गर्न सक्छन् जो रणभूमिमा मद्वारा मारिए । ब्राह्मणहरू हो ! म अत्यन्त क्रुर, पापी र लडाइमा आफ्ना पितालाई मार्ने हुँ । भन्नुहोस् मेरा निमित्त यहाँ कुन प्रायश्चित्त छ ? आज पिताको हत्या गरेर मेरा निमित्त बाह्र वर्षसम्म कठोर व्रत पालन गर्न सारै कठिन छ । म पितृघातीका निमित्त उही प्रायश्चित्त छ म यिनैको छालाबाट आफ्नु शरीरलाई ढाकेर रहुँ र आफ्ना पिताको मस्तक एवं कपाल धारण गरेर बाह्र वर्षसम्म घुमिरहुँ । पिताको वध गरेर अब मेरा निमित्त अर्को कुनै प्रायश्चित्त छैन ।

नागराजकुमारी ! हेरत युद्धमा मैले तिम्रा स्वामीको वध गरेको छु । सम्भव छ आज समराङ्गणमा यसरी अर्जुनको हत्या गरेर मैले तिमीलाई मन परेको कार्य गरेको हुँ । तर शुभे ! अब म यो शरीर धारण गर्न सक्दिनँ । आज म पनि त्यो मार्गमा जाउँला जहाँ मेरा पिताजी गएका छन् । माता ! देवी ! म र गाण्डीवधारी अर्जुन मरेपछि तिमी राम्ररी खुसी हुनु । म सत्यको सपथ खाएर भन्छु पिताजी विना मेरो जीवन असम्भव छ ।

महाराज ! यसो भन्दै दुःख र शोकले पीडित भएका राजा बभ्रुवाहनले आच्मन गरेर बडा दुःखका साथ यसो भने– "संसारका समस्त चराचर प्राणीहरू हो ! तिमीहरू मेरा कुरा सुन । नागराजकुमारी माता उलूपी ! तपाइँ

पनि सुन्नुहोस् म सत्य बात भनिरहेको छु । यदि मेरा पिता नरश्रेष्ठ अर्जुन आज जीवित भएर उठि फेरि खडा भएनन् भने म यही रणभूमिमा उपवास गरेर आफ्नु शरीर सुकाउनेछु । पिताको हत्या गरेर मेरा निमित्त कहीं कुनै अरू उद्धारको उपाय छैन । गुरुजन एवं पिताको हत्यारूपी पापबाट पीडित भएको म निश्चय पनि नरकमा पर्नेछु । कुनै क्षत्रियको वध गरेर कुनै विजेतावीर सय गाई दान गरेर त्यो पापबाट छुटकारा पाउँछ । तर पिताहत्या गरेर त्यो पापबाट छुटकारा मिलोस् यस्तो यो मेरा निमित्त सर्वथा दुर्लभ हुन्छ । यी पाण्डुपुत्र धनञ्जय अद्वितीय वीर,महातेजस्वी, धर्मात्मा तथा मेरा पिता थिए । यिनको वध गरेर मैले महान् पाप गरेको छु । अब मेरो उद्धार कसरी होला ?" नरेश्वर ! यसो भनेर धनञ्जयकुमार परम बुद्धिमान् राजा बभ्रुवाहन पुन: आच्मन गरेर आमरण उपवासको व्रत लिएर चुपचाप बसे ।

वैशम्पायनजी भन्नुहुन्छ– शत्रुलाई संताप दिने जनमेजय ! पिताको शोकबाट संतप्त भएका मणिपुर नरेश बभ्रुवाहन जब माताका साथ आमरण उपवास व्रत लिएर बसे तब उलूपीले सञ्जीवनी मणिलाई स्मरण गरिन् । नागहरूको जीवनको आधारभूत त्यो मणि उनले स्मरण गर्नासाथ त्यहाँ उपस्थित भयो । कुरुनन्दन ! त्यो मणि लिएर नागराजकुमारी उलूपी सैनिकहरूको मन खुसी गराउनेवाला बात बोलिन । बेटा बभ्रुवाहन ! उठ, शोक नगर । यी अर्जुन तिमीद्वारा परास्त भएका छैनन् । यी त सारा मनुष्यका र इन्द्र सहित सारा देवताका निमित्तसमेत अजेय हुन् । यो त मैले आज तिम्रा यशस्वी पिता पुरूप्रवर धनञ्जयलाई रमाइलो गराउनका निमित्त मोहनी माया देखाएकी हुँ । राजन् ! तिमी यिनका पुत्र हौ । यी शत्रुवीरहरूको संहार गर्ने कुरुकुल तीलक अर्जुन संग्राममा जुद्धै तिमी जस्ता छोराको बल पराक्रम जान्न चाहन्थे । बाबु ! त्यसैले मैले तिमीलाई युद्धका निमित्त प्रेरित गरेकी हुँ । सामर्थ्यशाली पुत्र ! तिमी अणु बराबर पनि पापको आशङ्का नगर । यी महात्मा नरपुरातन ऋषि सनातन एवं अविनाशी हुन् । बाबु ! युद्धमा यिनलाई इन्द्रले पनि जित्न सक्दैनन् । प्रजानाथ ! मैले यो दिव्य मणि लिएर

आएकी छु । यो सदा युद्धमा मारिएका नागराजहरूलाई जीवित गर्ने गर्दछ । प्रभो ! तिमी यो लिएर आफ्ना पिताको छातीमा राखिदेउ । तिमी पाण्डुपुत्र कुन्तीपुत्र अर्जुन जीवित भएको देख्नेछौ ।

उलूपीले यसो भनेपछि निष्पाप कर्म गर्ने अमित तेजस्वी बभ्रुवाहनले आफ्ना पिता पार्थको छातीमा स्नेहपूर्वक त्यो मणि राखिदिए । त्यो मणि राख्नासाथ शक्तिशाली वीर अर्जुन धेरैबेर सुतेर उठेका मान्छे झैं आफ्ना आँखा मिच्दै जीवित भएर उठे । आफ्ना मनस्वी पिता महात्मा अर्जुन सचेत एवं स्वस्थ भएर उठेको देखेका बभ्रुवाहनले उनका चरणमा प्रणाम गरे ।

प्रभो ! पुरुषसिंह श्रीमान् अर्जुन पुनः उठेकामा पाकशासन इन्द्रले उनीमाथि दिव्य तथा पवित्र फूलको वर्षा गरे । मेघसमान गम्भीर ध्वनि गर्ने देवदुन्दुभीहरू स्वयं बजे । आकाशमा साधुवादको महाध्वनि गुञ्जियो । महाबाहु अर्जुन राम्रैसँग स्वस्थ भएर उठे । बभ्रुवाहनलाई हृदयमा लगाउँदै उनको शिरमा सुँघ्न थाले । त्यहाँ नजिकै बभ्रुवाहनकी शोकाकुल आमा चित्राङ्गदा उलूपीसँग थिइन् । अर्जुनले जब उनीहरूलाई देखे तब बभ्रुवाहनसँग भने– "शत्रुहरूलाई संहार गर्ने वीर छोरा ! यो सारा समराङ्गण शोक, विस्मय र हर्षयुक्त किन देखिएको हो ? यदि जान्दछौ भने मलाई भन । तिम्री आमा किन रणभूमिमा आएकी हुन् ? त्यस्तै यी नागराजकन्या उलूपीको आगमन पनि किन भएको हो ? म त यति मात्र जान्दछु कि तिमीले मैले भने अनुसार यो युद्ध गरेका हौ । तर यहाँ स्त्रीहरू आउनाको कारण के हो ?"

पिताले यसरी सोध्नासाथ विद्वान् मणिपुर नरेशले पिताका चरणमा शिर राखेर भने– "पिताजी ! यो वृत्तान्त हजुर माता उलूपीबाट सुन्नुहोस् ।"

अध्याय ६६

अर्जुन पुनः यज्ञको घोडाका पछि लागे

अर्जुनले भने– "कौरव्य नागको कुललाई आनन्दित गर्ने उलूपी ! यो रणभूमिमा तिम्रो र मणिपुर नरेश बभ्रुवाहनकी आमा चित्राङ्गदाको उपस्थितिको कारण के हो ? नागकुमारी ! तिमी यी राजा बभ्रुवाहनको कुशल मंगल त चाहन्छ्यौ होइन ? चञ्चलकटाक्षवाली सुन्दरी ! तिमी मेरो पनि कल्याण चाहन्छ्यौ होइन ? स्थूल नितम्बवाली प्रियदर्शनी ! मैले यो बभ्रुवाहनले जान वा अञ्जानमा तिम्रो केही अप्रिय गरेका त छैनौ नि ? तिम्री सौता चित्रवाहनकुमारी बरारोहा राजपुत्री चित्राङ्गदाले त तिम्रो केही अपराध गरेका छैनन् होइन ?

अर्जुनका यी आदि प्रश्न सुनेर नागराज कन्या उलूपी हाँस्दै बोल्न थालिन्– "प्राणवल्लभ ! हजुर तथा बभ्रुवाहनबाट मेरो कुनै अहित वा अपराध भएको छैन । बभ्रुवाहनकी आमाबाट पनि मेरो केही बिगार भएको छैन । यो त हजुरकी सदा दासी जस्तै मेरो आज्ञा अनुसार भएको विषय हो । यहाँ आएर मैले जो जो जसरी काम गरें त्यो म बताउँछु सुन्नुहोस् ।

प्रभो ! कुरुनन्दन ! सर्वप्रथम त म हजुरका चरणमा शिर राखेर हजुरलाई प्रसन्न बनाउन चाहन्छु । यदि मबाट केही गल्ती भएको भए पनि त्यसमा हजुरबाट ममाथि रिसानी हुने काम नहोओस् । किन भने मैले जे गरें त्यो हजुरलाई प्रसन्न गराउन नै गरेकी हुँ । महाबाहु धनञ्जय ! हजुर मैले भन्नखोजेका सारा कुरा ध्यान दिएर सुन्नुहोला । पार्थ ! महाभारत युद्धमा हजुरले जो शान्तनुकुमार महाराज भीष्मलाई अधर्मपूवक मार्नु भएको हो । उनको शान्तिका निमित्त केही नगरी यदि हजुर प्राणत्याग गर्नुहुन्थ्यो भने त्यो पापकर्मको प्रभावबाट निश्चय नै नरकमा पर्नुहुन्थ्यो । महामते ! पृथिवीपाल !

पूर्वकालमा वसुहरू तथा गंगाजीले यसरूपमा त्यो पापको शान्ति निश्चित गरेका थिए । त्यसैले हजुरले आफ्ना छोराबाट पराजय प्राप्त गर्नुभयो ।

पहिलेको कुरा हो एकदिन गंगाजीका किनारमा गएकी थिएँ । नरेश्वर ! त्यहाँ शान्तनुनन्दन भीष्मजीलाई मारेपछि वसुहरूले गंगा किनारमा आएर हजुरका सम्बन्धमा जे भनेका थिए त्यो मैले सुनेकी थिएँ । वसु नामक देवता महानदी गंगा किनारमा जम्मा भै स्नान गरेर भागीरथीको सम्मतिबाट मसँग यस्ता भयानक वचन बोलका थिए । उनीहरूले भनेका हुन्– "भाविनी ! ती शान्तनुनन्दन भीष्म संग्राममा अर्कैसँग उल्भेका थिए । अर्जुनसँग युद्ध गरिरहेका थिएनन् । त्यसो भए पनि सव्यसाची अर्जुनले उनलाई मारे । यो अपराधका कारण हामी आज अर्जुनलाई शाप दिन चाहन्छौ । यस्तो सुनेर गंगाजीले भनिन्– "अं, यसै गर्नुपर्दछ ।"

उनका कुरा सुनेपछि मेरा सारा इन्द्रियहरू व्यथित भए । मैले पातालमा प्रवेश गरेर आफ्ना पिताजीसँग यी सारा समाचार सुनाएँ । यो सुनेर पिताजीलाई पनि सारै दु:ख लाग्यो । उहा तत्काल वसुहरूकहाँ जानुभयो र उहाले उनीहरूलाई बारम्बार फकाउँदै सम्भाउँदै हजुरका निमित्त उनीहरूसँग क्षमा याचना गर्नु भयो । तब वसुगण उहाँसँग यसरी बोले– "महाभाग नागराज ! मणिपुरका नवयुवक राजा बभ्रुवाहन अर्जुनका पुत्र हुन् । उ युद्धभूमिमा खडाभएर आफ्ना बाणद्वारा उनलाई जब पृथिवीमा गिराइदेलान् तब अर्जुन हाम्रा शापबाट मुक्त हुन पाउनेछन् ।"

वसुहरूले यति भनी अब तिमी जाउ भनी पठाएका मेरा पिताजीले मसँग यी बात भन्नुभयो । यो सुनेर नै मैले यस्तो चेष्टा गरेकी र हजुरलाई पापबाट छुट्कारा दिलाएकी हुँ । प्राणनाथ ! देवराज इन्द्र पनि हजुरलाई युद्धमा परास्त गर्न सक्तैनन् । पुत्र त आफ्नै आत्मा हो । तसर्थ यसको हातबाट यहाँ हजुरको पराजय जस्तो भएको हो । प्रभो ! म सम्भन्छु यसमा मेरो कुनै दोष छैन । हजुरको कस्तो धारणा छ ? के यो युद्ध गराएर मैले केही अपराध गरें ?"

उलूपीले यसो भनेपछि अर्जुनको चित्त बुझ्यो। उ प्रसन्न भए। उनले भने– "देवी ! तिमीले यो जुन काम गऱ्यौ मलाई सारै राम्रो लाग्यो।"

यसो भनेर अर्जुनले चित्राङ्गदा तथा उलूपीले सुन्ने गरी आफ्ना पुत्र मणिपुर नरेश बभ्रुवाहनसँग भने– "नरेश्वर ! आगामी चैत्र महिनाको पूर्णिमामा महाराज युधिष्ठिरको अश्वमेध यज्ञ आरम्भ हुन्छ। त्यसमा तिमी आफ्ना यी दुवै आमाहरूलाई र मन्त्रीहरूलाईसँगै लिएर अवश्य आउनु।"

अर्जुनले यसो भनेपछि बुद्धिमान् राजा बभ्रुवाहनले आँखा भरि आँसु पारेर यसो भने– "धर्मज्ञ ! हजुरको आज्ञा अनुसार म अश्वमेध महायज्ञमा अवश्य उपस्थित हुनेछु। म त्यहाँ ब्राह्मणहरूलाई भोजन बितरण गर्ने काम गर्नेछु। अहिले हजुरसँग एउटा प्रार्थना छ धर्मज्ञ ! आज ममाथि कृपा गरी आफ्ना यी दुवै पत्नीहरूका साथ यो नगरमा प्रवेश गर्नुहोस्। यस विषयमा हजुरले कुनै अन्यथा विचार नगरिदिनुहोला। प्रभो ! विजयीवीर श्रेष्ठ ! यहाँ पनि हजुरका घर छन्। आफ्ना यी घरमा एक रात निवास गरेर भोली सबेरै यज्ञको घोडाका पछिपछि जानुहोला।"

छोराका यस्ता कुरा सुनेपछि कुन्तीनन्दन कपिध्वज अर्जुनले मुस्कुराउँदै चित्राङ्गदाकुमारसँग भने– "महाबाहो ! यो त तिमीलाई थाहै छ म दीक्षा ग्रहण गरेर विशेष नियमहरूको पालना गर्दै घुमिरहेको छु। यस कारण विशाललोचन ! जबतक यो दीक्षा पूर्ण हुँदैन तवतक म तिम्रा नगरमा प्रवेश गर्दिन। नर श्रेष्ठ ! यो यज्ञको घोडा आफ्नु इच्छाअनुसार हिँड्छ। कहीं पनि रोक्न हुँदैन। यसैले तिम्रो कल्याण होओस् म अब जान्छु। अहिले मैले यहाँ रहनु हुँदैन।

त्यसपछि बभ्रुवाहनले भरतवंशका श्रेष्ठपुरुष इन्द्रकुमार अर्जुनको विधिवत पूजा गरे। अर्जुन आफ्नी दुवै पत्नीहरूको समेत अनुमति लिएर त्यहाँबाट हिँडे।

अध्याय ६७

मगधराज मेघसन्धिको पराजय

वैशम्पायनजी भन्नुहुन्छ– राजन् ! यसपछि त्यो घोडा समुद्रपर्यन्त सारा पृथिवीको परिक्रमा गरेर हस्तिनापुर तिर मोडियो । किरीटधारी अर्जुन पनि घोडाको पछिपछि नै फर्के । दैव इच्छा अनुसार राजगृह नाम गरेको नगरमा पुगे । प्रभो ! अर्जुन आफ्नु नगर नजिकै आएको देखेका क्षत्रिय धर्ममा रहेका वीर सहदेवकुमार राजा मेघसन्धिले उनलाई युद्धार्थ हाँक दिए । त्यसपछि आफ्नु धनुषबाण र अन्य सामग्रीबाट सुसज्जित भएका उ रथमा सवार भै नगर बाहिर निस्के । मेघसन्धिले पैदलै आएका धनञ्जयप्रति धावा बोले ।

महाराज ! धनञ्जय नजिक पुगेर महातेजस्वी मेघसन्धिले बुद्धिमानी पूर्वक नभै मूर्खतावश यसो भने– "भरतनन्दन ! यो घोडाका पछि किन हिँडेका छौ ? यो त यस्तो लाग्छ स्त्रीहरूका साथ हिडिएको हो । म यो घोडा अपहरण गर्दछु । तपाइँ यसलाई छुटाउन प्रयत्न गर्नुहोस् । यदि युद्धमा मेरा पिता आदि पूर्वजहरूले कहिल्यै तपाइँको स्वागत गरेनन त आज म त्यो कार्य गरुला । युद्धमैदानमा तपाइँको यथोचित अतिथि सत्कार गरुला । पहिले ममाथि प्रहार गरियोस् । त्यसपछि म प्रहार गरुला ।

मेघसन्धिले यस्ता वचन बोलेपछि पाण्डुपुत्र अर्जुनले हाँस्दै यस्तो उत्तर दिए– "नरेश्वर ! मेरा दाज्यैज्यूले मलाई दिनुभएको दीक्षा अनुसार जो मेरो मार्गमा विघ्न डाल्न चाहन्छ उसलाई रोकिन्छ । यो कुरा यहाँलाई थाहा हुन पर्ने हो । यस कारण तपाइँ आफ्नु शक्ति अनुसार ममाथि प्रहार गर्नुहोस् । मेरो मनमा तपाइँप्रति कुनै रोष अर्थात् रिस छैन ।

अर्जुनले यसो भनेपछि मगधनरेशले पहिले अर्जुन तिर प्रहार गरे । जसरी हजार आँखावाला इन्द्र जल वर्षाउँछन् त्यसै गरी मेघसन्धिअर्जुन तिर

हजारौं बाण प्रहार गर्न थाले । भरतश्रेष्ठ ! तब गाण्डीवधारी शूरवीर अर्जुनले गाण्डीव धनुषबाट छोडिएका बाणद्वारा मेघसन्धिले प्रयत्नपूर्वक चलाएका सबै बाणलाई व्यर्थ बनाइदिए । शत्रुका बाणसमूहलाई निष्फलपारेर कपिध्वज अर्जुनले प्रज्वलित बाण प्रहार गरे । ती बाण मुखबाट आगो निकाल्ने सर्प जस्ता देखिन्थे । उनले मेघसन्धिका ध्वजापताका, दण्ड, रथ, यन्त्र, अश्व तथा अन्य रथाङ्गमा बाण हाने तर उनका शरीर र सारथीलाई नोक्सान पुऱ्याएनन् । यद्यपि सव्यसाची अर्जुनले जानेरै उनको शरीरको रक्षा गरेका हुन् तापनि मगधराजले आफ्नु पराक्रम सम्झन पुगे । उ अर्जुन माथि लगातार बाण प्रहार गर्दै रहे । मगधराजका बाणबाट अत्यन्त घायल भएर गाण्डीवधारी अर्जुन रगताम्ये भए । त्यति बेला उ वसन्त ऋतुमा फुलेको पलाँसको रुख जस्तै सुशोभित भएर रहेका देखिए ।

कुरुनन्दन अर्जुन त उनलाई मार्दै थिएनन् । तर पाण्डवशिरोमणि उपर बराबर चोट गर्दै रहे मेघसन्धि । यसैले विश्वविख्यात अर्जुनको दृष्टिमा अडि नै रहे । तब सव्यसाची अर्जुनको रिस बढ्यो । उनले आफ्नु धनुष जोडले तानेर मेघसन्धिका घोडाहरूलाई प्राणहिन बनाइ सारथीको पनि शिर उडाइदिए । त्यसपछि उसका विशाल एवं विचित्र धनुषलाई काटेर उसका अन्य सामान तथा ध्वजालाई काटकुट पारेर धरतीमा गिराए । घोडा, धनुष र सारथी नष्ट भएपछि मेघसन्धिलाई सारै कष्ट भयो । उ गदा हातमा लिएर कुन्तीनन्दन अर्जुन तिर दौडे । उ आउदा नआउँदै अर्जुनले गिद्धका प्वाँख जडित प्रशस्त बाणद्वारा उसको सुनौलो गदालाई अनेक टुक्रामा बदलिदिए । गदाको मुठ टुट्यो र त्यसको पनि टुक्रा टुक्रा भयो । त्यो अवस्थामा हातबाट छुटेकी सर्पिणी जस्तै भएर पृथिवीमा पऱ्यो ।

जब मेघसन्धि रथ, धनुष र गदाबाट वञ्चित भए तब कपिध्वज अर्जुनले उनलाई सान्त्वना दिदै भने– "बेटा ! तिमीले क्षत्रिय धर्मको पुरापुर प्रदर्शन गऱ्यौ । अब तिमी आफ्नु घर जाउ । भूपाल ! तिमी अहिले बालकै छौ । यो समराङ्गणमा तिमीले जुन पराक्रम गरेर देखायौ यो तिम्रा निमित्त धेरै

हो । राजन् ! महाराज युधिष्ठिरको यस्तो आदेश छ कि युद्धमा राजाहरूलाई नमार्नु । यसैले यस्तो अपराध गर्दा पनि तिमी जीवित रहेका हौ ।

अर्जुनका यी कुरा सुनेर मेघसन्धिलाई विश्वास भयो कि अब यिनले मेरो ज्यान छाडिदिएका छन् । तब उ अर्जुन नजिक गए र दुवैहात जोडि आदरपूर्वक भन्न थाले– "वीरवर ! हजुरको कल्याण होओस् । म हजुरबाट परास्त भएँ । अब म युद्ध गर्दिन । अब हजुरले मसँग जे जे सेवा लिनु छ बताउनुहोस् । त्यो अवश्य पूर्ण हुनेछ ।"

यति भएपछि अर्जुनले धैर्यतापूर्वक भने– "राजन् ! तपाइँ आगामी चैत्र महिनाको पूर्णिमामा हाम्रा महाराजको अश्वमेध यज्ञ हेर्न अवश्य आउनुहोला ।"

अर्जुनले यसो भनेपछि सहदेवपुत्रले– "ठिक छ ।" भनेर उनको आज्ञा शिरोधार्य गरे । त्यो घोडा तथा युद्धस्थलका श्रेष्ठवीर अर्जुनको विधिपूर्वक पूजा गरे । त्यसपछि घोडा पुनः आफ्नु इच्छाअनुसार अगाडि बढ्यो । उ समुद्र किनार किनार हुँदै बङ्ग, पुण्ड्र, र कौशल आदि देश तिर गयो । राजन् ! ती देशमा अर्जुनले केवल गाण्डीव धनुषको सहायताबाट म्लेक्षहरूका अनेक सेनाहरूलाई परास्त गरे ।

अध्याय ६८

अश्वसहित द्वारका, पञ्चनद र गान्धार भ्रमण

वैशम्पायनजी भन्नुहुन्छ– जनमेजय ! मगधराजबाट पूजित पाण्डुपुत्र श्वेतवाहन अर्जुनले दक्षिण दिशा तिर लक्ष बनाएको त्यो घोडालाई घुम्न दिन थाले । त्यो इच्छाअनुसार विचरण गर्ने घोडा पुनः त्यताबाट फर्केर चेदीयहरूको रमणीय राजधानी जो शुक्तिपुरी भनिन्थ्यो त्यहाँ पुग्यो । त्यहाँ

शिशुपालका पुत्र शरभले पहिले युद्ध गरे । पछि स्वागत सत्कारद्वारा त्यो महाबली घोडालाई पूजा गरे । राजन् ! शरभबाट पूजित घोडा काशी, कोशल, किरात र तङ्गण आदि जनपदमा गयो । ती सबै राज्यहरूमा यथोचित पूजा ग्रहण गर्दै कुन्तीनन्दन अर्जुन फेरि दशार्ण देशमा आए । उहा त्यति बेला महाबली शत्रुमर्दन चित्राङ्गद नामक राजा राज्य गर्दथे । उनका साथ अर्जुनको बडो भयङ्कर युद्ध भयो । पुरुषप्रवर किरीटधारी अर्जुन दशार्णराज चित्राङ्गदलाई पनि वशमा पारेर निषादराज एकलव्यको राज्यमा गए । त्यहाँ एकलव्यका छोराले युद्धद्वारा उनको स्वागत गरे । अर्जुनले निषादहरूसँग रोमाञ्चकारी संग्राम गरे । युद्धमा कसैसँग पनि परास्त नहुने दूर्धर्षवीर अर्जुनले यज्ञमा विघ्न पुऱ्याउन चाहने एकलव्यकुमारलाई पनि परास्त गरे ।

महाराज ! एकलव्यका पुत्रलाई पराजित गरेर उद्वारा पूजिएका इन्द्रकुमार अर्जुन फेरि दक्षिण समुद्र किनारा तिर गए । त्यहाँ द्रविड, आन्ध्र, रौद, महिषक र कोलाचलका प्रान्तमा रहने वीरहरूका साथ किरीटधारी अर्जुनको महायुद्ध भयो । ती सबैलाई मृदुल पराक्रमबाट नै जितेर उ घोडाका इच्छाअनुसार उसको पछिपछि जान बिवस भइ सौराष्ट्र, गोकर्ण र प्रभास क्षेत्रमा गए । त्यसपछि कुरुराज युधिष्ठिरको यज्ञ सम्बन्धी त्यो कान्तिमान घोडा वृष्णिवीरहरूबाट सुरक्षित द्वारकापुरीमा पुग्यो । राजन् ! उहाँ यदुवंशी वीरहरूका बालकहरूले त्यो उत्तम घोडालाई बलपूर्वक पक्रेर युद्ध गर्ने प्रयत्न गरे । तर महाराज उग्रशेनले उनीहरूलाई रोकिदिए । त्यसपछि अर्जुनका मामा वसुदेवलाईसँगै लिएर वृष्णि र अन्धक कुलका राजा उग्रसेन नगरबाट बाहिर निस्के । ती दुवै बडा खुसी भएर कुरुश्रेष्ठ अर्जुनसँग विधिपूर्वक मिले ।

उनीहरूले भरतकुलका ती श्रेष्ठवीरको आदर सत्कार गरे । त्यसपछि उनीहरू दुवैको आज्ञा लिएर अर्जुन त्यतै गए जता त्यो घोडा गयो । त्यहाँबाट पश्चिम समुद्र किनारका देशहरूमा घुम्दै त्यो घोडा क्रमशः अगाडि बढ्दै गयो र समृद्धिशाली पञ्चनद प्रदेशमा पुग्यो ।

कुरुनन्दन !त्यहाँबाट पनि त्यो घोडा गान्धार देशमा गएर इच्छाअनुसार विचरण गर्न थाल्यो । कुन्तीनन्दन अर्जुन पनि उसका पछिपछि त्यहाँ पुगे । त्यसपछि पूर्ववैरभावको अनुसरण गर्ने गान्धारराज शकुनिपुत्रसँग किरीटधारी अर्जुनको घोर युद्ध भयो ।

अध्याय ६९

शकुनिपुत्रको पराजय

वैशम्पायनजी भन्नुहुन्छ- जनमेजय ! शकुनिका छोरा गान्धारमा सबैभन्दा ठूला वीर तथा महारथी थिए । उ विशाल सेनाले घेरिएर निन्द्राविजयी अर्जुनको सामना गर्नका निमित्त निस्किए । उनको सेनामा हात्ती, घोडा र रथ सबै सम्मिलित थिए । त्यो सेनासमूह ध्वजा पताका तथा मालाले शोभित थियो । गान्धार देशका योद्धा राजा शकुनिको वधको समाचार सम्झेर क्रोधित थिए । यस कारण हातमा धनुष काण लिएर उनीहरूले एक साथ भएर अर्जुन उपर धावा बोले । कसैबाट परास्त नहुने धर्मात्मा अर्जुनले उनीहरूलाई राजा युधिष्ठिरको सन्देश सुनाए तर उनीहरूले त्यो हितकर वचनको पनि मर्म बुझ्न सकेनन् । यद्यपि अर्जुनले सान्त्वनापूर्वक सम्झाइ बुझाइ युद्ध गर्नबाट रोकेका हुन् तापनि ती अमर्षशील योद्धा त्यो घोडालाई चारैतिरबाट घेरेर उसलाई समात्न अगाडि बढे । यस्तो देखेर पाण्डुपुत्र अर्जुन बडो क्रोधमा परिणत भए । उ गाण्डीव धनुषबाट प्रहार गरिएका तेजिला धार भएका क्षुरहरूबाट बिना परिश्रम नै उनीहरूका टाउका गिड्न थाले ।

महाराज ! अर्जुनको यस्तो मार खाएका उनको बाणवर्षाबाट पीडित गान्धार सैनिक त्यो घोडालाई छाडेर हतार हतार पछाडि फर्के । गान्धारहरूबाट रोक्दा पनि तेजस्वी वीर पाण्डुनन्दन अर्जुन उनीहरूको नाम लिदै टाउका

काट्दै गिराउँदै गर्न थाले । जब चारैतिरबाट गान्धारहरूको संहार शुरू भयो तब राजा शकुनिपुत्रले पाण्डुकुमार अर्जुनलाई रोके । क्षत्रिय धर्ममा स्थित भएर युद्ध गर्ने ती राजासँग अर्जुनले भने– "वीर ! तिमीले युद्ध गरेर केही लाभ छैन । महाराज युधिष्ठिरको आज्ञा छ म राजाहरूलाई मार्दिनँ । अत: तिमी युद्ध छाड । त्यसबाट तिम्रो पराजय पनि हुँदैन ।

शकुनीपुत्रलाई यस्तोभन्दा पनि उ अज्ञानबाट मोहित भएका कारण अर्जुनका कुराको अवहेलना गर्दै इन्द्रसमान पराक्रमी अर्जुनमाथि शीघ्रगामी बाण वर्षा गर्नलागे । त्यसपछि अमेय आत्मबलबाट सम्पन्न अर्जुनले जसरी जयद्रथको शिर उडाएका थिए त्यही किसिमले अहिले शकुनिपुत्रको शिरस्त्राणलाई एउटा अर्ध चन्द्राकार बाणले काटेर गिराए । यस्तो देखेर समस्त गान्धारहरूमा बडो विस्मय भयो । उनीहरूमा यस्तो समझ भयो अर्जुनले जाने बुझेरै गान्धार राजालाई जीवित छाडे । त्यसपछि गान्धारराज शकुनिका पुत्र भाग्ने अवसरको खोज गर्न थाले । जसरी सिंहसँग डराएको शिशुमृग भाग्छ त्यसै गरी अर्जुनसँग भयभीत भएका सैनिकका साथ उ स्वयं भागे । त्यहाँ रहनेवाला धेरै सैनिकका टाउका अर्जुनले घुमेका गाठवाला भल्लद्वारा वेगपूर्वक काटिदिए । अर्जुनबाट चलाइएका गाण्डीव धनुषबाट छुटेका धेरै बाणहरूबाट कति योद्धाका उठेका हात पनि काटिए । यो उनीहरूलाई थाहैसम्म पनि भएन ।

सम्पूर्ण सेनाका मानिस, हात्ती र घोडा डराउँदै यता उता हुनथाले । सारा सेना लडदै र पड्दै भाग्न थाले । फौजका अधिकांस सिपाही मारिएर नष्ट भए । कोही बारबार युद्धभूमिमा चक्कर लगाउन थाले । श्रेष्ठकर्म गर्ने वीर अर्जुनका अगाडि पनि शत्रु देखिएनन् जो अर्जुनको मार खप्न सकुन । त्यसपछि गान्धारराजाकी माता अत्यन्त भयभीत भएर वृद्ध मन्त्रीहरूलाई अगाडि लगाई उत्तम अर्घ्य लिइ नगरबाट बाहिर आइ रणभूमिमा उपस्थित भइन् । आउदा आउँदै उनले आफ्नु व्यग्रता रहित रणोन्मत्त पुत्रलाई युद्धकर्मबाट रोकिन र अनायास महान् कर्म गर्ने विजयशील अर्जुनलाई प्रिय वचन बोलेर

खुसी बनाइन् । सामर्थ्यशाली अर्जुनले पनि माइजुको सम्मान दिदै उनलाई खुसी बनाए र स्वयं उनीमाथि कृपादृष्टि दिन थाले । त्यसपछि शकुनिका छोरालाई सान्त्वना दिदै भन्न थाले– "शत्रुसूदन ! महावीर ! तिमीले मसँग युद्ध गर्ने विचार जो गऱ्यौ त्यो मलाई प्रिय लागेन । किन भने अनघ ! तिमी त मेरा भाइ नै हौ । राजन् ! आमा गान्धारीलाई सम्झदै पिता धृतराष्ट्रका सम्बन्धबाट युद्धमा तिम्रो माया गरें । यसैले तिमी अहिलेसम्म जीवित रह्यौ । केवल तिम्रा सहयोगी सैनिक मात्र मारिए । अब हामीमा यस्तो हुन हुँदैन । आपसी वैरभाव शान्त होउन । अब तिमीले कहिल्यै पनि यसरी हामीहरू विरुद्ध युद्ध गर्ने विचार नगर्नु । आगामी चेत्रको पूर्णिमामा महाराज युधिष्ठिरको अश्वमेध यज्ञ हुनेवाला छ । त्यसमा अवश्य आउनु ।

अध्याय ७०

यज्ञभूमिको तयारी, अतिथिहरूबाट अवलोकन

वैशम्पायनजीले भन्नुभएको छः- जनमेजय ! गान्धार राज्यबाट अर्जुन इच्छाअनुसार विचरण गर्ने घोडाका पछि लागे । त्यो घोडा त्यसपछि फर्कदै हस्तिनापुर तिर लाग्यो । यसै समयमा राजा युधिष्ठिरमा एक जासुसद्वारा त्यो घोडा हस्तिनापुर तिर आउँदै छ भन्ने समाचार पुग्यो । अर्जुन सकुशल फर्केका हुन् भन्ने सुनेर युधिष्ठिरमा प्रसन्नता छायो । अर्जुनले गान्धार राज्यमा तथा अन्य देशमा जो अद्‌भुत पराक्रम गरेका थिए त्यो सबै सुन्दा युधिष्ठिरमा हर्षको सीमा रहेन । कुरुनन्दन ! त्यति बेला माघ महिना शुक्लपक्षको द्वादशी तिथि परेको थियो । त्यसमा पुष्पा नक्षत्रको योग पाएर महातेजस्वी पृथिवीपति धर्मराज युधिष्ठिरले आफ्ना भाइहरू भीमसेन, नकुल र सहदेवलाई बोलाए र प्रहार गर्न श्रेष्ठ भीमसेनलाई सम्बोधन गर्दै बक्ता तथा धर्मात्मा युधिष्ठिरले यस्ता समयोचित बात भने ।

भीमसेन ! तिम्रा भाइ अर्जुन घोडाका साथ आइरहेका छन् । यो उनको समाचार लिन गएका जासुसहरूले मलाई भनेका हुन् । बृकोदर ! यता यज्ञ आरम्भ गर्ने समय पनि आइसकेको छ । घोडा पनि नजिकै भयो । माघ महिनाको पूर्णिमा आएको छ । अब बीचमा फागुन एक महिना रह्यो । अत: वेदका पारंगत विद्वान् ब्राह्मणलाई पठाउनुपर्‍यो । उनीहरूले अश्वमेध यज्ञका निमित्त उपयुक्त स्थान हेरुन् ।

यो सुनेर भीमसेनले राजआज्ञाको तुरुन्त पालना गरे । उ पुरुषप्रवर अर्जुनको आगमन सुनेर सारै खुसी भएका थिए । त्यसपछि भीमसेन यज्ञकर्ममा कुशल ब्राह्मणहरूलाई अगाडि लगाएर शिल्पकर्मका जानकार दक्षाका साथ नगरबाट बाहिर गए । उनीहरूले सालका रुखहरूले भरिएको सुन्दर स्थान मनपराएका हुँदा त्यसलाई चारैतिरबाट नपाए । त्यसपछि कुरुनन्दन भीमले त्यहाँ उत्तम मार्गबाट सुशोभित यज्ञभूमिलाई विधिपूर्वक निर्माण गराए । त्यो स्थानमा सयौं घर बनाइए । जसमा असल असल रत्न जडाइए । यज्ञशाला स्वर्णादि रत्नबाट सजाइएको र त्यसको निर्माण शास्त्रीय विधिपूर्वक गराइएको थियो । त्यहाँ सुवर्णमय विचित्र विचित्रका खम्बा र ठूला ठूला तोरण बनाइएका थिए । धर्मात्मा भीमले यज्ञमण्डपका सबै स्थानमा शुद्ध सुनको प्रयोग गरेका थिए ।

महाबाहो ! यी सबै काम भएपछि भीमसेनले महाराज युधिष्ठिरको आज्ञाबाट अनायास नै महान् पराक्रम गरेर देखाउने विभिन्न राजाहरूलाई निमन्त्रणा दिन धेरै दूतहरू पठाए । नृपश्रेष्ठ ! निमन्त्रणा पाएर ती सबै राजाहरू कुरुराज युधिष्ठिरलाई खुसी पार्न अनेकानेक रत्न, स्त्रीहरू, घोडा र किसिम किसिमका अस्त्र तथा शस्त्र लिएर त्यहाँ उपस्थित भए । त्यहाँ वनेका विभिन्न सिविरमा प्रवेश गरेका महानमनस्वी राजाहरूको जुन शब्द गुञ्जन्थ्यो त्यो समुद्रको गम्भीर गर्जना समान सम्पूर्ण आकाशमा व्याप्त भएको थियो ।

कुरुकुलको बृद्धि गर्ने राजा युधिष्ठिरले ती नवागत अतिथिहरूको सत्कार गर्नका निमित्त अन्नपान एवं अलौकिक शय्याहरूको प्रबन्ध मिलाएका थिए। भरतभूषण ! धर्मराज युधिष्ठिरले ती राजाहरूको सवारीका निमित्त पनि धान उखु र गोरसले भरपुर गरिदिए । बुद्धिमान् धर्मराजयुधिष्ठिरको त्यो महान् यज्ञमा धेरै वेदवेत्ता मुनिगण पनि आएका थिए । पृथ्वीनाथ ! ब्राह्मणहरूमा जो श्रेष्ठ पुरुष थिए ती सबै आआफ्ना शिष्यहरूसँगै लिएर आएका थिए। कुरुराज युधिष्ठिरले ती सबैलाई स्वागतपूर्वक अपनाए । महातेजस्वी महाराज युधिष्ठिर दम्भ छोडेर उ स्वयं नै उनीहरूको सत्कार गरिहेका हुन्थे । जबतक उनीहरूका निमित्त योग्य स्थानको प्रबन्ध हुँदैन तबसम्म उनीहरूसँगै रहन्थे। त्यहाँ डकर्मी सिकर्मी र अन्यान्य दक्षले आएर राजा युधिष्ठिरलाई सूचना दिए कि यज्ञमण्डपका सारा कार्य सम्पन्न भए । सबै काम पूरा भयो । यो सुनेर आलस्य रहित धर्मराज युधिष्ठिर भाइहरूका साथ प्रसन्न भए ।

वैशम्पायनजीले भन्नुभयो– राजन् ! त्यो यज्ञ आरम्भ हुँदा त्यहाँ धेरै धेरै प्रवचन कुशल र युक्तिवादी विद्वान् जो अर्कोलाई जित्ने इच्छा राख्थे त्यहाँ अनेक प्रकारका तर्कका बात गर्न थाले ।

भरतश्रेष्ठ ! यज्ञमा सामेल हुन आएका राजाहरू घुमि घुमिकन भीमसेनद्वारा तयार गराइएको त्यो यज्ञमण्डपको उत्तम निर्माणकला र सुन्दर सजावटी हेर्न थाले । त्यो मण्डप देवराज इन्द्रको यज्ञशाला जस्तै देखिन्थ्यो। उनीहरूले त्यहाँ बनेका सुनौला तोरण,शय्या, आसन, बिहारस्थान तथा रत्नहरूको ठूलो उरुम देखे । घडा, भाँडाकुडा कलस र प्रशस्त कटौरा उनीहरूका दृष्टिमा परे । ती राजाहरूले त्यहाँ कुनैपनि सामान देखेनन जो सुनका बनेका थिएनन् । शास्त्रोक्त विधिअनुसार काठका पिर्का आदि बनेका थिए । तिनमा पनि सुन जडिएको थियो । ती युपहरू यथा समयमा विधिपूर्वक बनाइएका थिए । अति सुन्दर देखिन्थे ।

प्रभो ! संसारभित्रका स्थल र जलमा जो जस्ता पशु हुन्छन् भन्ने सुनिए

देखिएको थियो ती सबै त्यहाँ भएको उपस्थित राजाहरूले देखे । गाई,भैसी, वृद्धानारी, जलजन्तु, हिंश्रकजन्तु, पंक्षी, जरायुज, अण्डज, स्वेदज, उद्‌भिज, पर्वत तथा सागर किनानरमा उत्पन्न हुने प्राणी, सबै त्यहाँ देखिन्थे । यसरी यज्ञशाला, पशु, गौधन र धान्यादि सबै दृष्टिबाट सम्पन्न थियो । सो यज्ञशाला अति नै सुन्दर र आनन्द बढाउने थियो । त्यस्तो देखेर सबै राजाहरू दङ्ग भए । ब्राह्मण र वैश्यका निमित्त त्यहाँ स्वादिष्ट अन्नको भण्डार थियो । प्रतिदिन एकलाख ब्राह्मणले भोजन गर्न सक्छन् भनेर सुनाइएको थियो । यस्ता खवर दिनमा पटक पटक सुनाइन्थ्यो ।

राजन् ! बुद्धिमान् धर्मराज युधिष्ठिरको त्यो यज्ञ हरेक दिन यसरी चलि रह्यो । त्यहाँ अन्नको त पहाडै जस्तो थियो । दहीको नहर नै थियो भने घिउको तलाउ थियो । राजा युधिष्ठिरको त्यो महान् यज्ञमा अनेक देशका राजा उपस्थित थिए । राजन् ! सारा जम्बुदीप नै त्यहाँ एकत्र भएको जस्तो देखिन्थ्यो ।

भरत श्रेष्ठ ! त्यहाँ हजारौं जातिका मान्छे पात्रहरूका साथ उपस्थित हुन्थे । भनिएको छ :-

विविधान्यन्नपानानि पुरुषा येऽनुयायिनः ।
ते वै नृपोपभोज्यानि ब्राह्मणानां ददुश्च ह ।।

सयौं हजारौं भान्छे ब्राह्मणहरूलाई भोजन गराउथे । सबै विशुद्ध सुनका हार रमणीय कुण्डलले सुशोभित थिए । राजाका अनुयायीहरू ब्राह्मणहरूलाई भोजन अर्पण गर्दथे ।

अध्याय ७१

अतिथि राजाहरूको स्वागत

वैशम्पायनजीले भन्नुभयो– जनमेजय ! त्यहाँ उपस्थित वेदवेत्ता विद्वान्हरू र पृथिवीको शासन गर्ने राजाहरूलाई हेर्दै युधिष्ठिरले भीमसेनलाई भने– “भाइ ! यो भूमण्डलमा शासन गर्ने राजाहरू यहाँ आएका छन् । सबै पूज्य छन् । तसर्थ तिमी यिनीहरूको यथोचित पूजा गर ।

यशस्वी महाराजको यस्तो आदेश पाएपछि महातेजस्वी पाण्डुपुत्र भीमसेनले नकुल र सहदेवको मद्दत लिएर युधिष्ठिरको आज्ञा मुताविक सबै राजाहरूको पूजा यथोचित रूपमा गरे । यसपछि समस्त प्राणीमा श्रेष्ठ भगवान् श्रीकृष्ण बलदेवलाई अघि लगाएर सात्यकि, प्रद्युम्न, गद, निशठ, साम्ब तथा कृतवर्मा आदि वृष्णिवंशीहरूका साथ त्यहाँ आउनुभयो । महारथी भीमसेनले उनीहरूको पनि विधिवत सत्कार गरे । त्यसपछि रत्न भरिभराउ घरमा गएर बसे ।

भगवान् श्रीकृष्ण युधिष्ठिरसँग केहीबेर बसेर बातचित गरी रहनुभयो । त्यसै समयमा उहाँले भन्नुभयो– अर्जुन धेरै युद्धमा शत्रुहरूको सामना गर्न परेकोले दुर्बल भएका छन् ।

यो सुनेर धर्मपुत्र कुन्तीकुमार युधिष्ठिरले शत्रुदमन इन्द्रकुमार अर्जुनका विषयमा पटक पटक सोधे । त्यो सुनेर जगदिश्वर भगवान् श्रीकृष्णले यस प्रकार भन्नुभयो– “राजन् ! म कहाँ द्वारकामा रहने एक विश्वास योग्य पात्र मनुष्य आएका थिए । उनले पाण्डव श्रेष्ठ अर्जुनलाई आफ्नै आँखाले देखेका रहेछन् । उ अनेक ठाउँमा युद्ध गर्न पर्नाका कारण सारै दुर्बल भएका छन् । प्रभो ! उनले यो पनि भनेका छन् महाबाहु अर्जुन अब नजिकै आइ सकेका छन् । यस कारण कुन्तीनन्दन ! अब तपाइँ अश्वमेध यज्ञको सिद्धिका लागि

आवश्यक कार्य आरम्भ गर्नुहोस् ।"

भगवान् श्रीकृष्णले यसो भनेपछि धर्मराज युधिष्ठिरले पुनः प्रश्न गरे ।– "माधव ! ठूलो सौभाग्यको कुरा हो कि अर्जुन सकुशल फर्कंदैछन् । यदुनन्दन ! पाण्डव सेनाका अग्रगामी अर्जुनले यो यज्ञका सम्बन्धमा जे सन्देश दिएका छन् त्यो म तपाइँका मुखबाट सुन्न चाहन्छु ।"

धर्मराजले यसो भनेपछि वृष्णि र अन्धक वंशी यादवका स्वामी प्रवचनकुशल भगवान् श्रीकृष्णले धर्मात्मा युधिष्ठिरसँग यस्ता कुरा गर्नुभयो ।

महाराज ! जुन मान्छे मसँग आएको थियो उसले अर्जुनका कुरा याद गरेर मसँग भन्यो– "श्रीकृष्ण ! हजुरले ठिक समयमा मेरा यी कुरा युधिष्ठिरलाई सुनाइदिनुहोला । अर्जुनले भनेका छन्– कौरव श्रेष्ठ ! अश्वमेध यज्ञमा प्राय सबै राजा आउँछन् । जो आउँछन् ती सवैको मान सम्मान गर्नुपर्दछ । हाम्रो योग्य कार्य यही हो । यति भनेर उनले मसँग फेरि भने– मानद ! मेरो तर्फबाट तिमी महाराज युधिष्ठिरलाई भन्नु राजसुय यज्ञमा अर्घ्य दिदा जुन दुर्घटना भएको थियो त्यस्तो यस पटक हुन हुँदैन । श्री कृष्ण ! राजा युधिष्ठिरले यस्तै गर्नुपर्दछ । हजुरले पनि उहाँलाई यस्तो सल्लाह दिनुहोला कि राजन् ! राजाहरूका पारस्परिक द्वेषबाट पुनः यी सारा प्रजाको विनाश हुन नपाओस् ।"

भगवान् श्रीकृष्ण भन्नुहुन्छ– "कुन्तीनन्दन नरेश्वर ! त्यो मान्छेले अर्जुनले भनेको अर्को एउटा कुरा पनि भनेर गएको छ । त्यो मेरा मुखबाट सुन्नुहोस् । हाम्रो यो यज्ञमा मणिपुरका राजा बभ्रुवाहन पनि आउनेछन् । जो महान् तेजस्वी छन् र उ मेरा प्रियपुत्र हुन् । प्रभो ! उनको सदा मप्रति बढी भक्ति र अनुरक्ति छ । यस कारण हजुरबाट विधिपूर्वक विशेष सत्कार दिनुहुनेछ भन्ने मेरो अपेक्षा छ ।"

अर्जुनको यो सन्देश सुनेर धर्मराज युधिष्ठिरले त्यसलाई हृदयतः अभिनन्दन गरेर यसरी भने ।

अध्याय ७२

उलूपी तथा चित्राङ्गदा हस्तिनापुरमा

प्रभो ! श्रीकृष्ण ! मैले यस्तो एउटा प्रिय सन्देश सुने त्यो तपाइँलाई पनि सुनाउन योग्य ठहरियो । तपाइँका अमृत रसले पूर्ण भएका पवित्र वचन मेरो मनलाई आनन्दमग्न बनाउने हुन्छन् । ऋषिकेश ! मैले सुनेको छु भिन्न भिन्न देशमा त्यहाँका राजाहरूका साथ अर्जुनलाई पटक पटक युद्ध गर्न परेको हो । यसको खास कारण के हो ? बुद्धिमान् जनार्दन ! जब म एकान्तमा बसेर अर्जुनका बाह्रेमा विचार गर्दछु तब म खिन्न हुन पुग्दछु । हामीहरू सबैमा उनै बढी दुःखभागी भए । पाण्डुनन्दन अर्जुन सुखबाट वञ्चित किन भए ? मैले यो बुझेको छैन ।

श्रीकृष्ण ! उनको शरीर त सबै शुभलक्षणले सम्पन्न छ । त्यसो हुँदा पनि अशुभ लक्षण कसरी आए, जसबाट उनले धेरै दुःख पाउन परेको छ ? कुन्तीनन्दन अर्जुन सधैं अधिक कष्ट भोग्दै छन् । तर उनका अंगमा कहीं केही नराम्रो दोष देखिदैन । यस्तो हुँदा पनि उनले कष्ट भोग्न पर्नाको कारण के हो ? यो म सुन्न चाहन्छु । तपाइँले विस्तार पूर्वक मलाई बताइ दिनुहोस् ।

युधिष्ठिरले यसरी सोधेपछि भोजवंशी क्षत्रियको वृद्धि गर्ने ऋषिकेश विष्णुले धेरै बेरसम्म उत्तम तरिकाले चिन्तन गर्दै राजा युधिष्ठिरसँग भन्नुभयो– “नरेश्वर ! पुरुषसिंह अर्जुनका हात गोडा औसतभन्दा केही मोटा छन् । त्यो बाहेक कुनै अरू कारण मैले देखेको छैन जसबाट उनले दुःख खप्न परेको होस् ।”

प्रभो ! बुद्धिमान् श्रीकृष्णले यसो भनेपछि पुरुषश्रेष्ठ युधिष्ठिरले वृष्णिसिंहसँग भने– “भगवन् ! हजुरको भनाइ ठिक हो ।”

त्यति नै बेला द्रुपदकुमारी कृष्णाले भगवान् श्रीकृष्णतिर छड्के नजरले इर्ष्यापूर्वक हेरिन । केशीहन्ता श्रीकृष्णले द्रौपदीका प्रेमपूर्ण अवलम्बनलाई

आनन्दपूर्वक ग्रहण गर्नुभयो । किनभने उनको दृष्टिमा सखा अर्जुनका हृदयभित्र भगवान् ऋषिकेश साक्षात् अर्जुन समान थिए । त्यति बेला भीमसेन आदि कौरव यज्ञ गराउने बाहुनहरूमा पनि यस्तै वार्तालाप भएका सुखद कुरा खुसीका साथ हेरिरहेका थिए । उनीहरूका बीच पनि अर्जुनका विषय मै यस्ता कुरा भैरहेका थिए । यस्तै बेलामा महात्मा अर्जुनले पठाएका दूत त्यहाँ हाजिर भए । ती बुद्धिमान् दूत कुरुश्रेष्ठ युधिष्ठिर समक्ष गएर उनलाई प्रणाम गर्दै भन्न थाले– "पुरुषसिंह अर्जुन नजिकै आइपुगेका छन् ।"

यो शुभसमाचार सुनेका राजा युधिष्ठिरका नजरमा आनन्दाश्रु भरिए । यो प्रिय वृत्तान्त निवेदन गरेका कारण ती दूतलाई पुरस्कार स्वरूप धेरै धन दिइयो । त्यसपछि दोश्रा दिनमा कौरव धुरन्धर नरव्याघ्र आउने बेला भयो । नगरमा यो शुभसमाचार हर्ष बढाउने कुरा यसरी सुनिन थाल्यो । त्यहाँ अर्जुनले मानिसहरूबाट हर्ष बढाउने कुरा सुने ।

जनसमुदायबाट भन्न खोजियो– "हे अर्जुन ! यो ठूलो सौभाग्यको कुरा हो तपाइँ सकुशल आउनुभयो । राजा युधिष्ठिर धन्य हुन् । अर्जुन बाहेक अर्को कुन यस्तो वीर पुरुष छ जो सारा पृथिवीलाई जितेर युद्धमा राजाहरूलाई परास्त गरी आफ्नो श्रेष्ठ घोडालाई सर्वत्र घुमाएर उसँगसँगै सकुशल फर्कन सकोस् । इतिहासमा जो सगर आदि महामनस्वी राजा भएका थिए उनीहरूको पनि कहिल्यै यस्तो पराक्रम हामीले सुनेका छैनौं । कुरुकुल श्रेष्ठ ! तपाइँले जो दुस्कर काम गरेर देखाउनुभयो त्यो भविष्यमा हुने अरू कुनै राजाले गर्न सक्ने छैनन् ।

जनसमूहबाट भनिएका यस्ता सुन्दैमा आनन्द आउने कुरा सुन्दै धर्मात्मा अर्जुन यज्ञस्थलमा प्रवेश गरे । त्यसै बेला मन्त्रीहरू सहित राजा युधिष्ठिर तथा यदुनन्दन श्रीकृष्ण धृतराष्ट्रलाई अघि अघि लगाएर अर्जुनलाई स्वागत गर्न आए ।

अर्जुनले पिता धृतराष्ट्र र राजा युधिष्ठिरका चरणमा प्रणाम गरेर भीमसेन आदिको पूजन गरे । त्यसपछि श्रीकृष्णलाई हृदयमा लगाए । उनीहरू सबैले अर्जुनको ठूलो स्वागत सत्कार गरे । महाबाहु अर्जुनले पनि विधिपूर्वक आदर

सत्कार गरेर यसरी विश्राम लिए जसरी समुद्र पार गर्ने पुरुष किनारमा पुगेर विश्राम गर्दछ ।

यसै समयमा बुद्धिमान् राजा बभ्रुवाहन आफ्ना दुवै आमाहरूका साथ कुरु देशमा पुगे । त्यहाँ गएर ती महाबाहु नरेश कुरुकुलका वृद्धपुरुष तथा अन्य राजाहरूलाई विधिवत प्रणाम गरेर आफू उनीहरूबाट सत्कार पाइ बहुत प्रसन्न भए । यसपछि उ आफ्नी हजुर आमा कुन्तीको सुन्दर महलमा गए ।

अध्याय ७३

उलूपी, चित्राङ्गदा र बभ्रुवाहनको उपस्थिति अश्वमेधिक यज्ञ शुरू

वैशम्पायनजीले भन्नुभयो- जनमेजय ! पाण्डवका महलमा प्रवेश गरेर महाबाहु बभ्रुवाहनले अत्यन्त मधुर वचन बोल्दै आफ्नी हजुर आमा कुन्तीका चरणमा प्रणाम गरे । त्यसपछि देवी चित्राङ्गदा तथा कौरव्य नागकी पुत्री उलूपीले पनि एक साथ कुन्ती र द्रौपदीका चरण छोए । फेरि सुभद्रा तथा कुरुकुलका अन्य स्त्रीहरूसँग यथायोग्य सत्कारका साथ भेट गरे । त्यो समयमा कुन्तीले ती दुइलाई नाना प्रकारका रत्न दिइन् । द्रौपदी, सुभद्रा तथा अन्य स्त्रीहरूले पनि आआफ्ना तर्फबाट उपहार टक्याए । त्यसपछि दुवै देवीहरू बहुमूल्य शय्यामा विराजमान भए ।

अर्जुनका हितका निमित्त कुन्तीले आफै ती दुइलाई ठूलो ममता दर्शाइन् । कुन्तीबाट माया तथा प्यार पाएका महातेजस्वी राजा बभ्रुवाहन महाराज धृतराष्ट्रको सेवामा उपस्थित भए । उनले विधिपूर्वक उनका चरण स्पर्श गरे । त्यसपछि राजा युधिष्ठिर र भीमसेन आदि सबै पाण्डवहरू समक्ष पुगेर ती

महातेजस्वी नरेशले विनयपूर्वक उनीहरूमा अभिवादन गरे । उनीहरू सबैले उनलाई प्रेमपूर्वक छातीमा लगाए । यथोचित माया तथा सत्कार गरे । यति मात्र होइन बभ्रुवाहनसँग प्रसन्न भए । ती पाण्डव महारथीहरूले उनलाई धेरै धन दिए । यसै गरी ती भूपाल प्रद्युम्न जस्तै विनीत भावबाट शंखचक्र गदाधारी भगवान् श्रीकृष्णका सेवामा उपस्थित भए ।

भगवान् श्रीकृष्णले यी राजालाई बहुमूल्य रथ प्रदान गर्नुभयो । त्यो रथ स्वर्ण सजधजबाट सुसज्जित थियो । सबैबाट अत्यन्त ठूलो रूपमा प्रशंसित र उत्तम थियो । त्यसमा दिव्य घोडा जोतिएका थिए । त्यसपछि धर्मराज युधिष्ठिर, भीमसेन, अर्जुन, नकुल र सहदेवले अलग अलग बभ्रुवाहनको सत्कार गर्दै उनलाई धेरै धन दिए । त्यसको तेस्रो दिन सत्यवतीनन्दन प्रवचन कुशल व्यास युधिष्ठिरकहाँ आएर बोले:-

अद्य प्रभृत्ति कौन्तेय यजस्व समयो हि ते ।
मुहूर्तो यज्ञियः प्राप्तश्चोदयन्तीह याज काः ।।

(कुन्तीनन्दन ! तिमी आजबाट यज्ञ शुरू गर । त्यो समय आयो । यसको मुहूर्त आइसकेको छ र याजकगण तिमीलाई बोलाउँदै छन् ।)

राजेन्द्र ! तिम्रो यो यज्ञमा कुनै विषयको कमी हुने छैन । त्यसैले कुनै पनि अंगबाट हीत नभएका कारण अहीत (सर्वांगपूर्ण) कहलिनेछ । यहाँ सुवर्ण द्रव्य नै बढी छ । त्यसैले बहुसुवर्णक नामबाट विख्यात हुनेछ । महाराज ! यज्ञका प्रमुख कारण ब्राह्मण हुन् । यसर्थ तिमीले उनीहरूलाई तीन गुणा बढी दक्षिणा दिनु । यसो गर्दा तिम्रो यो एउटै यज्ञ तीन यज्ञ समान हुनेछ । कुरुनन्दन ! तिमी जो अश्वमेध यज्ञको अवभृथस्नान गरौला त्यो पवित्र, पावन र उत्तम स्नान हुनेछ ।

परम बुद्धिमान् व्यासजीले यसो भनेपछि धर्मात्मा एवं तेजस्वी राजा युधिष्ठिरले अश्वमेध यज्ञ सिद्धिका निमित्त त्यही दिन दीक्षा ग्रहण गरे ।

त्यसपछि ती महाबाहु नरेशले धेरै अन्नले भीरएका तथा दक्षिणाले युक्त सम्पूर्ण कामनाबाट सम्पन्न त्यो अश्वमेध नामक महायज्ञको अनुष्ठान शुरू भयो। उत्तम वेदका ज्ञाता र सर्वज्ञ पुरोहितहरूले सम्पूर्ण कर्म गरे गराए। उ सबै तिर घुम्दै सत्पुरुषहरूद्वारा शिक्षित कर्मको सम्पादन गर्दै गराउँदे रहे। उनीबाट त्यो यज्ञमा कहीं कुनै त्रुटि हुन पाएन। केही पनि कर्म न छुट्यो न त अधुरो नै हुन गयो। श्रेष्ठ ब्राह्मणहरूले प्रत्येक कार्यलाई क्रम अनुसार उचित रितबाट पूरा गरे।

राजन् ! त्यहाँ ब्राह्मणशिरोमणिहरूले नै प्रबर्ग्यधर्मानुकुल कर्म यथोचित रूपबाट सम्पन्न गरेर सोमाभिषव सोमलताको रस निकाल्ने काम गरे। महाराज ! सोमपान गर्नेहरूमा श्रेष्ठ तथा शास्त्रको आज्ञा अनुसार विद्वान्हरूले सोमरस निकाले र त्यसबाट तीनै समयको सवन कर्म गरे। त्यो यज्ञमा आएका कोही पनि मान्छे चाहे निम्नभन्दा निम्न श्रेणीको किन नहोओस् दीन, दरिद्र, भोका अथवा दुःखी रहेका थिएनन्।

शत्रुसूदन महातेजस्वी भीमसेन महाराज युधिष्ठिरको आज्ञाले भोजनार्थीलाई भोजन दिलाउने काममा सदा डटीरहेका थिए। यज्ञको वेदी बनाउनेमा निपुण याजकगण प्रतिदिन शास्त्रोक्त विधि अनुसार सबै कार्य सम्पन्न गर्ने गर्दथे। बुद्धिमान् राजा युधिष्ठिरका यज्ञका कोही पनि सदस्य यस्ता थिएनन् जो छ अङ्कका विद्वान्, ब्रह्मचर्य व्रतका पालक, अध्ययन कार्यमा कुशल तथा वादविवादमा प्रबीण न होउन।

भरतश्रेष्ठ ! त्यसपछि जब युपको स्थापनाको समय आयो तब पुरोहितहरूले बेलका ६ खयरका ६ पलासका पनि ६ देवदारुका दुइ र लसोडेको १ यस प्रकार २१ युप कुरुराज युधिष्ठिरका यज्ञमा खडा गरे। भरतभूषण ! यी बाहेक धर्मराजको आज्ञाले भीमसेनले यज्ञको शोभाका निमित्त अरू पनि धेरै युप सुनका बनाएर उभ्याए। वस्त्रहरूबाट सिगारिएका राजर्षि युधिष्ठिर यज्ञ सम्बन्धी युप आकासमा सप्तर्षिहरूबाट घेरिएका इन्द्रका

अनुयायी देवता समान शोभित भएका थिए । यज्ञको वेदी बनाउन त्यहाँ सुनका इटा तयार गरिएका थिए । जब वेदी तयार भयो तब दक्षप्रजापतिको यज्ञ समान शोभायमान भयो ।

त्यो यज्ञमण्डपमा अग्नि चयनका निमित्त चार स्थान बनाइएका थिए । प्रत्येकको लम्बाइ तथा चौडाइ अट्ठार हातको थियो । प्रत्येक वेदी स्वर्ण पंखाबाट युक्त एवं गरुड समान आकारमा थिए ।

त्यसपछि मनिषी पुरुषहरूले शास्त्रोक्त विधिअनुसार पशुहरू नियुक्त: गरे । भिन्न भिन्न देवताहरूको उद्देश्यबाट पशु पंक्षी शास्त्रले भने अनुसार बृषभ र जलचर जन्तु यी सबैको अग्नि स्थापना कर्ममा पुरोहितहरूले उपयोग गरे ।

कुन्तीनन्दन महात्मा युधिष्ठिरले यज्ञमा जो युप खडा गरेका थिए त्यहाँ तीन सय पशु बाँधिएका थिए । ती सबैमा प्रधान उही अश्वरत्न थियो । साक्षात् देवर्षिहरूले भरिएको युधिष्ठिरको त्यो यज्ञ ठूलो शोभा पाइरहेको थियो । गन्धर्वहरूका मधुर संगीत र अप्सराहरूका नृत्यले शोभा अझै बढाएको थियो । त्यो यज्ञमण्डप किंपुरुषहरूबाट भरिपूर्ण थियो । किन्नरहरू पनि त्यो यज्ञको शोभा बढाइरहेका थिए । त्यसको चारै तिर सिद्धहरू र ब्राह्मणहरूका निवास थिए जसले गर्दा त्यो यज्ञ मण्डप घेरिएको थियो । व्यासजीका शिष्यश्रेष्ठ ब्राह्मण त्यो यज्ञ सभामा हरबखत उपस्थित रहेका हुन्थे । ती सबै शास्त्र तथा यज्ञकर्ममा कुशल थिए ।

नारद, महातेजस्वी तुम्बुरु, विश्वावसु, चित्रसेन तथा अन्य संगीतकलाकोविद, गान निपुण एवं नृत्यविशारद, गन्धर्व प्रतिदिन यज्ञकार्यका बीच बीचमा समय पाउनासाथ आफ्ना नाच गानका कलाद्वारा ती ब्राह्मणहरूलाई मनोरञ्जन गराउने गर्दथे ।

अध्याय ७४

युधिष्ठिरबाट ब्राह्मणहरूलाई दक्षिणा र राजाहरूलाई भेट

वैशम्पायनजी भन्नुहुन्छ- जनमेजय ! ती श्रेष्ठ ब्राह्मणहरूले अन्यान्य पशुहरूको विधिपूर्वक श्रपण गरेर त्यो घोडाको पनि शास्त्रीय विधि अनुसार आलभन गरे । राजन् ! त्यसपछि पुरोहितहरूले विधिपूर्वक घोडाको श्रपण गरेर त्यसको समीप मन्त्र द्रव्य र श्रद्धा तीन कलाले युक्त मनस्विनी द्रौपदीलाई शास्त्रोक्त विधिअनुसार बसाए । भरतश्रेष्ठ ! यसपछि ब्राह्मणहरूले शान्त चित्त भएर घोडाको चर्वी निकाले । त्यसलाई विधिपूर्वक श्रपण गर्न थाले । भाइहरू सहित धर्मराज युधिष्ठिरले शास्त्रको आज्ञा अनुसार चर्वीको धुँवाको गन्ध सुँघे जो समस्त पापहरूको नाश गर्नेवाला थियो । ।

नरेश्वर ! त्यो घोडाको जो शेष अंग हो त्यो धीर स्वभाववाला समस्त सोर पुरोहितहरूले अग्निमा होम गरे । यस प्रकार इन्द्र समान तेजस्वी राजा युधिष्ठिरलाई त्यो यज्ञ समाप्त गरेर शिष्य सहित भगवान् व्यासले बधाइ दिए । अभ्युदय सूचक आशीर्वाद दिए । यसपछि युधिष्ठिरले सबै ब्राह्मणहरूलाई विधिपूर्वक एक हजार करोड (एक खर्व) सुवर्ण मुद्राहरू दक्षिणामा दिएर व्यासजीलाई सम्पूर्ण पृथिवी दान दिए ।

राजन् ! सत्यवतीनन्दन व्यासले त्यो भूमिदान ग्रहण गरेर भरतश्रेष्ठ युधिष्ठिरसँग भने– "नृपश्रेष्ठ ! तिमीले दिएको यो पृथिवी पुनः तिम्रै अधीनमा छाड्दछु । तिमी यसको मूल्य देउ । किनभने ब्राह्मण धनका इच्छुक हुन्छन् । राज्यको होइन ।"

तब महामनस्वी राजाहरूका सामु भाइहरूसहित भएका बुद्धिमान् महामनस्वी युधिष्ठिरले ती ब्राह्मणहरूसँग भने– "ब्राह्मणदेवहरू हो ! अश्वमेध नामक महायज्ञमा पृथिवी दक्षिणा दिने नियम छ। अत: अर्जुनद्वारा जितिएको सारा भूमि मैले पुरोहितहरूलाई दिएँ । अब म वनमा जान्छु । हजुरहरू चतुर्होत्र यज्ञको प्रमाण अनुसार सारा पृथिवीलाई चार मान गरेर आपसमा बाँड्नुहोस् । द्विजश्रेष्ठ गण ! म ब्राह्मणहरूको धन लिन चाहन्न । मेरा भाइहरूको पनि यस्तै विचार छ ।"

उनले यसो भनेपछि भीमसेन आदि भाइहरू र द्रौपदीले एक स्वरमा भने– "हो, महाराजले भनेको ठीक हो ।" यी महान् त्यागका कुरा सुनेर सबै रोमाञ्चित भए ।

भारत ! त्यसै बेला आकाशवाणी भयो– "पाण्डवहरू हो ! तिमीहरूले निकै राम्रो कुरा गऱ्यौ । तिमीहरूलाई धन्यवाद ।"

यसै गरी पाण्डवहरूको सत्साहसको प्रशंसा गर्दै ब्राह्मणसमूहका शब्दहरू त्यहाँ स्पष्ट सुनिएका थिए । तब मुनिवर वैशम्पायन कृष्णले पुन: ब्राह्मणहरूका बीचमा युधिष्ठिरको प्रशंसा गर्दै भने– "राजन् ! तिमीले यो पृथिवी मलाई दियौ । अब म आफ्ना तर्फबाट फिर्ता गर्दछु । तिमी यी ब्राह्मणहरूलाई सुन देउ । पृथिवी तिम्रै अधीनमा रहोस् ।"

त्यसपछि भगवान् श्रीकृष्णले धर्मराज युधिष्ठिरसँग भने– "धर्मराज ! भगवान् व्यास जे भन्नुहुन्छ त्यही तपाइँले गर्नुपर्दछ ।"

यो सुनेर कुरुश्रेष्ठ युधिष्ठिर भाइहरू सहित प्रसन्न भएर प्रत्येक ब्राह्मणलाई उनले यज्ञका निमित्त एक एक करोडका तीन गुना दक्षिणा दिए । महाराज मरुत्तको मार्गको अनुसरण गर्ने राजा युधिष्ठिरले त्यति बेला जुन त्याग गरेका थिए त्यस्तो यो संसारमा अर्को कुनै राजाले गर्न सक्ने छैन ।

विद्वान् महर्षि व्यासले त्यो सुवर्ण राशि लिएर ब्राह्मणहरूलाई बाँडी

दिए । उनीहरूले चार भाग लगाएर आपसमा बाँडे । यसरी पृथिवीको मूल्यका रूपमा सुन दिएर राजा युधिष्ठिर आफ्ना भाइहरू सहित प्रसन्न भए । उनीहरूको सारा पाप धोइयो । उनीहरूले स्वर्गमा अधिकार प्राप्त गरे । त्यो अनन्त सुवर्ण राशि पाएर पुरोहितहरूले ठूलो उत्साह र आनन्दका साथ ब्राह्मणहरूमा बाँडे । यज्ञशालामा रहेका जति सुन र अन्य धातुका गरगहना थिए तोरण, युप, भाँडा र इटा जो थिए ती सबै युधिष्ठिरको आज्ञा लिएर ब्राह्मणहरूले आपसमा बाँडे । ब्राह्मणहरूले लिएर पनि त्यहाँ जे जति धन बचेको थियो त्यो क्षत्रिय, वैश्य, शूद्र तथा म्लेच्छ जातिका मानिसहरूले लगे ।

त्यसपछि ब्राह्मणहरू प्रसन्नतापूर्वक आआफ्ना घर गए । बुद्धिमान् धर्मराज युधिष्ठिरले सबैलाई त्यो धनद्वारा पूर्णत: तृप्त गराइदिए । त्यो महान् सुवर्ण राशिबाट महातेजस्वी भगवान् व्यासले आफ्नो भागमा जो जति पाएका थिए त्यो उनले बडो आदरका साथ कुन्तीलाई दिए ।

ससुराका तर्फबाट प्रेमपूर्वक प्राप्त भएको त्यो धनबाट कुन्ती देवी मनैमन सारै खुसी भइन् । त्यही धनबाट उनले ठूला ठूला सामुहिक पुण्य कार्य गरिन् । यज्ञको अन्त्यमा अभबृथ स्नान गरेर पाप रहित भएका राजा युधिष्ठिर आफ्ना भाइहरूबाट सम्मानित भए । यसबाट उ यस्तो शोभा पाउन लागे जस्तो देवताहरूबाट पूजित देवराज इन्द्र शोभित हुनछन् ।

महाराज त्यहाँ आएका समस्त राजाहरूबाट घेरिएका पाण्डवहरू यस्तरि शोभित भएका थिए जसरी ताराहरूबाट घेरिएको ग्रह शोभित हुन्छ ।

त्यसपछि पाण्डवहरूले यज्ञमा आएका राजाहरूलाई पनि तरह तरहका रत्न, हात्ती, घोडा, गरगहना नारीहरू तथा वस्त्र भेटी चढाए । राजन् ! त्यति बेला अनन्त धनराशि भूपाल मण्डलमा बाँड्दा कुन्तीकुमार युधिष्ठिर कुबेर समान सुशोभित भएका थिए ।

त्यसपछि वीर राजा बभ्रुवाहनलाई बोलाएर राजाले धेरै धन दिइ बिदा गरे । भरतश्रेष्ठ ! आफ्नी बहिनी दु:शलाको प्रसन्नताका निमित्त बुद्धिमान् राजा युधिष्ठिरले उनका बालक नातिलाई पिताको राज्यमा अभिषिक्त गरिदिए ।

जितेन्द्रिय कुरुराज युधिष्ठिरले सबै राजाहरूलाई असल तथा तरह तरहका धन दिएर उनीहरूको विशेष मान सत्कार गर्दै बिदा गरी दिए ।

महाराज ! त्यसपछि महात्मा भगवान् श्रीकृष्ण, महाबली बलदेव तथा प्रद्युम्न आदि अन्यान्य हजारौं वृष्णि वीरहरूको विधिवत पूजा गर्दै भाइहरू सहित शत्रुदमन महातेजस्वी राजा युधिष्ठिरले सबैलाई बिदा गरे । यसरी धर्मराज युधिष्ठिरको त्यो यज्ञ पूर्ण भयो । त्यसमा रत्न, अन्न आदि धनको थुप्रै लागेको थियो । देवताहरूका मनमा अति सय कामना उत्पन्न गर्ने वस्तुहरूको सागरै लागेको थियो । कति यस्ता तलाउ थिए जसमा घिउको थिग्रो जमेको थियो । अन्नको त पहाडै थियो । भरतभूषण ! रसले भरिएको गाज रहित नदी बहदै थिए ।

पिपला र सुठो मिलाएर मूंगको जूष तयार गरिन्छ । त्यसलाई खाण्डव भनिन्छ । भक्ष भोज्य पदार्थ र खाण्डवराग कति बनाइयो र खाइयो, ख्वाइयो त्यस्तै कति पशु त्यहाँ बाँधिएका थिए यसको अत्तो पत्तो थिएन । त्यो यज्ञभित्र आउने सबै मान्छे मत्त, प्रमत्त र आनन्दविभोर भएका थिए । नारीहरू ठूलो प्रसन्नतापूर्वक त्यहाँ यता उति गरिरहेका हुन्थे । मृदङ्ग तथा शंखध्वनिबाट त्यो यज्ञशालाको मनोरमता अझै बढेको थियो । जसको जस्तो इच्छा हुन्थ्यो उही वस्तु दिइन्थ्यो । सबैको इच्छाअनुसार भोजन गराउने प्रबन्ध थियो । यो घोषणा प्रतिरात जारी हुन्थ्यो । बन्द हुँदैनथ्यो । हृष्टपुष्ट मानिसहरूले भरिएको त्यो यज्ञ महोत्सवको चर्चा नानादेशका निवासी धेरै दिनसम्म गर्दै रहे ।

वर्षित्वा धनधाराभिः कामै रत्नै रसैस्तथा ।
विपाप्मा भरतश्रेष्ठः कृतार्थः प्राविशत् पुरम् ।।

(भरतश्रेष्ठ ! राजा युधिष्ठिरले त्यो यज्ञमा धनको मुसलाधार वर्षा गरे । सबै प्रकारका कामना रत्न, र रसहरूको पनि बर्षा नै गरे । यसरी पाप रहित भएर उनी आफ्नो नगरमा प्रवेश गरेका हुन् ।)

अध्याय ७५

युधिष्ठिरको यज्ञको नेवलेद्वारा सिकायत

जनमेजयले सोधे–

पितामहस्य मे यज्ञे धर्मराजस्य धीमतः ।
यदाश्चर्यमभूत् किंचित् तद् भवान् वक्तुमर्हसि ।।

(ब्रह्मन् ! मेरा हजुरबा बुद्धिमान् धर्मराज युधिष्ठिरको यज्ञमा कुनै आश्चर्य जनक घटना पनि भएका थिए भने हजुरबाट त्यो बताउने कृपा रहोस् ।)

वैशम्पायनजीले भन्नुभयो– नृपश्रेष्ठ ! प्रभो ! युधिष्ठिरको त्यो महान् अश्वमेध यज्ञ जब पूरा भयो त्यो समयमा एउटा बडो उत्तम तर महा आश्चर्यमय घटना हुनगयो । त्यो भन्दछु सुन्नुहोस् । भरतश्रेष्ठ ! भारत ! त्यो यज्ञमा श्रेष्ठ ब्राह्मणहरू जात जातिवालाहरू, सम्बन्धितहरू बन्धुबान्धव तथा दीन दरिद्रहरू तृप्त भएपछि जब युधिष्ठिरको महादानको चारैतिरबाट हलचल भयो र धर्मराजका शिरमा फूलको वर्षा हुन थाल्यो त्यति बेला त्यहाँ एउटा नेवला देखापऱ्यो । अनव ! उसका आँखा नीला थिए र शरीरको एकातिरको भाग सुनको थियो । पृथिवीनाथ ! उसले आउनासाथ एक पटक भयङ्कर गर्जना गऱ्यो । दूलोमा बस्ने त्यो धृष्ट एवं भयङ्कर नेवलाले एक पटक यस्तो गर्जना गऱ्यो र समस्त मृग तथा पंक्षीहरूलाई भयभीत गरी दियो । अनि मान्छेका भाषामा भन्यो– "राजाहरू हो ! तिमीहरूको यो यज्ञ कुरुक्षेत्र निवासी उञ्छवृत्तिधारी उदार ब्राह्मणले गरेको सेरभरको सत्तु दान बराबर पनि भएको छैन । प्रजानाथ ! नेवलेको यो कुरा सुनेर समस्त श्रेष्ठ ब्राह्मणहरूमा ठूलो आश्चर्य हुनगयो । तब ती सबै ब्राह्मणहरूले घेरेर सोधे– "नकुल ! यो यज्ञमा ती साधु पुरुषहरूको समागम भएको छ। तिमी कहाँबाट आयौ ? तिमीमा

कस्तो बल छ र कस्तो शास्त्र ज्ञान छ ? तिमी कसको सहारामा रहन्छौ ? हामीलाई कसरी तिम्रो परिचय मिल्ला ? तिमी को हौ जो यो हाम्रो यज्ञको निन्दा गर्दै छौ ? हामीले नाना प्रकारका यज्ञ सामग्री जम्मा गरेर शास्त्रीय विधिको अवहेलना नहुने गरी यो यज्ञ पूर्ण गरेका हौं । यसमा शास्त्र संगत र न्याययुक्त प्रत्येक कर्तव्य कर्मको यथोचित पालना गरिएको छ । यसमा शास्त्रीय दृष्टिबाट पूजनीय पुरुषहरूको विधिवत पूजा गरिएको छ। मन्त्र पढेर अग्निमा आहुती पनि गरिएको छ। दिन योग्य वस्तुहरूलाई ईर्ष्यारहित भएर दान गरिएको छ। यहाँ नाना प्रकारका दानहरूबाट ब्राह्मणहरू, उत्तम युद्धद्वारा क्षत्रियहरू, श्राद्धद्वारा पितामहहरू, रक्षाद्वारा वैश्य, सम्पूर्ण कामनाहरूको पूर्ति गरेर स्त्रीहरू, दयाबाट शूद्रहरू दानबाट बचेका अन्य सामान दिएर अरू मानिसहरू तथा राजालाई शुद्ध वार्ताद्वारा ज्ञति एवं सम्बन्धीहरूलाई सन्तुष्ट गरिएको छ । यस प्रकार पवित्र हविष्यद्वारा देवताहरूको र रक्षाको भार ग्रहण गरेर शरणागतहरूलाई प्रसन्न गराइएको छ। यस्तो हुँदा हुँदै पनि तिमीले के देख्यौ र सुन्यौ ? जसबाट यो यज्ञप्रति आक्षेप लगाउँदै छौ ? यी ब्राह्मणहरूको नजिक यिनका इच्छा अनुसार सोधनी हुँदा तिमी सत्य सत्य भन किन तिम्रा कुरा विश्वसनीय हुन्छन् ? तिमी बुद्धिमान् देखिन्छौ र दिव्य रूप धारण गरेका छौ । अहिले तिम्रो यी ब्राह्मणहरूसँग समागम भएको छ। तसर्थ तिमीले हाम्रा प्रश्नहरूको जबाफ अवश्य दिनुपर्दछ ।

ती ब्राह्मणहरूले यसो भनेपछि नेवलेले हाँसेर भन्यो– विप्रवृन्द ! मैले तपाइँहरूसँग झुटो अथवा घमण्डले कुनै कुरा गरेको छैन । मैले जे भनेको छु नि ब्राह्मणहरू हो ! तपाइँहरूको यो यज्ञ उञ्छवृत्तिवाला ब्राह्मणद्वारा गरिएको सेरभर सत्तुदान बराबर पनि भएको छैन । यो यहाँहरूले ठीक ठीक सुन्नुभएको छ । श्रेष्ठ ब्राह्मणहरू हो ! यसको कारण तपाइँहरूलाई अवश्य बताउनुपर्दछ । अब म यथार्थ रूपबाट बताउँछु । हजुरहरू त्यो शान्त चित्त भएर सुन्नुहोस् ।

कुरुक्षेत्र निवासी उञ्छवृत्तिधारी दानी ब्राह्मणहरूका सम्बन्धमा मैले जो देखेको र अनुभव गरेको छु त्यो बडो उत्तम र अद्‌भुत छ । ब्राह्मणहरू हो ! त्यो दानको प्रभावबाट पत्नी, पुत्र र पुत्रवधु सहित ती द्विजश्रेष्ठले जसरी स्वर्गमा अधिकार पाए र त्यहाँ जसरी मेरो यो आधा शरीर सुवर्णमय बनाइदिए त्यो प्रसङ्ग बताउँछु ।

ब्राह्मणहरू हो ! कुरुक्षेत्र निवासी ब्राह्मणद्वारा दिइएको थोरै अन्नका दानाको जो उत्तम फल देखिएको छ त्यो म तपाइँहरूलाई सुनाउँछु । केही दिन पहिलेको कुरा हो धर्मक्षेत्र कुरुक्षेत्रमा जहाँ धेरै धर्मज्ञ महात्माहरू रहन्छन् त्यहाँ कुनै ब्राह्मण रहेका थिए । उ उञ्छवृत्तिबाट आफ्नो जीवन निर्वाह गर्ने गर्दथे । परेवाले जस्तै अन्नका दाना खोजेर ल्याउथे र त्यसैबाट परिवार पालन गर्दथे । उ आफ्नी स्त्री, छोरा र बुहारी सँगै बस्थे । तपस्यामा संलग्न हुन्थे । ब्राह्मण देवता शुद्ध आचार विचारमा रहने धर्मात्मा र जितेन्द्रिय थिए । ती उत्तम व्रतधारी बाहुन सधैं छैटौं कालमा अर्थात् तीन तीन दिनमा स्त्री पुत्र आदिसँग भोजन गर्ने गर्दथे । यदि कुनै दिन त्यो समयमा भोजन पाइएन भने दोस्रो छैटौं. काल नआउदासम्म पर्खेर ती द्विजश्रेष्ठ अन्न ग्रहण गर्दथे ।

ब्राह्मणहरू हो ! सुन्नुहोस् । एक पटक त्यहाँ सारै ठूलो अनिकाल पऱ्यो । ती दिनमा ती धर्मात्मा ब्राह्मणसँग अन्नको संग्रह त थिएन नै खेतको अन्न पनि सुकेको थियो । यस कारण उ निर्धन बनेका थिए । पटक पटक छैटौं काल आउँछ तर उनलाई भोजन मिल्दैन । अतः उनीहरू सबै भोक भोकै हुन्थे । एक दिन जेठको शुक्ल पक्षमा दिउसो त्यो परिवारका सबै उञ्छ ल्याउन गए । तपस्यामा लागेका ती ब्राह्मण देवता गर्मी र भोकले सताइएका थिए । भोक र परिश्रमबाट पीडित भएका तिनीहरूले उञ्छ पाएनन् । उनीहरूलाई अन्नको एक दाना पनि मिलेन । यस कारण परिवारका सबै सदस्यका साथ त्यसरी भोकले पीडित रहँदै उनले समय काटे । ती श्रेष्ठ ब्राह्मण ठूलो कष्टका साथ प्राणको रक्षा गर्दै थिए एक दिन फेरि छैटौं काल आउदाका निमित्त उनले एक सेर जौ उपार्जन गरे । ती तपस्वी ब्राह्मणले

त्यो जौको सात्तु तयार गरेर जप तथा नैतिक नियम पूर्ण गरेपछि विधिपूर्वक आहुति दिए। यसपछि सबै एक एक मुठी सात्तु बाँडेर खान तयार भए। उनीहरू खानमात्र बसेका थिए कुनै एक ब्राह्मण पाहुना बनेर त्यहाँ आए। ती पाहुना आएको देखेर मन मनै प्रसन्न भए। ती अतिथिलाई प्रणाम गरेर उनीहरूले उनको कुशल मंगल सोधे।

ब्राह्मण परिवारका सबै विशुद्ध चित्त, श्रद्धालु, मनलाई वशमा राख्ने, दोषदृष्टिबाट रहित, क्रोधहीन, सज्जन, इर्ष्यारहित र धर्मज्ञ थिए। ती श्रेष्ठ ब्राह्मणले अभिमान, मद र क्रोधलाई सर्वथा त्यागेका थिए। भोकले कष्ट पाएका ती अतिथि ब्राह्मणलाई आफ्नो ब्रह्मचर्य र परस्पर परिचय दिदै कुटीमा लगे। त्यसपछि त्यहाँ ती उञ्छवृत्तिवाला ब्राह्मणले भने– "भगवन्! अनघ! हजुरलाई यो अर्घ्य पाद्य र आसन तयार छ। यो तयार गरिएको परम पवित्र सात्तु हजुरमा प्रस्तुत छ।" द्विजश्रेष्ठ! मैले प्रसन्नतापूर्वक यो हजुरमा अर्पण गरें। हजुर स्वीकार गर्नुहोस्।

राजेन्द्र! ब्राह्मणका यस्ता कुरा सुन्ना साथ अतिथिले एक पाउ सात्तु लिएर खाए। तर त्यतिले उ तृप्त भएनन्। ती उञ्छवृत्तिवाला ब्राह्मणले देखे अतिथि ब्राह्मण त अझै भोका छन्। तब उ उनको आहारको चिन्तन गर्न लागे। यी ब्राह्मण कसरी सन्तुष्ट होलान् भन्ने चिन्ता गर्न लागे। यस्तैमा ब्राह्मणीले भनिन्– "नाथ! यो मेरो भाग यी अतिथिलाई दिनुहोस्। यसबाट यी ब्राह्मण देवता अघाएर यहाँबाट जालान्।"

आफ्नी पतिव्रता पत्नीका कुरा सुनेर ती ब्राह्मणले उनी पनि भोकै छन् भन्ने सोचेर त्यो सात्तु लिन चाहेनन्। ती विद्वान् ब्राह्मण शिरोमणिले आफ्नै अनुमानबाट जाने कि यी मेरी वृद्धा स्त्री आफै भोक पीडित छन्। थाकेकी छन् र अत्यन्त दुर्बल छन्। यी तपस्विनीका शरीरमा छालाले ढाकेको हड्डी मात्र छ र यी काम्दै छन्। त्यो देखेर उनले भने– "शोभने! आफ्नी स्त्रीको पालन पोषण र रक्षा गर्नु कीट पतङ्ग तथा पशुको पनि कर्तव्य हुन्छ। त्यसैले

तिमीले यस्ता कुरा नगर । जो पुरुष भएर पनि स्त्रीद्वारा आफ्नो पालन, पोषण र संरक्षण गराउँछ त्यो मान्छे दयाको पात्र हो । उ उज्वल कीर्तिबाट भ्रष्ट हुन्छ र उसलाई उत्तम लोकको प्राप्ति हुँदैन । धर्म, काम र अर्थ सम्बन्धी कार्य सेवा सुश्रुषा तथा वंश परम्पराको रक्षा यी सबै स्त्रीका नै अधीन हुन्छन् । पितृ तथा आफ्नो धर्म पनि पत्नी मा नै आश्रित हुन्छ ।

न वेत्ति कर्मतो भार्यारक्षणे यो क्षमः पुमान् ।
अयशो महदाप्नोति नरकांश्चैव गच्छति ॥

(जुन पुरुष स्त्रीको रक्षा गर्नु आफ्नो कर्तव्य मान्दैन अथवा जो स्त्रीको रक्षा गर्न असमर्थ हुन्छ त्यो संसारमा महान् अपयशको भागी हुन्छ । र परलोकमा पुग्दा पनि नरकवासमा गिर्न पर्दछ ।)

पतिले यसो भनेपछि ब्राह्मणी बोलिन्– ब्रह्मन् ! हामी दुवैको धर्म र अर्थ समान हो । यस कारण हजुर मसँग प्रसन्न हुनुहोस् र मेरो भागको यो पाउभर सात्तु लिनुहोस् । लिएर अतिथिलाई दिनुहोस् । द्विजश्रेष्ठ ! स्त्रीहरूको सत्य धर्म, रति, आफ्नो गुणबाट मिलेको स्वर्ग तथा सारा अभिलाषा पतिको अधीनमा हुन्छ । माताको रज र पिताको बिर्य यी दुवै मिलेर नै वंश परम्परा चल्दछ । स्त्रीका निमित्त पति नै सबैभन्दा ठूला देवता हुन्छन् । नारीहरूलाई जो रति र पुत्र रूप फल प्राप्त हुन्छ त्यो पति कै प्रसाद हो । हजुर मेरो पालन तालन गर्नुहुन्छ । यस कारण मेरा पति हुनुहुन्छ । भरण पोषण गर्नाले भर्ता र पुत्र प्रदान गर्नाले वरदाता हुनुहुन्छ । यस कारण मेरो भागको सात्तु अतिथिलाई प्रदान गर्नुहोस् । तपाइँ पनि त वृद्ध हुनुहुन्छ र कमजोर हुनुहुन्छ । भोकाउनुभएको छ । अत्यन्त दुर्बल हुनुहुन्छ उपवासबाट थाक्नुभएको र दुब्लो हुनुभएको छ । यसो भए पनि तपाइँ जसरी भोकरूपी कष्ट सहनु हुन्छ त्यसै गरी म पनि सहुला ।

पत्नीले यसो भनेपछि ब्राह्मणले सात्तु लिएर अतिथिसँग भने– साधु पुरुषहरूमा श्रेष्ठ ब्राह्मण ! हजुर यो सात्तु पनि ग्रहण गर्नुहोस् ।

अतिथि ब्राह्मणले त्यो सात्तु पनि लिएर खाए । तर पनि सन्तुष्ट भएनन् । यस्तो देखेर उञ्छवृत्तिवाला ब्राह्मण बढी चिन्तित भए । यस्तैमा छोराले भने– सत्पुरुषहरूमा श्रेष्ठ पिताजी ! हजुर मेरो भागको यो सात्तु लिर ब्राह्मणलाई दिनुहोस् । म यसैमा पुण्य मान्दछु । त्यसैले यसो भनेको हुँ । मैले सदा यत्नपूर्वक हजुरको पालन गर्नु छ । किनभने साधु पुरुष सदा यस्तै अभिलाषा राख्छन् कि म आफ्ना वृद्ध पिताको पालन पोषण गरुँ । पुत्र हुनाको फल हो कि उ वृद्धावस्थामा पिताको रक्षा गरोस् । ब्रह्मर्षे ! तीनै लोकमा यो सनातन श्रुति प्रसिद्ध छ । प्राणाधारबाट मात्र हजुर तपस्या गर्न सक्नु हुन्छ । देहधारीहरूको शरीरमा रहेको प्राण नै परम धर्म हो ।

पिताले भने– छोरा ! तिमी हजार वर्षका होउ । त्यसो भए पनि हाम्रा निमित्त बालक नै छौ । पिता पुत्रलाई जन्म दिएर नै उबाट आफूलाई कृत कृत्य मान्छ । सामर्थ्यशाली पुत्र ! म यो कुरो राम्रैसँग जान्दछु कि बच्चाको भोक बढी बलवान हुन्छ । म बूढो हुँ । भोकै बसेर पनि प्राण धान्न सक्छु । तिमी यो सात्तु खाएर बलवान होउ । आफ्नु प्राणको रक्षा गर । बाबु छोरा ! जीर्ण अवस्था भएका कारण मलाई भोकले बढी सताउँदैन । यो बाहेक म दीर्घ काल तक तपस्या गरिसकेको छु । यस कारण अब मलाई मर्नमा डर छैन ।

छोराले भने– तात ! म तपाइँको छोरो हुँ । पुरुषको त्राण रक्षा गर्ने भएकै कारण सन्तानलाई पुत्र भनिएको हो । यो बाहेक पुत्र पिताकै आत्मा मानिएको छ । त्यस कारण हजुर आफ्नो आत्मास्वरूप पुत्रद्वारा आफ्नो रक्षा गर्नुहोस् ।

पिताले भने– बाबु छोरा ! तिमी रूप, शील तथा इन्द्रिय संयमद्वारा म जस्तैछौ । तिम्रो यो रूपको मैले धेरै पटक परीक्षण गरिसकेको छु । त्यस कारण म तिम्रो भागको सात्तु लिन्छु । यति भनेर श्रेष्ठ ब्राह्मणले प्रसन्नता पूर्वक त्यो सात्तु लिएर हाँस्तै ती अतिथि ब्राह्मणलाई दिए । त्यो सात्तु खाएपछि पनि अतिथि ब्राह्मणको पेट भरिएन । यस्तो देखेर उञ्छवृत्तिधारी धर्मात्मा

ब्राह्मण ठूलो शङ्कोचमा परे । उनकी बुहारी पनि ठूली सुशीला थिइन् । ती ब्राह्मणको भलो गर्ने उद्देश्यले उनी नजिक गएर ठूलो खुसीका साथ आफ्ना ससुरासँग भनिन्– विप्रवर ! हजुरका सन्तानबाट मलाई सन्तान प्राप्त होला । त्यस कारण हजुर मेरा परम पूज्य हुनुहुन्छ । मेरा भागको यो सात्तु लिनुहोस् र अतिथिदेवलाई अर्पण गर्नुहोस् । हजुरको कृपाबाट मलाई अक्षय लोक मिल्यो । पुत्रद्वारा मान्छे त्यो लोकमा जान्छ । जहाँ पुगेर उ कहिल्यै शोकमा पर्दैन । जसरी धर्म तथा उसबाट संयुक्त अर्थ र काम यी तीनै स्वर्ग प्राप्ति गराउनेवाला त्यस्तै आहवनीय, गार्हपत्य र दक्षिणाग्नि यी तीन स्वर्गका साधन हुन् । त्यसै गरी बाबु, छोरा, नाति र पनाति यी त्रिविध सन्तान मान्छेलाई अक्षय स्वर्ग पुऱ्याउने वाला हुन् । हामीले सुनेका छौं पुत्र पितालाई पितृ ऋणबाट छुट्कारा दिलाउँछन् । छोरा र नातिद्वारा मान्छे निश्चय पनि श्रेष्ठ लोकमा जान्छ ।

ससुराले भने– बुहारी ! हावा र गर्मीका कारण तिम्रो शरीर सुख्खा भएको छ । तिम्रो अनुहार फिक्का छ । उत्तम व्रत र आचार पालन गर्ने बुहारी ! तिमी सारै दुर्बल छौ । भोक कष्टबाट तिम्रो चित्त अत्यन्त व्याकुल भएको छ । तिमीलाई यस्तो अवस्थामा देख्दा देख्दै म तिम्रो भागको सात्तु कसरी लिउँ ? यसो गरें भने म धर्मलाई हानि पुऱ्याउने हुनेछु । यस कारण कल्याणमय आचरण गर्ने भएकी कल्याणी ! तिमीले यस्तो कुरा गर्न हुँदैन । तिमी प्रतिदिन शौच, सदाचार र तपस्यामा संलग्न रहेर छैटौं कालमा भोजन गर्ने व्रत लिएकी छौ । शुभे ! बडो कठिनाइबाट तिम्रो जीविका चल्दैछ । आज सात्तु लिएर तिमीलाई निराहार कसरी देख्न सकुँला ? एक त तिमी अझै बालिका छौ दोस्रो भोकबाट पीडित छौ तेस्रो नारी हौ र चौथो उपवास गर्दा गर्दा अत्यन्त दुब्ली भएकी छौ । अत: मैले सदा तिम्रो रक्षा गर्नुपर्दछ । किनभने तिमी आफ्नो सेवाद्वारा परिवारलाई आनन्दित गर्ने वाली हौ ।

बुहारीले भनिन्– भगवन् ! हजुर मेरा गुरुका पनि गुरु हुनुहुन्छ । देवताका पनि देवता र सामान्य देवताभन्दा पनि अति सय उत्कृष्ट देवता हुनुहुन्छ ।

यस कारण मलाई दिएको यो सात्तु स्वीकार गर्नुहोस् । मेरो यो शरीर प्राण र धर्म सबै ठूलाका सेवाका लागि हो । विप्रवर ! हजुरको सुखबाट मलाई उत्तम लोक प्राप्त हुन् सक्छ । यस कारण हजुर मलाई आफ्नी प्रिय भक्त, रक्षणीय र विचारणीय सम्झेर अतिथिलाई दिनका निमित्त यो सात्तु स्वीकार गर्नुहोस् ।

ससुराले भने– तिमी सती साध्वी नारी हौ र सधैं यस्तै शील एवं सदाचार पालना गर्नमा तिम्रो शोभा छ । तिमी धर्म तथा व्रतको आचरण गर्ना मै संलग्न भएर सर्वदा गुरुजनको सेवामा नै दृष्टि राख्ने गर्छ्यौ । यसैले बुहारी ! म तिमीलाई पुण्यबाट वञ्चित हुन लगाउन्न । धर्मात्मामा श्रेष्ठ महाभागे ! पुणत्माहरूमा तिम्रो गिन्ती गरेर म तिम्रो दिएको सात्तु अवश्य स्वीकार गर्नेछु ।

यसो भन्दै ब्राह्मणले उनका हिस्साको सात्तु पनि लिएर पाहुनालाई दिए । यसैबाट ती ब्राह्मण उञ्छवृत्तिधारी साधु महात्मासँग बहुत सन्तुष्ट भए । वास्तवमा ती ठूला बाहुनका रूपमा मानव विग्रह धारी साक्षात् धर्म नै त्यहाँ आएका थिए । ती प्रवचन कुशल धर्म सन्तुष्ट चित्त भएर ती उञ्छवृत्तिधारी ब्राह्मणसँग यसरी बोले :-

द्विजश्रेष्ठ ! तिमीले आफ्नो शक्ति अनुसार धर्मपूर्वक जो न्यायोपार्जित शुद्ध अन्नको दान दियौ त्यसबाट तिमीसित म बहुत प्रसन्न भएको छु । अहो ! स्वर्गलोकमा निवास गर्ने देवता पनि उहाँ तिम्रो दानको प्रशंसा र घोषणा गर्नेछन् । हेर त ! आकाशबाट पृथिवीमा फूलको वर्षा भैरहेको छ । देवर्षि देवता,गन्धर्व तथा अरू पनि जो देवताका अग्रणि पुरुष छन् ती र देवदूत गण तिम्रो दानबाट बिस्मित भै तिम्रो स्तुति गर्नेछन् । द्विजश्रेष्ठ ! ब्रह्मलोकमा विचरण गर्ने जो ब्रह्मर्षिगण विमानमा रहन्छन् ती पनि तिम्रो दर्शनको इच्छा गर्दै छन् । यसैले तिमी स्वर्गलोकमा हिंड ।

तिमीले पितृलोकमा गएका आफ्ना समस्त पितृको उद्धार गर्‍यौ । अनेक युगतक भविष्यमा हुने जो सन्तान हुन्छन् ती पनि तिम्रो पुण्यप्रतापबाट तर्नेछन् । त्यस कारण ब्राह्मण ! तिमी आफ्नै ब्रहमचर्य, दान, यज्ञ, तप तथा

संस्कार रहित धर्मका प्रभावबाट स्वर्गलोकमा जाउ । उत्तम व्रतको पालन गर्ने ब्राह्मणशिरोमणि ! तिमी उत्तम श्रद्धाका साथ तपस्या गर्दछौ । त्यसैले देवता तिम्रो दानबाट अत्यन्त सन्तुष्ट छन् । यो प्राण सङ्कटको समयमा पनि यो सबै सात्तु तिमीले शुद्ध हृदयबाट दान गऱ्यौ । यसैले यो पुण्य कर्मको प्रभावबाट स्वर्गलोकमा विजय प्राप्त गरेका छौ । भोक मान्छेको बुद्धिलाई चौपट बनाइदिन्छ । धार्मिक विचार नष्ट गराउँछ । भोकबाट ज्ञान लुप्त हुने हुनाले मान्छे धैर्य गुमाउँछ । जो भोकलाई जित्छ उ निश्चय स्वर्गमा विजय प्राप्त गर्दछ जब मान्छेमा दान विषयक रुचि जाग्रत हुन्छ तब उसको धर्मको हानि हुँदैन । तिमीले पत्नीव्रत र पुत्रको स्नेहमा पनि दृष्टिपात नगरी धर्मलाई नै श्रेष्ठ मान्यौ र त्यसका अगाडि भोक प्यासलाई पनि कुनै महत्त्व दिएनौ । मान्छेका निमित्त सबैभन्दा पहिले न्यायपूर्वक धर्मप्राप्तिको उपाय जान्नु नै सूक्ष्म विषय हो । त्यो धन सत्पात्रको सेवामा अर्पण गर्नु बढी उत्तम हो । साधारण समयमा दान दिनुको अपेक्षा उत्तम समयमा दान दिनु अझै उत्तम हो । तर श्रद्धाको महत्त्व कालभन्दा पनि ठूलो हो । स्वर्गको ढोका अत्यन्त सूक्ष्म छ । मान्छे मोहका कारण त्यो देख्दैन । त्यो स्वर्गद्वारको जुन किल्ला छ त्यो लोभरूपी विजबाट बनेको छ । त्यो द्वार रागबाट ढाकिएको छ । यसैले त्यहाँ भित्र प्रवेश गर्न सारै कठिन हुन्छ । जसले क्रोधलाई जितेको छ इन्द्रियलाई वशमा गरिसकेको छ त्यो यथा शक्ति दान दिने मनुष्यमा यदि एक हजार दिने शक्ति छ त उ सय दान गरोस् । सय दिन सक्नेले दश दान गरोस् । त्यस्तै जोसँग केही छैन उ यदि आफ्नो शक्ति अनुसार जल नै दान गरोस् । यी सबैको फल बराबर मानिएको छ ।

विप्रवर ! भनिएको छ रन्तिदेवसँग जब केही पनि रहेको थिएन तब उनले शुद्ध हृदयबाट केवल जल दान गरे । यसैले स्वर्गलोकमा गए । तात ! अन्यायपूर्वक प्राप्त भएको धनद्वारा महान् फल दिने ठूला ठूला दान गरेर धर्ममा त्यति प्रसन्नता हुँदैन । जति न्यायोपार्जित थोरै अन्नको पनि श्रद्धापूर्वक दान गरिएबाट उनमा प्रसन्नता हुन्छ । राजा नृगले ब्राह्मणलाई हजारौं गाई

दान दिएका थिए तर एउटै गाई दुइपटक दान गरिएकाले अन्यायत: प्राप्त द्रव्यदान गरेका कारण उनलाई नरकमा जानपऱ्यो ।

उसिनरका छोरा उत्तम व्रतको पालन गर्नेवाला राजा शिवि श्रद्धापूर्वक आफ्नो शरीरको मासु दिएर पनि पुण्यात्माहरूको लोकमा अर्थात् स्वर्गलोकमा आनन्द भोग्छन् । विप्रवर ! मनुष्यका निमित्त धन नै पुण्यको कारण होइन । साधु पुरुष आफ्नो शक्ति अनुसार सुगमतापूर्वक पुण्य आर्जन गर्दछन् । न्यायपूर्वक सञ्चित गरिएको अन्नका दानाबाट जस्तो उत्तम फल प्राप्त हुन्छ त्यस्तो नाना प्रकारका यज्ञहरूको अनुष्ठान गरेर पनि सुलभ हुँदैन । मनुष्य क्रोधबाट आफ्नो दान फल नष्ट गर्न पुग्छ । लोभका कारण उ स्वर्गमा जान पाउँदैन । न्यायोपार्जित धनबाट जीवन निर्वाह गर्ने र दानको महत्त्व जान्ने पुरुष दान एवं तपस्याद्वारा स्वर्गलोक प्राप्त गर्दछन् ।

तिमीले यो जुन दान जनित फल प्राप्त गरेका छौ यसको बराबर प्रचुर दक्षिणावाला धेरै राजसूय यज्ञ र अनेक अश्वमेध यज्ञद्वारा पनि हुन सक्तैन । तिमीले सेरभर सात्तु दान गरेर अक्षय ब्रह्मलोक जितेका छौ । विप्रवर ! अब तिमी सुखका साथ रजोगुण रहित ब्रह्मलोकमा जाउ । द्विजश्रेष्ठ ! तिमीहरू सबैका निमित्त यो दिव्य विमान हाजिर छ । मलाई हेर म धर्म हुँ । तिमीहरू सबै आफ्नो इच्छा अनुसार यो विमानमा चढ । तिमीले आफ्नो यो शरीरको उद्धार गऱ्यौ । यो लोकमा पनि तिम्रो कीर्ति अविचल बनिरहनेछ । तिमी पत्नी, पुत्र र पुत्रवधुका साथ स्वर्गलोकमा जाउ ।

धर्मले यसो भनेपछि उञ्छवृत्तिवाला ब्राह्मणदेवता आफ्नी पत्नी, पुत्र र पुत्रवधुका साथ विमानमा चढेर स्वर्ग गए । स्त्री, पुत्र र पुत्रवधुका साथ ती धर्मज्ञ ब्राह्मण जब स्वर्गलोक गए तब म आफ्नो दूलोबाट बाहिर निस्कें । त्यसपछि सात्तुको गन्ध सुँघेबाट, त्यहाँ झरेको पानीको थोपाको सम्पर्क, यहाँ झरेका फूलको स्पर्श र ती महात्मा ब्राह्मणले दान गर्दा खसेका अन्नका कणमा मन लगाएबाट तथा ती उञ्छवृत्तिधारी ब्राह्मणका तपस्याका प्रभावले मेरो टाउको सुनको भएको हो । विप्रवरहरू ! ती सत्यप्रतिज्ञ ब्राह्मणको सात्तु

दानबाट मेरो यो आधा शरीर पनि सुवर्णमय भयो । ती विद्वान् ब्राह्मणको तपस्याबाट मलाई यो जो महान् फल प्राप्त भएको छ यसलाई तपाइँहरू आफ्नै आँखाबाट हेर्नुहोस् । अब म यो चिन्तामा परें कि मेरो शरीरको दोस्रो भाग पनि कसरी यस्तो हुन सक्छ । यही उद्देश्यबाट म बडो हर्ष र उत्साहका साथ बारम्बार अनेकानेक तपोबन र यज्ञस्थलमा जाने आउने गर्दछु । परम बुद्धिमान् कुरुराज युधिष्ठिरको यो यज्ञको ठूलो स्वर सुनेर म ठूलो आशाले यहाँ आएको थिएँ । तर मेरो शरीर सुनको हुन सकेन ।

ब्राह्मण शिरोमणिहरू हो ! यसै कारण मैले हाँस्दै भनेको थिएँ यो ब्राह्मणले दिएको सेर भर सात्तु बराबर पनि भएन । किनभने त्यति बेला सेरभर सात्तुबाट चुहेका केही कणका प्रभावबाट मेरो आधा शरीर सुवर्णमय भएको थियो । तर यो महान् यज्ञले पनि मलाई त्यस्तो बनाउन सकेन । यस कारण मेरो विचारमा यो यज्ञ त्यो सेरभर सात्तुको कँण जति पनि भएन ।

वैशम्पायनजी भन्नुहुन्छ– जनमेजय ! यज्ञस्थलमा ती समस्त श्रेष्ठ ब्राह्मणहरूसँग यस्तो भनेर त्यो नेवला त्यहाँबाट गायव भयो । र ती ब्राह्मणहरू पनि आआफ्ना घर गए ।

शत्रुदेशमा विजय पाउने जनमेजय ! उहाँ अश्वमेध नामक महायज्ञमा आश्चर्यमय घटना घटित भयो त्यो सबै प्रसङ्ग मैले तिमीलाई बताइदिएँ । नरेश्वर ! त्यो यज्ञका सम्बन्धमा यस्तो घटना सुनेर तिमीले कुनै पनि खालको विस्मात गर्न हुँदैन सहस्रकोटी यस्ता ऋषिहरू छन् जो यज्ञ नगरेरै केवल तपस्याका बलबाट दिव्यलोक प्राप्त गरेका छन् । कुनै पनि प्राणीसँग द्रोह नगर्ने, मनमा सन्तोष राख्ने शील र सदाचारको पालन गर्ने सबैसँग सरलतापूर्वक व्यवहार गर्ने तपस्या गर्ने मन र इन्द्रियलाई संयममा राख्ने सत्य बोल्ने र न्यायोपार्जित वस्तु श्रद्धापूर्वक दान गर्ने यी मध्ये एक एक गुण ठूला ठूला यज्ञ बराबर छन् ।

अध्याय ७६

हिंसामिश्रित कार्यको निन्दा

जनमेजयले भने– प्रभो ! राजाहरू यज्ञ गर्दछन् । महर्षिहरू तपस्यामा र ब्राह्मणहरू शान्तिमा स्थित रहन्छन् । मनको निग्रह हुँदा इन्द्रिय संयम स्वतः हुन्छ । यस कारण यज्ञफलको समानता गर्ने कुनै कर्म मैले यहाँ देखेको छैन । यसका सम्बन्धमा मेरो त यस्तो विचार छ यही ठीक छ । यज्ञको अनुष्ठान गरेर धेरै राजा र श्रेष्ठ ब्राह्मण यो लोकमा उत्तम कीर्ति पाएर मृत्युपछि स्वर्गलोकमा गएका छन् । सहस्र नेत्रधारी महातेजस्वी देवराज भगवान् इन्द्रले धेरै दक्षिणा वाला धेरै यज्ञको अनुष्ठान गरेर देवताहरूको समस्त साम्राज्य प्राप्त गरेका थिए । भीम र अर्जुनलाई अगाडि राखेर राजा युधिष्ठिर पनि समृद्धि र पराक्रमी दृष्टिबाट देवराज इन्द्र समान नै भएका थिए । यसो भए पनि त्यो नेवलेले महात्मा राजा युधिष्ठिरलाई र त्यो अश्वमेध नामक यज्ञको किन निन्दा गरे ?

वैशम्पायनजीले भन्नुभयो– नरेश्वर ! भरतनन्दन ! म यज्ञको श्रेष्ठ विधि र फलको यहाँ यथार्थ वर्णन गर्दछु । तिमी मेरा भनाइ सुन । राजन् ! प्राचीन कालको कुरा हो जब इन्द्रको यज्ञ भैरहेको थियो र सबै महर्षि मन्त्रोच्चारण गरिरहेका थिए पुरोहितहरू आआफ्ना काममा थिए यज्ञको काम ठूलो समारोह र विस्तारका साथ चलिरहेको थियो उत्तम गुणबाट युक्त आहुतिहरू अग्निमा हवन गरिरहिएको थियो ठूला ठूला महर्षिहरू थिए ब्राह्मणहरू ठूलो प्रसन्नताका साथ वेदोक्त मन्त्रहरू उत्तम स्वरबाट पाठ गरिरहेका थिए र शीघ्रकारी उत्तम अधर्युगण बिना कुनै थकावट आफ्नो कर्तव्य पालन गरिरहेका थिए । यस्तैमा पशुहरू आलभन गर्ने समय आयो । महाराज ! जब पशु पक्डियो तब महर्षिहरूमा दयाभाव जाग्यो ।

ती पशुहरूको दयनीय अवस्था देखेका ती तपोधन ऋषिहरू इन्द्रसँग गएर बोले-यो जुन यज्ञमा पशु वधको विधान छ यो शुभकारक होइन। पुरन्दर ! हजुर महान् धर्मको इच्छा गर्नुहुन्छ। यसो भए पनि पशुवधका निमित्त उद्यत हुनुहुन्छ। यो हजुरको अज्ञान हो। किनभने यज्ञमा पशु मार्ने विधान शास्त्रमा देखिएको छैन। प्रभो ! हजुरले जुन यज्ञको शुभारम्भ गर्नुभएको छ यो धर्मकै हानिकारक भयो। यो यज्ञ धर्मानुकुल भएन। किनभने हिंसालाई कहीं पनि धर्म मानिएको छैन। यदि हजुरको इच्छा हुन्छ भने ब्राह्मणहरू शास्त्र अनुसार नै यो यज्ञको अनुष्ठान गर्नेछन्। शास्त्रको विधि अनुसार नै यज्ञ गरेमा हजुरलाई पनि महान् धर्म प्राप्त हुनेछ। सहस्र नेत्रधारी इन्द्र ! हजुर तीन वर्ष पुरानु अन्नविज जौ, गहुँ आदि अन्नबाट यज्ञ गर्नुहोस्। यही महान् धर्म हो र महान् गुणकारक तथा फलदायी पनि हो।

तत्त्वदर्शी ऋषिहरूले भनेका ती वचन इन्द्रले अभिमानवश स्वीकारेनन। उ मोहको वशमा थिए। इन्द्रको त्यो यज्ञमा आएका तपस्वहिरूमा यो प्रश्नलाई लिएर ठूलो विवाद खडाभयो। भारत ! एक पक्ष भन्थ्यो पशुआदिद्वारा यज्ञ हुनुपर्दछ। दोस्रो पक्षको भनाइ रहेको थियो अन्न फल रस आदिद्वारा पूजा गरिनु उत्तम हो।

भरतनन्दन ! ती तत्त्वदर्शी ऋषिहरू जब यो विवादबाट खिन्न भए तब इन्द्रसँग सल्लाह लिएर राजा उपरिचरवसुसँग सोध्न गए। उनीहरूले भने– "महामते ! हामी धर्म विषयक सन्देहमा पऱ्यौं। हजुरले हामीलाई सत्य कुरा बताइ दिनुहोस्। महाभाग नृपश्रेष्ठ ! यज्ञ विषयमा शास्त्रको मत के छ ? मुख्य मुख्य पशुद्वारा यज्ञ गर्ने कि अन्न तथा रसबाट ?"

यो सुनेपछि राजा वसुले दुवै पक्षका भनाइमा कति सार छ या असार छ यसको विचार नगरी भनिदिए– "जहाँ जुनवस्तु मिल्छ त्यसैबाट यज्ञ गरिनुपर्दछ।"

यस्तो असत्य निर्णय दिएका कारण चेदिराज वसुलाई रसातलमा जानुपऱ्यो ।

यस कारण कुनै सन्देह उपस्थित भएपछि स्वयंभू भगवान् प्रजापति बाहेक अरू कुनै जान्ने पुरुषले एक्लै कुनै निर्णय दिन हुँदैन । त्यो अशुद्ध बुद्धि भएको पापी पुरुषले दिएको दान जति सुकै बढी भए पनि त्यो सबै अनाहत भएर नष्ट हुन्छ । अधर्ममा प्रवृत्त दुर्बुद्धि दुरात्मा हिंसक मान्छे जो दान दिन्छ त्यसबाट यो लोकमा या परलोकमा उसको कीर्ति हुँदैन । जो मूर्ख अन्यायोपार्जित धन जम्मा गरेर धर्मका विषयमा संशय राख्दै पुजाआजा गर्दछ त्यसबाट धर्मको फल मिल्दैन । जो धर्मध्वजी पापात्मा र नराधम छ उ लोकमा आफ्नो विश्वास जमाउनका निमित्त ब्राह्मणहरूलाई दान दिन्छ धर्मका निमित्त होइन । जुन ब्राह्मण पाप कर्मबाट धन पाएर उँछृङ्खल भइ राग र मोहमा वशीभूत हुन्छ त्यो अन्त्यमा कलुषित गतिमा पुग्दछ । उ लोभ एवं मोहका वशमा परेर संग्रह गर्ने बुद्धि अपनाउँछ । कृपणतापूर्वक पैसा बोटल्ने विचार राख्छ । त्यसपछि बुद्धिलाई नष्ट गराउने पापाचारद्वारा प्राणीहरूलाई उद्वेगमा हालि दिन्छ । यसरी जो मोहवश अन्यत्रबाट धन उपार्जन गर्दछ त्यसैबाट दान वा यज्ञ गर्दछ । त्यसले मरेपछि पनि त्यसको फल पाउँदैन किनभने त्यो धन पाप कर्मबाटै मिलेको हो । त्यसकारण धनी धर्मात्मा पुरुष शिला खोजिएको अन्नफलबाट र जलमात्र नै पनि आफ्नो शक्ति अनुसार दान गरेर स्वर्गलोकमा जान्छन् । अग्निबाट तातेको सुन समान शुद्ध भएर स्वर्गलोकमा जान्छन् । यही धर्म हो, यही महान् योग हो । दान, प्राणीहरूमा दया, ब्रह्मचर्य, सत्य, करुणा, धृति र क्षमा, यी सनातन धर्मका मुहान् हुन् । सुनिएको हो– पूर्वकालमा विश्वामित्र आदि नरेशले यसैप्रकार सिद्धि प्राप्त गरेका थिए ।

विश्वामित्र, असित, राजा जनक, कक्षसेन, आष्ट्रिर्षेण र सिन्धुदीप तथा अन्य वहुत राजा तथा तपस्वी न्यायोपार्जित धन दान र सत्य भाषणद्वारा परम्सिद्धि पाएका हुन् ।

भरत नन्दन ! ब्राह्मण, क्षत्रीय, वैश्य र शूद्र जो पनि तपस्याको आश्रय लिन्छन्, ती दान धर्मरूपी अग्निबाट तातेर सुवर्णसमान शुद्ध भई स्वर्गलोकमा जान्छन् ।

ब्राह्मणः क्षत्रीय वैश्या शूद्राय ये चाश्रितास्तपः ।
दानधर्माग्निना शुद्धास्ते स्वर्गे यान्ति भारत ।।

अध्याय ७७

महर्षि अगस्त्यको यज्ञको कथा

जनमेजयले भने– धर्मद्वारा प्राप्त भएको धनको दान गरेबाट यदि स्वर्ग मिल्छ त यी सबै विषय मलाई स्पष्ट रूपबाट बताइदिनुहोस् । किनभने हजुर प्रवचन कुशल हुनुहुन्छ । ब्रह्मन् ! उञ्छवृत्ति धारण गर्ने ब्राह्मणलाई न्यायतः प्राप्त सात्तुको दानबाट जुन महान् फल प्राप्त भयो त्यो हजुरले मसँग वर्णन गर्नु भयो । निसन्देह यो ठीक छ । तर सबै यज्ञमा यो उत्तम विषय कसरी कार्यान्वयन गर्न सकिन्छ ? द्विजश्रेष्ठ ! यस विषयलाई मबाट पूर्ण प्रतिपादन गराउनुहोस् ।

वैशम्पायनजी भन्नुहुन्छ– राजन् ! यस विषयमा पहिले अगस्त्यमुनिको महान् यज्ञमा जो घटना भएको थियो त्यो प्राचीन इतिहासको जानकार मानिस उदाहरण दिन्छन् । महाराज ! पहिलेको कुरा हो सम्पूर्ण प्राणीहरूको हितमा रत रहने महातेजस्वी अगस्त्यमुनिले एक पटक बाह्र वर्षमा समाप्त हुने यज्ञको दीक्षा लिए । ती महात्मा यज्ञको अग्नि समान तेजस्वी होता थिए । उनीकहाँ फल मूलको आहार गर्ने अश्मकुट्, मरिचिप, परिपृष्टिक, बैघसिक, र प्रसंख्यान आदि अनेक प्रकारका यति तथा भिक्षु उपस्थित थिए । ती सबै प्रत्यक्ष धर्मको पालन गर्ने क्रोध विजयी, जितेन्द्रिय, मनोनिग्रह परायण हिंसा

र दम्भ रहित सदा शुद्ध सदाचारमा स्थितरहने थिए उनीहरूलाई कुनै पनि इन्द्रियले कहिल्यै बाधा नपार्ने थिए । यस्ता यस्ता महर्षि त्यो यज्ञ गराउन त्यहाँ उपस्थित थिए ।

भगवान् अगस्त्यमुनिले त्यो यज्ञका निम्ति यथा शक्ति शुद्ध अन्नको व्यवस्था गरेका थिए । त्यो बेला त्यस यज्ञमा त्यही भयो जो उनी योग्य थियो । उनी बाहेक अरू अनेक मुनिहरूले ठूला ठूला यज्ञ गरेका थिए । भरतश्रेष्ठ ! महर्षि अगस्त्यको यस्तो यज्ञ जब चालु भयो तब देवराज इन्द्रले त्यहाँ वर्षा बन्द गरिदिए ।

राजन् ! तब यज्ञकर्मका बीचमा समय पाउनासाथ जब विशुद्ध अन्तरकरणवाला मुनि एब आपसमा मिलेर एक ठाउँमा बसे । तब उनीहरूमा महात्मा अगस्त्यजीका सम्बन्धमा यस्तो चर्चा हुन थाल्यो ।

महर्षिहरू हो ! सुप्रसिद्ध अगस्त्यमुनि हाम्रा यजमान हुन् । उ ईर्ष्यारहित भएर सबैलाई अन्न दिन्छन् । तर यता मेघ जल वर्षा गरिरहेको छैन । यस्तो भएपछि भविष्यमा कसरी अन्न पैदा होला ? ब्राह्मणहरू हो ! मुनिको महान् सत्र बाह्र वर्षसम्म चालु रहने हो । तर इन्द्रदेव यी बाह्र वर्ष वर्षा नगर्ने भएका छन् । यो सोचेर हजुरहरू यी अत्यन्त ठूला तपस्वी अगस्त्यप्रति अनुग्रह गर्नुहोस् जसबाट यिनको यज्ञ निर्बिघ्न रूपमा पूरा होस् ।

उनीहरूले यसो भनेपछि प्रतापी अगस्त्य ती मुनिहरूलाई प्रणाम गर्दै उनीहरूलाई खुसी बनाउँदै यसरी बोले ।

यदि इन्द्रले बाह्र वर्षसम्म वर्षा गरेनन भने म पनि चिन्तनबाट मात्र भए पनि मानसिक यज्ञ गर्नेछु । यो यज्ञको सनातन विधि हो । यदि इन्द्र बाह्र वर्षसम्म वर्षा गर्दैनन् भने म स्पर्श यज्ञ गर्नेछु । यो पनि यज्ञको सनातन विधि हो । यदि इन्द्र बाह्र वर्षसम्म वर्षा गर्दैनन् त व्रत नियमको पालन गरेर ध्यानद्वारा ध्येयरूपबाट स्थित भै यो यज्ञको अनुष्ठान गर्नेछु । यो बीज यज्ञ

मैले धेरै वर्ष देखि सञ्चित गरेर राखेको छु । ती बीजहरूबाट म आफ्नो यज्ञ पूरा गरौंला । यसमा कुनै विघ्न हुने छैन । इन्द्रदेव यहाँ वर्षा नगरुन अथवा यहाँ वर्षा नहोओस् यसको पर्वाह मलाई छैन । मेरो यो यज्ञ कुनै कारणबाट पनि व्यर्थ हुन सक्दैन । यदि इन्द्र इच्छाअनुसार जल वर्षाउनका निम्ति मेरो प्रार्थना पूरा गर्दैनन् त म स्वयं इन्द्र होउला र समस्त प्रजाको जीवन रक्षा गरौला । जो जस्तो आहारबाट उत्पन्न भएको हो उसलाई त्यही प्राप्त होला अथवा म बारम्बार बढी मात्रामा विशेष आहाराको पनि व्यवस्था गरुला । तीनै लोक मा जो सुवर्ण या अर्को धन छ त्यो सब आज यहाँ आओस् । दिव्य अप्सराको समूह, गन्धर्व, किन्नर, विश्वावशु, तथा जो अन्य प्रमुख गन्धर्व छन् ती सबै यहाँ आएर मेरो यज्ञको उपासना गरुन । उत्तर कुरुवर्षमा जो कुनै धन छ त्यो सबै स्वयं मेरो यो यज्ञमा उपस्थित होओस् । स्वर्ग, स्वर्गवासी देवता र धर्म स्वयं यहाँ आएर विराजमान होउन ।

प्रज्वलित अग्नि समान तेजस्वी, अति सय कान्तिमान, महर्षि अगस्त्यले यसो भन्नासाथ उनका तपस्याका प्रभावबाट ती सारा वस्तु त्यहाँ प्रस्तुत भए । ती महर्षिहरूले ठूलो हर्षका साथ महर्षिको त्यो तपोवल प्रत्यक्ष देखे । यस्तो देखि ती आश्चर्य चकित भए र यस प्रकार महान् अर्थले परिपूर्ण कुरा भने ।

ऋषिहरूले भने– हे महर्षि ! हजुरका कुराबाट हामी बढी खुसी भएका छौं । हामी हजुरको तपस्याको व्यय हुन् दिन चाहदैनौं । हामी हजुरको उही यज्ञबाट सन्तुष्ट छौं र न्यायबाट उपार्जित अन्नको नै इच्छा राख्तछौं । यज्ञ, दीक्षा, होम तथा अरू जो हामी खोज्छौं त्यो सबै हामीलाई यहाँ प्राप्त भएको छ । न्यायबाट उपार्जन गरिएको अन्न नै हाम्रो भोजन हो । हामी सदा आफ्नो कार्यमा लागि रहन्छौं । हामी ब्रह्मचर्यको पालन गरेर न्यायतः वेदहरूको प्राप्ति चाहन्छौं र अन्तमा न्याय पूर्वक नै हामी घर छोडेर निस्केका छौं । धर्मशास्त्रमा देखिएको विधिविधान अनुसार नै हामी तपस्या गर्नेछौं । हजुरलाई हिंसा रहित कार्य नै अति प्रिय छ । यस कारण प्रभो ! हजुर यज्ञमा सदा सदा यस्तै अहिंसाको प्रतिपादन गर्नुहोस् । द्विजश्रेष्ठ ! यसो गरेबाट

हामी हजुरसँग प्रसन्न हुनेछौं । यज्ञ समाप्त भएपछि हजुर हामीलाई बिदा दिनुहुनेछ । त्यसपछि हामी यहाँबाट आफ्ना घर जानेछौं ।

जनमेजय ! जब ऋषिहरू यस्ता कुरा गर्दै थिए त्यसै समयमा महातेजस्वी देवराज इन्द्रले महर्षिको तपोबल देखेर पानी पार्न आरम्भ गरे । जबसम्म यो यज्ञ समाप्त भएन तबसम्म अमित पराक्रमी इन्द्रले इच्छा अनुसार त्यहाँ वर्षा गराइ रहे । राजर्षे ! देवेश्वर इन्द्रले आफै आएर बृहस्पतिलाई अगाडि सार्दै अगस्त्य ऋषिलाई मनाए । तब यज्ञ समाप्त हुँदासम्म अत्यन्त प्रसन्न भएर अगस्त्यजीले यज्ञ समाप्त गरे । अनि ती महामुनिहरूको विधिपूर्वक पूजा गरेर सबैलाई बिदा दिए ।

जनमेजयले भने– "मुने ! सुनको टाउको भएको त्यो नेवला को थियो ? जो मान्छे झैं बोल्थ्यो ? मेरो प्रश्नको उत्तर मलाई दिनुहोस् ।"

वैशम्पायनजी भन्नुहुन्छ– "राजन् ! यो कुरा न त तिमीले पहिले सोधेका थियौ न मैले नै बताएँ । अब सोध्छौ भने सुन । त्यो नकुल कुन थियो र त्यसको मान्छेको जस्तै बोली कसरी भयो । यो सबै बताउँछु । पूर्व कालको कुरा हो एक दिन जमदग्नि ऋषिले श्राद्ध गर्ने निश्चय गरे । त्यो समयमा उनकी होमधेनु आफै उनी समक्ष आइन् र मुनिले आफैले उनको दूध दुहे । त्यो दूध उनले नयाँ र सुदृढ भाँडोमा राखे । त्यो भाँडोमा धर्मले क्रोधको रूप धारण गरेर प्रवेश गरे । धर्म ती मुनिश्रेष्ठको परीक्षा लिन चाहन्थे । उनले सोचेका थिए यस्तो अपवित्र काम गर्दा के हुन जाँदोरहेछ । यसैले उनले त्यो दूधमा क्रोधको स्पर्शबाट दूषित बनाएका थिए ।

राजन् ! मुनिले त्यो क्रोध सम्बन्धी कुरो पत्ता लगाए । तर त्यसमा उनी रिसाएनन् । तब क्रोधले ब्राह्मणको रूप धारण गर्‍यो । मुनिद्वारा पराजित भएपछि त्यो अमर्षशील क्रोधले ती भृगुश्रेष्ठसँग भन्यो– "भृगुश्रेष्ठ ! म तपाइँ सित पराजित भएँ । मैले सुनेको थिएँ भृगुवंशी ब्राह्मण बडा क्रोधी हुन्छन् । तर लोकमा भएको यो भनाइ आज झुटो ठहर्न गयो । हजुरले मलाई

जित्नुभयो । अहिले म हजुरको वशमा छु । तपाइँको तपस्यासँग डराइरहेको छु । साधो ! हजुर क्षमाशील महात्मा हुनुहुन्छ । मप्रति कृपा रहोस् ।

जमदग्निले भने– क्रोध ! मैले तिमीलाई प्रत्यक्ष देखेको हुँ । तिमी निश्चित भएर यहाँबाट जाउ । तिमीले मेरो केही अपराध गरेका छैनौ । मैले जुन पितृको श्राद्ध गर्न यो दूधको सङ्कल्प गरेको थिएँ ती महाभाग पितृ नै यसका स्वामी हुन् । जाउ उनैसँग यस विषयमा कुरा गर ।

मुनिको यो भनाइबाट क्रोधरूपी धर्म भयभीत भए । त्यहाँबाट अदृश्य भए । र ती नै पितृहरूका शापबाट उनलाई नेवला हुन परेको हो । यो शापबाट मुक्त हुनका लागि उनले पितृहरूलाई रिझाए । तब पितृहरूले भने– "तिमी धर्मराज युधिष्ठिरप्रति आक्षेप गरेर यो शापबाट छुटकारा पाउनेछौ ।" उनीहरूले नेवलेलाई यज्ञ सम्बन्धी स्थान र धर्मारण्यको ठेगाना पनि दिएका थिए । उ धर्मराजको निन्दा गर्ने उद्देश्यले दौडदै त्यो यज्ञमा आएका थिए । धर्मपुत्र युधिष्ठिरलाई आक्षेप लगाउँदै सेरभर सात्तुका दानाको महात्म्य सुनाएर क्रोधरूपधारी धर्म शापबाट मुक्त भए र उ धर्मराज युधिष्ठिरमा स्थित भए ।

यसरी महात्मा युधिष्ठिरको यज्ञ समाप्त भएपछि त्यो घटना घटेको थियो र त्यो नेवला हामीले देख्दा देख्दै त्यहाँबाट गायव भएको थियो ।

लेखक परिचय

नाम	:	मुक्तिनाथ शर्मा नेउपाने
जन्म मिति	:	१९ फागुन १९९६
जन्म स्थान	:	गण्डकी अञ्चल लमजुङ दुराडाँडा खुम्रुक
हाल वसोवास	:	नयाँ वानेश्वर, काठमाण्डौ महानगरपालिका १०
पितामाता	:	स्व. खडानन्द । रुक्मिणीदेवी शर्मा
पत्नी	:	उमादेवी शर्मा नेउपाने
छोरीहरू	:	१. शशीकला शर्मा पण्डित, २. सुशिला भण्डारी
छोराहरू	:	१. शैलेन्द्रनाथ शर्मा, २. शेखरनाथ शर्मा
सम्पर्क फोन	:	४४९२०२३- ९८४१८२१७००

प्रकाशित कृतिहरू:

१. नेपालको आर्थिक प्रशासन : एक अनुभव(२०४६)

२. विद्रोह खण्डकाव्य (२०५५)

३. काठमाण्डौदेखि लन्डन सम्म, यात्रा-संस्मरण (२०५७)

४. सर्वोदय ऐतिहासिक गीति काव्य(२०५९)

५. श्रीमदभागवद्भित्रका केही प्रसङ्ग (२०६०)

६. श्रीमद्भगवद्गीता, नेपालीमा भावानुवाद (२०६१)

७. पानी र नानी, वालगीति काव्य(२०६१)

८. वेलायततिरका झझल्का, दैनिकीका पानावाट यात्रासंस्मरण (२०६२)

९. सम्झनाका झझल्का, कविता संग्रह (२०६३)

१०. सानी चरी गौंथली, वालगीत संग्रह (२०६३)

११. तीर्थाटन, यात्रासंस्मरण (२०६४)

१२. दिदीवहिनीका पुस्तक, समीक्षा संग्रह (२०६५)

१३. चिन्तनको चौतारी, शास्वत-चिन्तन संग्रह (२०६५)

१४. नानीको वानी, वालकाव्य (२०६६)

१५. वव्लु र सुगा वालकथासंग्रह (२०६६)

१६. **Grand mother**, वालकथा संग्रह (२०६६)

१७. अञ्जना र आकृति, वाल उपन्यास (२०६७)

१८. थिरीथिरी, वालकविता संग्रह(२०६७)

१९. मनका तरङ्ग, गीत संग्रह (२०६७)

२०. राम्रा नानी, वालगीतिकाव्य(२०६८)

२१. सौगात र हिमचुली वालकथा संग्रह(२०६८)

२२. सानी नानी राम्रो वानी, वालकथा संग्रह (२०६८)

२३. महाभारतका केही प्रसङ्ग (२०६८)

२४. रमाइलो गाउँ, सचित्र वालकाव्य (२०६८)

२५. कुसुमको काँकरी, वालकथा संग्रह (२०६९)

२६. कल्पना संसार, उपन्यास (२०७०)

२७. पुस्तकमाथि पुस्तक कवितात्मक समीक्षा संग्रह(२०७०)

२८. जान्नेपर्ने कुरा वालकथा संग्रह (२०७०)

२९. शिवपुरी यात्रा, वालकाव्य (२०७०)

३०. आविष्कार वालकथा संग्रह (२०७०)

३१. हामी वालतारा, वालकविता संग्रह (२०७०)

३२. सवै वरावर, वालकथा संग्रह (२०७१)

३३. कर्मको फल, लेख-संग्रह (२०७१)

३४. अनुगीता (२०७१) प्रस्तुत

सहलेखन:

१. नेपालको आर्थिक प्रशासन सङ्क्षिप्त परिचय र प्रयोगात्मक झलक (२०४८)

२. नेपालमा ग्रामीण विकासका अवधारणा(२०५१)

जम्मा पुस्तक संख्या ३६

स्वदेश र विदेश का विभिन्न पुस्तक-पुस्तिका, पत्रपत्रिका, स्मारिका आदिमा विविध विषय मा समसामयिक लेख रचनाहरूको प्रकाशन । यसका अतिरिक्त "हाम्रो-यात्रा" साप्ताहिक द्वैमासिक पत्रिकाको केही समय (६ अंक) का लागि प्रकाशक ।

केही स्मारिका आदिमा सम्पादक मण्डलमा रही सेवा गरेको ।

अनुभवः

१. नेपाल सरकारको उपसचिवस्तर समेतमा रही ३३ वर्षभन्दा बढी सरकारी सेवा गरेको ।

भ्रमणः

भारत, चीन, संयुक्तअधिराज्य बेलायत, इटाली तथा नेपालका करीब ७० जिल्लाहरू भ्रमण गरेको ।

सम्लग्नता

१. गण्डकी सामाजिक गुठी, बानेश्वर काठमाण्डौ –संरक्षक सदस्य ।
२. पूर्व कर्मचारी सेवा परिषद् –आजीवन सदस्य
३. मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान –आजीवन सदस्य
४. नेपाल बाल साहित्य समाज काठमाण्डौ –आजीवन सदस्य
५. मोती सामुदायिक पुस्तकालय अर्घाखांची –आजीवन सदस्य
६. कृष्ण साहित्य सदन ललितपुर –आजीवन सदस्य
७. न्यौपाने समाज काठमाण्डौ –आजीवन सदस्य
८. युद्धप्रसाद मिश्र स्मृति- प्रतिष्ठान भक्तपुर –आजीवन सदस्य

प्राप्त मान-सम्मान

१. सिम्पल आर्टस बानेश्वरबाट सिम्पल आर्टस सम्मान (२०६३)
२. युद्धप्रसाद मिश्र स्मृतिप्रतिष्ठानबाट सम्मान पत्र (२०६३)
३. साहित्य-सन्ध्या काठमाण्डौबाट जेष्ठ प्रतिभा सम्मान (२०६४)
४. शिवपुरी साहित्य समाजबाट नरबहादुर भारती सम्मान (२०६६)
५. मितेरी नेपालबाट पारिजात मितेरी साहित्य सम्मान (२०६८)
६. डिल्ली प्रविधि विकास प्रतिष्ठान बाट वसुन्धरा सेवा कदरपत्र (२०६८)
७. गण्डकी सामाजिक गुठी बानेश्वर काठमाण्डौबाट अभिनन्दन (२०६९)

८. तन्नेरी द्वैमासकि पत्रिकावाट विशिष्ठ तन्नेरी सम्मान (२०७०)

९. वावा ओमवीरसिंह वस्न्यात पुरस्कार गुठीवाट प्रतिभा सम्मान पुरस्कार (२०७०)

१०. ज्ञानगुन साहित्यप्रतिष्ठान, काठमाण्डौवाट विशेषाङ्क प्रकाशन सहित सम्मान (२०७१)

११. नेपाल सरकार संस्कृति, पर्यटन तथा उड्डयन मन्त्रालयवाट भानुभक्त पुरस्कार (२०७१)

शोधपत्र

१. श्रीमती समिता शर्माले त्रि वि. स्नातकोत्तर तह दोश्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि २०६५ सालमा "मुक्तिनाथ शर्मा नेउपाने को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" गरी त्रि.वि.वि मा शोधपत्र प्रस्तुत गरेकी छन् ।

२. श्रीऋषि मरहट्टाले त्रि.वि मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत त्रिचन्द्र वहुमुखी क्याम्पस नेपाली स्नातकोत्तर तह दोश्रो वर्पको दशौंपत्रको प्रयोजनका लागि शोधपत्र प्रतुत गरेका छन् । शिर्पक रहेको छ "मुक्तिनाथ नेउपानेका वालकथामा सारवस्तु" ।

26234

आमासँग लेखकका चार दाजुभाइ बायाँबाट क्रमशः
स्व. बलभद्र शर्मा (जेठा), स्व. हरिप्रसाद शर्मा (माहिला),
मुक्तिनाथ शर्मा (साहिँला) र केशवप्रसाद नेउपाने (कान्छा)



नाम	:	मुक्तिनाथ शर्मा नेउपाने
जन्म मिति	:	१९ फागुन १९९६
जन्म स्थान	:	गण्डकी अञ्चल लमजुङ दुराडाँडा खुम्रुक
हाल बसोबास	:	नयाँ बानेश्वर, काठमाण्डौ महानगरपालिका १०
पितामाता	:	स्व. खडानन्द+रुक्मिणीदेवी शर्मा
पत्नी	:	उमादेवी शर्मा नेउपाने
छोरीहरू	:	१. शशीकला शर्मा पण्डित, २. सुशिला भण्डारी
छोराहरू	:	१. शैलेन्द्रनाथ शर्मा, २. शेखरनाथ शर्मा
सम्पर्क फोन	:	४४९२०२३- ९८४१८२१७००

ती पशुहरूको दयनीय अवस्था देखेका ती तपोधन ऋषिहरू इन्द्रसँग गएर बोले-यो जुन यज्ञमा पशु वधको विधान छ यो शुभकारक होइन। पुरन्दर ! हजुर महान् धर्मको इच्छा गर्नुहुन्छ । यसो भए पनि पशुवधका निमित्त उद्यत हुनुहुन्छ । यो हजुरको अज्ञान हो । किनभने यज्ञमा पशु मार्ने विधान शास्त्रमा देखिएको छैन । प्रभो ! हजुरले जुन यज्ञको शुभारम्भ गर्नुभएको छ यो धर्मकै हानिकारक भयो । यो यज्ञ धर्मानुकुल भएन । किनभने हिंसालाई कहीं पनि धर्म मानिएको छैन । यदि हजुरको इच्छा हुन्छ भने ब्राह्मणहरु शास्त्र अनुसार नै यो यज्ञको अनुष्ठान गर्नेछन् । शास्त्रको विधि अनुसार नै यज्ञ गरेमा हजुरलाई पनि महान् धर्म प्राप्त हुनेछ । सहस्र नेत्रधारी इन्द्र ! हजुर तीन वर्ष पुरानु अन्नविज जौ, गहुँ आदि अन्नबाट यज्ञ गर्नुहोस् । यही महान् धर्म हो र महान् गुणकारक तथा फलदायी पनि हो ।

-यसैभित्रबाट

9 789937 293310